# आ.व. २०८०-२०८१ मा

## आयोगबाट गरिएका उजुरीगत निर्णयहरू




**राष्ट्रिय मानव अधिकार आयोग**

**केन्द्रीय कार्यालय, ललितपुर**

# आ.व. २०८०-२०८१ मा

## आयोगबाट गरिएका उजुरीगत निर्णयहरू

राष्ट्रिय मानव अधिकार आयोग
केन्द्रीय कार्यालय, ललितपुर

# आयोगका पदाधिकारीहरू



श्री तप बहादुर मगर
(मा. अध्यक्ष)



श्री डा. सूर्यप्रसाद शर्मा ढुङ्गेल
(मा. सदस्य)



श्री मिहिर ठाकुर
(मा. सदस्य)



श्री मनोज दुवाडी
(मा. सदस्य)



श्री लिली थापा
(मा. सदस्य)



श्री मुरारिप्रसाद खरेल
(सचिव)

**प्रकाशक :** **राष्ट्रिय मानव अधिकार आयोग**

पुल्चोक, ललितपुर, नेपाल

पो.ब.नं. ९१८२, काठमाडौं, नेपाल

**डिजाइन तथा लेआउट :** अभिषेक चन्द

**प्रकाशन मिति :** माघ २०८१

**सञ्चार, सूचना, प्रविधि, प्रतिवेदन, प्राज्ञिक, अनुसन्धान तथा प्रकाशन महाशाखाद्वारा तयार गरिएको प्रस्तुत सामग्री वार्षिक प्रतिवेदन २०८०/८१ मा आधारित छ ।**

**सर्वाधिकार**

**राष्ट्रिय मानव अधिकार आयोग**

आयोगको पूर्व स्वीकृति विना यस प्रतिवेदनलाई बौद्धिक वा शैक्षिक प्रयोजन बाहेक व्यापारिक वा अन्य प्रयोजनका लागि पुनः उत्पादन एवम मुद्रण गर्ने गरी सङ्ग्रह गर्न अथवा कुनै पनि माध्यमबाट प्रयोगमा ल्याउन पाईने छैन । बौद्धिक तथा शैक्षिक प्रयोजनार्थ स्रोत खुलाई आवश्यक अंशहरू साभार गरी प्रयोग गर्न सकिने छ ।

# विषय-सूची


आयोगको बैठकमा पेस भएका उजुरीमाथि भएका निर्णय र सिफारिसहरूको अवस्था....................१

१.१ यस आवमा पीडितहरूलाई क्षतिपूर्ति रकमको लागि नेपाल सरकारलाई गरिएको सिफारिस विवरण............. ३

१.२ आयोगको सिफारिस, निर्णय वा आदेश कार्यान्वयनको अवस्था र विश्लेषण ........................................... ३

१.३ आव २०८०/२०८१ सम्ममा सिफारिस कार्यान्वयनको अवस्था ............................................... ४

प्रदेशगत रूपमा गरिएका निर्णयहरूको विवरण ................................................................ ... ५

२.१ कोशी प्रदेश कार्यालय......................................................................................................५

२.२ मधेश प्रदेश कार्यालय.......................................................................................................६

२.३ केन्द्रीय कार्यालय.......................................................................................................... १६

२.४ वाग्मती प्रदेश कार्यालय...................................................................................................२४

२.५ लुम्बिनी प्रदेश कार्यालय ..................................................................................................४९

२.६ लुम्बिनी प्रदेश शाखा कार्यालय......................................................................................... ५३

२.७ गण्डकी प्रदेश कार्यालय...................................................................................................९०

२.८ कर्णाली प्रदेश कार्यालय.................................................................................................. १०७

२.९ सुदूरपश्चिम् प्रदेश कार्यालय ..............................................................................................१२७

# आयोगको बैठकमा पेस भएका उजुरीमाथि भएका निर्णय र सिफारिसहरूको अवस्था

यस आवमा ४५७ वटा उजुरीको अनुसन्धान सम्पन्न भएका फायलहरू निर्णय र सिफारिसका लागि आयोगको बैठकमा पेस भएका छन् । मानव अधिकार उल्लघङ्न र दुरुत्साहनसम्बन्धी अनुसन्धान भएका उजुरीमाथि निर्णयको लागि ३९ पटक बैठक वसेको छ । अनुसन्धानबाट प्राप्त प्रतिवेदनको आधारमा १६१ उजुरीगत र पाँच वटा सिफारिस भएका छन् । यसैगरी २७६ वटा उजुरी तामेलीमा र १५ वटा उजुरीलाई खारेजी गर्ने निर्णय भएको छ । जम्मा १०१ वटा उजुरीमा अन्य कारबाहीअन्तर्गत क्षतिपूर्ति उपलब्ध गराउने, दोषीलाई कारबाही गर्ने, दोषी पहिचान गरी मुद्दा चलाउनुपर्ने भनी सिफारिस गरिएको छ । यसैगरी नौ जनालाई विभागीय कारबाही, चार जनालाई दोषी किटान गरी कानुनी कारबाही र ९० जना पीडितलाई रु ७४ लाख २१ हजार क्षतिपूर्तिको लागि नेपाल सरकारलाई सिफारिस गरिएको छ । गत वर्षसम्म १४०७ वटा उजुरीउपर सिफारिस भएकोमा यस वर्ष १६६ थप भई सो सङ्ख्या १५७३ पुगेको छ ।

| आ.व. २०८०/२०८१ मा विभिन्न उजुरीको अनुसन्धान प्रतिवेदनको आधारमा भएका सिफारिसहरू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| क्र.स. | विषय | बैठकमा पेस भएका फायलको सङ्ख्या | नीतिगत सिफारिस | उजुरीगत सिफारिस | तामेली | खारेजी | विभागीय कारबाही | अन्य कारबाही |
| १ | नागरिक राजनितिक | २३७ | ३ | ८२ | १४३ | ९ | ६ | ५२ |
| २ | यातना | ६२ | ० | २६ | ३५ | १ | ० | १९ |
| ३ | आर्थिक, सामाजिक | ७७ | १ | १८ | ५३ | ५ | ० | ७ |
| ४ | महिला | २० | ० | ४ | १६ | ० | ० | १ |
| ५ | बालवालिका | १० | ० | १ | ९ | ० | ० | ० |
| ६ | जातीय भेदभाव/छुवाछुत | ३ | ० | ० | ३ | ० | ० | ० |
| ७ | आप्रवासी कामदार | १ | ० | ० | १ | ० | ० | ० |
| ८ | बेपत्ता | ३८ | ० | २५ | १३ | ० | ० | २२ |
| ९ | अपाङ्गता भएका | १ | ० | १ | १ | ० | ० | ० |
| १० | आदिवासी | ० | ० | ० | ० | ० | ० | ० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ११ | यौनिक तथा अल्पसङ्ख्यक | ५ | १ | ४ | ० | ० | ३ | ० |
| १२ | अन्य | ३ | ० | १ | २ | ० | ० | ० |
| जम्मा | | ४५७ | ५ | १६१ | २७६ | १५ | ९ | १०१ |






## १.१ यस आवमा पीडितहरूलाई क्षतिपूर्ति रकमको लागि नेपाल सरकारलाई गरिएको सिफारिस विवरण

| क्र.स. | विषय | सङ्ख्या | दोषीको नाम किटान | क्षतिपूर्ति रकम |
|---|---|---|---|---|
| 1 | नागरिक तथा राजनीतिक | 43 | 1 | 3,180,000 |
| 2 | यातना | 20 | 0 | 1,880,000 |
| 3 | आर्थिक, सामाजिक | 9 | 0 | 1,306,000 |
| 4 | महिला | 1 | 0 | 100,000 |
| 5 | बालबालिका | 0 | 0 | 0 |
| 6 | जातीय भेदभाव/छुवाछुत | 0 | 0 | 0 |
| 7 | आप्रवासी कामदारी | 0 | 0 | 0 |
| 8 | बेपत्ता | 10 | 0 | 900,000 |
| 9 | अपाङगता भएका | 0 | 0 | 0 |
| 10 | आदिवासी | 0 | 0 | 0 |
| 11 | यौनिक तथा अल्पसङ्ख्यक | 7 | 3 | 55,000 |
| 12 | अन्य | 0 | 0 | 0 |
| जम्मा | | 90 | 4 | 7,421,000 |

## १.२ आयोगको सिफारिस, निर्णय वा आदेश कार्यान्वयनको अवस्था र विश्लेषण

संविधानको धारा २४९ को १ अन्तगत मानव अधिकारको सम्मान, संरक्षण र संवर्धन तथा त्यसको प्रभावकारी कार्यान्वयनलाई सुनिश्चितता गर्नको लागि उपधारा २ को 'क' देखि 'ज' सम्म तोकिएको काम पूरा गरी नेपाल सरकारलाई सिफारिस गर्ने प्रावधान रहेको छ । राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १७ मा आयोगको सिफारिस, निर्णय वा आदेशको कार्यान्वयनलाई उपदफा १ देखि १३ सम्म व्यवस्था गरिएको छ ।

यस आवमा अनुसन्धान प्रतिवेदनको आधारमा आयोगसमक्ष ४५७ वटा उजुरी पेस भएकोमा नीतिगत पाँच र उजुरीगत १६१ वटा सिफारिस भएको छ। यसरी सिफारिस कार्यान्वयन अवस्था हेर्दा विगतको वर्षसम्म १४०७ मध्येमा पूर्ण २१५ (१५.३० प्रतिशत), आंशिक ५५२ (३९.२० प्रतिशत) कार्यान्वयन भएको देखिन्छ। पूर्णरूपमा कार्यान्वयन भएको सङ्ख्या ६४० (४५.५० प्रतिशत) रहेको छ। यस वर्ष थप १६६ वटा थप भई सिफारिस सङ्ख्या १५७३ पुगेको छ। विगत चार वर्षयता सरकारबाट कुनै पनि सिफारिस कार्यान्वयन नभएबाट कार्यान्यिन अवस्था न्यून देखिएको छ। जसअनुसार पूर्ण कार्यान्वयन हुन नसकेको १३.६६ प्रतिशत, आंशिक कार्यान्वन ३५.०९ प्रतिशत र कार्यान्वन नभएको ५१.२३ प्रतिशत देखिन आउछ । जुन विगतको तुलनामा औषतमा पाँच प्रतिशतले कम हो। पूर्ण कार्यान्वयन नभएको सिफारिस सङ्ख्यामा ५.७३ प्रतिशतले वृद्धि भएको देखिन्छ।

## १.३ आव २०८०–२०८१ सम्ममा सिफारिस कार्यान्वयनको अवस्था

| विषय | आव २०७९–२०८० सम्मको अवस्था | आव २०८०–२०८१ सम्मको अवस्था | कैफियत |
|---|---|---|---|
| पूर्ण कार्यान्वयन | २१५ (१५.३० (प्रतिशत) | २१३ (१३.६६ प्रतिशत) | |
| आंशिक कार्यान्वय | ५५२ (३९.२० (प्रतिशत) | २५२ (३५.०९ प्रतिशत) | |
| कार्यान्वय नभएको | ६४० (४५.५० (प्रतिशत) | ८०६(५१.२३ प्रतिशत) | थप १६६ सिफारिस थपिएको |
| जम्मा सिफारिस सङ्ख्या | १४०७ | १५७३ | |




गत वर्षसम्ममा आयोगमा परेको उजुरीको अनुसन्धान गरी रु.२८,१३,०११९७ (अठ्ठाइस करोड तेह्र लाख एक हजार एक सय सन्तानब्बे) क्षतिपूर्तिको रकम सम्वन्धित पीडितको नाममा उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिस गरेकोमा करिब सात करोड रुपियाँमात्र पीडितले क्षेतीपूर्ति रकम पाएको अवस्था थियो । यस वर्ष थप रु.७४२१००० (चौहत्तर लाख एक्काइस हजार) थप ९० जना पीडितलाई क्षेतिपूर्ति रकमको लागि सिफारिस गरेको छ । प्रस्तुत तथ्याङ्कलाई हेर्दा सिफारिसको कार्यान्वयन न्यून देखिन्छ । यसबाट मानव अधिकारको संस्कृतिलाई सस्थागत गर्न सरकार उदासीन रहेको प्रतीत हुन आउछ ।

## प्रदेशगत रूपमा गरिएका निर्णयहरूको विवरण

### २.१ कोशी प्रदेश कार्यालय

**१. उजुरी न ३७**, न्याय-प्रशासन, कोशी प्रदेश शाखा कार्यालय, खोटाङ
पीडितः शर्मिला बस्नेत (खत्री), हलेसी तुवाचुङ नपा ४, खोटाङ
उजुरकर्ताः इन्द्रबहादुर घिमिरे, तलुवा गाविस ७ वारचदे, ओखलढुङ्गा
उजुरीको व्यवहोराः हलेसी तुवाचुङ नपा ४ निवासी अमृतबहादुर बस्नेतकी श्रीमती शर्मिला बस्नेत (खत्री) मिति २०६७/८/१७ गते देखि बेपत्ता भएकोमा खोजतलास गरी पाऊँ ।

निर्णयः नेपाल प्रहरीबाट निज खत्रीको खोजतलास गरे पनि हालसम्म पनि निजको अवस्था अज्ञात नै रहेको देखिँदा अवस्था सार्वजनिक नहुँदासम्म खोज तलास कार्य निरन्तर जारी राख्नु भनी जिल्ला प्रहरी कार्यालय खोटाङलाई निर्देशन दिने ।

**२. उजुरी न २९६**, बसोबासको अधिकार, कोशी प्रदेश कार्यालय, विराटनगर
पीडितः समुन्द्र विश्वाससमेत २५ जना, खनार गाविस ७, सुनसरी
उजुरकर्ता : समुन्द्र विश्वास, ऐऐ, हाल दुहबी न.पा. ८ बटेमारा सुनसरी
उजुरीको व्यवहोराः समुन्द्र विश्वाससमेत २५ जनाको घरमा आगो लगाइ बसोबासको अधिकारबाट वञ्चित भएको भनीजिल्ला प्रशासन कार्यालय सुनसरीमा दिएको निवेदन उपर कुनै सुनुवाइ नभएकोले मानव अधिकारको रक्षा गरी पाऊँ ।

निर्णयः प्रस्तुत उजुरी मिसिल संलग्न प्रमाण कागजात र आयोगको अनुसन्धान प्रतिवेदन समेतको अध्ययन हुँदा प्रस्तुत विषयमा उजुरकर्ता/पीडितले जिल्ला प्रहरी कार्यालय सुनसरीले जाहेरी दर्ता नगरी न्याय पाउने अधिकार हनन गरेकोले घर आगजनी गर्नेलाई कारबाही गर्न भनी सम्वत् २०५८ सालको दे.प्र.न. ८०९७ मुद्दामा मिति २०६३/४/२९ गते परमादेशको आदेश जारी गरी सर्वोच्च अदालतले आदेश गरिसकेको देखिँदा यसमा थप केही गरिरहनुपरेन, हाललाई उजुरी तामेलीमा राखी दिने ।

जहाँसम्म निवेदकहरूको बसोबासको सम्बन्धमा हाल पनि उनीहरू ऐलानी जग्गामा घर बनाइ बसिरहेको र उनीहरू सुकुम्बासी भन्ने मिसिल प्रमाणबाट देखिँदा सार्वजनिक वा ऐलानी जग्गाबाट निजहरूलाई हटाउनै पर्ने अवस्था भएमा समुद्र विश्वाससहित सबै सुकुम्बासीहरूको बसोबासको वैकल्पिक व्यवस्था गरेरमात्र त्यस्तो कार्य गर्न नेपाल सरकार र दुहवी नगरपालिका कार्यालय सुनसरीलाई समेत लेखी पठाउने ।

**३. उजुरी न.१५३६**, हत्या, कोशी प्रदेश कार्यालय, विराटनगर
पीडितः विश्वपति नेम्वाङ, तत्कालीन जलथल गाविस ९ झापा
उजुरकर्ताः वकालत मञ्च, नेपाल, झापा

उजुरीको व्यवहोराः विश्वपति नेम्वाङ मिति २०६५/३/२५ गते बिहान ७ बजेको समयमा दमक साथीकोमा जान्छु भनी हिँडेकोमा धुलाबारी सडक खण्डको गुम्बाचोक पुग्दा इलाका प्रहरी कार्यालय काकडभिट्टा झापाका प्रहरीले गोली चलाइ हत्या गरेकोले छानबिन गरी पाऊँ ।

निर्णयः निज विश्वपति नेम्वाङसँग पनि अवैध पेस्तोल भएको, उनी प्रहरी भएको भनी मिसिल संलग्न कागज प्रमाण र प्रतिवेदनबाट समेत देखिन आएको र सो सम्बन्धमा जाहेरी दर्ता गरी घटनाको छानबिन गरी कारबाही अघि बढाउन तत्कालीन पुनरावेदन अदालत इलामले मिति २०६६/६/२६ गते आदेश दिइसकेको देखिँदा हाललाई थप केही गरिरहनुपरेन, हाललाई उजुरी तामेलीमा राखी दिने ।

## २.२ मधेश प्रदेश कार्यालय

**४. उजुरी न.१४८**, धम्की/दुरव्यवहार, मधेश प्रदेश कार्यालय, जनकपुरधाम
पीडितः सन्तोष पासवानसमेत तिनजना परिवारको सदस्यहरू कलैया, उमनपा २, बबलपुर, बारा
उजुरकर्ता, ऐऐ

निर्णयः उजुरीको ब्यहोरा अध्ययन गर्दा आयोगको क्षेत्राधिकार प्रत्यक्ष रूपमा आकर्षित हुन सक्ने नदेखिएको र हालको अवस्था उजुरीमा उल्लेख भएबमोजिम त्रासपूर्ण नभएको भनी मिसिल संलग्न प्रतिवेदनबाट देखिँदा यसमा थप केही गरिरहनुपरेन, हाललाई उजुरी तामेलीमा राखी दिने ।

**५. उजुरी न.१८**, न्याय-प्रशासन, मधेश प्रदेश कार्यालय, जनकपुरधाम
पीडितः ज्योती कुमारी, क्षिनेश्वर नपा ५, महेन्द्रनगर
उजुरकर्ताः सुरेन्द्र नायक जनकपुरधाम उमनपा २१, कुर्था, धनुषा
उजुरीको व्यवहोराः ज्योति कुमारीको मिति २०७६।८।२५ गते निजको श्रीमानको घरमा हत्या भएको घटनाको जाहेरी दरखास्त जिल्ला प्रहरी कार्यालय धनुषाले दर्ता नगरेको हुँदा आपश्यक पहल गरी पाऊँ ।

निर्णयः उजुरी मिसिल अध्ययन् गरी हेर्दा निजको हत्या नभई आत्महत्या भएको भनी जिल्ला प्रहरी कार्यालय धनुषाले खुलाइ पठाएको ब्यहोरालाई मृतकका बुबा एवम् उजुरकर्ता सुरेन्द्र नायकले यस आयोगलाई मिति २०७६।११।१५ गते उपलब्ध गराएको जानकारी पत्रमा पनि खुलेको देखिँदा यसमा थप केही गरिरहनु परेन, हाललाई उजुरी तामेलीमा राखी दिने ।

**६. उजुरी न. ३०**, न्याय-प्रशासन, मधेश प्रदेश कार्यालय, जनकपुरधाम
पीडितः लक्ष्मी कुमारी पौडेल, वाग्मती नपा २, सर्लाही
उजुरीकर्त : ऐऐ
उजुरीको व्यवहोराः अपरिचित व्यक्तिबाट धाक/धम्की दिएको हुँदा सुरक्षा-व्यवस्था मिलाइ पाऊँ ।
निर्णयः आयोगको अनुसन्धानबाट दुई वर्षअघि अपरिचित व्यक्तिबाट धाक/धम्की दिएको भए पनि त्यसपछि अवस्था सामान्य रहेको हुँदा उजुरीउपरको कारबाही प्रक्रिया थप अघि बढाउन नपर्ने भनी उल्लेख भई आएको देखिँदा यसमा थप केही गरिरहनुपरेन, हाललाई उजुरी तामेलीमा राखी दिने ।

**७. उजुरी न. १६५**, न्याय-प्रशासन, मधेश प्रदेश कार्यालय, जनकपुरधाम
पीडितः गजेन्द्रनारायण सिंह, बरमझिया-६, बरमझिया, धनुषा
उजुरकर्ताः बृञ्जयकुमार सिंह, ऐऐ
उजुरीको व्यवहोराः कर्तव्य ज्यानमा आवश्यक कारबाही गरी पाऊँ ।

निर्णयः नेपाल सरकार वादी र पीडित भनिएका गजेन्द्रनारायण सिंह प्रतिवादी भएको कर्तव्य ज्यान मुद्दा सर्वोच्च अदालतमा विचाराधीन रहेको तथ्य मिसिलबाट देखिँदा सो मुद्दा उचित समयमा सर्वोच्च अदालतबाट निरोपण हुने नै हुँदा यसमा थप केही गरिरहनुपरेन, हाललाई उजुरी तामेलीमा राखी दिने ।

**८.उजुरी न.१६०**, न्याय-प्रशासन, मधेश प्रदेश कार्यालय जनकपुरधाम
पीडितः उचितलाल मण्डल, मिथिलेश्वर नपा ८, धनुषा
उजुरकर्ताः ऐऐ
उजुरीको व्यवहोराः उचितलाल मण्डलका छोरीहरू सुलोचनी मण्डल र परमेश्वरी मण्डल हराएको विषयमा जिल्ला प्रशासन कार्यालय धनुषामा मिति २०७१।१।२४ गते निवेदन दिएकोमा सो निवेदनउपर कुनै कारबाही नभएकोले आवश्यक पहल गरी पाऊँ ।

निर्णयः आयोगको अनुसन्धानको क्रममा निज उचितलाल मण्डलले छोरीहरू हराएको नभई उनीहरूले भारतको सिम्रराइ भन्ने स्थानमा विवाह गरी स्वतन्त्रपूर्वक बसोबास गरिरहेको भनी मिसिलमा संलग्न प्रमाणबाट देखिँदा यसमा थप केही गरिरहनुपरेन, हाललाई उजुरी तामेली राखी दिने ।

**९. उजुरी न.०१**, न्याय-प्रशासन, मधेश प्रदेश कार्यालय, जनकपुरधाम
पीडिताः धनेश्वर महतो, औरही गापा४, धनुषा
उजुरकर्ताः ऐऐ
उजुरीको व्यवहोराः जिल्ला प्रहरी कार्यालय धनुषाले उजुरी दर्ता गर्न इन्कार गरेकोले आवश्कय कारबाही गरी पाऊँ ।

निर्णयः धनेश्वर महतोको श्रीमती मिनादेवी महतोलाई बोक्सीको आरोपमा कुटपिट र दुर्व्यवहार गरेको विषयमा जिल्ला सरकारी वकिलको कार्यालयबाट सो मुद्दा धनुषा जिल्ला अदालतसमक्ष पेस भई पुर्पक्षको रूपमा रहेको देखिँदा सो सम्बन्धी निर्णय र निरोपण अदालतबाट हुने नै हुँदा यसमा थप केही गरिरहनुपरेन, उजुरी तामेलीमा राखी दिने ।

**१०. उजुरी न. १६**, बाल अधिकार, मधेश प्रदेश कार्यालय, जनकपुरधाम
पीडितः लिलम कुमारी, गणेशमान चारनाथ नपा ६, धनुषा
उजुरकर्ताः श्याय भन्ने धनिकलाल महतो, ऐऐ
उजुरीको व्यवहोराः लिलम कुमारीको छोरी स्नेहा महतोको जन्मदर्ता नगरी दिँदा बाल अधिकार हनन् भएकाले आवश्यक कारबाही गरी पाऊँ ।

निर्णयः उजुरीउपर कारबाही हुँदा बालिका स्नेहाको जन्मदर्ता भई विद्यालय भर्ना भइसकेको भनी बालिकाको आमा लिलम कुमारीले यस आयोगलाई मिति २०८०।१।२८ गते लिखित जानकारी गराएको देखिँदा यसमा थप केही गरिरहनुपरेन, हाललाई उजुरी तामेलीमा राखी दिने ।

**११. उजुरी न. १०**, न्याय-प्रशासन, मधेश प्रदेश कार्यालय, जनकपुरधाम
पीडितः श्वेता झा, जनकपुरधाम उमानपा २० देवपुरा, धनुषा
उजुरकर्ताः जयकुमार झा, जि. दरभंगा ग्राम कोठिया, बिहार, भारत
उजुरीको व्यवहोराः स्वेता झालाई निजका पति, देवर, सासु, ससुरासमेत मिली कुटपिट गरेको विषयमा जिल्ला प्रहरी कार्यालय धनुषामा दिएको जाहेरी दर्ता नगरेको हुँदा आवश्यक कारबाही गरी पाऊँ ।

निर्णयः उजुरीउपर कारबाही हुँदा यस आयोगमा उजुरी दर्ता हुनुपूर्व नै प्रहरीले आरोपीतलाई पक्राउ गरी जिल्ला सरकारी वकिल कार्यालयमार्फत धनुषा जिल्ला अदालतमा पेस गरी सकेको र मुद्दामा पुर्पक्ष भइरहेको देखिँदा यसमा थप केही गरिरहनुपरेन, उजुरी तामेलीमा राखी दिने ।

**१२. उजुरी न. १५**, न्याय-प्रशासन, मधेश प्रदेश कार्यालय, जनकपुरधाम
पीडितः सोनी साह, जलेश्वर नपा महोत्तरी
उजुरकर्ताः ऐऐ
उजुरीको व्यवहोराः श्रीमानको मृत्यु भइसकेपछि निजका ससुरासहित परिवारका अन्य सदस्यले निज सोनीको नागरिकता र बालबालिकाद्वयको जन्मदर्ता नबनाइ दिएको हुँदा आवश्यक पहल गरी पाऊँ ।

निर्णयः उजुरीउपर कारबाही हुँदा पीडित एवम् निवेदकले सो परिवारलाई छोडी अर्कै विवाह (दोस्रो विवाह) गरी स्वतन्त्र रूपमा जीवनयापन गरिरहेको हुँदा उजुरीउपर कारबाही प्रक्रिया टुङ्ग्याइदिनु भनी मिति २०८१।१।३१ गते निवेदन दिएको देखिँदा यसमा थप केही गरिरहनुपर्ने देखिएन, उजुरी तामेलीमा राखी दिने ।

**१३. उजुरी न.३१**, कुटपिट, मधेश प्रदेश कार्यालय, जनकपुरधाम
पीडितः राम आशिष रोहिता, विसरभोज गाविस २, धनुषा
उजुरकर्ताः ऐऐ
उजुरीको व्यवहोराः रामआशिष रोहितासहितका व्यक्तिहरूलाई सशस्त्र द्वन्द्वको अवधिमा तत्कालीन नेकपा (माओवादी) का कार्याकर्ताले धाकधम्की दिएको हुँदा सुरक्षाको लागि पहल गरी पाऊँ ।

निर्णयः उजुरीउपर कारबाही भइरहँदा स्वयम् उजुरकर्ता र पीडितले मिति २०८०।१।२७ गते आफूलाई धाकधम्की नभएको र निर्बाध रूपमा जीवनयापन गरिरहेको भनी आयोगको मधेश प्रदेश कार्यालयलाई सम्बोधन गरी लिखित जानकारी गराएको देखिँदा यसमा थप केही गरिरहनुपरेन, तामेलीमा राखी दिनु ।

**१४. उजुरी न.०८**, न्याय-प्रशासन, मधेश प्रदेश कार्यालय, जनकपुरधाम
पीडितः पुजाकुमारी महतो, धनुषाधाम नपा वडा नं. ३, धनुषा
उजुरकर्ताः मञ्जु देवी, धनुषाधाम नपा वडा नं. ३, धनुषा
उजुरीको व्यवहोराः पूजाकुमारी महतोलाई स्थानीय व्यक्तिहरूले अभद्र व्यवहार गरी हातपात गरेको घटनामा प्रहरीले अनुसन्धान प्रकियामा ढिलाइ गरेकोले न्याय पाउने अधिकारमा अवरोध भएको हुँदा आवश्यक पहल गरी पाऊँ ।

निर्णयः घटनाको सम्बन्धमा दुवै पक्षबीच मेलमिलाप भइसकेकोले उजुरी टुङ्ग्याइ दिन भनी उजुरकर्ताले नै यस आयोगलाई सम्बोधन गरी मिति २०८०।१।२८ गते निवेदन दिएको हुँदा थप केही गरिरहनुपरेन, उजुरी तामेलीमा राखी दिने ।

**१५. उजुरी न. २२६**, धम्की/चन्दा, मधेश प्रदेश कार्यालय जनकपुरधाम
पीडितः केयर नेपाल, जनकपुरधाम
उजुरकर्ताः नखुलेको
उजुरीको व्यवहोराः यसमा जनकपुर देवीचोकस्थित केयर नेपालका कर्मचारीहरूलाई मधेशी तराई टाइगर्स नामक हतियारधारी समूहबाट धम्की दिने र चन्दा माग्ने कार्य भइरहेको हुँदा आवश्यक कारबाही गरी पाऊँ ।

निर्णयः निवेदन/उजुरीउपर कारबाही हुँदा आयोगको पहलपछि कुनै पनि किसिमको धाक, धम्की दिने तथा चन्दा माग्ने लगायतका कार्य नभएको र केयर नेपालको सम्पर्क कार्यालय हाल सामान्य अवस्थामा रहेकोले उजुरी टुङ्ग्याइदिन आयोगलाई फोनमार्फत जानकारी गराएको भन्ने मधेश प्रदेश कार्यालयको प्रतिवेदनमा उल्लेख भएको देखिँदा यसमा थप केही गरिरहनुपरेन, उजुरी तामेलीमा राखी दिने ।

**१६. उजुरी न.३०**, यातना/गैरकानुनी थुना, मधेश प्रदेश कार्यालय, जनकपुरधाम
पीडितः अनिकेतकुमार यादव, औरही गापा २, महोत्तरी, सुनिल कुमार साह, सुरेन्द्रप्रसाद यादव र रमेश पंञ्जियार, ऐऐ
उजुरकर्ताः रामजीवन यादव, श्रीनारायण साह र रामप्रसाद यादव, ऐऐ
उजुरीको व्यवहोराः औरही गापा२ महोत्तरी निवासी अनिकेतकुमार यादव, सुनिलकुमार साह, सुरेन्द्रप्रसाद यादव र रमेश पंञ्जियारसमेतलाई मिति २०७४।२।२८ गते पक्राउ गरी जिल्ला प्रहरी कार्यालय महोत्तरीको हिरासतमा राखी यातना दिएकोले छानबिन गरी पाऊँ ।

निर्णयः उजुरी मिसिल अध्ययन गरी हेर्दा उजुरी मागदाबीबमोजिम यातना पुष्टि हुने प्रमाण कागजातबाट हुन नसकेकोले हाललाई उजुरी तामेलीमा राखी दिने ।

**१७ . उजुरी न.२८**, महिला हिंसा, मधेश प्रदेश कार्यालय, जनकपुरधाम
पीडितः अञ्जुदेवी सरदार, भगाँहा नपा ९, महोत्तरी
उजुरकर्ताः ऐ.ऐ.
उजुरीको व्यवहोराः कुटपिट गरेकोमा कानुनी उपचार खोज्न जाँदा मिलापत्रको लागि दबाब दिएकोले आवश्यक कारबाही गरी पाऊँ ।

निर्णयः : अञ्जुदेवी सरदारलाई स्थानीय प्रदीपकुमार राउतले महिला हिंसा तथा कुटपिट गरी घाइते बनाएको र सो विरुद्ध कानुनी कारबाहीमा जाँदा स्थानीय भगाँहा प्रहरी चौकी र वडा अध्यक्षले मिल्नलाई दबाब दिएको भनिएको घटनामा सहमती भई मिलापत्रसमेत भइसकेको भनी स्वयम् पीडित/उजुरकर्ताले दिएको निवेदन मिसिल संलग्न देखिँदा केही गरिरहनुपरेन, उजुरी तामेलीमा राखी दिने ।

**१८. उजुरी न. २५**, यातना/दुरव्यवहार , मधेश प्रदेश कार्यालय, जनकपुरधाम
पीडितः सरोजकुमार मिश्र,  जनकपुर उपमनपा ८, धनुषा
उजुरकर्ताः  ऐऐ
उजुरीको व्यवहोराः सरोजकुमार मिश्रलाई प्रहरीले दुरव्यवहार गरेको हुँदा आवश्यक कारबाही गरी पाऊँ ।

निर्णयः प्रस्तुत उजुरी मिसिल अध्ययन गरी हेर्दा पीडित भनिएका सरोजकुमार मिश्रलाई प्रहरीले दुरव्यवहार गरेको भन्ने सम्बन्धमा घटना भएकै दिनमा आयोगको मधेश प्रदेश कार्यालयले पेस गरेको मिसिल संलग्न अनुगमन प्रतिवेदनबाट मानव अधिकार उल्लङ्घन भएको नदेखिँदा यसमा थप केही गरिरहनुपरेन, उजुरी तामेलीमा राखी दिने ।

**१९. उजुरी न. १३४८**,  सम्पत्तिको अधिकारसमेत, मधेश प्रदेश कार्यालय, जनकपुरधाम
पीडितः कृष्णकुमारी दाहाल,  कञ्चनपुर १, सप्तरी, हाल काठमाडौँ बानेश्वर
उजुरकर्ताः ऐऐ
उजुरीको व्यवहोराः पीडितको सप्तरीस्थित कल्याणपुर गाविस ९ मा रहेको जग्गा कब्जामा लिएको र घरसमेत बम बिस्फोट गराइ ध्वस्त बनाइदिएको हुँदा सम्पत्तिसम्बन्धी अधिकारको संरक्षण गरी पाऊँ ।

निर्णयः उजुरी सम्बन्धमा मिसिल संलग्न प्रमाण कागजातको अध्ययनबाट निज दाहालको कि.न.२८५ र २८६ क्षेत्रफल भएको ०-१२-१६ बाह्र कठ्ठा सोह्र धुर जग्गा नेकपा (माओवादी)-ले वि.स.२०६० सालदेखि कब्जामा लिई आएकोमा मिति २०६५।४।२९ गते जिल्ला सप्तरी कञ्चनपुर १ नन्दलाल चोकमा रहेको दुई तले घर मधेशी मुक्ति टाइगर्सले बम विस्फोट गराइ ध्वस्त बनाइ दिएको देखिँदा राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६ बमोजिम प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा बसेको मूल्याङ्कन बमोजिम पीडितलाई क्षतिपूर्ति उपलब्ध गराउन प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा बसेको बैठकको माइन्युटको प्रतिलिपिसमेत साथै राखी नेपाल सरकारलाई सिफारिस गरी पठाउने ।

**२०.उजुरी न.३६**, न्याय-प्रशासन, मधेश प्रदेश कार्यालय, जनकपुरधाम
पीडितः जीतेन्द्रनारायण देव, राजविराज नपा ६, सप्तरी
उजुरकर्ताः चन्द्रनारायण देव, ऐऐ
उजुरीको व्यवहोराः राजविराज नपा ६ सप्तरी निवासी जितेन्द्रनारायण देवलाई मिति २०७२/६/२० गते अपहरण गरी हत्या गरेको घटनामा जिल्ला प्रहरी कार्यालय सप्तरीमा जाहेरी दिएकोमा प्रभावकारी अनुसन्धान नगरेको हुँदा आवश्यक कारबाही गरी पाऊँ ।

निर्णयः आयोगको अनुसन्धानबाट उजुरीमा उल्लेख भएबमोजिम मृतक जितेन्द्रनारायण देवको हत्या भएको देखिए पनि कोकसबाट भएको भनी हालसम्म पनि खुल्न आएको नदेखिँदा राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १७ बमोजिम गम्भीर रूपमा अनुसन्धान गरी घटनालाई निष्कर्षमा पुर्‍याउन नेपाल प्रहरीलाई सरकारलाई सिफारिस गरी पठाउने ।

**२१.उजुरी न.३७५**, बेपत्ता, मधेश प्रदेश कार्यालय, जनकपुरधाम
पीडितः महेन्द्र साह, सखुवा ननकारकट्टी वडा न.१ खैरबुन चोक, सिरहा
उजुरकर्ताः प्रमिला देवी साह, ऐऐ
उजुरीको व्यवहोराः महेन्द्र साहलाई मिति २०६० सालको असोज महिनामा सुरक्षाकर्मीले घरबाट पक्राउ गरी बेपत्ता बनाएको हुँदा जीवन रक्षा गरी पाऊँ ।

निर्णयः उजुरी सम्बन्धमा आयोगको अनुसन्धान प्रतिवेदन र तत्कालीन सरकारले गठन गरेको बेपत्ता भएका नागरिकहरूको स्थिति सार्वजनिक गर्न गठित छानबिन समितिको प्रतिवेदनको क्र.स. ३११ मा पनि निजको

अवस्था अज्ञात रहेको भनी स्वीकार गरेको अवस्था र हाल पनि निजको अवस्था अज्ञात नै रहेको देखिन्छ। अतः निजको अवस्था सार्वजनिक नभएसम्म निजको खोजी कार्यलाई निरन्तरता दिन र दोषीलाई पहिचान गरी कारबाही गर्न राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १७ बमोजिम नेपाल सरकारलाई सिफारिस गरी पठाउने ।

**२२. उजुरी न.०२**, यातना, मधेश प्रदेश कार्यालय, जनकपुरधाम
पीडितः धिरेन्द्र कुमार यादव, मुखियापट्टी मुसरनिया गापा १, धनुषा
उजुरकर्ताः पुयाम यादव, साह ऐऐ
उजुरीको व्यवहोराः धीरेन्द्रकुमार यादवलाई मिति २०६९/५/२३ गते प्रहरीले कुटपिट गरेकोले आवश्यक कारबाही गरी पाऊँ ।

निर्णयः उजुरी सम्बन्धमा उजुरी मिसिल संलग्न प्रमाण कागजातको अध्ययन हुँदा दुवै पक्षबीच मिलापत्र भइसकेकोले उजुरी टुङ्ग्याइदिन भनी उजुरकर्ताबाट आयोगमा लिखित जानकारी गराएको देखिँदा यसमा थप केही गरिरहन परेन, उजुरी तामेलीमा राखी दिने ।

**२३. उजुरी न.३१**, दुरव्यवहार, मधेश प्रदेश कार्यालय, जनकपुरधाम
पीडितः कल्याण कुमार लाल कर्ण, ज.उ.मा.नपा १६ कपलेश्वर, धनुषा
उजुरकर्ताः ऐऐ
उजुरीको व्यवहोराः कल्याणकुमार लाल कर्णलाई कुटपिट र दुरव्यवहार भएको हुँदा कारबाही गरी पाऊँ ।

निर्णयः आयोगको अध्ययन प्रमाण कागजातबाट उजुरीमा मागदाबी गरिएबमोजिम पीडित भनिएका कल्याण कुमारलाल कर्णलाई कुटपिट र दुरव्यबहार गरिएको तथ्य स्थापित हुने प्रमाण प्राप्त हुन नसकेको र सो सम्बन्धमा पीडितसँग बुझ्न खोज्दा उनी बैदेशीक रोजगारीमा रहेको र निजको परिवारका सदस्यले पनि प्रमाण कागज उपलब्ध गराउन नसकी अवस्था सामान्य भएकोले उजुरी टुङ्ग्याइदिन आयोगमा दिखित जानकारीसमेत गराएको देखिँदा यसमा थप केही गरिरहन परेन, उजुरी तामेलीमा राखी दिने ।

**२४. उजुरी न. ७४८**, बेपत्ता, मधेश प्रदेश कार्यालय, जनकपुरधाम
पीडितः कारी भन्ने हिर बहादुर यादव, सनैठा गाविस३, सिरहा
उजुरकर्ताः सनिता यादव, ऐऐ
उजुरीको व्यवहोराः हिरबहादुर यादवलाई २०६१ को साउनमा पक्राउ गरी बेपत्ता पारेकोले खोजी गरी पाऊँ ।

निर्णयः आयोगको मिसिल संलग्न अनुसन्धान प्रतिवेदनबाट हालसम्म पनि निजको अवस्था अज्ञात रहेको देखिँदा निज कारी भन्ने हिरबहादुर यादवको अवस्था सार्वजनिक नभएसम्म खोजी कार्य जारी राखी बेपत्ता पार्ने कार्यमा

संलग्न दोषीको पहिचान गरी कारबाही गर्न राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १७ बमोजिम नेपाल सरकारसमक्ष सिफारिस गरी पठाउने ।

**२५. उजुरी न. ७३९**, बेपत्ता, मधेश प्रदेश कार्यालय, जनकपुरधाम
पीडितः चन्देश्वर महतो, अर्नामा गाविस२, ब्रमपुरी सिरहा
उजुरकर्ताः उर्मिला महतो, ए..ऐ.
उजुरीको व्यवहोराः सशस्त्र द्वन्द्वको अवधीमा वेपत्ता बनाएकोले जीवन रक्षा र अवस्था सार्वजनिक गरिपाउँ ।
निर्णयः आयोगको अनुसन्धानबाट निज चन्देश्वर महतोलाई सशस्त्र द्वन्द्वको अवधीमा मिति २०६०/६/३ गते निजकै घरबाट पक्राउ गरी सुरक्षाकर्मीले नियन्त्रणमा लिई हालसम्म बेपत्ता बनाएको होइन भनी भन्न सकिएन । अतः हालसम्म अवस्था अज्ञात रहेको निज चन्देश्वर महतोको अवस्था सार्वजनिक नभएसम्म खोजी कार्य जारी राख्न र निजलाई घरबाट नै पक्राउ गरी बेपत्ता पार्ने सुरक्षाकर्मीको पहिचान गरी कारबाही गर्न राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १७ बमोजिम नेपाल सरकारसमक्ष सिफारिस गरी पठाउने ।

**२६.उजुरी न. ४०९**, बेपत्ता, मधेश प्रदेश कार्यालय, जनकपुरधाम
पीडितः रघुबिर साह, राजपुर गाविस ६, गसिया टोल, सिरहा
उजुरकर्ताः फेकनी साह, ऐऐ
उजुरीको व्यवहोराः नेपाली सेनाको टोलीले घरैबाट पक्राउ गरी हालसम्म बेपत्ता बनाएको बनाएको हुँदा खोजबिन गरी पाऊँ ।

निर्णयः आयोगको अनुसन्धानबाट मिति २०६१/५/१ गते पीडित रघुबिर साहलाई नेपाली सेनाको चोहर्वा, सिरहाबाट खटिएको नेपाली सेनाको टोलीले निजको घरैबाट पक्राउ गरी नियन्त्रणमा लिई हालसम्म बेपत्ता बनाएको होइन भन्ने अवस्था देखिँदैन ।

अतः हालसम्म अवस्था अज्ञात रहेको रघुवीर साहको अवस्था सार्वजनिक नभएसम्म निजको खोजी कार्य जारी राख्न र निजलाई घरबाटै पक्राउ गरी बेपत्ता पार्ने नेपाली सेना चोहर्वा, ब्यारेक सिरहाका सैनिकको पहिचान गरी कारबाही गर्न राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १७ बमोजिम नेपाल सरकारसमक्ष सिफारिस गरी पठाउने ।

**२७. उजुरी न. ६९९**, अपहरण, मधेश प्रदेश कार्यालय, जनकपुरधाम
पीडितः गणपति महतो, साविक अर्नामा गाविस २, सिरहा धरमरे जिल्ला प्रहरी कार्यालय, सिरहा
उजुरकर्ताः भदै महतो, बिष्णुफरकट्टी ४ सिरहा र श्रीमती रामप्यारी महतो
उजुरीको व्यवहोराः माओवादी कार्यकर्ताहरूले अपहरण गरी हालसम्म अवस्था अज्ञात रहेको हुँदा सार्वजनिक गरी पाऊँ ।

निर्णयः आयोगको अनुसन्धान प्रतिवेदनसमेतबाट निज गणपति महतोलाई मिति २०६३/९/१७ गते तलब बुझी सिरहा फर्कने क्रममा सिरहा चोहर्वा खण्डको पानबारी भन्ने स्थानबाट चार जनाको सङ्ख्यामा आएका माओवादी कार्यकर्ताहरूले अपहरण गरी हालसम्म बेपत्ता पारिएको होइन भन्न सकिएन ।

अतः अपहरण गरी हालसम्म अवस्था अज्ञात बनाइएका प्रहरी कर्मचारी निज गणपति महतोको अवस्था सार्वजनिक नभएसम्म निजको खोजी कार्य जारी राख्न र पीडित परिवारलाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६ बमोजिम रु. ३००,०००।- (तीन लाख रुपियाँ) क्षतिपूर्ति उपलब्ध गराउन र अपहरण गरी बेपत्ता पार्ने कार्यमा संलग्न नेकपा (माओवादी) का कार्यकर्ताहरूको पहिचान गरी कारबाही गर्न राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १७ बमोजिम नेपाल सरकारसमक्ष सिफारिस गरी पठाउने ।

**२८. उजुरी न. २४४ र २४**, 'स्वच्छ न्याय पाउने अधिकार, मधेश प्रदेश कार्यालय जनकपुर
पीडितहरूः मृतक आरती साह र मनिषा साह, निर्मलादेवी साह, विनोदकुमार साह, धिरज भन्ने प्रुम साह र सन्तोषकुमार साह, जनकपुर नपा ९, धनुषा र नगराइन नपा, धनुषा
उजुरकर्ता : मृतकका माइती पक्ष
उजुरीको व्यवहोराः –दुई महिनाकी गर्भवती आरतीको हत्या गर्ने कार्यमा मृतकका पति मोतिबाबु साह, ससुरा, सासु र देवरसहितको संलग्नता भएकोले निजहरूमाथि कर्तव्य ज्यानसम्बन्धी जाहेरी दर्ता गर्न इन्कार ।
–मृतकका माइती आन्दोलित भएपछि प्रहरीले कर्तव्यमा संलग्न मृतकका पति र ससुराविरुद्धको मात्र जाहेरी लिएको, मृतकका सासु र देवरविरुद्धको जाहेरीमा कारबाही अघि नबढाएको लगायतका आधारमा उक्त घटनामा निष्पक्ष रूपमा अनुसन्धान हुन नसक्ने आशङ्का भएकोले छानबिन गरी दोषीलाई कारबाही गरी पाऊँ ।

–मिति २०८०/२/११ गते र जिल्ला प्रहरी कार्यालय धनुषाले मृतकका माइती पक्षका परिवारका सदस्यहरूलाई बयानको लागि मिति २०८०/३/३२ बोलाइ आफूहरूमाथि प्रहरीबाट कुटपिट तथा दुर्व्यवहार भएकोले छानबिन गरी दोषीउपर कारबाही र पीडितलाई राहत तथा क्षतिपूर्ति दिलाइ पाऊँ ।

निर्णयः –आयोगको अनुसन्धानबाट जिल्ला सरकारी वकील कार्यालय धनुषामार्फत जिल्ला प्रहरी कार्यालय धनुषाले धनुषा जिल्ला अदालतमा कर्तव्य ज्यान शीर्षकमा दर्ता नं ०७९-CL-०४९२ मा मुद्दा दर्ता गराइ हाल विचाराधीन रहेको सो सम्बन्धमा यस केही गरिरहनुनपर्ने ।

–पीडितहरू बयानको लागि जिल्ला प्रहरी कार्यालयमा उपस्थित हुँदा भएको घटनलाई लिएर पीडितको तर्फबाट मनिषा साहले धनुषा जिल्ला अदालतमा मिति २०८०/४/२ गते यातना क्षतिपूर्ति मुद्दा दर्ता गराइ विचाराधीन रहेको र प्रहरी कर्मचारीको तर्फबाट पनि अभद्र व्यवहार मुद्दा दर्ता गराइ सो मुद्दा पनि विचाराधीन रहेका देखिँदा उल्लिखित सबै मुद्दाहरूको हकमा साधिकार निकायबाट निर्णय हुने नै हुँदा सो तर्फ केही गरिरहनुनपर्ने ।

–मृतक परिवारको नेपालको संविधानको धारा २०(९) र मुलुकी अपराध संहिता २०७४ को दफा १० ले प्रदान गरेको स्वच्छ न्याय पाउने (सुनुवाइको) हकको सम्मान हुन सकेको देखिएन । अतः घटनामा दोषी देखिएका

जिल्ला प्रहरी कार्यालय धनुषाका प्रमुख एवम् प्रहरी उपरीक्षक विश्वराज खड्का, प्रहरी नायव उपरीक्षक वेदप्रसाद गौतम, प्रहरी निरीक्षक दिनेश अधिकारी र पोष्टमार्टम गर्ने कार्यमा संलग्न चिकित्सकहरू डा. अवधेशकान्त झा, डा. दिग्विजय ठाकुर र डा. दिपेन्द्रकुमार सिंहसमेतको लापरबाहीजन्य कार्यमा जिम्मेवार रहेकोमा आगामी दिनमा यस प्रकारका गल्ती नदोहोऱ्याउन सचेत गराउँदै प्रहरी कर्मचारीहरूको हकमा विभागीय कारबाही गर्न नेपाल सरकारसमक्ष सिफारिस गरी पठाउने ।

–माथि उल्लिखित चिकित्सकहरूको हकमा कारबाही सम्बन्धमा नेपाल मेडिकल काउन्सीलले सचेत गराउँदै अन्तिम चेतावनीको लागि निर्देशन दिइसकेको देखिएकोले यस्ता घटनाहरूमा आगामी दिनमा लापर्वाहीजन्य कार्य नगर्न र सही दस्तावेजीकरण गर्न, गराउन निर्देशन दिन सम्बन्धित निकायलाई परिपत्र गरी पठाउने ।

–स्वच्छ न्याय पाउने हक उल्लङ्घन हुन गएको सन्दर्भमा सन्दर्भमा शान्तिसुरक्षाको प्रमुख जिम्मेवारी भएको जिल्लाको प्रमुख निकाय जिल्ला प्रहरी कार्यालयको कार्यकक्षभित्र बयान लिन भनी उपस्थित व्यक्तिहरूमाथि जेजुनसुकै कारणबाट हुनसक्ने खतराबाट जोगाइ नागरिकलाई शान्तिसुरक्षाको प्रत्याभूति दिलाउने दायित्व प्रहरीको भएकोमा पीडितहरूको हकमा सो कार्य हुन नसकेको देखिएको,  कुटपिटको कारण मृतकको बहिनी, बुबा, भाइ र मामाले उपचार गराउनुपरेको  साथै न्याय प्राप्तिको लागि पीडितहरू मिति २०८० असार १ गते देखि निर्णय हुँदाका मितिसम्म पनि निरन्तर सडकमा नै रहेकोले पीडितहरूको स्वच्छ न्याय पाउने अधिकारको उल्लङ्घन भएको देखिँदा निजहरूलाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६, राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कारबाही तथा क्षतिपूर्ति निर्धारण नियमावली) २०६९ को नियम २२ र २४ तथा न्याय प्राप्ति गर्ने क्रममा पीडित परिवारले व्यहोर्नुपरेको पीडा तथा आर्थिक क्षतिसमेतलाई ख्याल गरी क्षतिपूर्ति दिन सकिन्छ । यस सम्बन्धमा सर्वोच्च अदालतबाट राजेन्द्र ढकालको हकमा रविन्द्रप्रसाद ढकालसमेत विरुद्ध गृह मन्त्रालय सिंहदरबार, काठमाडौँसमेत (ने.का.प. २०६४ अङ्क २ निर्णय नं. ७८१७) मा भएको आदेशसमेतलाई विचार गरी मनिषा साहलाई रु. १५०,०००/, पीडित निर्मला देवी साहलाई रु. १००,०००/, पीडित विनोदकुमार साह, धिरज भन्ने प्रेम साह र सन्तोष कुमार साहलाई जनही रु. ५०,००००/(पचास हजार रुपियाँ) क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारसमक्ष सिफारिस गरी पठाउने ।

–प्रहरी उपरीक्षक विश्वराज खड्का, प्रहरी नायव उपरीक्षक वेदप्रसाद गौतम, महेन्द्र रायसहितका प्रहरी कर्मचारी र मृतकको श्रीमान् तर्फका परिवारका सदस्यहहरूलाई स्वघोषित रूपमा अपराधी घोषणा गरी तस्वीर सार्वजनिक गर्ने, फोटोमाथि थुक्ने, लात्तीले कुल्चने, उजुरीमा लिइएको दाबी दाबीका विषयहरूलाई विभिन्न सामाजिक सञ्जालमार्फत सार्वजनिक भएका भिडियोहरू र फोटो टाँसी सार्वजनिक गरेको देखिएबाट  नेपाली नागरिकहरूको मौलिक हकको रूपमा रहेको नेपालको संविधानको धारा २०(५) ले प्रत्याभूत गरेको कसूर प्रमाणित नभएसम्म कसूरदार मानिने छैन भनी गरेको मौलिक हक विपरीत र मृतकका माइतीबाट नेपालको संविधानको धारा ४८ (ख) विपरीतको कार्य भएको देखिन्छ । अतः अधिकारको माग गर्ने सन्दर्भमा घृणाजन्य अभिव्यक्ति दिने अधिकार कोही कसैलाई नभएको हुँदा त्यस्ता कार्य नगर्न, मानव अधिकारको आधारभूत मुल्य र मान्यता र मानव अधिकारसम्बन्धी प्रचलित संविधान र कानुनले व्यक्तिलाई प्रदान गरेका अधिकारको सम्मान गरी धारा ४८ (ख) को पालना गर्न मृतकको माइती पक्षका माथि उल्लिखित व्यक्तिहरूलाई जानकारी गराउने ।

–आयोगमा मिति २०८०/४/९ गते यातना दिएको विषयमा जाहेरी दर्ता नगरेकोले दर्ताको लागि पहल गरी पाऊँ भनी दर्ता नं. २४ मा दर्ता हुन आएको उजुरी सम्बन्धमा सो मुद्दा धनुषा जिल्ला अदालतमा मिति २०८०/४/२ गते नै दर्ता भई विचाराधीन रहेको देखिँदा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ४८(२) समेत बमोजिम केही गरिरहनुनपर्ने ।

**२९. उजुरी न. ६०**, बलात्कार आरोप, मधेश प्रदेश कार्यालय, जनकपुर
पीडितः ......, ...........सप्तरी
उजुरकर्ताःआयोग स्वयम, (मधेश प्रदेश कार्यालय, जनकपुर
उजुरीको व्यवहोराः प्रहरीबाट जर्बजस्ती करणी गरेकोमा पीडकलाई आवश्यक कारबाही गरी पाऊँ ।

निर्णयः आयोगले गरेको अनुसन्धानबाट बलात्कार/जर्बजस्ती करणी भएको तथ्य पुष्टि हुन आएको नदेखिएको प्रस्तुत उजुरी खारेज हुने ठहर्छ तर मिसिल संलग्न सिसिटिभी फुटेजबाट निज सप्तरी 'क' मात्र हैन, हिरासतमा रहेका अन्य थुनुवाहरूसहित ती महिलालाई पनि सोधपुछ गर्ने क्रममा अनुसन्धान शाखामा लगी सोधपुछ गरेको देखिन्छ ।

अतः निज पक्राउ पर्नाको पृष्ठभूमिसमेतबाट यस्तो आरोप सार्वजनिक भएको अनुमान गर्न सकिने अवस्था विद्यमान रहँदा महिला अभियुक्तहरूलाई दिउँसोको समयमा मात्र सोधपुछ गर्न र अन्य थुनुवाहरूको हकमा पनि अपवादबाहेक दिनको समयमा नै छानबिन सोधपुछ गरी यस्ता आरोप लाग्ने सम्भावनालाई न्यून गर्न नेपाल प्रहरीलाई लेखी पठाउने ।

## २.३ केन्द्रीय कार्यालय

**३०. उजुरी न. ३०**, मर्यादाको अधिकार (न्याय-प्रशासन), केन्द्रीय कार्यालय, ललितपुर
पीडित/उजुरकर्ताः राजकरण महतो, बर्दिबास नपा १३, महोत्तरी घर भई अन्नपूर्ण पोष्ट दैनिक काठमाडौँमा कार्यरत
उजुरीको व्यवहोराः यातायातका चालक र सहचालकले भौगोलिकता र वर्गीय विभेदजन्य शब्दावली प्रयोग गरी दुर्व्यवहार गरेकोले कारबाही गरी पाऊँ ।

निर्णयः आयोगमा उजुरी दर्ता भएपछि आयोगबाट भएको पत्राचार गरिएको सो प्रहरी वृत्तले घटनामा संलग्न व्यक्तिलाई पक्राउ गरी जाहेरी दरखास्त दर्ता गरी काठमाडौँ जिल्ला अदालतसमक्ष प्रस्तुत गरिसकेको र यातायात व्यवसायीलाई समेत आयोगको कार्यालयमा बोलाइ यस विषयमा ध्यानाकर्षण गराइ सकिएको हुँदा थप केही गरिरहनुपरेन, उजुरी तामेलीमा राखी दिने ।

**३१ उजुरी न. १३**, शिक्षाको अधिकार, केन्द्रीय कार्यालय, ललितपुर
पीडितः सोनम छिरिङ शेर्पा, ओखलढुङ्गा घर भई हाल डिल्लीबजार कारागार (थुना) मा
उजुरकर्ताः कामी शेर्पा, ओखलढुङ्गा घर भई हाल गोकर्णेश्वर नपा १, काठमाडौँ
उजुरीको व्यवहोराः कारागारमा रहेको कारण आफ्नो छोरालाई परीक्षा दिनबाट वञ्चित हुने अवस्था रहेकोले आवश्यक पहल गरी पाऊँ ।

निर्णयः उजुरीउपर यस आयोगबाट पहल गरी परीक्षा दिने व्यवस्था मिलाइदिएको र सो सम्बन्धमा उजुरकर्ताबाट आयोगप्रति आभारसमेत व्यक्त भइसकेको देखिँदा थप केही गरिरहनुपरेन, उजुरी तामेलीमा राखी दिने ।

**३२. उजुरी न. १२**, दण्डहीनता, केन्द्रीय कार्यालय, ललितपुर
पीडितः किशोरकुमार मानन्धर, नेपालगञ्ज उमनपा १३, बाँके
उजुरकर्ताः ऐऐ
उजुरीको व्यवहोराः जघन्य अपराधमा माफी दिन लागेकोले सो कार्य रोकी दण्डहीनताको अन्त्य गरी पाऊँ ।

निर्णयः नेपालगञ्ज उमनपा ५ बस्ने रिगल ढकालले मिति २०७२।३।२८ गते ऐ. निवासी उजुरकर्ताका छोरा चेतन मानन्धरलाई हत्या गरेको घटनामा अदालतको फैसलाबमोजिम कैद भुक्तान गरिरहेको सरकारको सिफारिसमा राष्ट्रपतिबाट माफीमिनाहा गरिएकोमा आयोगबाट पनि तत्काल पहल भएको र यस विषयमा सर्वोच्च अदालतबाट पनि मिति २०८०।७।१६ गते निजलाई दिएको माफी बदर गरी निज रिगल ढकाल हाल कारागार कैद भुक्तान गरिरहेको देखिँदा केही गरिरहनुपरेन, उजुरी तामेलीमा राखी दिने ।

**३३. उजुरी न. ४०**, आरामको अधिकार, केन्द्रीय कार्यालय ललितपुर
पीडितः काठमाडौँ महानगरपालिका नगर प्रहरीहरू र सर्वसाधारण
उजुरकर्ताः नखुलेको (हुलाकबाट प्राप्त)
उजुरीको व्यवहोराः काठमाडौँ महानगरपालिका नगर प्रहरीहरूलाई प्रहरी प्रमुख राजु पाण्डेले गर्भवती र सुत्केरी हुँदासमेत बिदा नदिई आराम गर्न नदिएको साथै फुटपाथमा बसेको दृष्टिविहिनहरूलाई कुटपिट गरेको घटनाको छानबिन गरी दोषीलाई कारबाही गरी पाऊँ ।

निर्णयः उजुरीउपर यस आयोगबाट कारबाही हुँदा पनि पीडित सम्पर्कमा नआएको, बेनामी उजुरी दर्ता भएको र उजुरीमा दाबी गरिएबमोजिमको घटना पुष्टी हुने कुनै आधार प्रमाण प्राप्त हुन आएको नदेखिँदा थप केही गरिरहनुपरेन, तामेलीमा राखिदिनु ।

**३४. उजुरी न. ४३**, शिक्षाको अधिकार, केन्द्रीय कार्यालय, ललितपुर
पीडितः दिपेश पौडेल, हरिवन नपा ११, सर्लाही घर भई द टाइम्स इन्टरनेशनल कलेज डिल्लीबजार काठमाडौँमा अध्ययनरत

उजुरकर्ताः दिपा पौडेल, ऐऐे
उजुरीको व्यवहोराः दिपेश पौडेलले कलेजलाई बुझाउनुपर्ने शुल्क निजका बाबुले नतिरी दिएको हुँदा परीक्षा दिन नपाएकोले शिक्षाको अधिकार सुनिश्चित गरी पाऊँ ।

निर्णयः उजुरीमाथि आयोगबाट आवश्यक पहल भएको र निज दिपेशले परीक्षामा सहभागी भई परीक्षा दिएको हुँदा उजुरीमाथि थप केही गरिरहनुपरेन, तामेलीमा राखिदिनु ।

**३५. उजुरी न. २०**, दुर्व्यबहार/कुटपिट, केन्द्रीय कार्यालय ललितपुर
पीडितः हेमन्त डाँगी, त्रिवेणी गापा २ पिमखोला, सल्यान घर भई करण व्वाइज होस्टेल, कामनपा १० बानेश्वर, काठमाडौँ
उजुरकर्ताः ऐऐे
उजुरीको व्यवहोराः मिति २०८०।५।२९ गते होस्टेलमा झगडा भएको भनी प्रहरीलाई खबर गर्दा प्रहरीले आफूलाई किन दुःख दिएको भन्दै होस्टेल पुगी कुटपिट/दुर्व्यवहार गरेको हुँदा आवश्यक कारबाही गरी पाऊँ ।

निर्णयः उजुरीउपर कारबाही हुँदा मिसिल संलग्न प्रमाणबाट कुटपिट भएको पुष्टी हुन सकेन । अतः उजुरकर्ता सम्पर्कमा आइ प्रमाण पेस गरेको बखत सोहीबमोजिम हुने गरी हाललाई तामेलीमा राखी दिनु ।

**३६. उजुरी न. ४२**, नागरिकताको अधिकार, केन्द्रीय कार्यालय, ललितपुर
पीडित/उजुरकर्ताः प्रताप श्रेष्ठ, ललितपुर मनपा ८ भोलढोका ललितपुर
उजुरीको व्यवहोराः उजुरकर्ताका पित रामचन्द्र श्रेष्ठले उजुरकर्ता प्रताप श्रेष्ठको नागरिकता बनाइ दिन इन्कार गरी नागरिकताको अधिकारबाट वञ्चित गरेको हुँदा आवश्यक कारबाहीको लागि पहल गरी पाऊँ ।

निर्णयः दर्ता भएको उजुरीउपर आयोगको पहलमा उजुरकर्ता/पीडित र निजका धर्मपिता रामचन्द्रबीच नागरिकता बनाइ दिने भनी मिति २०८१।१।६ गते मेलमिलाप भइसकेको देखिँदा यसमा थप केही गरिरहनुपरेन, तामेलीमा राखिदिनु ।

**३७. उजुरी न. ४**, घरेलु हिंसा तथा उद्दार, उपत्यका अनुसन्धान
उजुरकर्ताः नागार्जुन नपा बस्ने तारिका रञ्जितसमेत
आरेपित : श्री रञ्जित समेत
उजुरीको व्यवहोराः कुइनेटो एकीकृत कृषि पशुपंक्षी तथा वाइल्ड लाइफ प्रा.लि. का सञ्चालकसमेत रहेकी तारिका रञ्जितलाई आफ्नै आमाबुबाबाट घरेलु हिंसा भएको तथा उपचारको बहानामा २०८० भदौ ४ गते बिहानबाट परिवारकै सदस्यहरूले अज्ञात पुनर्स्थापना संस्थामा लगेकोले उद्दार गरी पाऊँ ।

निर्णयः उजुरीको सम्बन्धमा मिसिल अध्ययन तथा अनुगमन प्रतिवेदनको अध्ययन गर्दा मिसिल संलग्न तथ्य एवम् प्रमाणहरूको आधारमा निज तारिका रञ्जितको स्वास्थ्यलाई मध्यनजर गर्दै हाल उपचारको लागि भनी राखिएको ग्रेस फाउन्डेसन ललितपुरको मौजुदा विधानको प्रस्तावना र उद्देश्य विपरीत निजलाई उक्त संस्थामा राखिएको पाइएको र मिति २०८०/०५/१० मा डा. प्रदिप मानन्धरको चेकजाँच पूर्जीसमेतलाई मध्यनजर गरी तत्काल निजलाई परिवारको जिम्मा लगाउन र निजको थप उपचार आवश्यक देखिएको हुँदा अनाधिकृत व्यक्तिको हस्तक्षेप नहुने गरी विशेषज्ञ सेवा प्रदान गर्न सक्ने सुविधा सम्पन्न अस्पतालहरूमा उपचार गराउन परिवारका सदस्य र ग्रेस फाउन्डेशन ललितपुरलाई निर्देशन दिने ।अधिकार क्षेत्र नभएको संस्था ग्रेस फाउन्डेसनमा यस्ता प्रकारका अन्य व्यक्तिहरू राखिएको भए तत्काल कानुनबमोजिमका अभिभावकहरूलाई जिम्मा दिई पठाउने र अब उप्रान्त विधान विपरीत र इजाजतबमोजिम बाहेक कुनै व्यक्तिलाई भर्ना, उपचार, परामर्श वा अन्य कार्य नगर्न ग्रेस फाउन्डेसन तथा गृह मन्त्रालय र सम्बद्ध प्रहरी कार्यालयलाई निर्देशन दिने ।

**३८. उजुरी न. २५**, महिला हिंसा, केन्द्रीय कार्यालय, ललितपुर
पीडितः गङ्गादेवी निरौला, थुलुङ दुधकोशी गापा ३, सोलुखुम्बु
उजुरकर्ताः ऐऐ
उजुरीको व्यवहोराः गङ्गादेवी निरौलालाई उज्वलराज पोखरेल, विनिता कोइरालासमेत भई महिला हिंसा गरेको हुँदा आवश्यक कारबाही गरी पाऊँ ।

निर्णयः उजुरीउपर कारबाही हुँदा दुवै पक्ष यस आयोगसमक्ष उपस्थित भई मेलमिलाप गरी समस्या समाधान भइसकेको प्रमाण कागजात मिसिल संलग्न हुँदा केही गरिरहनुपरेन, तामेलीमा राखिदिनु ।

**३९. उजुरी न. ३८**, दुर्व्यवहार/लुटपाट.केन्द्रीय कार्यालय

पीडितः अमृतबहादुर लो, हरिहरपुरगढी गापा १, सिन्धुली

उजुरकर्ताः ऐऐ

उजुरीको व्यवहोराः गीतसङ्गीत (म्युजिक सिस्टम) मार्फत जीविकोपार्जन गर्दै आएका पीडित अमृतबहादुर लोसमेतका दृष्टिविहिन व्यक्तिहरूको मिति २०८०।१२।८ गते र त्यसभन्दा अघिपछि पनि काठमाडौँ महानगर प्रहरीले सामान जफतको साथै उनीहरूले प्रयोग गर्ने लठी भाँचिदिएको एवम् सामान फिर्ता माग्न जाँदा सामान छुनमात्र दिने गरेको हुँदा दुर्व्यवहार र लुटपाटमा आवश्यक कारबाही गरी पाऊँ ।

निर्णयः उजुरीउपर आयोगले तत्काल कारबाही अघि बढाएपछि आयोगको समन्वयमा महानगरपालिकाले सामान फिर्ता गरिदिएको र दुवै पक्षबीचमा छलफल भई हाल समस्या समाधान भइसकेको हुँदा थप केही गरिरहनुपरेन, उजुरी तामेलीमा राखी दिने । काठमाडौँ महानगर प्रहरीबाट अपाङ्गता भएका तथा दृष्टिविहीन व्यक्तिमाथि यस्ता घटना हुने गरेको भनी गुनासो आउने गरेको सन्दर्भमा भने त्यस्तो अवस्था आउने वातावरण नबनाउन काठमाडौँ महानगरपालिकालाई लेखी पठाइदिने ।

**४०. उजुरी न. २९**, घरेलु हिंसा/शान्तिसुरक्षा, केन्द्रीय कार्यालय
पीडितः सपना खड्का, तीनथाना, नैकाप, काठमाडौँ
उजुरकर्ताः ऐऐ
उजुरीको व्यवहोराः पीडित/उजुरकर्तालाई निजका परिवारका सदस्यले घरेलु हिंसा गरेको विषयमा महानगरीय प्रहरी वृत्त थानकोटमा जानकारी गराउँदा पनि परिवारका सदस्यको व्यवहारमा कुनै परिवर्तन नआएकोले अधिकार संरक्षण गरी पाऊँ ।

निर्णयः दर्ता हुन आएको उजुरीउपर आयोगबाट कारबाही अघि बढाएकोमा यसै विषयमा काठमाडौँ जिल्ला अदालतमा मुद्दा न. ०८०-cr-१३०७ मा दर्ता भई विचाराधीन रहेको देखिँदा यसमा केही गरिरहनुपरेन, तामेलीमा राखी दिनु ।

**४१. उजुरी न. ४८**, आप्रवासी कामदार, केन्द्रीय कार्यालय
पीडितः महेश राना, धनगढी उमनपा १०, कैलाली
उजुरकर्ता हेमकरन राना, ऐऐ
उजुरीको व्यवहोराः पीडित महेश रानालाई गोर्खा ह्युमन रिसोर्स सोलुसन प्रा.लि. ले UAE को White Floor Cleaning L.L.C दुबइमा पठाएकोमा निजलाई पारिश्रमिक नदिएको र उपचार नगराएकोले नेपाल फर्काइ पाऊँ ।

निर्णयः दर्ता हुन आएको उजुरीमाथि उल्लिखित कम्पनीका प्रतिनिधिसँग निजलाई नेपाल फर्काउन भनिएकोमा कम्पनीले निजलाई नेपाल फर्काइ आयोगको सुझावबमोजिम दुबै पक्षबीच मिति २०*!.@.#१ गते वैदेशिक रोजगार विभागमा मिलापत्रसमेत भइसकेको हुँदा उजुरीमाथि थप केही गरिरहनुपरेन, तामेलीमा राखिदिनु ।

**४२. उजुरी न. ५१**, पारिश्रमिकको अधिकार, केन्द्रीय कार्यालय
पीडित/उजुरकर्ताः युक्ता लिम्बू, भद्रपुर नपा १ झापा
उजुरीको व्यवहोराः युक्ता लिम्बूलाई शुभगृह इन्स्टिच्यूट कन्सल्टेन्सी बानेश्वर काठमाडौँका मेनेङिज डाइरेक्टर सुवेन्द्र थापाले पारिश्रमिक नदिएको हुँदा आवश्यक कारबाही गराइ पाऊँ ।

निर्णण : दर्ता हुन आएको उजुरीमाथि आयोगले दुवै पक्षबीच छलफलमार्फत मेलमिलाप गराइ पीडितले पाउनुपर्ने पारिश्रमिकसमेत उपलब्ध गराइ सकिएको देखिँदा केही गरिरहनुपरेन, उजुरी तामेलीमा राखी दिने ।

**४३. उजुरी न. ४५**, बाल अधिकार, केन्द्रीय कार्यालय
पीडितः मिलन तामाङ, चौतारा, साँगाचोक गढी, ७ सिन्धुपाल्चोक
उजुरकर्ताः रहरमान तामाङ, ऐऐ

उजुरीको व्यवहोराः उजुरकर्ताको छोरा वर्ष १० को मिलन तामाङलाई भैसेपाटी होस्टेल, ललितपुरका सञ्चालक पिटरकुमार शर्माले बालकले ओछ्यानमा पिसाब गरेकोले निज बालकलाई विद्यालय/होस्टेलबाट निकाल्ने तथा कुटपिट/दुर्व्यवहार गरेको हुँदा आवश्यक कारबाही गरी पाऊँ ।

निर्णयः दर्ता हुन आएको उजुरीउपर आयोगले दुवै पक्षबीचमा छलफल गराइ उजुरकर्ताले उजुरीमा उठाएका सवालहरू दुवै पक्षको सहमतिमा मेलमिलाप भई सम्बोधन भइसकेको देखिँदा थप केही गरिरहनुपरेन, हाललाई उजुरी तामेलीमा राखी दिने ।

**४४. उजुरी न. ४६**, यातना, केन्द्रीय कार्यालय
पीडितः रेलबहादुर तामाङ, बाह्रबिसे नपा ३, सिन्धुपाल्चोक
उजुरकर्ता कृष्णकुमारी लामा, ऐऐ
उजुरीको व्यवहोराः मिति २०८०।१।६ गते जिल्ला अदालत भक्तपुरमा तारेख लिन गएको अवस्थामा प्रहरीले पक्राउ गरी हिरासतमा राखी यातना दिएको हुँदा आवश्यक कारबाही गरी पाऊँ

निर्णयः दर्ता हुन आएको उजुरी मिसिल अध्ययन गरी हेर्दा निजलाई प्रहरीले नभई अन्य व्यक्तिबाट कुटपिट भएको हुन सक्ने देखिँदा हाललाई थप केही गरिरहनुपरेन, तामेलीमा राखिदिनु ।

**४५. उजुरी न. ३९**, रोजगारीको अधिकार, केन्द्रीय कार्यालय
पीडितः तारादेवी घर्ति, कुश्मा नगरपालिका २, पर्वत
उजुरकर्ता, ऐऐ
उजुरीको व्यवहोराः स्वाबलम्बन जीवन पद्धति केन्द्र, ललितपुरमा कार्यरत तारादेवी घर्तीलाई सो केन्द्रबाट बिनासूचना रोजगारीबाट निष्कासन गरी सञ्चय कोष र नागरिक लगानी कोषमा जम्मा भएको रकम नदिएको हुँदा आवश्यक कारबाही गरी पाऊँ ।

निर्णयः उजुरीउपर आयोगले दुवै पक्षलाई आयोगमा बोलाइ छलफल गरेपछि उजुरकर्ताले उठाएका सवालहरूमा दुवै पक्षबीच मेलमिलाप भएकोले थप केही गरिरहनुपरेन, उजुरी तामेलीमा राखी दिने ।

**४६. उजुरी न. ३१**, जातीय विभेद, केन्द्रीय कार्यालय
पीडितः यशस्वी लम्साल, अलबट्रा क्यानडा भई लपु मनपा कुपण्डोल, ललितपुर
उजुरकर्ताः शिवबहादुर घाताङ (सुरेन), वालिङ, नपा ६, रसखोला, स्याङ्जा
उजुरीको व्यवहोराः क्यानडा स्थायी बसोबास भएकी यशस्वी लम्साल विवाह गर्न भनी मिति २०८०।१०।२३ (फेब्रुवरी ६, २०२४) गते क्यानडाबाट नेपाल आएकोमा उजुरकर्ता शिवबहादुर घताङ दलित भएको भनी विवाह गर्नबाट रोक्न निजका परिवारले बेपत्ता पारेको हुँदा आवश्यक कारबाही गरी पाऊँ ।

निर्णयः आयोगमा दर्ता हुन आएको उजुरीउपर कारबाही हुँदा निजलाई जातीय भेदभावको आधारमा बेपत्ता बनाएको नभई आर्थिक र मानसिक समस्या मुख्य कारक रहेको, सो कारणबाट उजुरकर्तालाई हाल सुरक्षामा चुनौती नरहेको र निज यशस्वी लम्साल हाल क्यानडा फर्किसकेको देखिँदा थप केही गरिरहनुपरेन, तामेलीमा राखिदिनु ।

**४७. उजुरी न.: ३७**, दुर्व्यवहार, केन्द्रीय कार्यालय
पीडितः उमेशकुमार साह, कामनपा १९ याट्खा, काठमाडौँ
उजुरकर्ताः ऐऐ
उजुरीको व्यवहोराः उमेशकुमार साहलाई मिति २०८०।१२।१४ गते महानगरीय प्रहरी काठमाडौँले दुर्व्यवहार र कुटपिट गरेको हुँदा आवश्यक कारबाही गरी पाऊँ ।

निर्णयः उजुरीउपर कारबाही हुँदा पीडित र दुर्व्यवहार गर्ने प्रहरीबीच उपचार खर्चबापत प्रहरीले पीडितलाई रु १५००० (पन्ध्र हजार रुपियाँ) दिने तथा नगर प्रहरीले व्यक्तिको जीवन, मर्यादा, स्वतन्त्रता प्रति संवेदनशिल बनी मानव अधिकार र नागरिक दायित्वलाई आत्मसात गर्ने भनी सहमति भइसकेको देखिँदा थप केही गरिरहनुपरेन, उजुरी तामेलीमा राखी दिने ।

**४८. उजुरी न. १०**, घरेलु हिंसा, केन्द्रीय कार्यालय
पीडितः गुञ्जन पाण्डेय, सिद्धार्थनगर नपा ५,रुपन्देही घर भई हाल ललितपुर मनपा १३, कुसुन्ती ललितपुर
उजुरकर्ताः ऐऐ, समेत
उजुरीको व्यवहोराः गुञ्जन पाण्डेले आफूलाई निजका पति अंशुकुमार मिश्र, सीताकुमारी भगत मिश्र, सुधिर मिश्रसमेतले दाइजोको निहुँमा घरेलु हिंसा गरेको र निज गुञ्जन पाण्डेकी सासू सीताकुमारी भगतले गुञ्जन पाण्डेले आफूलाई धम्की दिएको हुँदा आवश्यक कारबाही गरी पाऊँ ।

निर्णयः प्रस्तुत उजुरीहरूमा गरिएको अनुसन्धान प्रतिवेदन तथा मिसिल संलग्न प्रमाणहरू अध्ययन गर्दा तथ्य र प्रमाणहरूबाट सीताकुमारी भगत मिश्र, अंशुकुमार मिश्रउपर दाइजो लेनदेनको विषयमा घरेलु हिंसा गरेको देखिएकोले सम्बन्धित विषयमा आवश्यक कारबाही गर्न र उनीहरूलाई सचेत गराउन र प्रहरी नायव उपरीक्षक भुवनेश्वरप्रसाद साहलाई सचेत गराउन सम्बन्धित निकायमा सिफारिस गर्ने र मिसिल संलग्न कागजातबाट सीता भगत मिश्रले लिएको मागदाबी पुष्टि हुने आधार र प्रमाणहरू विश्वसनीय नदेखिएकोले केही गरिरहनुपरेन, उजुरी तामेलीमा राखी दिने ।

**४९. उजुरी न. २**, उपत्यका, प्रजनन् स्वास्थ्यको अधिकार, केका
पीडितः सुमित्रा कटुवाल, हाल कागेश्वर मनोहरा नपा ६, काठमाडौँ

उजुरीको व्यवहोरा: प्रजनन् स्वास्थको अधिकार र रोजगारीको अधिकारबाट समेत वञ्चित गरेकोले अधिकार बहालीको लागि पहल गरिपाऊँ ।

निर्णय: उजुरीमाथि आयोगले गरेको अनुसन्धानको आधारमा  निज सुमित्रा कटुवाललाई प्रसुती बिदावापत ३ (तीन) महिनाभित्र ९० दिनको तलब र निजको मानव अधिकार उल्लङ्घन भएवापत थप रु.१००,०००/ (एक लाख रुपियाँ) क्षतिपूर्ति उपलब्ध गराउन र राष्ट्रिय अपाङ्ग महासङ्घ, कार्य समितिका अध्यक्ष श्री देवीदत्त आचार्यलगायत प्रसुती बिदा उपलब्ध नगराउने र पदमुक्त गर्नेसमेतका निर्णयमा हस्ताक्षर गर्ने अन्य पदाधिकारीहरूलाई निर्देशन दिने । यसको साथै कानुनबमोजिम दर्ता भएका सार्वजनिक तथा गैरसरकारी संस्थाहरूमा कार्यरत महिलाहरूको प्रजनन् स्वास्थ्यको अधिकारसँग सम्बन्धित कानुन कार्यान्वयनको अनुगमन एवम् आवश्यक निर्देशन दिन गृह मन्त्रालय, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, सबै प्रदेशका मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय, सबै जिल्ला प्रशासन कार्यालयहरू र समाज कल्याण परिषद्समेतमा पत्राचार गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पत्राचार गर्ने ।

**५०. उजुरी न. १**, उपत्यका, स्वास्थ्य/उपभोक्ताको अधिकार, केका
पीडित: सबै नागरिक उपभोक्ताहरू
उजुरकर्ता: नेपालका लागि नेपाली पार्टीको तर्फबाट इ.राम बाडे

उजुरीको व्यवहोरा: दैनिक रूपमा प्रयोगमा आउने नोटमा  असङ्ख्य प्राणघातक सरुवा रोग फैलाउने विभिन्न प्रकारका भाइरस, व्याक्टेरिया, फंगस, फुडवर्न, प्याथोजेन्स,ऱ्याल सिंगान, दिसा पिसाव, मसिना धुलाका कण आदि हुने र तिनीहरूले फैलाउने सङ्क्रमणबाट स्वास्थ्य एवम् जीवनको अधिकारमा प्रत्यक्ष प्रभाव पार्ने भएकोले नगद पैसा अनिवार्य रूपमा निर्मलीकरण गरी सटही तथा जम्मा गर्ने व्यवस्था मिलाइ मानिसको स्वास्थ्य जीवन बाँच्न पाउने अधिकारको संरक्षणको लागि आवश्यक पहल गरी पाऊँ ।

निर्णय: आयोगको अनुसन्धानबाट निवेदकले उजुरीमा उल्लेख भएबमोजिमको अवस्था देखिन आएको र यस अवस्थामा उल्लिखित सङ्क्रमण रोक्ने एवम् न्यूनीकरण गर्ने सम्बन्धमा नेपाल राष्ट्र बैङ्कले बैङ्क सेवा सञ्चालन मार्गदर्शन, २०७७, अर्थ मन्त्रालयबाट वित्तीय क्षेत्र व्यवस्थापन समन्वय समितिको मिति २०७६/१२/१२ गते बैठकबाट बुँदा नं ५ मा बैङ्कमा जम्मा हुन आउने र काउन्टरबाट वितरण गरिने नोटलाई सङ्क्रमणरहित  गरेर मात्र प्रयोगमा ल्याउन नेपाल राष्ट्र बैङ्क तथा वित्तीय संस्थाहरूले मिलाउने भनी निर्णय भएको,  राष्ट बैङ्कबाट सफा नोट नीति २०७३ जारी भई कार्यान्वयनमा रहेको, नोट सफा राख्न राष्ट्र बैङ्कबाट सार्वजनिक रूपमा अनुरोधसमेत गरिएको अवस्था भए पनि हालसम्म जारी भएका निर्देशिका, समितिबाट भएका निर्णयहरू प्रभावकारी रूपमा कार्यान्वयन हुन सकेको देखिएन । परिणाम सर्वसाधारण नागरिक सम्म यस विषयमा जनचेतनासमेत पुग्नसकेको नदेखिँदा नागरिकको स्वास्थ्यको अधिकार संरक्षणको लागि नोटहरूबाट हुने सङ्क्रमण रोक्न, जोगाउन भइरहेका प्रयासहरूको बारेमा जानकारी गराउन, हालसम्म जारी भएका निर्देशिकाहरूलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न, वित्तीय जनचेतना फैलाउन र नोट निर्मलीकरण गरी प्रयोगमा ल्याउनसमेत प्रभावकारी कार्य हुन आवश्यक देखिको हुँदा उल्लिखित कार्यहरू गरी पैसाबाट नागरिकको स्वास्थ्य अधिकार प्रचलनमा पार्न सक्ने नकारात्मक प्रभाव रोक्न प्रधानमन्त्री तथा मन्त्रि परिषदको कार्यालय, अर्थ मन्त्रालय र

नेपाल राष्ट्र बैङ्क र उक्त कार्यको लागि आवश्यक स्रोत-साधनको व्यवस्था गर्न नेपाल सरकारलाई लेखी पठाउने ।

**५१. उजुरी न. ५**, उपत्यका/केका
पीडितः डा. रञ्जितकुमार यादव, (NMC No 26199) महोत्तरी
उजुरकर्ताः ऐऐ

उजुरीको व्यवहोराः जिल्ला महोत्तरी पिपरा गापा ८ घर भएका डा. रञ्जितकुमार यादव (NMC No. 26199) लाई नक्कली प्रमाणपत्र लिएको भनी नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान व्यूरोले २०८०।४।२५ मा गैरकानुनी रूपमा पक्राउ गरी थुनामा राखेको कारण नेपालको संविधानको धारा २०,२२ र २३ समेतको उल्लङ्घन भई सामाजिक प्रतिष्ठामा आँच आएको र मानसिक यातनासमेत दिइएकोले क्षतिपूर्ति दिलाई दोषी प्रहरीलाई कारबाही गरी पाऊँ ।

निर्णयः यसमा मिसिल अध्ययन गर्दा यस विषयमा नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान व्यूरोले करिब दुई वर्षअघिदेखि अनुसन्धान गरिरहेको, अनुसन्धानको सिलसिलामा प्रकाउ गर्न सक्ने भए पनि त्यस्तो व्यक्ति कसूरदार नठहरेसम्म निजको मर्यादामा नकारात्मक प्रभाव पार्ने कार्य कहींकतैबाट सार्वजनिक गर्न हुँदैन । यस घटनामा एउटा व्यक्तिले गरेको कसूरमा अर्कै व्यक्ति पक्राउ परी विभिन्न समाचार माध्यमहरूमा निर्दोष चिकित्सकको नाम नकारात्मक रूपमा सम्प्रेषित भएकोले राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा २ (च) ले परिभाषित गरेबमोजिम निजको मर्यादासँग सम्बन्धित संविधान तथा अन्य प्रचलित कानुनद्वारा प्रदान गरिएका अधिकारको उल्लङ्घन हुन गई नेपालको संविधानको धारा १६(१) बमोजिम सम्मानपूर्वक बाँच्न पाउने अधिकारको हनन् हुन गएको देखियो । अतः राष्ट्रिय मानव अधिकार आयोग (उजुरी कारबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम २२ बमोजिम पीडित डा. रञ्जितकुमार यादवलाई १०,०००/(रु. दश हजार) क्षतिपूर्ति उपलब्ध गराउन र यस्ता प्रकारका कमजोरी आगामी दिनमा नदोहोऱ्याउन नेपाल प्रहरी (केन्द्रीय अनुसन्धान व्यूरो) र नेपाल मेडिकल काउन्सिलको ध्यानाकर्षण गराउन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा लेखी पठाउने ।

## २.४ वागमती प्रदेश कार्यालय

**५२. उजुरी न.३१३**, प्रहरीबाट कुटपिट, वागमती प्रदेश कार्यालय हेटौँडा, मकवानपुर
उजुरकर्ताःदिनेश बराल (सुमित), घोडाघोडी गाउँपालिका ५, कैलाली जास्मीन विश्वकर्मा, गणेशमान चारनाथ नगरपालिका ६, सिरहा
पीडितः ऐऐ

उजुरीको व्यवहोराः माथि उल्लिखित दुवै जना लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक व्यक्तिहरूलाई मिति २०७८/३/१० गते साथीको जन्मदिन मनाइ फर्कदै गर्दा रातको ११:०० बजे काठमाडौँस्थित जडिबुटी चोकमा दुईजना प्रहरीले दिनेश बरालको टाउको र जास्मिन विश्वकर्माको हात र ढाडमा निलडाम हुने गरी कुटपिट गरेकोले दोषीमाथि कारबाही गरीपाऊँ ।

निर्णयः आयोगको अनुसन्धानबाट पीडितहरूलाई चोट लागेकोमा तत्कालै प्रहरीले स्थानीय Apex Poli clinic and Diagnostic Center मा उपचार गराइ खर्चसमेत प्रहरीले व्यहोरेकोमा अझै पनि दिनेश बरालको आँखामा समस्या देखिएकोले थप उपचार गराउनुपर्ने अवस्था देखिन्छ। निजहरूमाथि कुटपिटको सम्बन्धमा प्रहरीले पूर्णतः इन्कार गरेको र लडेर चोट लागेको भनी लिएको दाबी इन्कार गर्न सक्ने अवस्था नदेखिँदा निजको आँखाको थप उपचार थप गर्नुपर्ने भए गर्न र यौनिक तथा लैङ्गिक अल्पसङ्ख्ययकमाथि प्रहरीबाट निरन्तर कुटपिट हुने गरेको भनी आयोगमा उजुरी  प्राप्त भइरहेको सन्दर्भमा "यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकहरूमाथि अमानवीय व्यवहार नगर्न र उनीहरूको मर्यादाको ख्याल गर्न मातहत सबै कार्यालयहरूलाई निर्देशन दिन नेपाल प्रहरी महानिरीक्षकको सचिवालयमा लेखी पठाउने ।

**५३. उजुरी न.  ७०१**, प्रहरीबाट कुटपिट, वाग्मती प्रदेश कार्यालय हेटौँडा, मकवानपुर
उजुरकर्ताः ऐनि लामा, विराटनगर, रोशनी लामा, विराटनगर, आकांक्षा तिम्सिना, विराटनगर, लेजा शर्मा वीरगञ्ज र स्नेहा चौधरी बर्दिया
पीडितः ऐऐे
उजुरीको व्यवहोराः माथि उल्लिखत पाँच जना यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक व्यक्तिहरूलाई मिति २०७०/१०/२७ गते राति ११:४५ बजे टयाक्सी चढेर घर फर्कने क्रममा गोङ्गबु मित्रनगरस्थित दुरसञ्चारको गेटअगाडि प्रहरीको भ्यानमा आएका दुई जना प्रहरीहरूले लाठी भाँचिने गरी कुटपिट गरेको हुँदा छानबिन गरी पाऊँ ।

निर्णयः यस सम्बन्धमा आयोगबाट भएको अनुसन्धानको आधारमा मिति२०७०/११/५, मिति २०७४/४/१८ र मिति २०७७/५/२६ गते घटनाको बारेमा जानकारी माग गर्दा नेपाल प्रहरीबाट यस सम्बन्धमा कुनै जानकारी दिएको देखिएन्। राष्ट्रिय मानव अधिकार आयोग उजुरी  तथा कारबाहीसम्बन्धी निर्देशिका, २०६९ को दफा २८ ले उजुरीमा उल्लिखित विषयहरूमा प्रतिवाद गरी खण्डन गर्ने वा स्वीकार गर्ने दायित्व आरोपित व्यक्ति वा निकायमा रहने भनी व्यवस्था गरेको एवम् ऐ. दफा २०(घ) मा सफाइ पेस नगरेको विषयलाई आरोप स्थापित गर्ने प्रमाणको रूपमा लिनसकिने पनि व्यवस्था गरेको देखिँदा प्रस्तुत घटनामा पीडितहरू ऐनी लामा, रोशनी लामा, आकांक्षा तिम्सिना, लेजा शर्मा र स्नेहा चौधरीलाई जनही रु. ५,०००/(पाँच हजार रुपियाँ) का दरले क्षतिपूर्ति उपलब्ध गराउन सिफारिस गर्ने र नील हिरा समाजमार्फत पीडितहरूलाई जानकारी गराउने ।

**५४. उजुरी न. ८८३**, यातना, वाग्मती प्रदेश कार्यालय हेटौँडा, मकवानपुर

उजुरकर्ताः किरण राई, शान्तिनगर १, झापा
पीडितः ऐऐ
उजुरीको व्यवहोराः  यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक किरण राईलाई मिति २०७३/५/१७ गते राती काठमाडौँ गौशाला प्रहरी वृत्तका डी.सी. बोहरा र आर. थापासमेतका प्रहरीहरूले पकाउ गरी थुनामा यातना दिनुको साथै अपमानजनक व्यवहार गरेकाले छानबिन गरी पाऊँ ।

निर्णयः उजुरीमाथि आयोगले गरेको अनुसन्धानबाट प्रहरीले कुटपिट गरेको भनिएको समय र उपचार गराएको समय मिलेको, १८ गते निज रिहा भएपछि सोही दिन अस्पतालमा गई उपचार गराएको र अस्पतालले Police Case Change (NATL) भनी रु.१००/ शुल्कसमेत लिएको देखिँदा निज राईमाथि कुटपिट भएको होइन भनी निष्कर्षमा पुग्न सकिएन । अतः निजमाथि कटपिट गर्न संलग्न भनिएका र मिति २०७३ भदौ १७ गते महानगरीय प्रहरी वृत्त गौशालामा कार्यरत डी.सी.बोहरा र आर. थापालाई सचेत गराउन प्रहरी प्रधान कार्यालयलाई र पीडितलाई रु. ५०००/(पाँच हजार) क्षतिपूर्ति उपलब्ध गराउन सिफारिस गरी पठाउने ।

**५५. उजुरी न.  ८८४**, यातना, वाग्मती प्रदेश कार्यालय हेटौँडा, मकवानपुर
उजुरकर्ताः मोना राई, तिप्लुङ ७, खोटाङ
पीडितः स्वयम्

उजुरीको व्यवहोराः  यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक मोना राईलाई मिति २०७३/५/१५ गते राति गौशाला महानगरीय प्रहरी वृत्त काठमाडौँका एस.कार्कीसहितका प्रहरीले कटपिट गरी यातना दिएकोले छानबिन गरी पाऊँ ।

निर्णयः आयोगमा दर्ता हुन आएको उजुरीमाथि अनुसन्धान हुँदा  मिसिल संलग्न प्रमाण कागजातबाट उजुरकर्ताको दाबी त्रिवि शिक्षण अस्पतालमा निजले गराएको उपचार र प्रेस्कृप्सनमा युनिफर्म लगाइएको प्रहरीले कुटपिट भएको भनी उल्लेख भएको व्यहोरा, सोही अस्पतालले Police Case From भनी लिएको रु.१००/रुपियाँको बिलसमेतको आधारमा प्रहरीले कुटपिट गरेको होइन भनी लिएको दाबीसँग सहमत हुन सकिएन । अतः निजमाथि कुटपिट गर्न संलग्न प्रहरी एस कार्कीलाई सचेत गराउन प्रहरी प्रधान कार्यालयमा लेखी पठाउन र पीडितलाई रु.५०००/(पाँच हजार) क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारसमक्ष सिफारिस गरी पठाउने ।

**५६. उजुरी न.  ६६१**, प्रहरीबाट कुटपिट, वाग्मती प्रदेश कार्यालय हेटौँडा, मकवानपुर
उजुरकर्ताः प्रहरीबाट कुटपिट, नविन (सुप्रिया) न्यौपाने, गल्याङ जग्गादेवी ३, स्याङ्जा र चन्द्र गुरुङ (साधना), नारायणस्थान भङ्गाल, काठमाडौँ
पीडितः ऐऐ

उजुरीको व्यवहोराः दुवै जना यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकहरूलाई मिति २०७०/१/१८ गते राति ११ः ३० बजे काठमाडौं सुन्धारा क्षेत्रमा खटिएका नेपाल प्रहरीका असई अजित ढुङ्गाना र प्रज एन. थापाले लखेट्दै कटपिट गरी घाइेते बनाएको हुँदा छानबिन गरी पाऊँ ।

निर्णयः आयेगमा दर्ता हुन आएको सो उजुरीमाथि छानबिन गर्दा प्रहरीद्वय घटनामा संलग्न भएको र नेपाल प्रहरीले घटनामा संलग्नमाथि विभागीय कारबाही गरिसकेको देखिएको छ । पीडितहरूमाथि प्रहरीबाट भएको कुटपिट र चोट लागेको तथ्य Tribhuvan University, Institute of Medicine, Maharajung Campus को Forensic Medicine विभागको परिक्षण प्रतिवेदनले पुष्टि गरेको देखिन्छ । अतः पीडितहरूले क्षतिपूर्ति प्राप्त गरेको नदेखिँदा दुवै जना पीडितलाई जनही रु. १०,०००/(दश हजार रुपियाँ) को दरले क्षतिपूर्ति क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारसमक्ष सिफारिस गरी पठाउने ।

**५७. उजुरी न. ७९५**, जीवनरक्षा र न्याय, वाग्मती प्रदेश कार्यालय, हेटौंडा
पीडितः भुपालमान दमाई र तत्कालीन फुल्पिङडाँडा गाविस ५, सिन्धुपाल्चोक
उजुरकर्ता : ऐऐ
उजुरीको व्यवहोराः भूपालमान दमाईलाई विमान अपहरणको आरोपमा भारतमा मुद्दा चलाइ १४ वर्षसम्म जेलमा राखी निर्दोष साबित भएपछि नेपाल फर्किएको र कुनै क्षतिपूर्ति प्राप्त नगरेको र नेपाल फर्किसकेपछि पनि मिति २०७१/८/९ गते कालिमाटी काठमाडौँको प्रहरीले पक्राउ गरी ६० घण्टाभन्दा बढी थुनामा राखी सोधपुछ गरेकोले आफू त्रसित भएको र असुरक्षाका साथ जीवन जीउन परेकोले जीवनरक्षा गरी न्याय प्राप्तिको लागि पहल गरी पाऊँ ।

निर्णयः आयोगमा दर्ता हुन आएको सो उजुरीमाथि अनुसन्धान गर्दा भारतीय अदालतबाट दोषी ठहर भई १४ वर्ष भारतीय कारागारमा बसेको सन्दर्भमा क्षतिपूर्ति दाबी गरी परेको निवेदनमा यस आयोगबाट भारतमा भएको अदालतको फैसलामा कुनै कारबाही गर्न सक्ने अवस्था रहेन । उजुरकर्ता पर्याप्त प्रमाणसहित पुनः उजुरी जगाइ हेरी पाऊँ भनी आएमा हेर्ने गरी सोहीबमोजिम हुने गरी हाललाई उजुरी तामेलीमा राखी दिने ।

**५८. उजुरी न. ८००**, न्याय-प्रशासन- वाग्मती प्रदेश कार्यालय हेटौँडा
पीडितः दिलबहादुर महर्जन, कीर्तिपुर नगरपालिका १८ काठमाडौँ
उजुरकर्ताः सन्तोष महर्जन ऐऐ
उजुरीको व्यवहोराः दिलबहादुर महर्जनलाई मिति २०७१/११/१ गते ऐऐ का चन्द्र माली र धमेन्द्र बस्नेतले कुटपिट गरेकोमा त्यसको एक दिनपछि निज दिलबहादुरको मृत्यु भएकोले ऐ. २०७१/११/३ गते किटानी जाहेरी लिई महानगरीय प्रहरी वृत्त कीर्तिपुर गएकोमा जाहेरीउपर कारबाही अघि नबढाएकोले न्याय पाउने अधिकारको वञ्चित भएको हुँदा सोको लागि पहल गरी पाऊँ ।

निर्णयः यस आयोगमा दर्ता हुन आएको सो उजुरीमाथि छानबिन अनुसन्धान भई दिलबहादुर महर्जनको मृत्यु कुटपिटबाट नभई (Gastro Intestinal Bleeding in presence of chronic -Liver dieases) बाट भएको भनी उल्लेख भएको प्रमाण कागजात मिसिल संलग्न देखिँदा प्रहरीबाट अनुसन्धान नभएको भन्ने दाबी पुग्न सक्ने देखिएन, उजुरी तामेलीमा राखी दिने ।

**५९. उजुरी न.८७६**, कैदी बन्दीको अधिकार, वाग्मती प्रदेश कार्यालय
पीडितः विभिन्न कारागारमा रहेका कैदीबन्दीहरू,
उजुरकर्ताः विष्णुमाया तामाङनीसमेतका कैदी बन्दीका आफन्तहरू
उजुरीको व्यवहोराः वि.स.२०७२ साल वैशाख १२ गतेको भूकम्पबाट केन्द्रीय कारागार जगन्नाथ देवल काठमाडौँसहितका कतिपय कारागारहरू भौतिक रूपमा जीर्ण भएको हुँदा कैदीबन्दीको जीवन जोखिममा रहेकोले उनीहरूको जीवन रक्षा गरी पाऊँ ।

निर्णयः उजुरीमाथि छानबिन हुँदा मिसिल संलग्न तथ्य प्रमाणबाट २०७२ साल वैशाख १२ गते गएको विनाशकारी भूकम्पको कारण जीवन जोखिममा रहेका कैदीबन्दीको लागि कारागार कार्यालयहरूबाट सुरक्षित वासस्थानको व्यवस्था गरेको भन्ने देखिएको तथ्य हालको अवस्थामा परिस्थितिमा समेत परिवर्तन भएकोले त्यसतर्फ केही गरिरहनुपरेन । कैदीबन्दीको भूकम्पकै कारण कैदमाफी पाउनुपर्ने भन्ने मागका सम्बन्धमा त्यस प्रकारको कुनै कानुनी व्यवस्था रहेभएको नदेखिँदा प्रस्तुत उजुरीउपर थप केही गरिरहनुपरेन, उजुरी तामेलीमा राखी दिने ।

**६०. उजुरी न. ८१३**, न्याय-प्रशासन, वाग्मती प्रदेश कार्यालय, हेटौँडा
पीडितः शिवशरण महत, पनौती नगरपालिका १० काभ्रेपलाञ्चोक
उजुरकर्ताः दीपा महत, ऐऐ
उजुरीको व्यवहोराः शिवशरण महतसहितलाई कुटपिट गरी घाइते बनाएको विषयमा जिल्ला प्रहरी कार्यालय धुलिखेल काभ्रेमा दिएको जाहेरी दर्ता गर्न इन्कार गरी दिएकोले दर्ता गरी मानव अधिकारको रक्षा गरी पाऊँ ।

निर्णयः दर्ता हुन आएको उजुरीमाथि छानबिन गर्दा प्रहरीले प्रस्तुत विषयमा प्रचलित कानुनी व्यवस्थाबमोजिम कुटपिटतर्फ मुद्दा दर्ता गर्न जिल्ला अदालत जानलाई च.नं. ६६६२ मिति २०७२/३/४ को पत्रबाट जानकारी गराइसकेको देखिँदा यसमा थप केही गरिरहनुपरेन, उजुरी तामेलीमा राखी दिने ।

**६१. उजुरी न.८२२**, गैरकानुनी थुना, वाग्मती प्रदेश कार्यालय, हेटौँडा
पीडितः समिर महर्जन, किर्तिपुर नगरपालिका पाङ्गा, काठमाडौँ
उजुरकर्ताः नारायण मिश्रा, बल्खु काठमाडौँ

उजुरीको व्यवहोराः समिर महर्जनलाई मिति २०७२/४/६ गतेदेखि महानगरीय प्रहरी वृत कीर्तिपुर काठमाडौँका प्रहरीले पक्राउ गरी गैरकानुनी थुनामा राखेकोले निजको रिहाइ गरी पाऊँ ।

निर्णयः आयोगमा दर्ता हुन आएको उजुरी छानबिनबाट निज समिर महर्जनविरुद्ध मोर्डन इण्डियन स्कुलको बस जलाएको किटानी जाहेरीको आधारमा प्रहरीले पक्राउ गरी प्रहरी र निज समिर महर्जनसमेत बीच छलफल भई रिहा भइसकेको र फौजदारी कसुरमा जाहेरी दर्ता भएपछि कानुनबमोजिम प्रहरीले पक्राउ गरी अनुसन्धान गर्न सक्ने नै देखिँदा यसमा थप केही गरिरहनुपरेन, उजुरी तामेलीमा राखी दिने ।

**६२. उजुरी नः ८४५**, धम्की, वाग्मती प्रदेश कार्यालय, हेटौँडा
पीडितः अधिवक्ताद्वय युवराज कोइराला र ओमप्रसाद रेग्मी, काठमाडौँ
उजुरकर्ताः ऐऐ
उजुरीको व्यवहोराः अधिवक्ताद्वयले आफ्नो व्यवसाय संञ्चालन गर्ने सन्दर्भमा भूमिसुधार कार्यालय काठमाडौँ बालुवाटारस्थित ललिता निवासको जग्गामा कानुन विपरीत भएका कार्य बदर साथै त्यसपछि आफूहरूलाई डाक्टर शोभाकान्त ढकालसमेतले धम्की दिएकोले शान्तिसुरक्षा कायम गरी पाऊँ ।

निर्णयः दर्ता हुन आएको उजुरीमाथि स्वयम् पीडित/उजुरकर्ताहरूले नै उल्लिखित विषयमा आयोगले शान्तिसुरक्षाको लागि गरेको पहलको बारेमा धन्यवाद दिँदै हाल असुरक्षाको अवस्था नभएकोले उजुरी तामेलीमा राखिदिन निवेदन दिएको देखिँदा थप केही गरिरहनुपरेन, उजुरी तामेलीमा राखी दिने ।

**६३. उजुरी न.८४६**, न्याय-प्रशासन, वाग्मती प्रदेश कार्यालय, हेटौँडा
पीडितः लोकराज खरेल, तत्कालीन फलाँटे गाविस ३, काभ्रेपलाञ्चोक
उजुरकर्ताः गुणलक्ष्मी खरेल (उप्रेती) ऐऐ वडा न. ९, काभ्रेपलाञ्चोक
उजुरीको व्यवहोराः लोकराज खरेल मिति २०७२/७/३ गतेदेखि हराएकोमा खोजतलासको लागि २०७२/७/६ गते जिल्ला प्रहरी कार्यालय, काभ्रेपलाञ्चोकमा निवेदन गरेकोमा निजको लाश ऐ. ९ गते प्राप्त भएपछि निजको मृत्युमा शंका भई केही व्यक्तिविरुद्ध जाहेरी दिएकोमा जिल्ला प्रहरी कार्यालयले जाहेरी दर्ता नगरिदिएकोले त्यसको लागि पहल गरी पाऊँ ।

निर्णयः दर्ता हुन आएको उजुरी आजको बैठकसमक्ष पेस हुँदा आयोगको छानबिन अनुसन्धानबाट आरोपीलाई मिति २०७३/१/१६ गते नै पक्राउ गरी अनुसन्धान सम्पन्न गरी काभ्रेपलाञ्चोक जिल्ला अदालतमा मुद्दा पेस भइसकेको देखिँदा थप केही गरिरहनुपरेन, उजुरी तामेलीमा राखी दिने ।

**६४. उजुरी नः ८३७**, गैरकानुनी थुना, वाग्मती प्रदेश कार्यालय, हेटौँडा
पीडितः ज्योतिकुमारी ढकाल, बर्दिया बिर्ता गाविस (तत्कालीन) वडा न. ३, मोरङ
उजुरकर्ताः ऐऐ

उजुरीको व्यवहोराः ज्योतिकुमारी ढकाललाई मिति २०७२/९/२ गते काठमाडौँ बौद्धस्थित कोठाबाट पक्राउ गरी गैरकानुनी थुनामा राखी जबर्जस्ती नपढेको कागजमा सही गराइ मानव अधिकार उल्लङ्घन गरेकोले आवश्यक कारबाही गरी पाऊँ ।

निर्णयः यस आयोगमा दर्ता हुन आएको उजुरी  आजको बैठकसमक्ष पेस हुँदा निवेदक स्वयम्ले आफूले आयोगमा दिएको उजुरी  कानुनबमोजिम टुङ्ग्याइदिन भनी निवेदन गरेको देखिँदा यसमा थप केही गरिरहनुपरेन, तामेलीमा राखिदिनु ।

**६५. उजुरी न.३५२**, यातना, वाग्मती प्रदेश कार्यालय हेटौँडा
पीडितः रामबहादुर मुखिया, फुङ्गलिङ नगरपालिका २, ताप्लेजुङ
उजुरकर्ताः ऐऐ
उजुरीको व्यवहोराः आफूलाई प्रहरी वृत नयाँ बानेश्वरमा राखी यातना दिएकोले छानबिन गरी दोषीमाथि कारबाही गरी पाऊँ ।

निर्णयः उजुरीउपर आयोगबाट मिति २०८०/३/१२ गते तामेलीमा राख्ने गरी भएको निर्णयउपर पुनःविचार गरी मिसिल झिकाइ पुनः कारबाही गरी पाऊँ भनी पेस भएको निवेदनमा निम्नबमोजिम हुने गरी निर्णय गरियोः
“पूर्वनिर्णयमा परिवर्तन गर्नुपर्ने गरी उजुरकर्ताले निवेदनमा थप कुनै पनि आधार प्रमाण पेस गर्नुभएको नदेखिएको र यस आयोगको उजुरी  तथा कारबाहीसम्बन्धी निर्देशिका २०६९ को नं. ४१ (च) बमोजिमको प्रमाण पनि प्राप्त हुन आएको नदेखिँदा निवेदकको मागबमोजिम यस आयोगबाट मिति २०८०/३/१२ गते भएको निर्णयमा पुर्नविचार गर्नुपर्ने देखिएन ।” अतः सो को जानकारी निवेदकलाई दिनु ।

**६६. उजुरी न.२८११ र ४०३७**, विस्थापित, वाग्मती प्रदेश कार्यालय हेटौँडा
पीडितः राजेन्द्रप्रसाद घिमिरे, तत्कालीन आश्राङ गाविस ३, हाल वाग्मती गाउँपालिका ६ ललितपुर
उजुरकर्ताः ऐऐ र नेपाल मानव अधिकार सङ्गठन
उजुरीको व्यवहोराः राजेन्द्रप्रसाद घिमिरेलाई मिति २०५९/१/१३ गते तत्कालीन नेकपा (माओवादी)-हरूले ज्यान मार्ने धम्की दिई सम्पत्ति लुटी घरमा ताल्चा लगाइ कब्जा गरी विस्थापित गराएकोले क्षतिपूर्तिसमेतको लागि आवश्यक पहल गरी पाऊँ ।

निर्णयः आयोगको अनुसन्धान प्रतिवेदनबाट निज राजेन्द्रप्रसाद घिमिरे सशस्त्र द्वन्द्व पीडित भएको पुष्टि हुन आएको, निजको हाल मृत्यु भइसकेको तर निजको परिवारले हालसम्म रु.५०,०००।- (पचास हजार रुपियाँ) मात्र राहत प्राप्त गर्न सकेको तर निजको सम्पत्ति क्षति १२,२७,१३५ (ब्राह लाख सत्ताइस हजार एक सय पैतिस) भएको भनी सर्जमिन मुचुल्कामासहित खुलेको देखिँदा सम्पूर्ण रकमको हकमा नेपाल सरकारले आफ्नो नीतिबमोजिम गर्न सक्ने नै हुँदा हाललाई राष्ट्रिय मानव अधिकार आयोग ऐन २०६८

को दफा १६ बमोजिम मृतकको परिवारले हालसम्म प्राप्त गरेको रु ५०,०००।- (पचास हजार) मा थप २,५०,०००।- (दुई लाख पचास हजार रुपियाँ) क्षतिपूर्ति उपलब्ध गराउन र घटनाका दोषीको पहिचान गरी कारबाही गर्न नेपाल सरकारसमक्ष सिफारिस गरी पठाउने ।

**६७. उजुरी न. ८५२**, धम्की, वाग्मती प्रदेश कार्यालय, हेटौँडा

पीडितः नविन शर्मा पौडेल, पालुङटार २ गोरखा, हालः नागार्जुन नगरपालिका ४, सीतापाइला, काठमाडौँ

उजुरकर्ताः ऐऐ

उजुरीको व्यवहोराः नविन शर्मा पौडेललाई सञ्जु विष्ट तामाङले दिएको धम्कीका कारण काठमाडौँमा बस्दा असुरक्षा भएको एवम् निजको श्रीमती भगवती पौडेल (खरेल) ले निजलाई छोडी हिँडेकोले निजको नागरिकताको पतिको महलमा आफ्नो नाम भएकोले सो समेत बदर गरी पाऊँ ।

निर्णयः दर्ता हुन आएको उजुरी आजको बैठकसमक्ष पेस हुँदा निवेदन दिएपछि निज नविन शर्मा आयोगको सम्पर्कमा नआएका, पत्राचार गर्दा पनि जवाफ प्राप्त नभएको, निजको ठेगानामा गई खोजतलास गर्दा पनि निज नभेटिएका र निजले उजुरीमा उल्लेख गरेको व्यहोराका कतिपय कुराहरू आयोगको क्षेत्राधिकारभित्र पर्ने नदेखिएको र धम्की दिएको भन्ने प्रमाण पनि प्राप्त हुन सकेको नदेखिँदा प्रस्तुत उजुरीउपर थप केही कारबाही गरिरहनपरेन, उजुरी तामेलीमा राखी दिने ।

**६८. उजुरी न. ८७३**, अपराध पीडितको मानव अधिकार, वाग्मती प्रदेश कार्यालय, हेटौँडा

पीडितः हरिनारायण घिमिरे, भारपा गाविस ४, पाँचथर

उजुरकर्ताः ऐऐ

उजुरीको व्यवहोराः हरिनारायण घिमिरे मिति २०७२/८/१४ गते स्थानीय मानबहादुर हाङ सरुम्बा र रामबहादुर हाङ सरुम्बाले कुटपिट गरी अङ्गभङ्ग बनाएको हुँदा जिल्ला प्रहरी कार्यालय पाँचथरमा उजुरी गरेको तर खर्च बराबरको क्षतिपूर्ति उपलब्ध नगराएकोले उपचार खर्चसमेत भराइ अपराध पीडितको न्यायको हक सुनिश्चित गरी पाऊँ ।

निर्णयः दर्ता हुन आएको उजुरमाथि भएको अनुसन्धानबाट प्रस्तुत विषयमा पाँचथर जिल्ला अदालतमा २०७२ सालको ०७२-CR-००४९ मा केही सार्वजनिक अपराध शीर्षकमा मुद्दा दर्ता भई सो मुद्दा मिति २०७३/३/६ गते आरोपीहरूलाई सजाय हुने गरी फैसलासमेत भइसकेको देखिँदा अदालतबाट फैसला भइसकेको विषयमा यस आयोगबाट केही गरिरहन परेन, उजुरी खारेज गरी दिनु ।

**६९. उजुरी न. ८७८**, गैरकानुनी थुना, वाग्मती प्रदेश कार्यालय, हेटौँडा

पीडितः वामनप्रसाद गौतम, महालक्ष्मी नगरपालिका ४, लुभु, ललितपुर

उजुरकर्ताः ऐऐ

उजुरीको व्यवहोराः नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानका प्रशासनिक विज्ञ वामनप्रसाद गौतमलाई मिति २०७३/४/१८ गते महानगरीय प्रहरी वृत्त कमलपोखरी काठमाडौँका प्रहरीले गैरकानुनी रूपमा थुनामा राखी मानव अधिकारको उल्लङ्घन गरेकोले मानव अधिकारको रक्षा गरी स्वतन्त्र रूपमा बाँच्न पाउने अधिकारको सुनिश्चित गरी पाऊँ ।

निर्णयः दर्ता हुन आएको उजुरीमाथि कारबाही हुँदा उजुरकर्ता/पीडितले उजुरीमा उल्लेख भएबमोजिम हाल कुनै पनि समस्या नभएकोले उजुरीउपरको कारबाही टुंग्याई दिनु भनी निवेदन दिएको देखिँदा यसमा थप केही गरिरहन परेन । उजुरी तामेलीमा राखी दिने ।

**७०. उजुरी न. ८८९**, न्याय-प्रशासन, वाग्मती प्रदेश कार्यालय, हेटौँडा
पीडितः थमन वि.क. सशस्त्र प्रहरी निरीक्षक, मोहत्तरी
उजुरकर्ताः शोभा (गहतराज) वि.क.
उजुरीको व्यवहोराःसशस्त्र प्रहरी निरीक्षक पदमा कार्यरत निज थमन वि.क. लाई तराई–मधेशमा आन्दोलन समूहले साङ्घातिक आक्रमण गरी सख्त घाइते बनाएको र २०७२/५/२५ गते मोहत्तरीबाट जनकपुरतर्फ उपचारको लागि लैजादै गर्दा एम्बुलेन्सबाट निकाली विभिन्न हातहतियार प्रयोग गरी हत्या गरेको घटनामा राजनीतिक आडमा मुद्दा फिर्ता लिने अभिव्यक्ति सार्वजनिक भइरहेको हुँदा सो हुन नदिई पीडितको न्याय पाउने अधिकारको संरक्षण गरी पाऊँ ।

निर्णयः उजुरीमाथि अनुसन्धान हुँदा उजुरकर्ताले आशङ्का गरेबमोजिम निज थमन वि.क. को हत्या भएको घटनामा दर्ता भएको मुद्दा फिर्ता लिने वा माफी मिनाहा दिने कार्य हालसम्म नभएको र यस सम्बन्धमा कुनै पनि कारबाही पनि अघि नबढेका भन्ने जानकारी गृह मन्त्रालयको च. नं. १६६ मिति २०७६/९/२५ को पत्रबाट प्राप्त हुन आएको देखिँदा हाललाई प्रस्तुत उजुरीउपर थप कारबाही गरिरहनुपरेन । यस प्रकारको मुद्दा फिर्ता लिने सम्बन्धी कार्य फेरी अघि बढेमा पुनः उजुरी प्राप्त गरी थप कारबाही गर्न सकिने नै हुँदा प्रस्तुत उजुरी हाललाई उजुरी तामेलीमा राखी दिने ।

**७१. उजुरी न. ९०४**, न्याय-प्रशासन, वाग्मती प्रदेश कार्यालय, हेटौँडा
पीडितः अरुण विश्वकर्मा, तत्कालनि मनहरा गाविस३, मकवानपुर
उजुरकर्ताः अजुर्न कुमार विश्वकर्मा, ऐऐ
उजुरीको व्यवहोराः अरुण विश्वकर्मालाई नुवाकोट घर भई ललितपुर मंगलबजार डेरा गरी बस्ने हरि सुनारले ललाइ-फकाइ परिवारलाई जानकारी नदिई भारतको लदागमा पुऱ्याइ बेचबिखन गरेको र आवश्यक कारबाही गरी पाऊँ भनी महानगरीय प्रहरी परिसरमा जाहेरी दिँदा जाहेरी दर्ता गर्न इन्कार गरेकोले जाहेरी दर्ता गरी कारबाही अघि बढाउन पहल गरी पाऊँ ।

निर्णयः दर्ता हुन आएको उजुरीमाथि अनुसन्धानबाट निजको खोजीको लागि महानगरीय प्रहरी परिसरमा तत्काल उजुरी  नपरेको भए पनि मिति २०७३/७/२६ गते मुल दर्ता किताव नं. ६४९० मा दर्ता भएको र दर्ता भइसकेपछि निज अरुण विश्वकर्माको बारेमा बुझ्दा निजको भारतमा मृत्यु भएको भनी पोष्टमार्टमसमेत प्राप्त भएको भनी मिसिल संलग्न प्रमाण कागजातबाट देखिन्छ । मृत्यु भइसकेको व्यक्तिको घटनामा कानुनी कारबाहीमा सम्बन्धित देशको फौजदारी कानुन आकर्षित हुने देखिँदा प्रस्तुत उजुरी आयोगको क्षेत्राधिकारभित्र पर्ने नदेखिँदा उजुरीउपरको कारबाहीमा थप केही गरिरहनुपरेन, उजुरी तामोलीमा राखी दिनु ।

**७२. उजुरी न. ९१०**, न्याय-प्रशासन, वाग्मती प्रदेश कार्यालय, हेटौंडा
पीडितः अनिस कुमार विश्वकर्मा, धनुषाधाम नगरपालिका ९, धनुषा
उजुरकर्ताः  मनोज कुमार विश्वकर्मा, ऐऐ
उजुरीको व्यवहोराः अनिशकुमार विश्वकर्मालाई प्रहरी कार्यालय लुभुका प्रहरी जवानले झुट्ठा आरोप लगाइ थुनामा राखेकोले झुट्ठा मुद्दामा फसाउने प्रहरी जवानलाई कारबाही गरी पाऊँ ।

निर्णयः आयोगको अनुसन्धानबाट निजलाई कानुनी प्रक्रियामोजिम नै पकाउ गरी ललितपुर जिल्ला अदालतमा मुद्दा दर्ता भई सो अदालतको मिति २०७३/१०/१८ गतेको आदेशले पुर्पक्षको लागि थुनामा पठाएको भन्ने देखिएको र हाल निज अनिशकुमार विश्वकर्मा कारागार मुक्त भई स्वतन्त्र रूपमा पेसा–व्यवसाय गरी बसिरहेको देखिँदा थप केही गरिरहनुपरेन, उजुरी तामेलीमा राखी दिने ।

**७३. उजुरी न. ५५३**, न्याय-प्रशासन, वाग्मती प्रदेश कार्यालय, हेटौंडा
पीडितः चन्दन सार्की, नाम्दु गाविस १, दोलखा
उजुरकर्ताः  मान बहादुर सार्की, ऐऐ
उजुरीको व्यवहोराः  चन्दन सार्की खैरेनी गाविस २ चितवनस्थित एक सुनचाँदी पसलमा मजदुरी गर्दै रहेको अवस्थामा मिति २०७३/९/१० गते खैरेनीमा ट्रकले ठक्कर दिँदा घाइते भई काठमाडौँस्थित बयोधा अस्पतालमा उपचार गराइरहेकोमा ट्रक धनी एवम् ट्रक चालकले उपचार रकम तिरी नदिँदा निज चन्दन सार्की अस्पतलमा बन्धक बस्नुपरेको हुँदा शीघ्र मुक्त (डिस्चार्ज)–को लागि पहल गरी पाऊँ ।

निर्णयः आयोगमा दर्ता हुन आएको सो उजुरीमाथि अनुसन्धान हुँदा निज चन्दनको उपचारमा लागेको खर्चमा अस्पतालले ५०% सहुलियत दिई बाँकी रकम यातायात व्यवसायी र घाइतेको परिवारबाट अस्पताललाई भुक्तान गरी सकेको र निज चन्दनसमेत बन्धकमा रहेको नदेखिँदा यसमा थप केही गरिरहन परेन, उजुरी तामेलीमा राखी दिने ।

**७४.उजुरी न. ९३४**, न्याय-प्रशासन, वाग्मती प्रदेश कार्यालय, हेटौंडा
पीडितः अनिता थापा र डायना खड्का, तेश्रो लिङ्गी, काठमाडौँ

उजुरकर्ताः  नील हिरा समाज

उजुरीको व्यवहोराः अनिता थापा र डायना खड्का मिति २०७४/२/१५ गते राती अन्दाजी १०:३० बजे साथीको घरमा खाना खाइ फर्कदै गर्दा निजहरू दुवै जनालाई महानगरीय प्रहरी वृत्त दरबारमार्गका प्रहरीले कुटपिट गरी घाइते बनाएकोले छानबिन गरी कारबाही गरी पाऊँ ।

निर्णयः दर्ता हुन आएको प्रस्तुत उजुरीमा अनुसन्धान गर्दा निजहरूले यस आयोगमा उजुरी  दर्ता गरी सकेपछि एक पटक पनि सम्पर्क नगरेको, आयोगको तर्फबाट निजहरूले उपलब्ध गराएको मोबाइल नम्बरमा सम्पर्क गर्दा पनि सम्पर्क हुन नसकेको, निजहरूको सम्बन्धमा नील हिरा समाजमा सम्पर्क गरी मोबाइल नं प्राप्त गरी फोन गर्दा पनि मोबाइल बन्द (स्वीच अफ) भएको र थप साक्षी–प्रमाणको अभावमा घटनाको निष्कर्षमा पुग्न सक्ने अवस्था नभएको हुँदा पछि थप आधार प्रमाण लिई उपस्थित हुन आएमा पुनः यस उजुरीउपर थप कारबाही हुन सक्ने नै हुँदा हाललाई थप केही गरी रहनुपरेन, उजुरी तामेलीमा राखी दिने ।

**७५. उजुरी न. ९३८**, न्यायमा पहुँच, वाग्मती प्रदेश कार्यालय, हेटौँडा

पीडितः रविन राई, ललितपुर महानगरपालिका वडन नं. १५, महालक्ष्मीस्थान ललितपुर र मणीकुमारी तामाङ, ऐऐ

उजुरकर्ताः रविन राई, ऐऐ

उजुरीको व्यवहोराः रविन राई तथा मणीकुमारी तामाङ र पप्पु ठाकुरबीच घर धितोसम्बन्धी कारोबार हुँदा पप्पुले घर अर्केलाई बेचिदिएको विषयमा विवाद हुँदा मिति २०७३/९/१७ गते घर खरिद गर्ने अर्जुन ठाकुरसमेतको समूहले उजुरकर्ता/पीडितहरूलाई मरणासन्न हुने गरी कुटपिट गरेको विषयमा जिल्ला प्रहरी कार्यालय ललितपुरसमेतमा दरखास्त दिए पनि कारबाही अघि नबढेकोले दोषीलाई कारबाही गरी पीडितलाई न्याय दिलाइ गरी पाऊँ ।

निर्णयः दर्ता हुन आएको उजुरीमा अनुसन्धान हुँदा आयोगमा निजहरूको उजुरी  दर्ता भइसकेपछि प्रहरी कार्यालयमा पनि जाहेरी दरखास्त दर्ता भई सो सम्बन्धी मुद्दा दर्ता भई कारबाही भइरहेको भन्ने जानकारी स्वयम् उजुरकर्ताहरू र जिल्ला प्रहरी कार्यालय ललितपुरबाट पनि लिखित जानकारी प्राप्त भइसकेको देखिँदा यसमा थप केही गरिरहन परेन, उजुरी तामेलीमा राखी दिने ।

**७६. उजुरी न. ९३६**, न्याय-प्रशासन, वाग्मती प्रदेश कार्यालय, हेटौँडा

पीडितः रविना चौधरी, सुनसरी

उजुरकर्ताः आयोग स्वयम्

उजुरीको व्यवहोराः रविना चौधरीले मिति २०७४/२/२२ गते काठमाडौँको बसुन्धरामा जेब्राक्रस गर्ने क्रममा बसको ठक्करबाट निजको मृत्यु भएको घटनामा प्रहरीले मिल्नलाई दबाब दिएकोले पीडितको न्याय पाउने अधिकार कुण्ठित हुन गएकोले छानबिन गरी पाऊँ ।

निर्णयः आयोग स्वयम्ले दर्ता गरेको प्रस्तुत उजुरीमाथि कारबाही अघि बढाएपछि प्रस्तुत घटनासम्बन्धी मुद्दा काठमाडौं जिल्ला अदालतमा दर्ता भई सो अदालतले यस घटनाका दोषी एवम् चालक विनय तामाङलाई मिति २०७४/३/१५ गते पुर्पक्षको लागि केन्द्रीय कारागार कार्यालय जगन्नाथदेवलमा थुनामा पठाएको र यस प्रकारको फौजदारी मुद्दामा यस आयोगको थप क्षेत्राधिकार नरहने हुँदा प्रस्तुत उजुरीउपर थप कारबाही गरिरहनुपर्ने देखिएन, उजुरी तामेलीमा राखी दिने ।

**७७. उजुरी न. ४००**, गैरकानुनी थुनासमेत, वाग्मती प्रदेश कार्यालय, हेटौँडा
पीडितः आशामाई तामाङ, चौतारा साँगाचोकगढी नगरपालिका ६, सिन्धुपाल्चोक
उजुरकर्ताः ऐऐ
उजुरीको व्यवहोराः आशामाई तामाङको जग्गाबाट चौतारा साँगाचोकगढी नगरपालिका ६ को कार्यालयले जर्बजस्ती सडक निर्माण गर्दा निजले त्यसको विरोध गरेको र विरोध गरेपछि मिति २०७९।११।२१ गते जिल्ला प्रहरी कार्यालय चौताराका प्रहरीले पक्राउ गरी हतकडी लगाइ दुर्व्यवहार गरी गैरकानुनी थुनामा राखेकोले मानव अधिकार संरक्षण गरी पाऊँ ।

निर्णयः दर्ता हुन आएको उजुरी छानबिन तथा अनुसन्धानबाट निजलाई कम्तिमा एक दिन गैरकानुनी थुनामा राखेको र निजले उपचारसमेत गराएको देखिँदा निजको स्वास्थ्य उपचारसमेतलाई ध्यानमा राखी राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कारबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावलीको नियम २२ को आधारमा रु. ५०,०००।- (पचास हजार) क्षतिपूर्ति दिने ठहर्छ, । क्षतिपूर्ति दिनको लागि राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १७ बमोजिम नेपाल सरकारलाई सिफारिस गरी पठाइदिनु ।

**७८.उजुरी न. ३५७**, न्याय-प्रशासन, वाग्मती प्रदेश शाखा कार्यालय
पीडितः रूपा शर्मा, तारकेश्वर नपा ६ काठमाडौं
उजुरकर्ताः जेशिका शर्मा
उजुरीको व्यवहोराः कानुनी कारबाही र क्षतिपूर्ति दिलाइभराइ पाऊँ ।
निर्णयः प्रस्तुत उजुरीउपर अनुसन्धान गर्दा व्यक्तिव्यक्तिबीच कुटपिट भई पसल तोडफोड भएको देखिएको र सो सम्बन्धमा कानुनबमोजिम मुद्दा दर्ता भई पीडकबाट पीडितले उपचार खर्चसमेत पाइसकेको देखिँदा यसमा थप केही गरिरहन परेन, उजुरी तामेलीमा राखी दिने ।

**७९. उजुरी न. २३१**, हत्या, वाग्मती प्रदेश कार्यालय, हेटौँडा
उजुरकर्ताः नेपाल आदिवासी जनजाति महासङ्घ
पीडितः राजकुमार प्रजा, राप्ती नपा २ सूर्यमुखी टोल, चितवन

उजुरीको व्यवहोराः मिति २०७७।४।१ गते चितवन राष्ट्रिय निकुञ्जबाट खटिएको सुरक्षाकर्मीले निज राजकुमार प्रजालाई नियन्त्रणमा लिई यातना दिई हत्या गरेकोले मानव अधिकारको संरक्षण गरी आवश्यक क्षतिपूर्तिको व्यवस्था र दोषीलाई कारबाही गरी पाऊँ ।

निर्णय : दर्ता हुन आएको उजुरीमाथि छानबिन तथा अनुसन्धान गर्दा निज राजकुमार प्रजाको यातनाबाट मृत्यु भएको पुष्टि हुन आयो । निजको यातनाबाट मृत्यु भएको सन्दर्भमा मृतक परिवारलाई रु. ४,००,०००।- (चार लाख रुपियाँ) राहत स्वरूप प्राप्त गरेको र घटनाका दोषी चिरणकुमार बुढालाई चितवन जिल्ला अदालतको मिति २०७८ साल असार २८ गतेको फैसलाबमोजिम ९ महिना कैद र रु. ९,०००।- (नौ हजार रुपियाँ) जरिवाना गरी मृतकका बाबुलाई प्रतिवादीबाट क्षतिपूर्तिबापत रु. २,००,०००।- (दुई लाख रुपियाँ) क्षतिपूर्ति भराउने फैसला भइसकेको (मुद्दा नं. ०७६-C१-००९६, मिति २०७७/६/२६ देखिँदा यसमा थप केही गरिरहनुपरेन । निकुञ्ज तथा मध्यवर्ती क्षेत्रमा भइरहने यस्ता घटना कम गर्ने सम्बन्धमा भने वन्यजन्तु र मानवबीचको द्वन्द्व कम गर्न सचेतनामूलक कार्यक्रम सञ्चालन गर्न र स्थानीय आदिवासी जनजाति समुदायसमेतका समुदायको विशेष गरी मध्यवर्ती क्षेत्रमा बसोबास गर्ने नागरिकका लागि आयआर्जनका कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गर्न नेपाल सरकारसमक्ष सिफारिस गरी पठाउने ।

**८०. उजुरी न. ७९८**, न्याय-प्रशासन (बेपत्ता), वाग्मती प्रदेश कार्यालय, हेटौँडा
पीडितः कुश्मा हुमागाई, पनौती नपा १०, काभ्रेपलाञ्चोक
उजुरकर्ताः गंगा हुमागाई, ऐऐ
उजुरीको व्यवहोराः कुश्मा हुमागाई शुशील बस्नेतसँग जापान गएकोमा निजको जापानमा रहँदा मृत्यु भएको भनी जानकारी आएको र मृतक छोरी कुश्मालाई निजसँगै काम गर्ने व्यक्तिहरूले जापानमा धम्की दिने गरेकोले घटनाको छानबिन गरी पाऊँ ।

निर्णयः दर्ता भएको उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा प्रस्तुत घटना जापानमा भएको र घटनामा मानव अधिकार उल्लङ्घन भएको तथ्य स्थापित हुन नसकेको देखिन्छ । तत्काल जापानी दुतावासबाट घटनाको जानकारी लिई मृत्युको सम्बन्धमा घर परिवारलाई जानकारी गराएको र परिवारको सल्लाहमा जापानमा नै शव व्यवस्थापन भएको देखिँदा यसमा थप केही गरिरहन परेन, उजुरी हाललाई तामेलीमा राखी दिनु ।

**८१. उजुरी न. ७९ र ७१८**, न्याय-प्रशासन, वाग्मती प्रदेश कार्यालय, हेटौँडा
पीडितः लक्ष्मी ऐडी रोकाया, सिमीकोट ३, हुम्ला
उजुरकर्ताः ऐऐ
उजुरीको व्यवहोराः आयोगबाट अनुसन्धानमा खटिने कर्मचारीले सन्तोषजनक अनुसन्धान नगरेकोले कारबाही गरी पाऊँ ।

निर्णयः आयोगका मानव अधिकार अधिकृतद्वय धनराज शाही र रमेश रावतविरुद्व उजुरी दिएकोमा सम्बन्धित कर्मचारीसँग बुझ्दा निवेदक दाबी पुष्टि हुने कुनै आधार प्रमाण नभएको तथा कर्मचारीबाट निजले आरोप लगाएबमोजिम कुनै पनि लापर्वाही भएको नदेखिँदा यसमा थप केही गरी रहनुपरेन, तामेलीमा राखी दिनु ।

**८२. उजुरी न. १८८५**, विस्थापित, वाग्मती प्रदेश कार्यालय हेटौँडा

पीडितः शरणबहादुर भण्डारी, छतिवन-७, मकवानपुर

उजुरकर्ता : शरणबहादुर भण्डारी, ऐऐ

उजुरीको व्यवहोराः ७१ वर्षीय शरणबहादुर भण्डारी र सम्पूर्ण परिवारलाई मिति २०६११११३ गते तत्कालीन नेकपा (माओवादी) का कार्यकर्ताहरूले घरबाट निकाला गरी सम्पूर्ण चलअचल सम्पतिसमेत कब्जा गरेकोले मानव अधिकारको संरक्षण गरी पाऊँ ।

निर्णयः दर्ता हुन आएको उजुरीमाथि अनुसन्धान हुँदा विस्थापित परिवार सदस्यले प्रतिव्यक्ति रु.२५,०००।- (पच्चीस हजार) का दरले रकम लिएको देखिए पनि निजको क्षति भएको सम्पतिको क्षतिपूर्ति पाएको भने देखिन आएन । अतः घरपरिवारको वस्तुस्थितिको अध्ययन, खेती गरी खाने जग्गा बाँझो रहँदा भएको नोक्सानी, सामान्य जीवन सुचारु गरी (अनुगमन अवधिमा) २२ जना परिवार संलग्न व्यक्ति विस्थापित हुनुपर्दाको पीडा र हैरानीसमेतलाई आधार मानी निज तथा निजको परिवारलाई नागरिक राहत, क्षतिपूर्ति तथा आर्थिक सहायतासम्बन्धी (प्रथम संशोधन, २०६८) कार्यविधि २०६६ बमोजिम क्षतिपूर्ति उपलब्ध गराउन राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १७ बमोजिम नेपाल सरकारसमक्ष सिफारिस गरी पठाउने ।

**८३. उजुरी न. ३४३७**, आवासको अधिकार, वाग्मती प्रदेश कार्यालय, हेटौँडा, मकवानपुर

पीडितः डा. शीतलराज बस्नेत, ग २/२७८ डिल्लीबजार, भाष्करमार्ग धोवीधारा, काठमाडौँ

उजुरकर्ताः ऐऐ

उजुरीको व्यवहोराः नेपाल शेयर मार्केटस् एण्ड फाइनान्स कम्पनीले भवन निर्माण गर्ने कार्य गर्दा दुर्घटना हुन सक्ने र थर्कावट (भाइब्रेशन)-को कारण आसपासका घरहरू क्षति पुग्नुको साथै आवास तथा जीउज्यानको सुरक्षा हुने अवस्था नरहेकोले आवश्यक पहल गरी पाऊँ ।

निर्णयः दर्ता भएको उजुरीउपर कारबाही हुँदा मिति २०६९/१२/२८ गते उजुरकर्ताले आयोगलाई भवन निर्माण भइसकेको भनी जानकारी गराएको तथा उजुरकर्ताको छोरा सन्दिप बस्नेतसँग बुझ्दा उजुरी गरेको बारेमा आफूलाई थाहा नभएको र उजुरकर्ता डा. शीतलराज बस्नेतको मृत्युसमेत भइसकेको एवम् काठमाडौँ महानगरपालिकाबाट प्रक्रिया पूरा गरी निर्माण कार्य भएको र त्यसबाट असर परेको तथ्य स्थापित हुन नसक्दा थप केही गरिरहनुपरेन, उजुरी तामेलीमा राखी दिने ।

**८४. उजुरी न.  ३६३७**, पारिश्रमिक पाउने अधिकार, वाग्मती प्रदेश कार्यालय, हेटौँडा, मकवानपुर
पीडितः नेपाल अतिरिक्त हुलाकका कर्मचारीहरू
उजुरकर्ताः  टीकाप्रसाद भण्डारी, सुन्दरपुर गाविस ९ मोरङ
उजुरीको व्यवहोराः नेपाल राज्यभर अतिरिक्त हुलाक कार्यालयमा काम गर्ने १०,७७७ जना कर्मचारीहरूलाई अत्यन्त न्यून ज्यालामा काम लगाइएकोले न्यूनतम ज्याला र अन्य सुविधासमेत बढाउन पहल गरी पाऊँ ।

निर्णयः दर्ता हुन आएको प्रस्तुत उजुरीउपर कारबाही हुँदा यस आयोगको पहलपछि अतिरिक्त हुलाक कार्यालयमा काम गर्ने कर्मचारीहरूको तलब वृद्धि भई कार्यान्वयनमा समेत आएको तथ्य मिसिल संलग्न प्रमाण कागजातहरूबाट देखिन आएको हुँदा यसमा थप केही गरिरहनुपरेन, उजुरी तामेलीमा राखी दिने ।

**८५. उजुरी न. ३७४७**, सम्पत्ति/ विस्थापित, वाग्मती प्रदेश कार्यालय, हेटौँडा
पीडितः बलबहादुर श्रेष्ठ, साविक सिक्रे गाविस ३ हालः  शिवपुरी गापा ४, नुवाकोट
उजुरकर्ताः हारी श्रेष्ठ, राजु श्रेष्ठ, ऐऐ
उजुरीको व्यवहोराः हाल शिवपुरी गापा ४ नुवाकोट निवासी निज बलबहादुर श्रेष्ठलाई तत्कालीन नेकपा (माओवादी) का कार्यकर्ताहरूले सेनामा कार्यरत रहेको छोरालाई फिर्ता नबोलाएको र चन्दा नदिएको आरोपमा मिति २०६०/११/२२ गते निजको घरमा पुगी चलअचल सम्पत्ति कब्जा गरी गोठमा बम बिस्फोट गराइ क्षति पुऱ्याएकोले घटनाको छानबिन गरी क्षतिपूर्तिको लागि पहल गरी पाऊँ ।

निर्णयः दर्ता भएको उजुरीमाथि आयोगबाट भएको अनुसन्धानको आधारमा पीडित बलबहादुर श्रेष्ठका छोरा राजु श्रेष्ठ तत्कालीन समयमा साही नेपाली सेनामा कार्यरत रहेको र निजलाई सेनाबाट जागिर छोड्न दबाब दिँदा जागिर नछोडेको आरोपमा घरकब्जा गरी घरगोठमा बम बिस्फोट गराइ क्षति पुऱ्याएबाट पीडितको सम्पत्तिको अधिकार हनन भएको देखिन्छ ।सो सम्बन्धमा नेकपा (माओवादी) वार्ता सचिवालय पुरानो बानेश्वरसँग विवरण उपलब्ध गराउन यस आयोगबाट च.नं. ३७४७ संरक्षण ३९० मिति २०६३/५/१६ गते पत्राचार गर्दा सो पत्रको सम्बोधन नभएको अवस्थाले प्रमाणको भारको सम्बन्धमा आरोपीले दायित्व पुरा नगरेको र पीडितलाई हालसम्म राहत तथा क्षतिपूर्ति उपलब्ध गराउने र घटनामा संलग्न दोषी तत्कालीन माओवादी कार्यकर्ताको पहिचान गरी कार्बाही गर्नेतर्फ कुनै प्रक्रिया अगि बढेको देखिएन । अतः घटनामा संलग्न दोषिको पहिचान गरी कानुनी कारबाही गर्न र पीडित बलबहादुर श्रेष्ठलाई नेपाल सरकारको “नागरिक राहत क्षतिपूर्ति तथा आर्थिक सहायतासम्बन्धी (पहिलो संशोधन २०६८) कार्यविधी २०६६ बमोजिम राहत तथा क्षतिपूर्ति उपलब्ध गराउन राष्ट्रिय मानव अधिकार ऐन २०६८ को दफा १६ बमोजिम नेपाल सरकारसमक्ष सिफारिस गरी पठाइदिनु ।

**८६. उजुरी न.  ३९३४**, क्षतिपूर्ति, वाग्मती प्रदेश कार्यालय हेटौँडा, मकवानपुर
उजुरकर्ताः रामचन्द्र बस्नेत, ग्रुप फोरफाल्क नेपाल ट्रेड युनियन
पीडितः फोरफाल्क

उजुरीको व्यवहोराः काजि कामनपा २ लाजिम्पाटमा रहेका फोरफाल्क नेपाल ट्रेड युनियन कार्यालयमा मिति २०६३/९/७ गते नेकपा (माओवादी) सङ्गठनका कार्यकर्ताहरूले आक्रमण गरी केही व्यक्तिलाई घाइते बनाएको हुँदा आवश्यक कारबाही गराइ पाऊँ ।

निर्णयः दर्ता हुन आएको उजुरीउपर छानबिन तथा अनुसन्धान हुँदा दुई राजनीतिक दलका भातृ सङ्गठनबीच बिस्तृत शान्ति-सम्झौता सम्पन्न भइसकेको अवस्थामा उक्त विवाद भएको एवम् उजुरकर्ताबाट पनि उजुरी टुङ्ग्याइ दिए हुन्छ भनी आयोगलाई जानकारी गराएको देखिँदा यसमा थप केही गरिरहनुपरेन, उजुरी तामेलीमा राखी दिने ।

**८७. उजुरी न. ४५५०**, सम्पत्ति कब्जा, वाग्मती प्रदेश कार्यालय हेटौँडा, मकवानपुर
पीडित/उजुरकर्ताः बलरामकृष्ण मानन्धर, कामनपा १७, क्षेत्रपाटी, काठमाडौँ
उजुरीको व्यवहोराः काजि कामनपा १७ क्षेत्रपाटी निवासी बलराम कृष्ण मानन्धरसमेतको हकभोगको घरको दोस्रो तला मिति २०६५/९/२ गते नेवा मुक्ति मोर्चाले कब्जा गरेकोले सम्पत्ति र जीउज्यानको सुरक्षा गरी पाऊँ ।

निर्णयः दर्ता हुन आएको उजुरीमाथि आयोगबाट कारबाही हुँदा आयोगसमेतको पहलमा कब्जा भएको तलाबाट  नेवा मुक्ति मोर्चा हटिसकेको र स्वयम् उजुरकर्ताकै निवेदन मिसिल संलग्न रहेको र प्रस्तुत उजुरी यस आयोगको क्षेत्राधिकारभित्रको समेत नदेखिँदा खारेज गरिदिने ।

**८८.उजुरी न.  ४६६९**, जीवनरक्षा, वाग्मती प्रदेश कार्यालय हेटौँडा, मकवानपुर
पीडितः लक्ष्मी प्रजापति, धादिङ घर भई काजि कामनपा ४, धुम्बाराही, काठमाडौँ
उजुरकर्ताः नेपाल मानव अधिकार सङ्गठन, काठमाडौँ
उजुरीको व्यवहोराः धादिङ घर भई काजिकाजि कामनपा ४ धुम्वाराही बस्ने लक्ष्मी प्रजापतिलाई ऐ. निवासी नन्दप्रसाद लम्सालसमेतले हातपात समेत गरी जीवन जोखिममा पारेकोले सुरक्षा गरी पाऊँ ।
निर्णयः दर्ता हुन आएको उजुरी  छानबिन तथा अनुसन्धान हुँदा प्रस्तुत विवदको विषय मानव अधिकार उल्लङ्घनसँग सम्बन्धित नभई लेनदेन तथा जग्गा जमीनसँग सम्बन्धित देखिन आएको सन्दर्भमा क्षेत्राधिकारको अभावमा प्रस्तुत उजुरी खारेज हुने ।

**८९. उजुरी न.  १९६५ र ३७६९**, रोजगारीको अधिकार, वाग्मती प्रदेश कार्यालय हेटौँडा, मकवानपुर
पीडितः डिल्लीराज खड्गी, काजि कामनपा २० मरु छ्वासपाखा, काठमाडौँ
उजुरकर्ताः ऐऐ
उजुरीको व्यवहोराः डिल्लीराम खड्गीलाई मिति २०६१/४/१ गते प्रहरीले विद्यालय परिसरबाटै नियन्त्रणमा लिएको र मिति २०६३/५/१३ गते अनेरास्ववियु (क्रान्तिकारी) का विधार्थी नेताबाट मार्नेसम्मको धम्की दिएकोले मानव अधिकार संरक्षण गरी पाऊँ ।

निर्णयः दर्ता हुन आएको उजुरीउपर छानबिन तथा अनुसन्धान हुँदा आयोगको अनुसन्धानबाट निजलाई गरिएको पक्राउ गैरकानुनी भएको नदेखिएकोले एवम् उजुरकर्ता शिक्षकले छात्रालाई दुर्व्यवहार गरेको कारण सम्बन्धित विधालयले प्रक्रिया पूरा गरी बर्खास्त गरेको र निजले विद्यालयबाट पाउने सेवासुविधासमेत प्राप्त गरिसकेको देखिँदा यसमा थप केही गरिरहनुपरेन, उजुरी तामेलीमा राखी दिने ।

**९०. उजुरी न. ७९, ८८, १३६ र १९०**, स्वास्थ्यको अधिकार, वाग्मती प्रदेश कार्यालय हेटौँडा, मकवानपुर
पीडितः सुदर्शन पौडेल र निजकी श्रीमती शारदा पौडेल, भरतपुर नपा ७ कृष्णपुर, चितवन
उजुरकर्ताः पोषराज पौडेल, यशोदा पौडेल, ऐऐे
उजुरीको व्यवहोराः भरतपुर नपा ७ चितवन निवासी सुदर्शन पौडेल र निजकी श्रीमती शारदा पौडेललाई मिति २०६२/६/८ गते पाल्पाको बहादुर गाविस ९ दोकान टोलबाट पक्राउ गरी इलाका प्रहरी कार्यालय, बुटवलमा राखिएकोमा स्वास्थ्य अवस्था खराब हुँदा पनि उपचार हुन नसकेको, हुँदा सुदर्शनको हकमा उपचारको व्यवस्थासहित रिहा र शारदा पौडेललाई पनि गैरकानुनी थुनाबाट रिहा गरी पाऊँ ।

निर्णयः दर्ता हुन आएको उजुरीउपर यर आयोगबाट कारबाही हुँदा पीडित भनिएका दुवैजना सशस्त्र द्वन्द्वको अवधिमा पाल्पा आक्रमणमा पक्राउ परी केही समयपछि रिहा भएका र नेपाल सरकारबाट दुवैले जनही रु.२५,००० (पच्चीस हजार) रुपियाँ र अङ्गभङ्ग भएवापत सुदर्शनले थप रु.४०,००० (चालीस हजार) रुपियाँ प्राप्त गरिसकेको देखिँदा प्रस्तुत उजुरीउपर थप केही गरिरहनुपरेन, उजुरी तामेलीमा राखी दिने ।

**९१. उजुरी न. ९५५**, न्याय-प्रशासन, वाग्मती प्रदेश कार्यालय हेटौँडा, मकवानपुर
पीडित/ उजुरकर्ताः प्रिया साह, मिर्चैया नपा ६, सिरहा
उजुरीको व्यवहोराः मिर्चैया नपा ६ रिहा घर भई तीनकुने काठमाडौँ बस्ने निज प्रिया साहको मानसिक तथा सामाजिक चरित्र हत्या गर्ने कार्यमा संलग्न पंकज साहलाई कारबाही गरी पाऊँ ।

निर्णयः प्रस्तुत उजुरी अध्ययन गरी हेर्दा मिसिल संलग्न प्रमाण कागजबाट उजुरकर्ता/पीडितले नै उल्लिखित समस्या समाधान भइसकेको भनी आयोगमा जानकारी गराएको एवम् प्रहरी परिसरबाट पनि कारबाही अघि बढाएको देखिँदा थप केही गरिरहनुपरेन, उजुरी तामेलीमा राखी दिने ।

**९२. उजुरी न. १७०**, हत्या , वाग्मती प्रदेश, हेटौँडा
पीडितः राम कडेँल, इच्छाकामना गापा ५,मुडलिङ, चितवन घर भई बर्द बहादुर गण सिन्धुली
उजुरकर्ताः विनोद शर्मा घिमिरे , भरतपुर १४, शिवनगर, चितवन
उजुरीको व्यवहोराः इच्छाकामना गापा ५ घर भई बर्द भहादुर गण सिन्धुलीमा कार्यरत निज राम कडेँल घर बिदामा रहेको समयमा मिति २०७६।०८।०१ गते इच्छाकमना मन्दिरबाट गाडीमा फर्कने क्रममा सादा

पोसाकमा प्रहरीसँग भनाभन हुँदा स्थानीय फिस्लिङ अस्थायी चौकी चितवनका प्रहरी जवान ठाकुर ढकालले नियन्त्रणमा लिई चौकीभित्र लगेको र त्यसको केही समयपछि चौकीपछाडि घाउचोटसहित अचेत अवस्थामा भेटिएको र उपचारको लागि तत्कालै कुरिनटारस्थित सशस्त्र प्रहरी बलको मेडिकलमा लैंजादा गर्दा मृत्यु भएकोले यातना दिई हत्या गर्ने दोषीलाई कारबाही गरी पीडितलाई क्षतिपूर्ती दिलाइ पाऊँ ।

निर्णयः उजुरीमाथि आयोगबाट गरिएको अनुसन्धानबाट प्रहरी जवान ठाकुर ढकालले कर्तव्य गरी हत्या गरेको र कारबाहीस्वरूप मिति २०७६।०८।२७ गरेको चितवन जिल्ला अदालतको आदेशबमोजिम निजलाई पुर्पक्षको लागि थुनामा पठाइसकेको देखिन्छ । जहाँसम्म दोषीलाई कारबाहीको सवाल छ, अदालतमा मुद्दा दर्ता भई पुर्पक्ष भइरहेको सन्दर्भमा अदालतबाट नै निज ढकाललाई पाँच वर्ष कैद र रु. ५०,००० (पचास हजार) जरिवाना हुने गरी मिति २०७७।०२।२७ मा फैसला भइसकेको हुँदा त्यसतर्फ केही गरिरहनुपरेन । क्षतिपूर्तिको हकमा निज राम कँडेलको हत्या नेपाल प्रहरीमा कार्यरत प्रहरी जवानबाट भई मानव अधिकार उल्लङ्घन भएको तथ्य स्थापित भएकोले मृतक परिवारलाई राष्ट्रिय मानव अधिकार ऐन, २०६८ को दफा १६ बमोजिम रु.२,००,००० (दुई लाख रुपियाँ) क्षतिपूर्ति उपलब्ध गराउन ऐनको दफा १७ बमोजिम नेपाल सरकारलाई सरकारलाई सिफारिस गरी पठाउने ।

**९३. उजुरी न. १४७**, शान्तिसुरक्षा, वाग्मती प्रदेश कार्यालय, हेटौंडा, मकवानपुर
पीडितः महेन्द्र महर्जन, काजि कामनपा २१, टेकु
उजुरकर्ताः आशा नारायण महर्जन, ऐऐ
उजुरीको व्यवहोराः गुठीको जग्गामा निर्माण हुन लागेको काजि कामनपा १२ स्थित महेन्द्र सेवा आधारभुत विद्यालयको भवन स्थानीय वासिन्दाले भत्काइ दिएपछि मिति २०७६/४/४ गते काजि कामनपा २१ टेकु निवासी महेन्द्र महर्जनलाई धम्की आएकोले शान्तिसुरक्षाको लागि आवश्यक पहल गरी पाऊँ ।
निर्णयः दर्ता हुन आएको उजुरीउपर कारबाही हुँदा मिसिल संलग्न प्रमाण कागजातबाट उजुरीमा उल्लेख भएबमोजिमको कार्य भएको आरोप प्रमाणित हुने आधार नदेखिएको हुँदा यसमा थप केही गरिरहनुपरेन, उजुरी तामेलीमा राखी दिने ।

**९४. उजुरी न. १५०**, न्याय-प्रशासन, वाग्मती प्रदेश कार्यालय हेटौँडा, मकवानपुर
पीडितः मञ्जु पण्डित पन्त, धुम्वाराही, काठमाडौं
उजुरकर्ताः ऐऐ
उजुरीको व्यवहोराः काजि कामनपा ४ धुम्वाराही निवासी मञ्जु पण्डित पन्तलाई सम्बन्धविच्छेद मुद्दा चलिरहेको अवस्थामा निजका श्रीमानसमेतबाट धम्की आएको आवश्यक कारबाही गरिपाऊँ ।
निर्णयः दर्ता हुन आएको उजुरीउपर कारबाही हुँदा यसै विषयमा पीडितलाई उजुरकर्ताले आफूले अदालतमा मुद्दा दर्ता गरेकोले उजुरी टुङ्ग्याइदिनु भनी जानकारी गराएको कागज मिसिल संलग्न देखिँदा थप केही गरिरहनुपरेन, उजुरी तामेलीमा राखी दिने ।

**९५. उजुरी न.  २३७, शान्तिसुरक्षा**, वाग्मती प्रदेश कार्यालय हेटौँडा, मकवानपुर
उजुरकर्ता/पीडितः सीताराम तिमल्सिना, वेथानचोक गापा २ ढुंखर्क, काभ्रेपलाञ्चोक
उजुरीको व्यवहोराः वेथानचोक काभ्रेमा रहेको स्वास्थ्य चौकीको क्वारेन्टाइनमा सोनी तामाङले आत्महत्या गरेको विषयमा निजका आफन्तहरूले स्वास्थ्य चौकी प्रमुख निज सीताराम तिमल्सिनामाथि कुटपिट गरेकोले शान्तिसुरक्षा दिलाइ पाऊँ ।

निर्णयः दर्ता हुन आएको उजुरीउपर कारबाही हुँदा पीडितको अवस्था सामान्य रहेको र कुनै असुरक्षा नभएको भनी आयोगको कार्यालयमा उजुरकर्ता स्वयम्ले लिखित जानकारी गराएको देखिँदा थप केही गरिरहनुपरेन, उजुरी तामेलीमा राखी दिने ।

**९६. उजुरी न.  २७३**, शान्तिसुरक्षा, वाग्मती प्रदेश कार्यालय हेटौँडा, मकवानपुर
उजुरकर्ता/पीडितः गणेश कुँवर, हाडहाडे गाविस १, हालः धुर्कोट गापा ३, गुल्मी
उजुरीको व्यवहोराः धुर्कोट गापा ३ गुल्मी घर भई काजि कामनपा ३ डल्लु निवासी निज गणेश कुँवरलाई मिति २०७७/९/१२ गते नेकपा विप्लव समूहले चरित्र हत्या गर्दै ज्यान मार्नेसम्मको धम्की दिएको तथा नेपाल प्रहरीबाट पनि झुट्ठा आरोपमा पक्राउ गर्न सक्ने भएकोले जीवन रक्षा गरी पाऊँ ।

निर्णयः दर्ता हुन आएको उजुरीउपर कारबाही हुँदा आयोगको पहलपछि निजले हाल आफूलाई दुवै पक्षबाट खतरा नरहेकोले उजुरी टुङ्गो लगाइ दिन भनी लिखित जानकारी गराएको देखिँदा थप केही गरिरहनुपरेन, उजुरी तामेलीमा राखी दिने ।

**९७. उजुरी न.  २१६**, शान्तिसुरक्षा, वाग्मती प्रदेश कार्यालय हेटौँडा, मकवानपुर
उजुरकर्ता/पीडितः विजयराम पाध्या, बुढीनन्दा नपा ५ बाजुरा
उजुरीको व्यहोराः बुढीनन्दा नपा ५ बाजुरा स्थायी घर भई काजि चन्द्रागिरी नपा २ वाणभञ्ज्याङ बस्ने निज विजयराज पाध्यालाई सो वडाका वडा अध्यक्षसमेतले धम्की दिएकोले जीउधनको सुरक्षा गरी पाऊँ ।
निर्णयः दर्ता हुन आएको उजुरीउपर कारबाही हुँदा उजुरीमा उल्लेख भएबमोजिम डरधम्कीको अवस्थासमेत नरहेको मिसिल संलग्न प्रमाणबाट देखिँदा यसमा केही गरिरहनुपरेन, उजुरी तामेलीमा राखी दिने ।

**९८. उजुरी न.  १९४**, शान्तिसुरक्षा, वाग्मती प्रदेश कार्यालय हेटौँडा, मकवानपुर
उजुरकर्ता/पीडितः सागर तिमिल्सिना, तारकेश्वर नपा ६, काठमाडौँ

उजुरीको व्यवहोराः तारकेश्वर नपा ६ काठमाडौं निवासी सागर तिमिल्सिनालाई नेकपा (माओवादी) विप्लवको कार्यकर्ता भएको कारण प्रशासनबाट पटक–पटक पक्राउ गर्ने र दुःख दिने गरेकोले जीवनरक्षा गरी पाऊँ ।

निर्णयः दर्ता हुन आएको उजुरीउपर कारबाही हुँदा पीडितकै भनाइबाट अवस्था सामान्य रहेको भनी आयोगमा दर्ता लिखित निवेदनबाट खुल्न आएको देखिँदा उजुरीउपर थप केही गरिरहनुपरेन, उजुरी तामेलीमा राखी दिने ।

**९९. उजुरी न. २७१**, शान्तिसुरक्षा, वाग्मती प्रदेश कार्यालय हेटौँडा, मकवानपुर
उजुरकर्ता/पीडितः नारायणप्रसाद भट्टराई, नुवाकोट थानसिङ २, हाल काजि कामनपा ४ धुम्बाराही
उजुरीको व्यवहोराः हाल काजि कामनपा ४ धुम्बाराही बस्ने निज नारायण प्रसाद भट्टराईलाई पारिवारिक विवादमा महानगरीय प्रहरी वृत्त, नयाँ बानेश्वरले पक्राउ गरी धाकधम्की दिएकोले मानव अधिकार संरक्षण गरी पाऊँ ।

निर्णयः दर्ता हुन आएको उजुरीउपर कारबाही हुँदा आयोगको पहलपछि पीडित शान्तिसुरक्षासाथ आफ्नै निवासमा स्वतन्त्रतापूर्वक बसोबास गरिरहेको मिसिल संलग्न प्रमाणबाट देखिँदा उजुरीउपर थप केही गरिरहनुपरेन, उजुरी तामेलीमा राखी दिने ।

**१००. उजुरी न. २७४**, न्याय-प्रशासन, वाग्मती प्रदेश कार्यालय हेटौँडा, मकवानपुर
उजुरकर्ता/पीडितः रामबहादुर गोले, खानीखोला गापा १ काभ्रेपलाञ्चोक
उजुरीको व्यवहोराः खानीखोला गापा १ घर भई धुलिखेल नगरपालिका १० बतासे बस्ने निज रामबहादुर गोलेको श्रीमती दिलमाया मोक्तान गोलेलाई मिति २०७७/९/९ गते जिरीमाया लोप्चनले चरित्र हत्या गर्ने गरी लगाएको आरोपपछि झुण्डिएर मृत्युवरण गर्नुपरेको विषयमा आत्महत्या दुरुत्साहन मुद्दाको जाहेरी जिप्रकाले दर्ता गर्न इन्कार गरेको हुँदा न्याय पाउने अधिकारको संरक्षण गरी पाऊँ ।

निर्णयः दर्ता हुन आएको उजुरीउपर कारबाही हुँदा आयोगको पहलपछि प्रहरीले उक्त घटनामा अनुसन्धान गर्ने कार्य निरन्तर गरिरहेको भनी सो उजुरकर्ताले आयोगलाई लिखित जानकारी गराएको प्रमाण मिसिल संलग्न देखिँदा थप केही गरिरहनुपरेन, उजुरी तामेलीमा राखी दिने ।

**१०१. उजुरी न. ३४०**, गैरकानुनी थुना, वाग्मती प्रदेश कार्यालय हेटौँडा, मकवानपुर
उजुरकर्ता/पीडितः रमेश लामा, सुनकोशी गापा ५ सिन्धुपाल्चोक
उजुरीको व्यवहोराः सुनकोशी गापा ५ सिन्धुपाल्चोक निवासी रमेश लामालाई मिति २०७९/१/२७ गते राती निजको घरबाट गैरकानुनी रूपमा पक्राउ गरी गैरकानुनी थुनामा राखिएकोले मानव अधिकारको संरक्षण गरी पाऊँ ।

निर्णयः दर्ता हुन आएको उजुरीउपर कारबाही हुँदा स्वयम् पीडित भनिएका व्यक्तिले यस आयोगलाई गराएको जानकारीमा गैरकानुनी पक्राउ गरी गैरकानुनी थुनामा राखेको प्रमाण मिसिल संलग्न देखिँदा यसमा थप केही गरिरहनुपरेन, उजुरी तामेलीमा राखी दिने ।

**१०२. उजुरी न. २२३**, शान्तिसुरक्षा, वाग्मती प्रदेश कार्यालय हेटौँडा, मकवानपुर
पीडितः रिगल ढकाल, नेपालगञ्ज उमनपा ४, बाँके
उजुरकर्ताः पूजा थापा ढकाल, ऐऐ
उजुरीको व्यवहोराः नेपालगञ्ज उमनपा ४ स्थायी घर भई भीमफेदी कारागार मकवानपुरमा सजाय भोगिरहेका रिगल ढकाललाई कारागारको नाइकेबाट खतरा भएकोले शान्तिसुरक्षाको व्यवस्थाको लागि पहल गरी पाऊँ ।

निर्णयः प्राप्त हुन आएको उजुरीउपर कारबाही हुँदा निजलाई सो कारागारबाट स्थानान्तरण गरी कारागार कार्यालय दाङ पुऱ्याइसकेको देखिँदा यसमा थप केही गरिरहनुपरेन, उजुरी तामेलीमा राखी दिने ।

**१०३. उजुरी न. ६९१**, न्याय-प्रशासन (बलात्कार), वाग्मती प्रदेश कार्यालय हेटौँडा, मकवानपुर
पीडितः ………., ……… सिन्धुपाल्चोक स्थायी घर भई मध्यपुर ठिमी नपा ९ भक्तपुर
उजुरकर्ताः ……………
उजुरीको व्यहोराः मध्यपुर ठिमी नपा ९ भक्तपुर निवासी १३ वर्षिय (बालिका ए) परिवर्तित नामलाई गोपाल तिमिल्सिना नाम भनिने भूतपूर्व सैनिकले बलात्कार गरेको घटनामा तत्कालीन महानगरीय प्रहरी वृत्त ठिमीमा जाहेरी दर्ता गराएको भए पनि प्रभावकारी रूपमा कारबाही नबढाएकोले न्यायको लागि पहल गरी पाऊँ ।
निर्णयः दर्ता हुन आएको सो उजुरीउपर कारबाही हुँदा प्रहरी कार्यालयमा पत्राचार भइसकेपछि महानगरीय प्रहरी वृत्त ठिमीले परिवर्तित नाम वृत्त ठिमी २७ (३६) राखी जबर्जस्ती करणी उद्योगमा मुद्दा दर्ता गरी आरोपित पीडकलाई पक्राउ गरी भक्तपुर जिल्ला अदालतमा मुद्दा चलिरहेको प्रमाण मिसिल संलग्न कागजातबाट देखिँदा यसमा थप केही गरिरहनुपरेन, उजुरी तामेलीमा राखी दिने ।

**१०४. उजुरी न. ३५**, पुनः पक्राउ, वाग्मती प्रदेश कार्यालय हेटौँडा, मकवानपुर
पीडितः अमर भ्काँक्री, नेकपा केन्द्रीय सदस्य र किरण राई, धरान सुनसरी
उजुरकर्ताः जनअधिकार अभियान नेपाल, काठमाडौँ
उजुरीको व्यहोराः राजनीतिक आस्थाकै कारण मिति २०७५/२/८ गते सर्वोच्च अदालतको बन्दीप्रत्यक्षीकरणको आदेश विपरीत अमर भ्काँक्री र उच्च अदालत विराटनगरको आदेश विपरीत किरण राईलाई पुनः पक्राउ गरी मानव अधिकारको उल्लङ्घन गरेकोले पीडितको अधिकारको रक्षा गरी पाऊँ ।

निर्णयः दर्ता हुन आएको उजुरीउपर कारबाही हुँदा पुनः पक्राउ गरिएका दुवै जना रिहा भइसकेको भनी उजुरकर्ताबाट आयोगलाई जानकारी गराइ उजुरी टुङ्ग्याइदिन लिखित जानकारी गराएको तथ्य मिसिल संलग्न कागजातबाट देखिँदा यसमा थप केही गरिरहनुपरेन, उजुरी तामेलीमा राखी दिने ।

**१०५. उजुरी न. ६८**, मर्यादित जीवन जिउँन पाउने अधिकार, वाग्मती प्रदेश कार्यालय हेटौँडा, मकवानपुर
उजुरकर्ता/पीडितः दुर्गा बहादुर राई, चिचिला गापा २ सङ्खुवासभा
उजुरीको व्यहोराः चिचिला गापा २ सङ्खुवासभा घर भई काजि कामनपा ६ बौद्ध बस्ने निज दुर्गाबहादुर राईलाई डनको सूचीमा नाम राखी बेइज्जत गरी मर्यादित जीवन जिउँन पाउने अधिकारबाट वञ्चित गरिएको साथै निजले सञ्चालन गरेको किराना पसल र स्नुकर हाउसमा समेत तोडफोड गरेकोले आवश्यक कारबाही गरी पाऊँ ।

निर्णयः दर्ता हुन आएको उजुरीउपर कारबाही हुँदा हाल धरपकड नभएको, अवस्था सामान्य रहेको हुँदा आयोगमा दर्ता भएको उजुरी टुङ्ग्याइदिन भनी स्वयम् उजुरकर्ताले नै लिखित निवेदन दिएको देखिँदा थप केही गरिरहनुपरेन, उजुरी तामेलीमा राखी दिने ।

**१०६. उजुरी न. ३७६६,** हत्या, वाग्मती प्रदेश कार्यालय हेटौँडा
पीडितः मानबहादुर गुरुङ, सल्यानकोट गाविस ९, हालः त्रिपुरासुन्दरी गापा सल्यानटार, धादिङ
उजुरकर्ताः नन्दप्रसाद काप्री, खरी गाविस ३, धादिङ
उजुरीको व्यहोराः तत्कालीन सल्यानकोट गाविस ९ निवासी जनप्रतिनिधि निज मानबहादुर गुरुङलाई मिति २०६१।०१।२२ गते नेकपा (माओवादी) ले अपहरण गरी हत्या गरेकोले दोषीलाई कारबाही र पीडित परिवारलाई क्षतिपूर्ति दिलाइ पाऊँ ।
निर्णयः आयोगले उजुरीउपर गरेको अनुसन्धान प्रतिवेदनबाट मानबहादुर गुरुङलाई मिति २०६१।०१।१४ गते घरबाट अपहरण गरी ऐ. १७ गते नेकपा (माओवादी) ले हत्या गरेको र सो कार्यमा 'वसन्त' उपनामका माओवादी कार्यकर्तासमेतको संलग्नता रहेको देखिन आयो । अतः यस घटनामा संलग्न तत्कालीन नेकपा (माओवादी) कार्यकर्ताको पहिचान गरी कानुनी कारबाही गर्न राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १७ बमोजिम सिफारिस गरी पठाउने र क्षतिपूर्तितर्फ मृतक परिवारले प्राप्त गरिसकेको भनी मिसिलबाट देखिँदा थप केही गरिरहनुपरेन ।

**१०७. उजुरी नम्बरः २१३५**, हत्या, वाग्मती प्रदेश कार्यालय हेटौँडा
पीडितः यदु घिमिरे, प्युटार गाविस १ हालः वाग्मती गापा ४ ललितपुर
उजुरकर्ताः राजकुमार घिमिरे, ऐऐ
उजुरीको व्यहोराः वाग्मती गापा ४ ललितपुर निवासी यदु घिमिरेलाई मिति २०६१।५।१६ गते सुरक्षा फौजले ललितपुर जिल्लाको डुकुछाप गाविसको दनुवार गाउँमा हत्या गरेकोले दोषीलाई कारबाही गरी पीडितलाई क्षतिपूर्ति दिलाइ पाऊँ ।

निर्णयः दर्ता हुन आएको उजुरीमाथि आयोगले गरेको अनुसन्धानबाट निज घिमिरेसमेत चन्दा उठाउन हिँडेको अवस्थामा मारिएको भनी खुल्न आएको र सशस्त्र द्वन्द्वको समयमा सुरक्षाकर्मीले निजलाई गिरफ्तार गरी प्रचलित कानुनबमोजिम कारबाही गर्न सक्नेमा त्यसतर्फ प्रयासै नगरी गोली हानी हत्या गरी मानव अधिकारको हनन गरेको दिखिँदा घटनामा संलग्न सुरक्षाकर्मीको पहिचान गरी कारबाही गर्न नेपाल सरकारसमक्ष सिफारिस गरी पठाउने र क्षतिपूर्तितर्फ मृतक परिवारले नेपाल सरकारबाट रु.१०,००,००० (दश लाख) बुझिसकेको देखिँदा केही गरिरहनुपरेन।

**१०८.उजुरी न. १७७४**, अपहरण पछि हत्या, वाग्मती प्रदेश कार्यालय, हेटौंडा
पीडितः गोरीमाया लामा, सङ्खु गाविस ८ हालः  कोन्ज्योसोम गापा २, ललितपुर
उजुरकर्ताः नेकपा (एमाले), जिल्ला कमिटी ललितपुर
उजुरीको व्यहोराः कोन्ज्योसोम गापा २ निवासी गोरीमाया लामालाई २०६१/२/१० गते नेकपा (माओवादी) ले अपहरण गरी बेपत्ता पारेकोले जीवन रक्षा गरी पाऊँ।

निर्णयः उजुरीमाथि आयोगले गरेको अनुसन्धानबाट निज गोरीमायालाई २०६१/२/१० गते नेकपा (माओवादी) को हतियारधारी समूहले अपहरण गरी अपहरणपछि हत्या गरी अन्तराष्ट्रिय मानवीय कानुन (जेनेभा महासन्धि १९४९ को साझा धारा ३ को उल्ङ्घन गरेको र सो घटनामा  नेकपा (माओवादी) को इन्चार्ज वसन्त भन्ने व्यक्ति, सेक्युरिटी राम आचार्य, स्थानीय माओवादी कार्यकर्ता कपिलकुमार तामाङ, सेनाको कमान्डर रविन्स र सहकमान्डर सफलता भन्ने व्यक्ति समेतको संलग्नता रहेको देखिँदा घटनाको सम्बन्धमा छानबिन गरी दोषीउपर कानुनी कारबाही गर्न र मृतक परिवारले हालसम्म रु. ७५,००० मात्र क्षतिपूर्ति पाएको देखिँदा राष्ट्रिय मानव अधिकार आयोग ऐन २०६८ को दफा १६ बमोजिम थप रु. २,२५,००० (दुई लाख पच्चीस हजार रुपियाँ उपलब्ध गराउन ऐ.ऐनको दफा १७ बमोजिम नेपाल सरकारसमक्ष सिफारिस गरी पठाउने।

**१०९. उजुरी न.  ९४१**, जीवनको अधिकार, वाग्मती प्रदेश कार्यालय हेटौंडा, मकवानपुर
पीडितः श्याम सुन्दर राम पर्वत, प्रसाद के.सी. पर्वत र सन्तोष दास सप्तरी
उजुरकर्ताः राष्ट्रिय मानव अधिकार आयोग केन्द्रीय कार्यालय
उजुरीको व्यहोराः काठमाडौँ महानगरपालिकास्थित सीतापाइलामा मेलम्ची खानेपानी आयोजनाको पाइप बिछ्याउने क्रममा मिति २०७४/२/३१ गते पर्वत जिल्ला घर भएका श्यामसुन्दर राम र प्रसाद के.सी. तथा सप्तरी जिल्ला घर भएका सन्तोष दासको पुरिएर मृत्यु भएको हुँदा आवश्यक कारबाही गरी पाऊँ।

निर्णयः  यस घटनामा आयोगले कारबाही अगाडि बढाएपछि सो घटना सम्बन्धमा महानगरीय प्रहरी वृत्त स्वयम्भुमा भवितव्य ज्यान शीर्षकमा जाहेरी दरखास्त १० नं. डायरीमा दर्ता भई कारबाही अघि वढेको र तेन्जिङ रमन ज्वाइन्ट भेन्चर प्रा.लि.ले मृतकका परिवारहरूलाई क्षतिपूर्तिसमेत उपलब्ध गराइसकेको कागज प्रमाण मिसिल संलग्न रहेको देखिँदा यसमा थप केही गरिरहनुपरेन, उजुरी तामेलीमा राखी दिने।

**११०. उजुरी न. १९**, न्याय-प्रशासन/दुव्यर्वहार, उपत्यका
पीडित/उजुरकर्ताः सुरज राई, गौशाला, काठमाडौँ
उजुरीको व्यहोराः पुरा ठेगाना नखुलेको तर गौशाला काठमाडौँ उल्लेख भएका सुरज राई (तेश्रो लिङ्गी) लाई मिति २०८०।६।२७ गते निजका साथीहरूले कुटपिट गरी नगदसमेत लुटपाट भएको विषयमा प्रहरी वृत्त गौशालामा उजुरी  दिँदा कारबाही नभएको हुँदा कारबाही गरी पाऊँ ।

निर्णयः दर्ता हुन आएको उजुरीमाथि आयोगले गरेको अनुसन्धानबाट निवेदक र कुटपिट गर्ने पक्षको बीचमा मिति २०८०।७।३ गते प्रहरी वृत्त गौशाला र निलहिरा समाजको उपस्थितिमा मिलापत्र भएको खुल्न आएको देखिँदा यसमा थप केही गरिरहनुपरेन, उजुरी तामेलीमा राखी दिने ।

**१११. उजुरी  नः २३**, यातना, उपत्यका
पीडितः सूर्यमोहन सुवेदी, बर्दघाट नपा २ नवलपरासी घर भई हाल नयाँबानेश्वर, काठमाडौँ
उजुरकर्ताः अम्बिका आचार्य, ललितपुर महानगरपालिका १ कोपुण्डोल, ललितपुर
उजुरीको व्यहोराः सूर्यमोहन सुवेदीलाई महानगरीय प्रहरी वृत तीनकुने काठमाडौँले पक्राउ गरी यातना दिएको हुँदा आवश्यक कारबाही गरी पाऊँ ।

निर्णयः सो उजुरीउपर कारबाही हुँदा पीडितले आयोगसमक्ष गरिदिएको बयानमा आफूलाई प्रहरीले कुटपिट गरेको नभई हिरासतभित्र छिराउँदा ढोकामा ठोकिन गएको र सो कार्यप्रति प्रहरीले दुःख व्यक्त गरी सकेको भनी खुलाइदिएको देखिँदा यसमा थप केही गरिरहन परेन, उजुरी तामेलीमा राखी दिने ।

**११२. उजुरी न. ८**, घरेलु हिंसा, उपत्यका
पीडितः श्याम सार्की, ललितपुर महानगरपालिका १४, लोहाचोक, ललितपुर
उजुरकर्ताः ऐऐ
उजुरीको व्यहोराः  ललितपुर महानगरपालिका १४ लोहाचोक, ललितपुर निवासी निज श्याम सार्कीलाई निजकी आमासमेतबाट घरेलु हिंसा हुनुको साथै श्रम शोषण र डरत्रास अवस्था रहेकोले छानबिन गरी न्याय पाऊँ ।

निर्णयः उजुरीउपर कारबाही हुँदा पीडित/उजुरकर्ताको मागदाबी पुष्टि हुने आधार कारण नदेखिँदा यसमा थप केही गरिरहनुपरेन, उजुरी तामेलीमा राखी दिने ।

**११३. उजुरी न.: २६**, बालअधिकार, उपत्यका
पीडितः गणेश चिलुवालसमेत, एस.ओ.एस. हर्मन जिमिनेर सेकेण्डरी स्कूल, सानोठिमी भक्तपुरमा अध्ययनरत बालबालिकाहरू

उजुरकर्ताः गणेश चिलुवाल, ऐऐ

उजुरीको व्यहोराः एस.ओ.एस.हर्मन जिमिनेर सेकेण्डरी स्कूल (SOS Hermann Gemeiner Secondary School) सानोठिमी भक्तपुरका विद्यार्थीहरूलाई मध्यपुर थिमी नगरपालिकाले मिति २०८०।९।६ गते देखि भइरहेको नगरस्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा सहभागी हुनबाट वञ्चित गरी बालबालिकाको सहभागिताको अधिकार उल्लङ्घन गरेको हुँदा आवश्यक कारबाही गरी पाऊँ ।

निर्णयः यस सम्बन्धमा आयोगको अनुसन्धानबाट मध्यपुर थिमी नगरपालिकाले SOS Hermann Gemeiner Secondary School सानोठिमी, भक्तपुरमा अध्ययनरत विद्यार्थीहरूको सो नगरस्तरीय राष्ट्रपति रनिङ्गशिल्ड प्रतियोगितामा सहभागी हुन पाउने अधिकार उल्लङ्घन गरेको देखियो । यसरी सो नगरपालिकाबाट बालबालिकाहरूको सहभागी हुन पाउने अधिकार उल्लङ्घन भएको भएता पनि आगामी दिनमा आयोगको मिति २०८०।९।१९ को निर्णयपछि नगरपालिकाले मिति २०८०।१०।२३ गते नगर कार्यपालिकाको बैठक बसी आगामी दिनमा नगरपालिकाभित्र अध्ययनरत सबै विद्याथीहरूलाई प्रतियोगिता सञ्चालनका लागि निर्दिष्ट गरिएको निर्देशिकाबमोजिम नेपालको संविधान, बालबालिकासम्बन्धी ऐन, २०७५, शिक्षा ऐन,२०२८ तथा शिक्षा नियमावली २०५९ लगायत अन्य क्षेत्रगत ऐनले दिइएका सबै मानव अधिकार एवम् बालअधिकारप्रति उच्च सम्मान गर्दै कुनै पनि कारणबाट र आधारबाट कुनै पनि प्रतियोगितामा सहभागी हुनबाट वञ्चित नगराउने प्रतिवद्धतासहितको निर्णय गरी यस आयोगलाई उपलब्ध गराएको देखिँदा एक पटकको लागि नगरपालिकालाई कारबाही गराइरहनुपरेन । नगरपालिकाको नगरस्तरीय प्रतियोगिता व्यवस्थापन तथा निर्देशन समितिको मिति २०८०।८।१८ गतेको निर्णयबमोजिम दोश्रो राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता खेल्नबाट माथि उल्लिखित विद्यालयका विद्यार्थी वञ्चित भएको यथार्थमा मध्यपुर थिमि नगरपालिकालाई निम्नबमोजिम सिफारिस गरी पठाउने ठहर्छः

१."मध्यपुर थिमी नगरपालिकाबाट आगामी दिनमा नगरपालिकाभित्र आयोजना हुने सबै खेलकुदमा सबैको सहभागिताको सुनिश्चितता गर्दै वि.सं. २०८१ सालमा सम्पन्न हुने राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा एस.ओ.एस.हर्मन जिमिनेर सेकेण्डरी स्कूल सानोठिमी भक्तपुरका विद्यार्थीलाई सहभागी गराइ सो को अभिलेख यस आयोगमा पठाउन"

यसबाहेक बालबालिकालाई खेलकुदमा सहभागी गराउने सन्दर्भमा मध्यपुर थिमी नगरपालिका स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता व्यवस्थापन समितिले मिति २०८०।८।१८ गते गरेको जस्तो निर्णय अन्य कुनै पनि स्थानीय तह र समितिबाट भविष्यमा पनि हुन सक्ने अवस्थालाई ध्यानमा राखी सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमार्फत सबै प्रदेश र स्थानीय तहमा निम्नबमोजिम परिपत्र गरी बाल अधिकारको संरक्षण गर्न लेखी पठाउने ठहर्छ :

२. "नेपाल राज्यभर सञ्चालनमा रहेको कुनै पनि विद्यालयमा अध्ययनरत बालबालिकाहरूलाई विद्यालय व्यवस्थापन समिति गठन नभएको वा अन्य कुनै पनि आधार र कारण देखाइ कुनै पनि खेलकुद प्रतियोगिताबाट वञ्चित गरी सहभागी हुन पाउने बालबालिकाको अधिकारको उल्लङ्घन नगर्न"

३. एस.ओ.एस.हर्मन जिमिनेर सेकेण्डरी स्कूल सानोठिमी भक्तपुरलाई विद्यालय व्यवस्थापन समिति गठन गरी प्रचलित कानुनी व्यवस्थाको सम्मान गर्न ।

**११४. उजुरी न. १४**, यातना, उपत्यका
पीडित/उजुरकर्ता: मुन्ना गिरी कहरियामाई गापा ४, बारा स्थायी ठेगाना, हाल: काजि कामनपा ४ वालुवाटार
उजुरीको व्यहोरा: कहरियामाई गापा ४ बारा स्थायी ठेगाना भई हाल काजि कामनपा ४ वालुवाटारमा मोटरसाइकल वर्कसप सञ्चालन गरी बस्ने निज मुन्ना गिरीलाई मिति २०८०।४।२४ गते वर्कसपबाट पक्राउ गरी "मुन्ना भाइ भनेको तैं होस्?" भन्दै कुटपिट गरी प्रहरी वृत्त महाराजगञ्ज पुऱ्याइ त्यहाँ पनि कुटपिट गरी मरणासन्न अवस्थामा पुऱ्याएकोले मानव अधिकार रक्षा गरी पाऊँ ।

निर्णय: दर्ता हुन आएको उजुरीमाथि कारबाही हुँदा निज मुन्ना गिरीलाई प्रसह कमलबहादुर शाहीले कुटपिट गरेको र यसरी कुटपिट गर्ने प्र.स.ह.लाई नसिहत दिई सोको अभिलेख राख्ने कार्य पनि भइसकेको देखिँदा त्यसतर्फ केही गरिरहनुपरेन । अर्कोतर्फ निर्दोष मुन्ना गिरीलाई विनाकारण कुटपिट गरी घाइते भएकोमा उपचारसमेत गराउन परेको देखिँदा सो तर्फ केही हुन नसकेको देखिँदा राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६ बमोजिम निज मुन्ना गिरीलाई रु. ५०,०००।- (पचास हजार रुपियाँ) क्षतिपूर्ति उपलब्ध गराउन र सिफारिस कार्यान्वयन गर्न ऐ. दफा १७ बमोजिम नेपाल सरकारसमक्ष लेखी पठाउने ।

## २.५ लुम्बिनी प्रदेश कार्यालय

**११५. उजुरी न. ३५४६**, बन्दीको अधिकार, लुम्बिनी प्रदेश कार्यालय, बुटवल
पीडित: नारायण ढुङ्गाना (यमबहादुर ढुङ्गाना), साविक कठार गाविस ५ , हाल: खैरहनी नपा १०, चितवन
उजुरकर्ता: गोमाकुमारी ढुङ्गाना, ऐऐ
उजुरीको व्यहोरा: नारायण भन्ने यमबहादुर ढुङ्गानालाई मिति २०६२।०४।२० गते मोटरसाइकलमा आएका सुरक्षाकर्मीले चितवन जिल्लाको पदमपुर नयाँबस्तीबाट पक्राउ गरी यातना दिएकोले मानव अधिकार रक्षा गरी पाऊँ ।

निर्णय: दर्ता हुन आएको उजुरीमाथि आयोगको अनुसन्धानबाट तत्कालीन शाही नेपाली सेनाले पक्राउ गरी यातना दिएको होइन भन्ने अवस्था देखिएन । अत: पीडित नारायण भन्ने यमबहादुर ढुङ्गानालाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६ बमोजिम रु. ५०,००० ( पचास हजार रुपियाँ) क्षतिपूर्ति दिन र घटनामा संलग्न तत्कालीन शाही नेपाली सेना, रेञ्जर बटालियन फोर्स, फर्स्ट राइफल गण चितवनका दोषी सुरक्षाकर्मी (सैनिक) को पहिचान गरी कारबाही गर्न राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १७ बमोजिम नेपाल सरकारसमक्ष सरकारलाई सिफारिस गरी पठाउने ।

**११६ . उजुरी न.१८८**, सम्पति लुटपाट, लुम्बिनी प्रदेश कार्यालय, बुटवल
पीडितः महमद रफी, पक्लीहवा ४ रतनगञ्ज, नवलपरासी
उजुरकर्ताः ऐऐ
उजुरीको व्यहोराः जिल्ला नवलपरासी पक्लीहवा गाविस ४ का महमद रफीको घरबाट मिति २०६३/४/६ गते तत्कालीन नेकपा (माओवादी) कार्यकर्ताले सुनको गहना, नगद रुपियाँ, मोटरसाइकलसमेत करिब एक लाख रुपियाँ बराबरको सम्पत्ति लुटि लगेकोले क्षतिपूर्तिको लागि पहल गरी पाऊँ ।

निर्णयः दर्ता हुन आएको उजुरी छानबिन तथा अनुसन्धानबाट उजुरीमा उल्लेख भएबमोजिमको सम्पत्ति लुटपाट भएको देखियो । अतः पीडित महमद रफीलाई रु. ५०,०००/- (पचास हजार रुपियाँ) क्षतिपूर्ति उपलब्ध गराउन र आम नागरिकको सम्पत्तिको सुरक्षा गर्ने दायित्व सरकारमा रहेको र प्रस्तुत घटनामा महमद रफीको सम्पत्ति सुरक्षा गर्न सरकारले प्रभावकारी कार्य गर्न नसकेको देखिँदा नागरिकको सम्पत्तिको पर्याप्त सुरक्षा व्यवस्था मिलाउन र यस्ता घटना पुनः दोहोरिन नदिनेतर्फ सचेत रहन नेपाल सरकारलाई सिफारिस गरी पठाउने ।

**११७. उजुरी न. १८३**, सम्पत्तिको अधिकार, लुम्बिनी प्रदेश कार्यालय, बुटवल
पीडितः मुन्ना खाँ, पाक्लिहवा गाविस ४, नवलपरासी हाल सुस्ता गाउँपालिका ५, नवलपरासी
उजरकर्ता : ऐऐ
उजुरीको व्यहोराः जिल्ला नवलपरासी तत्कालीन पाक्लिहवा गाविस हाल सुस्ता गापा ५ निवासी मुन्ना खाँको घरबाट मिति २०६१।९।४ गते तत्कालीन नेकपा (माओवादी) का कार्यकर्ताहरूले निज खाँको रु.२८०२६५०/- बराबरको क्षति पुऱ्याइ साइकल र मोटरसाइकलसमेत लुटी लगेको र गोली तथा बम विष्फोट गराइ सोही स्थानका मुन्ना कुशवाहा र मैनुद्दिन अन्सारीको हत्यासमेत गरेको घटनामा छानबिन गरी क्षतिपूर्तिको लागि समेत पहल गरी पाऊँ ।

निर्णयः घटना सम्बन्धमा आयोगको अनुसन्धानबाट उक्त घटनामा मारिएका मैनुद्दिन मिया अन्सारी ( उजुरी न. १८० मा दर्ता)को उजुरीउपर यस आयोगको मिति २०७७ /१२ /१९ गते र मुन्ना कुशवाहा (उजुरी न. १८६) को उजुरीउपर मिति २००७८/ ९/२७ गते निर्णय भइसकेको देखिँदा सो तर्फ केही गरिरहनुपरेन । मुन्ना खाँको सम्पत्ति क्षतिको सवालतर्फ विचार गर्दा उजुरीमा उल्लेख भएबमोजिम निजको घर बम विस्फोटबाट क्षति भएको, निजको घरबाट तत्कालीन नेकपा (माओवादी) कार्यकर्ताबाट मोटरसाइकल तोडफोड गरेको, लत्ता कपडा र अन्य सामानहरू पनि लुटपाट गरी लगेकोमा निजले जम्मा रु.१,२७,००० (एक लाख सताइस हजार रुपियाँ) मात्र बुझी लिएको देखिएको र जिल्ला प्रशासन कार्यालय नवलपरासीले निजको क्षति रु.२९५७६५० (उनन्तीस लाख सन्ताउन्न हजार छ सय पचास रुपियाँ) भएकोले निजको क्षतिपूर्ति राहतको लागि तत्कालीन शान्ति तथा पुनःनिर्माण मन्त्रालयमा सिफारिस गरी पठाएको देखिन्छ । अतः नागरिक राहत क्षतिपूर्ति तथा आर्थिक सहायतासम्बन्धी (प्रथम संशोधन, २०६८) कार्यविधि २०६६ बमोजिम निज मुन्ना खाँलाई शीघ्र उपलब्ध गराउन साथै आम नागरिकको सम्पत्तिको

सुरक्षा गर्ने दायित्व सरकारको भएको र प्रस्तुत घटनामा निज मुन्ना खाँको सम्पत्तिको सुरक्षा गर्न सरकारले प्रभावकारी कार्य गर्न नसकेको देखिँदा नागरिकको सम्पत्तिको अधिकार प्रचलनमा पर्याप्त सुरक्षा व्यवस्था मिलाउन र यस्ता घटना पुनः दोहोरिन नदिने तर्फ सचेत रहन समेत सरकारलाई लेखी पठाउने ।

**११८. उजुरी न. १८१**, सम्पत्तिको अधिकार, लुम्बिनी प्रदेश कार्यालय, बुटवल
पीडितः धुरपतिया चौहान, पाक्लिहवा गाविस ४ हाल सुस्ता गापा ५ नवलपरासी (ब.सु.प.)
उजुरकर्ताः ऐऐ
उजुरीको व्यहोराः तत्कालीन जिल्ला नवलपरासी पाक्लिहवा गाविस ४ स्थित रतनगञ्जका धुरपतिया चौहानको घरबाट मिति २००६३/४/६ गते तत्कालीन नेकपा (माओवादी) का कार्यकर्ताहरूले गरगहना, लत्ता कपडा, टिभी, धानचामलसमेत लुटी लगेकोले क्षतिपूर्तिको लागि पहल गरी पाऊँ ।

निर्णयः दर्ता हुन आएको उजुरीउपर छानबिन तथा अनुसन्धानबाट उजुरीमा उल्लेख भएबमोजिम निज धुरपतिया चौहानको घरबाट तत्कालीन नेकपा (माओवादी)का कार्यकर्ताहरूले लुटपाट गरी सम्पत्तिमा क्षति पुऱ्याएको तथ्य पुष्टि हुन आउछ । अतः निज धुरपतिया चौहानलाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६ बमोजिमको क्षतिपूर्ति जिल्ला प्रशासन कार्यालय नवलपरासीको च.नं.३५९८ मिति २०६३।१२।२७, च.नं. १६१० मिति २०६९/६/१९ र आयोगबाट स्थलगत रूपमा गराएको लिखतसमेतको आधारमा दिन सकिने नै हुँदा निजलाई रु.५०,०००/- (पचास हजार रुपियाँ) क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारसमक्ष सिफारिस गरी पठाउने ।

**११९. उजुरी न. ५१५**, सम्पत्तिको अधिकार, लुम्बिनी प्रदेश कार्यालय
पीडितः सुरेश कसौधन, बुटवल उपनपा ३, रुपन्देही
उजुरकर्ताः ऐऐ
उजुरीको व्यहोराः सुरेश कसौधनको लु १ च ६१५४ नं. को पिकअप गाडी इलाका प्रहरी कार्यालयका प्रनाउको आदेशले इलाका प्रहरी कार्यालय बुटवल कार्यालयले नियन्त्रणमा लिएकोले फिर्ता गराउन पहल गराइ पाऊँ ।

निर्णयः दर्ता हुन आएको उजुरी छानबिन तथा अनुसन्धान हुँदा उजुरकर्ता स्वम्‌ले गाडी फिर्ता भएकोले निवेदनमा जोजे गर्नुपर्छ, गर्न भनी यस आयोगको बुटवल कार्यालयमा दर्ता नं. १८८ मिति २०७१/१२/१५ गते निवेदन दिएको देखिँदा थप केही गरिरहन परेन, उजुरी तामेलीमा राखी दिने ।

**१२०. उजुरी न.५४३**, न्यायमा प्रशासन, लुम्बिनी प्रदेश कार्यालय, बुटवल
पीडितः सरिफुन नेसा, मोतिजन निसा, इसहाक मिया, रामजान मिया, हविबुन निसा, सफि मोहम्मद र गुलबी थारु अमरौट गाविस ३, हाल सुनवल वडा न. ९ नवलपरासी (बसुप)
उजुरकर्ताः मोतिजन निसासमेत

उजुरीको व्यहोराः माथि उल्लिखित व्यक्तिहरूले भोग गर्दै आएको घरजग्गा स्थानीय मानबहादुर गलामीसमेतका व्यक्तिहरूले नेपाल प्रहरीको उपस्थितिमा भत्काइ घरबारविहीन बनाएको र सो सम्बन्धमा जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी कार्यालयमा उजुरी दिँदा दुवै निकायबाट कुनै सुनवाइ नभएकोले घरमा स्वतन्त्रपूर्वक बस्न पाउने अधिकारसमेतको संरक्षण गरी पाऊँ ।

निर्णयः दर्ता हुन आएको उजुरीउपर आयोगबाट छानबिन अनुसन्धान हुँदा पीडितहरूले दिएको जाहेरी दर्ता भई मुद्दा तत्कालीन नवलपरासी जिल्ला अदालतसमक्ष पुगी सो अदालतबाट यसै विषयमा फैसलासमेत भई पीडितहरूको माग सम्बोधन भइसकेको व्यहोरा अनुसन्धान प्रतिवेदनसमेतबाट देखिन आएको हुँदा यसमा थप केही गरिरहनुपर्ने देखिएन, उजुरी तामेलीमा राखी दिने ।

**१२१. उजुरी न. ४६**, विस्थापित, लुम्बिनी प्रदेश कार्यालय, बुटवल
पीडितः जीतबहादुर चौधरी, तत्कालीन मधौलिया गाविस ५ रुपन्देही
उजुरकर्ता : ऐऐ
उजुरीको व्यहोराः जीतबहादुर चौधरीको घरमा मिति २०६/११/१५ गते बिहान पुगेका तत्कालीन नेकपा (माओवादी) कार्यकर्ताहरूले तालाबन्दी गरी पाँचजनाको परिवार बिचल्ली भई विस्थापित भएकोले ताला खुलाइ पुनर्स्थापित हुन पाऊँ ।
निर्णयः दर्ता हुन आएको उजुरीउपर छलफल हुँदा निज आयोगकै पहलमा स्थापित भई आफ्नो घरमा परिवारसहित बसोबास गरिरहेको र उजुरी बन्द गरी दिन भनी निवेदनसमेत दिएको देखिँदा थप केही गरिरहन परेन उजुरी तामेलीमा राखी दिने ।

**१२२. उजुरी न. १००**, क्षतिपूर्ति सम्बन्धमा, लुम्बिनी प्रदेश कार्यालय, बुटवल
पीडितः मोहनबहादुर काफ्ले, तत्कालीन जहदा गाविस ५ नवलपरासी
उजुरकर्ताः ऐऐ
उजुरीको व्यहोराः मोहनबहादुर काफ्लेको लु.१ त २१२९ नम्बरको ट्रक सुरक्षाकर्मीले मिति २०६२/१०/२२ गते लिइ गएकोमा सुरक्षा निकाय र तत्कालीन नेकपा (माओवादी) बीच २०६२/१०/२७ गते सुनवलको रम्भापुरमा भएको भिडन्तमा मेरो ट्रक पूर्ण क्षति भएकोले क्षतिपूर्ति पाऊँ ।

निर्णयः दर्ता हुन आएको उजुरी आजको बैठकसमक्ष पेस हुँदा निज मोहनबहादुर काफ्लेले आफूले क्षतिपूर्ति पाएकोले उजुरी टुङ्ग्याइदिन निवेदन दिएको देखिँदा थप केही गरिरहनुपरेन, उजुरी तामेलमा राखी दिने ।

**१२३. उजुरी न. ९५४**, बेपत्ता/हत्या, लुम्बिनी प्रदेश शाखा कार्यालय, नेपालगञ्ज
पीडितः बलिराम चौधरी, तत्कालीन धधबार गाविस ६(क) बर्दिया
उजुरकर्ताः सकुनी चौधरी, ऐ.ऐ.

उजुरीको व्यहोराः बलिराम चौधरीलाई मिति २०५९/६/१६ गते राति सुरक्षाकर्मीले गोली हानी खटियामा राखी बोक्न लगाइ लिई गएकोमा निजको अवस्था अज्ञात रहेको हुँदा आवश्यक कारबाही गरी पाऊँ ।

निर्णयः उजुरीउपर छानबिन तथा अनुसन्धान हुँदा निजलाई माथि उल्लिखित मितिमा तत्कालीन शाही नेपाली सेनाले घाइते बनाइ नियन्त्रणमा लिई बेपत्ता बनाएको र निजको परिवारलाई द्वन्द्वपीडित भनी रु.३,००,०००/- (तीनलाख रुपियाँ) राहत पनि उपलब्ध गराएको समेतका तथ्यबाट निजको अवस्था हालसम्म पनि बेपत्ता नै रहेको देखिन्छ। अतः निजलाई बेपत्ता बनाउने नेपाली सेनाको तत्कालीन समयमा चिसापानी ब्यारेक बर्दियामा कार्यरत दोषी सुरक्षाकर्मीको पहिचान गरी कानुनी कारबाही र पीडितको निरन्तर खोजी गरी अवस्था सार्वजनिक गर्न राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६ र १७ बमोजिम नेपाल सरकारसमक्ष सिफारिस गरी पठाउने ।

**१२४. उजुरी न. ४५९**, बेपत्ता, लुम्बिनी प्रदेश कार्यालय, बुटवल
पीडितः शेरप्रसाद अधिकारी, तत्कालीन निगलीहवा गाविस २, कपिलवस्तु
उजुरकर्ताः सरस्वती अधिकारी ऐऐ .
उजुरीको व्यहोराः शेरप्रसाद अधिकारीलाई मिति २०६०/२/२४ गते राति खाना खाइ सुतेको अवस्थामा अज्ञात समूहले अपहरण गरी बेपत्ता पारेकोले खोजतलास गरी क्षतिपूर्तिसमेत दिलाइ पाऊँ ।
निर्णयः मिसिल संलग्न अनुसन्धान प्रतिवेदनसहित अन्य प्रमाण कागजको आधारमा निजलाई सशस्त्र द्वन्द्वको क्रममा बेपत्ता पारेको भनी रु १० लाख राहत रकम उपलब्ध गराएको देखिएको, निजको अवस्था हालसम्म पनि अज्ञात नै रहेको देखिँदा निजको निरन्तर खोजतलास गरी अवस्था सार्वजनिक गर्न नेपाल सरकारसमक्ष सिफारिस गरी पठाउने ।

## २.६ लुम्बिनी प्रदेश शाखा कार्यालय

**१२५. उजुरी न.: २२५१**, प्रहरीबाट कुटपिट, लुम्बिनी प्रदेश शाखा कार्यालय नेपालगञ्ज
पीडितः राजु भुषाल, कोहलपुर नपा २ बाँके
उजुरकर्ताः ऐऐ
उजुरीको व्यहोराः ज्वाला खबर पत्रिकामा कार्यरत पत्रकार राजु भुषाल पत्रकारको हैसियतमा मिति २०७७/११/२७ गते शिवरात्रीको दिन इलाका प्रहरी कार्यालय कोहलपुर पुगेकोमा प्रहरी जवानले निजलाई कुटपिट गरी घाइते बनाएकोले न्यायको लागि आवश्यक पहल गरी पाऊँ ।

निर्णयः प्रस्तुत उजरीमाथि छानबिन हुँदा निज भुषाल आफ्नो परिचयपत्र र पोशाकसहित स्पष्ट रूपमा पहिचान हुने गरी नगएको, प्रहरी कार्यालयमा पुग्दा भिड नियन्त्रण गर्ने सन्दर्भमा निजमाथि पनि कुटपिट हुन गएको, कुटपिटबाट निजको शरीरमा चोट लागि घाइते भएको देखिएको देखिन्छ। अतः यस सम्बन्धमा नेपाल सरकार र पत्रकारलाई निम्नबमोजिमको कार्य गर्न सिफारिस गरी पठाउने ठहर्छ :

क) प्रहरीले बल प्रयोग गर्ने सन्दर्भमा पर्याप्त ध्यान दिन नसक्दा निज पत्रकारसमेत घाइते भएको देखिँदा आगामी दिनमा बल प्रयोग गर्ने सन्दर्भमा संयमित हुन नेपाल प्रहरीलाई लेखी पठाउने र निज पत्रकार राजु भुषालको उपचार गराएको मिसिल संलग्न मेडिकल कागजातसमेतको आधारमा निजलाई क्षतिपूर्ति स्वरूप रु ५,०००/- (पाँच हजार रुपियाँ) क्षतिपूर्ति उपलब्ध गराउने,
ख) निज पत्रकार राजु भुषालले पत्रकारिता गर्दा पत्रकार आचारसंहिता विपरीत आफ्नो पहिचान स्पष्ट खुल्ने गरी पोशाक लगाउने तथा स्पष्ट देखिने गरी परिचयपत्र नलगाउँदा पनि यस्तो अवस्था आएको देखिँदा आइन्दा पत्रकारिता व्यवसायमा संग्लग्न रहँदा पत्रकार आचारसंहिताको अनिवार्य पालना गर्न लेखी पठाउने ।

**१२६. उजुरी न. १६८८**, बेपत्ता, लुम्बिनी प्रदेश शाखा कार्यालय, नेपालगञ्ज
पीडितः हुकुम दास थारु, तत्कालीन बनियाभार ९, भैसाखाती, बर्दिया
उजुरकर्ताः नेकपा (माओवादी) जिल्ला सङ्गठन समिति, बर्दिया
उजुरीको व्यहोराः हुकुमदास थारुलाई मिति २०५९/२/१८ गते बाँके जिल्लाको बागेश्वरीबाट आएको तत्कालीन शाही नेपाली सेनाले पक्राउ गरी बेपत्ता परेकोले अवस्था सार्वजनिक गरी दोषीलाई कारबाही गरी पाऊँ ।

निर्णयः प्रस्तुत उजुरीमाथि अनुसन्धान हुँदा सशस्त्र द्वन्द्वको अवधिमा बेपत्ता निज थारुको अवस्था हालसम्म पनि पत्ता लाग्न नसकेको, निजको परिवारलाई नेपाल सरकारले रु १०,००,०००/- (दश लाख रुपियाँ) राहत दिएको देखिन्छ । निजको निरन्तर खोजी गरी अवस्था सार्वजनिक गर्ने कार्य हुन नसकेको साथै निजलाई बेपत्ता पार्ने कार्यमा संलग्न दोषीको पहिचान गरी कारबाही गर्ने तर्फ पनि हालसम्म कुनै कारबाही अघि बढेको नदेखिँदा प्रस्तुत उजुरीमा बेपत्ता पारिएको हुकुमदास थारुको खोजतलाश निरन्तर जारी राखी अवस्था सार्वजनिक गर्न र दोषी पहिचान गरी कानुनी कारबाही गर्न राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १७ बमोजिम नेपाल सरकारसमक्ष सिफारिस गरी पठाउने ।

**१२७. उजुरी न. १२९२**, बेपत्ता, लुम्बिनी प्रदेश शाखा कार्यालय नेपालगञ्ज
पीडितः टीकाराम चौधरी, तत्कालीन टिकपुर गाविस ५ तेघरा दाङ
उजुरकर्ता : फुलराम चौधरी, ऐऐ
उजुरीको व्यहोराः टीकाराम चौधरीलाई मिति २०६०/६/१८ गते आफ्नै घरबाट तत्कालीन शाही नेपाली सेनाले पक्राउ गरी यातना दिँदैं नियन्त्रणमा लिई बेपत्ता बनाएकोले छानबिन गरीपाऊँ ।

निर्णयः आयोगमा दर्ता भई आजको बैठकसमक्ष पेस प्रस्तुत उजुरी संलग्न अनुसन्धान प्रतिवेदनबाट निजलाई सुरक्षा फौजले जबरजस्ती नियन्त्रणमा लिई बेपत्ता बनाएको, हालसम्म अवस्था अज्ञात रहेको र निजको परिवारलाई नेपाल सरकारबाट रु १०,००,०००/- (दश लाख रुपियाँ) राहत उपलब्ध गराइएको देखिन्छ । निजको निरन्तर खोजतलास गरी अवस्था सार्वजनिक गर्न र निजलाई बेपत्ता बनाउने कार्यमा

भने संलग्न सेनाको पहिचान गरी कारबाही गर्ने तर्फ कुनै कार्य अघि बढेको नदेखिँदा निज फुलराम चौधरीको अवस्था सार्वजनिक गर्न निरन्तर खोजी कार्य जारी राख्न र घटनामा संलग्न सैनिक कर्मचारीको पहिचान गरी कानुनी कारबाही गर्न राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १७ बमोजिम नेपाल सरकारसमक्ष सिफारिस गरी पठाउने ।

**१२८. उजुरी न. ३९२**, बेपत्ता, लुम्बिनी प्रदेश शाखा कार्यालय, नेपालगञ्ज
पीडितः भीमबहादुर चौधरी, तत्कालीन पाताभार गाविस ९, वनकट्टी बर्दिया
उजुरकर्ता : रामप्यारी चौधरी, ऐऐ
उजुरीको व्यहोराः भीमबहादुर चौधरीलाई मिति २०५८/८/१९ गते आफ्नै घरबाट सुरक्षाकर्मीले नियन्त्रणमा लिई बेपत्ता पारेकोले छानबिन गरी अवस्था सार्वजनिक गरी पाऊँ ।

निर्णयः उजुरी मिसिल संलग्न अनुसन्धान प्रतिवेदनबाट निज भीमबहादुर चौधरीलाई सुरक्षाकर्मीले पक्राउ गरी बेपत्ता पारेको आधिकारिक प्रमाण प्राप्त नभए पनि निजको अवस्था अज्ञात रहेको, निज भीमबहादुरको परिवारले निजलाई बेपत्ता पारिएको भनी नेपाल सरकारबाट रु १०,००,०००/- (दश लाख रुपियाँ) राहत दिएको देखिन्छ। अतः निजको अवस्था सार्वजनिक गर्न निरन्तर खोज कार्य जारी राखी अवस्था सार्वाजनिक गर्न र बेपत्ता पार्ने कार्यमा संलग्न दोषीलाई पहिचान गरी कानुनी कारबाही गर्न राष्ट्रिय मानव अधिकार आयोग ऐन २०६८ को दफा १७ बमोजिम नेपाल सरकारसमक्ष सिफारिस गरी पठाउने ।

**१२९. उजुरी न.: १६५१**, बेपत्ता, लुम्बिनी प्रदेश शाखा कार्यालय, नेपालगञ्ज
पीडितः कालीचरण चौधरी (कालीप्रसाद थारु) तत्कालीन बानियाभार गाविस वडा नम्बर ७ बर्दिया
उजुरकर्ताः नेपाल कम्युनिष्ट पार्टी (माओवादी), जिल्ला सङ्गठन समिति, बर्दिया
उजुरीको व्यहोराः कालीचरण चौधरी (कालीप्रसाद थारु) लाई मगरागढीबाट मिति २०५८/९/५ गते सुरक्षाकर्मीले पक्राउ गरी बेपत्ता पारेकोले स्थिति पत्ता लगाइ दोषउपर कारबाही गरी पाऊँ ।

निर्णयः दर्ता हुन आएको उजुरीउपर छानबिन हुँदा सशस्त्र द्वन्द्वको अवधिमा निजलाई पक्राउ गरी बेपत्ता पारेको पुष्टि हुन आउछ । निजलाई बेपत्ता बनाएवापत राज्यको तर्फबाट निजको पीडित परिवारलाई सरकारको तर्फबाट रु. १०,००,०००/- (दश लाख रुपियाँ) राहत समेत उपलब्ध गराएको देखिन्छ । हालसम्म बेपत्ता निज थारुको अवस्था सार्वजनिक गर्ने सन्दर्भमा कुनै पहल गरेको नदेखिएको हुँदा खोजतलास कार्य निरन्तर जारी राखी अवस्था सार्वजनिक गर्न र बेपत्ता पार्ने कार्यमा संलग्न सुरक्षाकर्मीको पहिचान गरी कानुनी कारबाही गर्न राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १७ बमोजिम सिफारिस गरी पठाउने ।

**१३०. उजुरी न.: १९६२**, कुटपिट/यातना, लुम्बिनी प्रदेश शाखा कार्यालय, नेपालगञ्ज
पीडितः धम्मन सिंह जि.सी. तत्कालीन बानियाभार गाविस वडा नम्बर १, जमुनिया, बर्दिया

उजुरकर्ताः ऐऐे र वकालत मञ्च नेपाल, काठमाडौँ

उजुरीको व्यहोराः धम्मन सिंह जि.सी.लाई मिति २०५८/८/२६ गते तत्कालीन नेकपा (माओवादी) कार्यकर्ताले घरमा नै रहेको बेला कुटपिट गरी यातना दिएकोले विस्थापित भई नेपालगञ्जमा बस्न परेको हुँदा मानव अधिकार संरक्षण गरी पाऊँ ।

निर्णयः दर्ता हुन आएको उजुरीमाथि छानबिन गर्दा निजमाथि कुटपिट भएकोले आफ्नो थातथलो छोडी विस्थापित समेत भएको देखिन आयो । अनुसन्धानबाट निजको जग्गा फिर्ता भएको देखिन्छ । निजले हालसम्म क्षतिपूर्तिस्वरूप रु. ८,६००/(आठ हजार छ सयमात्र) प्राप्त गरेको र कुटपिटको कारण निजको शारीरिक अवस्था अहिले पनि अस्वस्थ्य रहेको, लामो समय उपचार गर्दा लागेको उपचार खर्चसमेत पाउन नसकेको देखिन्छ । अतः निज थम्मन सिंह जि.सी.लाई राष्ट्रिय मानव अधिकार आयोग ऐन ,२०६८ को दफा १६ बमोजिम एकमुष्ट रु.१,००,००० (एक लाख रुपियाँ) क्षतिपूर्ति दिन र दोषीको पहिचान गरी कानुनी कारबाही गर्न ऐ. ऐनको दफा १७ बमोजिम सिफारिस गरी नेपाल सरकारलाई पठाउने ।

**१३१. उजुरी न.: १४१७**, यातना, लुम्बिनी प्रदेश शाखा कार्यालय, नेपालगञ्ज
पीडितः अयुप वेडुवा, तत्कालीन रझेना गाविस ३, हाल कोहलपुर नपा ४, बाँके
उजुरकर्ताः ऐऐे
उजुरीको व्यहोराः अयुब बेडुवालाई मिति २०६०/१२/१५ गते राति आफ्नै घरबाट तत्कालीन नेकपा ( माओवादी) ले नियन्त्रणमा लिई कुटपिटपछि मऱ्यो भनी मिति २०६०/१२/१८ गते छोडेकोमा मिति २०६२/१२/८ गते नेपाल प्रहरीले पनि पक्राउ गरी यातना दिई छोडेकोले उचित क्षतिपूर्तिको लागि पहल गरी पाऊँ ।
निर्णयः आयोगमा दर्ता हुन आएको सो उजुरीउपर छानबिन गर्दा निज अयुप बेडुवालाई तत्कालीन नेकपा (माओवादी)का कार्यकर्ता विश्व थापासमेतका व्यक्तिहरूले धारिलो हतियार प्रयोग गरी मरणासन्न अवस्थामा पुऱ्याई छोडी हिँडेको देखिन आउछ । अतः प्रस्तुत घटनामा नेकपा (माओवादी) कार्यकर्ता विश्व थापा र निजबाट अन्य दोषीको समेत पहिचान गराइ कानुनी कारबाही गर्न र अनुसन्धानबाट हाल पीडित अयुप बेडुवाको मृत्युसमेत भएको देखिँदा मृतक अयुप बेडुवाका हकवाला परिवारलाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६ बमोजिम रु. ३,००,००० (तीन लाख रुपियाँ) क्षतिपूर्ति उपलब्ध गराउन ऐ. दफा १७ बमोजिम नेपाल सरकारसमक्ष सिफारिस गरी पठाउने ।

**१३२. उजुरी न. ७८१**, बेपत्ता, लुम्बिनी प्रदेश शाखा कार्यालय, नेपालगञ्ज
पीडितः रेशमबहादुर घर्ती, तत्कालीन बिजौरी गाविस ६ दोधरे हाल तुल्सीपुर उमनपा १९, दाङ
उजुरकर्ताः कलावती घर्ती, ऐऐे
उजुरीको व्यहोराः रेशमबहादुर घर्तीलाई मिति २०५९/२/१७ गते मध्यान्ह १२ बजे सुरक्षाकर्मीले पक्राउ गरी बेपत्ता बनाएकोले खोजतलास गरी स्थिति सार्वजनिक गर्न पहल गरी पाऊँ ।

निर्णयः दर्ता हुन आएको उजुरीमाथि छानबिन हुँदा निज रेशमबहादुर घर्तीलाई उल्लिखित मितिमा तुल्सीपुर दाङमा रहेको नेपाली सेनाको ब्यारेकमा पुऱ्याई सोही स्थानबाट बेपत्ता पारेको देखियो । निजलाई बेपत्ता बनाइसकेपछि नेपाल सरकारको तर्फबाट पीडित परिवारले रु. १०,००,०००/- (दश लाख रुपियाँ) राहत प्राप्त गरेको देखिन्छ । निजलाई बेपत्ता पार्ने कार्यको हकमा भने घटनामा संलग्न २०५९ साल जेठ १७ गतेसम्म तुलसीपुर दाङस्थित नेपाली सेनाको ब्यारेकमा रहेका दोषी सैनिकको पहिचान गरी कारबाही गर्ने र बेपत्ता व्यक्तिको निरन्तर खोजी गरी अवस्था सार्वजनिक गर्ने कार्य हालसम्म पनि हुन सकेको देखिँदैन । अतः दोषी पहिचान गरी कारबाही गर्न र निजको निरन्तर खोजी गरी अवस्था सार्वजनिक गर्न राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १७ बमोजिम नेपाल सरकारसमक्ष सिफारिस गरी पठाउने ।

**१३३. उजुरी न. २२२२**, क्षतिपूर्ति/बेपत्ता, लुम्बिनी प्रदेश शाखा कार्यालय, नेपालगञ्ज
पीडितः भोला यादव, गैडहवा गापा ४ मिनमिनवा, रुपन्देही
उजुरकर्ताः अनिल यादव, ऐऐ
उजुरीको व्यहोराः बर्दिया राष्ट्रिय निकुञ्ज, ठाकुरद्वार बर्दियामा गेम स्काउट पदमा कार्यरत निज भोला यादव मिति २०७५/५/२ गतेदेखि जिम्मेवारीमा रहेकै समयमा बेपत्ता भएको र सो निकुञ्जमा गई खोजतलासको लागि निवेदन दिएकोमा कारबाही नभएकोले घटनाको अनुसन्धान गरी पीडितलाई न्याय दिलाइ पाऊँ ।

निर्णयः दर्ता हुन आएको उजुरीमाथि अनुसन्धान हुँदा निज भोला यादव कार्यालयको काममा खटिएको अवस्थामा मिति २०७५/५/२ गते बबइ नदीको मूलघाट र स्रोत खोलाको बीचमा पर्ने गैंडाताल भन्ने स्थानमा पुगेकोमा रबरबोट दुर्घटना भई सोही मितिदेखि बेपत्ता भएको र सोही दिनदेखि १२ गतेसम्म खोजी कार्य निरन्तर भएको देखियो । यसका बाबजुद पनि निजको अवस्था सार्वजनिक हुन नसकेपछि प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा बैठक बसी सरकारी कामको सिलसिलामा मृत्यु भएको सरह मानी निजामती सेवा ऐन तथा नियमावली, २०५० बमोजिम निजको परिवारलाई नियमअनुसार सेवा सुविधा दिन नेपाल सरकारसमक्ष सिफारिस गर्ने निर्णय भई बर्दिया राष्ट्रिय निकुञ्ज कार्यालयबाट च.नं. २१२ मिति २०७५/५/१९ गते राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, बबरमहल काठमाडौँमा लेखी पठाएकोमा निज यादवको परिवारले आजको मितिसम्म पनि कुनै किसिमको सेवा, सुविधा पाउन सकेको देखिँदैन ।
अतः निजको परिवारले पाउने सेवा सुविधा शीघ्र उपलब्ध गराइ सो को जानकारी यस आयोगलाई समेत गराउन राष्ट्रिय मानव अधिकार आयोग ऐन २०६८ को दफा १७ बमोजिम नेपाल सरकारसमक्ष सिफारिस गरी पठाउने ।

**१३४. उजुरी न. १५३९**, यातना, लुम्बिनी प्रदेश शाखा कार्यालय, नेपालगञ्ज
पीडितः रतनसिंह चौधरी (थारु), तत्कालीन रझेना गाविस ७, हाल कोहलपुर नगरपालिका५ बाँके
उजुरकर्ताः ऐऐ
उजुरीको व्यहोराः रतन सिंह चौधरी (थारु) लाई मिति २०५८/१०/१५ गते सशस्त्र प्रहरी क्याम्प शमशेरगञ्जका सुरक्षाकर्मीहरूले कोहलपुरको भरैयाबाट पक्राउ गरी सात महिनासम्म हिरासतमा र एघार महिना जेलमा राखी यातना दिएकोले दोषीलाई कारबाही र पीडितलाई क्षतिपूर्ति दिलाई पाऊँ ।

निर्णयः दर्ता हुन आएको उजुरीमाथि गरेको अनुसन्धान प्रतिवेदनबाट निजलाई पक्राउ गरी सात महिनासम्म नियन्त्रणमा राखी यातना दिएको भनी पुष्टि भएको देखिँदा प्रस्तुत घटनामा पीडित रतनसिंह चौधरी (थारु) लाई राष्ट्रिय मानव अधिकार आयोग ऐन २०६८ को दफा १६ बमोजिम रु. १,००,०००/- (एक लाख रुपियाँ) क्षतिपूर्ति उपलब्ध गराउन र यातना दिने कार्यमा संलग्न तत्कालीन समयमा सशस्त्र प्रहरी बल बागेश्वरी गण, शमशेरगञ्ज, बाँकैका सम्बन्धित कर्मचारीको पहिचान गरी कानुनबमोजिम कारबाही गर्न नेपाल सरकारलाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १७ बमोजिम सिफारिस गरी पठाउने ।

**१३५ . उजुरी न. ५९४**, सम्पत्तिको अधिकार, लुम्बिनी प्रदेश शाखा कार्यालय, नेपालगञ्ज
पीडितः जोखे बहादुर विष्ट, तत्कालीन कोटवाडा गाविस ४, कालिकोट ।
उजुरकर्ताः ऐऐ
उजुरीको व्यहोराःजोखेबहादुर विष्टको घरमा मिति २०६०/११/५ गते तत्कालीन शाही नेपाली सेनाको टोलीले घरमा आगो लगाइ दिएकोले क्षतिपूर्ति दिलाइ पाऊँ ।

निर्णयः आयोगमा दर्ता हुन आएको उजुरी  छानबिन अनुसन्धानपछि उजुरकर्ताले उजुरीमा उल्लेख भएबमोजिम निजको बसोबास गर्ने घर नभई निजको खरक जलाइदिएको देखिन आयो । खरक जलाउने क्रममा खरकमा रहेका उपभोग्य समाग्रीसमेत जल्न पुगेको देखिँदा निजलाई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी  कारबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम २२ र २८ बमोजिम रु.४०,०००/- (चालीस हजार रुपियाँमात्र)  क्षतिपूर्ति दिन नेपाल सरकारसमक्ष सिफारिस गरी पठाउने ।

**१३६. उजुरी न. ५१७**, न्याय-प्रशासन, लुम्बिनी प्रदेश कार्यालय, बुटवल
पीडितः तेजेन्द्र बहादुर खड्का, तानसेन नपा १२, पाल्पा
उजुरकर्ताः लक्ष्मी देवी रावल, ऐऐ
उजुरीको व्यहोराः  मिति २०७१।११।२० गते निज तेजेन्द्रबहादुर खड्कालाई निजका श्रीमती र छोरा छोरी भई कर्तव्य गरी हत्या गरेको घटनामा मिति २०७१।११।२१ गते जिल्ला प्रहरी कार्यालय पाल्यामा जाहेरी दर्ता भएकोमा जाहेरीउपर कुनै कारबाही नभएकोले कारबाहीको लागि पहल गरी पाऊँ ।

निर्णयः दर्ता हुन आएको उजुरीमाथि अनुसन्धान गर्दा  जाहेरीउपरको कारबाही निष्कर्षमा पुगेको नदेखिँदा सो कारबाही निष्कर्षमा पुऱ्याइ सो को जानकारी यस आयोगलाई गराउन जिल्ला प्रहरी कार्यालय पाल्पालाई निर्देशन दिई उजुरीउपरको कारबाही टुङ्ग्याइदिने ।

**१३७. उजुरी न. ३०२**, हत्या, लुम्बिनी प्रदेश कार्यालय बुटवल
पीडितः गोकर्णराज कडैंल, तत्कालीन सूर्यपुरा गाविस ३, हाल गैडहवा गापा ६, रुपन्देही
उजुरकर्ताः सूर्यमणी कँडेल, भरतपुर नपा ६, लँकु चितवन
उजुरीको व्यहोराः नेपाली काङ्ग्रेसका कार्यकर्ता गोकर्णराज कँडेललाई मिति २०६४।११।१८ गते तराईमा सशस्त्र आन्दोलन गरिरहेको समूहबाट गोली हानी हत्या गरेकोले घटनाको छानबिन गरी पाऊँ ।

निर्णयः दर्ता हुन आएको उजुरी  सम्बन्धमा जिल्ला प्रहरी कार्यालयमा जाहेरी दर्ता भई जाहेरीउपर छानबिन अनुसन्धान हुँदा रुपन्देही जिल्ला अदालतमा सम्वत २०६४ सालको मुद्दा नं ६७-०६४-०१५०९ मा मुद्दा दर्ता भई सो अदालतबाट नि. नं. १९५ मिति २०६६।१२।४ गते पुनरावेदन अदालत बुटवलबाट मिति २०६८।२।२४ गते नि.नं. ३२४ र सर्वोच्च अदालतबाट (मुद्दा नं. ०६८-८२-०५६८) मा मिति २०७१।९।२ गते घटनामा संलग्न दोषीहरूलाई सजाय हुने गरी फैसला भइसकेको देखिँदा यसमा थप केही गरिरहनुपरेन, उजुरी तामेलीमा राखी दिने ।

**१३८. उजुरी न. १०९,** हत्या, लुम्बिनी प्रदेश कार्यालय, लुम्बिनी
पीडितः प्रकाशबहादुर घर्ती, पोखराथोक गा.वि.स ६, सिस्नेटार, अर्घाखाँची
उजुरकर्ताः छविलाल घर्ती, ऐऐ डाँडाकटेरी, अर्घाखाँची
उजुरीको व्यहोराः प्रकाशबहादुर घर्तीको मिति २०६२।११।१७ गते  नेकपा (माओवादी) र सुरक्षा फौजबीच भिडन्तमा सुरक्षा फौजले हेलिकप्टरबाट हानेको बम लागी पोखराथोक ६, डाँडाकटेरीमा मृत्यु भएको हुँदा निर्दोष मृतक परिवारलाई क्षतिपूर्तिको लागि पहल गरी पाऊँ ।

निर्णयः उजुरीमाथि आयोगको अनुसन्धान प्रतिवेदनबाट निज प्रकाश बहादुर घर्तीको उजुरीमा उल्लेख भएबमोजिम सुरक्षा फौजले खसालेको बम विष्फोट भई मृत्यु भएको र निज द्वन्द्वरत पक्ष भएको तथ्यबाट स्थापित हुन नसकेको देखिँदा यी मृतकको परिवारलाई अन्य सशस्त्र द्वन्द्वपीडित परिवारसरह परिपूरणको व्यवस्था मिलाउन राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६९८ को दफा १७ बमोजिम नेपाल सरकारसमक्ष सिफारिस गरी पठाउने ।

**१३९. उजुरी न. ३८१**, हत्या, लुम्बिनी प्रदेश कार्यालय, बुटवल
पीडितः मनिषा हरिजन, तत्कालीन मर्यादापुर गाविस ३, रुपन्देही
उजुरकर्ताः एसियाली मानव अधिकार आयोग, हङकङ

उजुरीको व्यहोराः  तत्कालीन मयार्दापुर गाविस ३, हाल कोटहीमाई गापा ३ रुपन्देही निवासी राजु हरिजनकी छोरी ८ वर्षकी मनिषा हरिजनलाई अपहरण गरी घाँटी रेटी क्रुरतापूर्वक हत्या गरी बलि दिएको जघन्य अपराधसम्बन्धी प्रकाशित तथा प्रसारित समाचारप्रति आवश्यक कारबाही गरी पाऊँ ।

निर्णयः मिसिल संलग्न आयोगबाट यस घटना सम्बन्धमा मृतकका बाबुले आयोगसमक्ष गरिदिएको लिखित कागजसमेतका तथ्यबाट निज मनिषा हरिजनको कर्तव्यबाट हत्या भई सो घटना सम्बन्धमा नेपाल प्रहरीले अनुसन्धान गरी मुद्दा रुपन्देही जिल्ला अदालतमा पेस भई हत्यामा संलग्न सोखा भन्ने श्री नेवास पाल, बलिकरण राजभर, नरेश भन्ने पूर्णबासी हरिजन,वीरेन्द्र जैसवाललाई कसुरअनुसार दुई वर्ष देखि सर्वश्वसहित जन्मकैद भएको देखिँदा त्यसतर्फ केही गरिरहन परेन । यस प्रकृतिको जघन्य अपराधको हकमा भने पीडित परिवारलाई राज्यको तर्फबाट कुनै पनि राहत तथा क्षतिपूर्ति उपलब्ध गराएको देखिएन । अतः मृतक परिवारले व्यहोर्नुपरेको मानसिक एवम् भावनात्मक पीडालाई क्षतिपूर्तिमा मुल्याङ्कन गर्न नसकिने भएता पनि राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६ बमोजिम मृतक परिवारलाई रु. तीन लाख रुपियाँसम्म क्षतिपूर्ति उपलब्ध गराउन सकिने नै हुँदा मृतक परिवारलाई रु.३,००,०००।- .तीन लाख रुपियाँ) क्षतिपूर्ति उपलब्ध गराउन भनी नेपाल सरकारसमक्ष सिफारिस गरी पठाउने ।

**१४०. उजुरी न. २९७**, स्वास्थ्य अधिकार, लुम्बिनी प्रदेश कार्यालय, बुटवल
पीडितः जमुना सारु, तत्कालीन बुटवल नपा १३, हाल बुटवल उमनपा ११ बुद्धनगर मालिकापथ, रुपन्देही ।
उजुरकर्ताः ऐऐ
उजुरीको व्यहोराः जमुना सारु मिति २०६२/१०/२६ गते स्थानीय चरुङ्गे जङ्गलमा घाँसदाउरा गर्न गएको समयमा नेकपा (माओवादी)  र सुरक्षाकर्मीबीच दोहोरी भिडन्त हुँदा गोली र बारुद लागी गम्भीर घाइते भएकोले स्वास्थ्य उपचारको लागि आवश्यक पहल गरी पाऊँ ।

निर्णयः घटना सम्बन्धमा आयोगबाट भएको अनुसन्धानबाट उजुरीमा उल्लेख भएबमोजिम स्थानीय चरुङ्गे जङ्गलमा मिति २०६२।१०।२६ गते तत्कालीन नेकपा (माओवादी) र नेपाल सरकार मातहत रहेको सुरक्षाकर्मीबीच दोहोरो भिडन्त हुँदा निज जमुना सारु गम्भीर घाइते भई निजको उपचारको क्रममा मृत्यु समेत भएको देखिन आयो । मृतक परिवारले यस सम्बन्धमा हालसम्म राहत तथा क्षतिपूर्ति प्राप्त गरेको नदेखिएको र द्वन्द्वमा असंलग्न व्यक्ति पीडित भएको देखिँदा मृतका परिवारका नजिकका हकवाललाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६ बमोजिम रु.३,००,०००।- (तीन लाख रुपियाँ) क्षतिपूर्ति उपलब्ध गराउन ऐ. दफा १७ बमोजिम नेपाल सरकारसमक्ष सिफारिस गरी पठाउने ।

**१४१ उजुरी न. ३२३**, हत्या, लुम्बिनी प्रदेश कार्यालय, बुटवल
पीडितः दरोगा थारु, बुटवल उमनपा १८, उतरपोखरा, बुटवल
उजुरकर्ताः ठगनी थारु, ऐऐ

उजुरीको व्यहोराः  दरोगा थारुलाई मिति २०५८/३/३ गते सुरक्षाकर्मीहरूले स्थानीय आमा गाविसमा गोली हानी हत्या गरेकोले क्षतिपूर्ति दिलाइ पाऊँ ।

निर्णयः आयोगको अनुसन्धानबाट उजुरीमा उल्लेख भएबमोजिमको घटना भएको यकीन भएको र नेपाल सरकारबाट मृतक परिवारलाई पटक-पटक गरी रु.१०,०००००।- (दश लाख रुपियाँ) उपलब्ध गराएको देखिँदा त्यसतर्फ केही गरिरहनुपरेन। कारबाही तर्फ भने हालसम्म केही भएको नेदेखिँदा घटनाको छानबिन गरी दोषी पहिचान गरी कारबाही गर्न राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १७ बमोजिम नेपाल सरकारसमक्ष सिफारिस गरी पठाउने ।

**१४२. उजुरी न. ५६०**, बाल अधिकार, लुम्बिनी प्रदेश कार्यालय, बुटवल
पीडितः विपीन वि.क., कञ्चन गाउँपालिका ३ झारगैरा, बुटवल
उजुरकर्ताः निर्मल वि.क. (घिमिरे) ।

उजुरीको व्यहोराः  स्थानीय श्री झारगैरा जनचाहना अङ्ग्रेजी विद्यालयका प्रमुखले (प्रिन्सिपल) ले सो विद्यालयको कक्षा १ मा अध्ययनरत बालक विपीन वि.क. लाई २०७४।४।२७ गते शारीरिक सजाय दिएको विषयमा इलाका प्रहरी कार्यालय बुटवलले कारबाही गर्न नमिल्ने भनी झुलाइ राखेकोले आवश्यक कारबाही गरी पाऊँ ।

निर्णयः उजुरीमाथि आयोगबाट भएको छानबिनबाट आरोपी विद्यालयका प्रमुख गणेश आचार्यले स्थानीय अभिभावक र प्रहरी कार्यालयको उपस्थितिमा घटनाको बारेमा क्षमा मागेको, अब उप्रान्त बाल अधिकारको उल्लङ्घन हुने गरी कुनै कार्य नगर्ने प्रतिबद्धता व्यक्त गर्दै पीडितलाई क्षतिपूर्तिसमेत उपलब्ध गराइसकेको देखिँदा थप केही गरिरहनुपरेन, उजुरी तामेलीमा राखी दिने ।

**१४३. उजुरी न. ५७८**, न्याय-प्रशासन, लुम्बिनी प्रदेश कार्यालय, बुटवल
पीडितः किताबुन निसा फकिर र समिर साह, शुद्दोधन नगरपालिका ६ बरहा, कपिलवस्तु
उजुरकर्ताः रमजान अलि, ऐऐ
उजुरीको व्यहोराः  किताबुन निसा फकिर र निजको छोरा समिर साहलाई सोही ठाउँ बस्ने स्थानीय चौधरी गद्धी तथा सिब्बड गद्धी र रौवाद्ध गद्धीले मिति २०७५।४।१५ गते कुटपिट गरी मरणासन्न बनाएको विषयमा जिल्ला प्रहरी कार्यालय कपिलवस्तुले जाहेरी लिन इन्कार गरेको हुँदा आवश्यक कारबाही गरी पाऊँ ।

निर्णयः उजुरीमाथि आयोगको अनुसन्धानबाट यस विषयमा कपिलवस्तु जिल्ला अदालतमा ०७५-PC -००५०।५३ मा दर्ता भई कारबाही भइरहेको देखिँदा केही गरिरहन परेन, उजुरी तामेलीमा राखी दिने ।

**१४४. उजुरी न. ४९१**, न्याय-प्रशासन, लुम्बिनी प्रदेश कार्यालय, बुटवल
पीडितः प्रेमचन्द्र सुनार, सत्यवती गाउँपालिका ६, हटिया, गुल्मी
उजुरकर्ताः नखुलेको
उजुरीको व्यहोराः घरायसी विवादमा पीडितको भाइको परिवारले दुःख दिएको विषयमा हेलो सरकार तथा जिविसमा उजुरी गरे पनि कुनै कारबाही नभएको हुँदा आवश्यक कारबाही गरी पाऊँ ।

निर्णयः उजुरीमाथि अनुसन्धान गर्दा समस्या समाधान भइसकेको देखिँदा थप केही गरिरहन परेन, अतः उजुरी तामेलीमा राखी दिने ।

**१४५. उजुरी न. ६७**, मृत्यु (बम विष्फोटबाट), लुम्बिनी प्रदेश कार्यालय, बुटवल
पीडितः डिलप्रसाद श्रेष्ठ, डिभर्ना लहरेबाँस सन्धिखर्क नपा १२ अर्घाखाँची
उजुरकर्ताः मधुकला श्रेष्ठ, ऐऐ
उजुरीको व्यहोराः मिति २०६२/४/१६ गते स्थानीय सातमूलमा खानेपानीको ट्याङ्कीबाट सुरक्षाकर्मीले पानी लगेको कारण नेकपा (माओवादी) ले पानीको पाइप काटिदिएको र सो पाइप बनाउने सिलसिलमा खानेपानी ट्याङ्याकी रहेको स्थलमा पुगेका निज डिलप्रसाद श्रेष्ठको तत्कालीन नेकपा .माओवादी) ले राखेको बम विष्फोट भई मृत्यु भएकोले घटनाको छानबिन गरी दोषीलाई कारबाही र पीडित परिवारलाई क्षतिपूर्ति दिलाइ पाऊँ ।

निर्णयः दर्ता हुन आएको उजुरीमाथि गरिएको अनुसन्धानबाट उजुरीमा उल्लेख भएबमोजिमको घट्ना हुन गएको देखियो । जुन तथ्यलाई आयोगको अनुसन्धान प्रतिवेदनबाट समेत पुष्टि हुन आएको छ । घटनापछि नेपाल सरकारले मृतक परिवारलाई रु. १०,००,०००।- (दश लाख रुपियाँ) क्षतिपूर्ति पनि उपलब्ध गराइसकेको देखिन्छ । तर दोषी माओवादी कार्यकर्ताको पहिचान गरी कारबाही तर्फ पहल गरेको नदेखिँदा दोषी पहिचान गरी कारबाही गर्न सिफारिस गरी पठाउने ।

**१४६. उजुरी न. ९९६**, अपहरण, लुम्बिनी प्रदेश शाखा कार्यालय, नेपालगञ्ज
पीडितः साधुराम कोरी र निजकी श्रीमती सुदामा कोरी, साविक हिरमिनियाँ गाविस २, हालः डुडुवा गापा ६, बाँके
उजुरकर्ताः ढोडे पेन्टर, नेपालगञ्ज नपा १६ बेलासपुर, बाँके
उजुरीको व्यहोराः डुडुवा गापा ६ निवासी निज साधुराम कोरी र निजकी श्रीमती सुदामा कोरीलाई मिति २०६३/५/२५ गते तत्कालीन नेकपा (माओवादी) कार्यकर्ताले नेपालगञ्जबाट अपहरण गरी लगेकोले सकुशल मुक्त गराइ पाऊँ ।

निर्णयः दर्ता भएको उजुरी मिसिल संलग्न प्रमाण कागजात अध्ययन गरी हेर्दा अपहरणमा परेका भनिएका दुवैजनालाई गोली हानेको आरोपमा प्रहरीले नियन्त्रणमा लिई दुईमध्ये श्रीमान साधुराम कोरी कारागारबाट

मुक्त भइसकेको र श्रीमती सुदामा घरमा नै रहेको भन्ने देखिँदा यसमा थप केही गरिरहनुपरेन, उजुरी तामेलीमा राखी दिने ।

**१४७. उजुरी न.१८२३**, बम बिष्फोटबाट मृत्यु, लुम्बिनी प्रदेश शाखा कार्यालय, नेपालगञ्ज
पीडितः सेतु राना, साविक काप्रेचौर वडा न. ७ हालः कालिमाटी गापा ७ सल्यान
उजुरकर्ताः कस्तुरी राना, कोहलपुर ४,
उजुरीको व्यहोराः कालीमाटी गापा ७ सल्यान निवासी वर्ष ८ का सेतु रानाको मिति २०६१।११।३ गते तत्कालीन नेकपा (माओवादी) का जनसेनाले छोडेको बम बिष्फोट भई नेपाल राष्ट्रिय निमावि, काप्रेचौर, सल्यानमा मृत्यु भएकोले घटनाको छानबिन गरी उचित क्षतिपूर्ति दिलाइ पाऊँ ।

निर्णयः उजुरीमाथि आयोगबाट भएको अनुसन्धानबाट विद्यालयमा मिति २०६१।११।२ मा पुगेका तत्कालीन नेकपा (माओवादी) का कार्यकर्ताले छोडी हिँडेको बम बिस्फोट हुँदा आठ वर्षीय बालिका सेतु रानाको मृत्यु भएको र नेपाल सरकारले रु.१०,००,०००।- (दश लाख रुपियाँ) राहतसमेत उपलब्ध गराइसकेको पनि देखियो । कारबाहीको हकमा बालबालिकाको मृत्यु हुने गरी चरम् लापरबाही गरी बम छोडी हिँड्ने तत्कालीन नेकपा (माओवादी) का कार्यकर्ताको पहिचान गरी कारबाही गर्नेतर्फ हालसम्म कुनै पहल अघि बढेको नदेखिँदा दोषी माओवादी कार्यकर्ताको पहिचान गरी कानुनी कारबाही गर्न राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १७ बमोजिम नेपाल सरकारलाई सरकारलाई सिफारिस गरी पठाउने ।

**१४८. उजुरी न. १८२४**, बम बिष्फोटबाट मृत्यु, लुम्बिनी प्रदेश शाखा कार्यालय, नेपालगञ्ज
पीडितः गणेश राना, साविक काप्रेचौर वडा न. ७, हालः कालिमाटी गापा ७, सल्यान
उजुरकर्ताः धर्मी राना, ऐऐ घर भई हाल कोहलपुर-४, सुन्दरबस्ती बाँके
उजुरीको व्यहोराः कालीमाटी गापा ७ सल्यान निवासी वर्ष ६ का गणेश रानाको मिति २०६१।११।३ गते तत्कालीन नेकपा (माओवादी) का जनसेनाले छोडेको बम विष्फोट भई नेपाल राष्ट्रिय निमावि, काप्रेचौर, सल्यानमा मृत्यु भएकोले घटनाको छानबिन गरी उचित क्षतिपूर्ति दिलाइ पाऊँ ।

निर्णयः आयोगको अध्ययन/अनुसन्धानबाट विद्यालयमा मिति २०६१।११।२ गते पुगेको तत्कालीन नेकपा ( माओवादी) का कार्यकर्ताले छोडी हिडेँको बम बिस्फोट हुँदा निज छ वर्षीय गणेश रानाको मृत्यु हुन गएको र यस तथ्यलाई स्वीकार गरी नेपाल सरकारले मृतक परिवारलाई रु. १०,००,०००।- (दश लाख रुपियाँ) राहतसमेत उपलब्ध गराएको पनि देखियो । कारबाहीको हकमा बालबालिकाको मृत्यु हुने गरी चरम् लापरबाही गरी बम छोडी हिँड्ने तत्कालीन नेकपा (माओवादी) का कार्यकर्ताको पहिचान गरी कारबाही गर्नेतर्फ हालसम्म कुनै पहल अघि बढेको नदेखिँदा दोषी माओवादी कार्यकर्ताको पहिचान गरी कानुनी कारबाही गर्न राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १७ बमोजिम नेपाल सरकारलाई सिफारिस गरी पठाउने ।

**१४९. उजुरी न. १६७**, अपहरण, लुम्बिनी प्रदेश शाखा कार्यालय, नेपालगञ्ज
पीडितः लाल बहादुर डाँगी, साविक कचनापुर गाविस १ हालः  राप्ती सोनारी गापा २, बाँके
उजुरकर्ताः प्रेम प्रकाश डाँगी र तीर्थराज डि.सी. ऐऐ
उजुरीको व्यहोराः राप्ति सोनारी गापा २ बाँके निवासी लालबहादुर डाँगीलाई मिति २०६०/६/२ गते राती तत्कालीन नेकपा (माओवादी) को समूहले अपहरण गरी अगैयामा रहेको पसल लुटपाटसमेत गरेको हुँदा जीवन रक्षा साथै क्षतिपूर्ति दिलइभराइ पाऊँ ।

निर्णयः दर्ता हुन आएको उजुरीमाथि अनुसन्धान हुँदा निज लालबहादुरलाई तत्कालीन नेकपा (माओवादी) का स्थानीय वैजापुर गाविसका जनसरकार प्रमुख मुक्ति चौधरीसमेत भई अपहरण गरी लगेको हालसम्म पनि अवस्था अज्ञात रहेको र यस प्रकृतिको गम्भीर मानव अधिकार उल्लङ्घनको घटनामा राज्यले तत्काल घटनाको छानबिन गरी दोषीउपर कारबाही गर्नुपर्नेमा राहत उपलब्ध गराउने बाहेक अन्य कुनै पनि पहल गरेको देखिएन । अतः निजलाई अपहरण गरी बेपत्ता पार्ने कार्यमा संलग्न नाम खुल्न आएका माओवादी कार्यकर्ता मुक्ति चौधरीको मृत्यु भइसकेको देखिँदा निजको हकमा केही गरिरहनुपर्ने देखिएन । अन्य संलग्न माओवादी कार्यकर्ताको पहिचान गरी कारबाही गर्न र हालसम्म अवस्था अज्ञात रहेको निज लालबहादुर डाँगीको अवस्था सार्वजनिक गर्न तत्काल कारबाही अघि बढाउन भनी राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १७ बमोजिम नेपाल सरकारसमक्ष सिफारिस गरी पठाउने ।

**१५०. उजुरी न. १८०४**, हत्या, लुम्बिनी प्रदेश शाखा कार्यालय, नेपालगञ्ज
पीडितः अनिल दहित, साविक मानपुर टपरा वडा न. ९ श्रीपुर, हालः  राजापुर नपा १० बर्दिया
उजुरकर्ताः लहिया दहित, ऐऐ
उजुरीको विवरण : राजापुर नपा १० श्रीपुर बर्दिया निवासी निज अनिल दहितलाई मिति २०५९/९/१४ गते बर्दिया जिल्ला खैरी चन्दनपुरको आनन्दनगरबाट संयुक्त सुरक्षाफौजले गोली चलाइ हत्या गरेकोले छानबिन गरी पाऊँ ।

निर्णयः घट्ना सम्बन्धमा आयोगबाट भएको अनुसन्धानबाट द्वन्द्वमा निज अनिल दहितको हत्या भएको, नेपाल सरकारले रु.५,००,०००।–(पाँचलाख) राहत उपलब्ध गराएको तर कानुनी कारबाही गर्ने तर्फ कुनै कदम चालेको देखिएन । अतः प्रस्तुत घटनामा दोषी सैनिकको पहिचान गरी कारबाही गर्न राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १७ बमोजिम नेपाल सरकारसमक्ष सिफारिस गरी पठाउने ।

**१५१. उजुरी न. १७८७**, हत्या, लुम्बिनी प्रदेश शाखा कार्यालय, नेपालगञ्ज
पीडितः मनिषा थारु, साविक दौलतपुर–६ हाल राजापुर नपा १, बर्दिया
उजुरकर्ताः मनतुनी थरुनी
उजुरीको व्यहोराः राजापुर नपा १ बर्दिया निवासी निज मनिषा थारुलाई मिति २०६०/८/८ गते ऐ.जिल्लाको पाता भारबाट पक्राउ गरी हत्या गरेकोले घटनाको छानबिन गरी पाऊँ ।

निर्णयः घट्ना सम्बन्धमा आयोगबाट भएको अनुसन्धानबाट निज मनिषा थारुलाई तत्कालीन सुरक्षा वेश क्याम्प मानपुरटपराबाट खटिएको सुरक्षाकर्मीको टोलीले उजुरीमा उल्लेख भएको मितिमा नभई मिति २०५९/९/२८ गते बर्दियाको गेरुवा पताभार स्थित एक जना थारुको घरबाट पक्राउ गरी हातमा पछाडी डोरीले बाँधी गोलास्थित डोङपुरस्थित प्रधान भन्ने व्यक्तिको जग्गामा पुऱ्याएर हत्या गरेको देखिन आयो । सशस्त्र द्वन्द्वको क्रममा निजको मृत्यु भएको भनी नेपाल सरकारले मृतक परिवारलाई रु.१०,००,०००।– (दश लाख रुपियाँ) राहत उपलब्ध गराए पनि गैरकानुनी कार्यमा संलग्नलाई प्रचलित कानुनबमोजिम कारबाही गर्ने तर्फ कुनै प्रयास नै नगरी निज मनिषा थारुको हत्या गर्ने सुरक्षाकर्मीको पहिचान गर्ने तर्फ कुनै पहल भएको नदेखिँदा मिति २०५९/९/२८ गते सम्म तत्कालीन सुरक्षा वेश क्याम्प मानपुरटपरा बर्दियामा कार्यरत सुरक्षाकर्मीहरूको पहिचान गरी आवश्यक कारबाही गर्न राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १७ बमोजिम नेपाल सरकारसमक्ष सिफारिस गरी पठाउने ।

**१५२. उजुरी न.१७८२**, हत्या, लुम्बिनी प्रदेश शाखा कार्यालय, नेपालगञ्ज
पीडितः भक्तबहादुर क्षेत्री, साविक मानपुरटपरा गाविस५, हालः राजापुर नपा ८ बर्दिया
उजुरकर्ताः सरस्वती क्षेत्री, ऐऐ
उजुरीको व्यहोराः साविक मानपुर टपरा ५, हाल हालः  राजापुर नपा ८, बर्दिया निवासी भक्तबहादुर क्षेत्रीलाई सुराकी गरेको आरोपमा तत्कालीन नेकपा (माओवादी) ले मिति २०५९/८/२६ गते हत्या गरेकोले घटनाको छानबिन गरी राहतसमेत दिलाइभराइ पाऊँ ।

निर्णयः घट्ना सम्बन्धमा आयोगबाट भएको अनुसन्धान प्रतिवेदनसमेतबाट निज भक्तबहादुर क्षेत्रीको मिति २०५९/८/२६ गते तत्कालीन नेकपा (माओवादी) का कार्यकर्ताहरूले कुटपिट गरी लागेको चोटबाट सोही दिन मृत्यु भएको देखियो । अतः प्रस्तुत घटनाका मृतक परिवारले रु.१०,००,०००।–(दश लाख रुपियाँ) राहत प्राप्त गरिसकेको तर घटना भएकै मितिमा मृतकका छोरा अमृत क्षेत्रीले जिल्ला प्रहरी कार्यालय बर्दियामा दिएको जाहेरीउपरको कानुनी कारबाही अघि बढ्न सकेको नदेखिँदा घटनामा संलग्न नेकपा ( माओवादी) कार्यकर्ताहरूको पहिचान गरी छानबिन अनुसन्धान गर्न राष्ट्रिय मानव अधिकार आयोगको ऐन, २०६८ को दफा १७ बमोजिम नेपाल सरकारसमक्ष सिफारिस गरी पठाउने ।

**१५३. उजुरी न. २८**, हत्या, लुम्बिनी प्रदेश कार्यालय, बुटवल, रुपन्देही
पीडितः जितमान राना, हंसपुर गाविस ६, हालः  मालारानी गापा ६, अर्घाखाँची
उजुरकर्ता:: धनमाया राना
उजुरीको व्यहोराः मालारानी गापा ६ अर्घाखाँची निवासी जीतमान रानालाई मिति २०६१।१।२७ गते तत्कालीन नेकपा (माओवादी) का कायकर्ताहरूले अपहरण गरी त्यसको १४ दिनपछि हत्या गरेकोले घटनाको छानबिन गरी क्षतिपूर्तिसमेत दिलाइ पाऊँ ।

निर्णयः घट्ना सम्बन्धमा आयोगबाट भएको अनुसन्धानबाट निज जीतमान रानालाई ततकालीन  नेकपा (माओवादी) ले नियन्त्रणमा लिई हत्या गरी जेनेभा महासन्धि २०४९ को साझा धारा ३ को उल्लङ्घन गरेको देखियो । प्रस्तुत घटनाका पीडितले नेपाल सरकारबाट रु.१०,०००००।- (दशलाख रुपियाँ) राहत रकम प्राप्त गरी सकेको देखिँदा त्यसतर्फ हाललाई केही गरिरहन परेन तर निर्दोष व्यक्तिलाई नियन्त्रणमा लिई हत्या गर्ने कार्यमा संलग्न  नेकपा (माओवादी)का कार्यकर्ताको पहिचान गरी कारबाही गर्ने तर्फ हालसम्म कुनै पहल भएको नदेखिँदा घटनाको बारेमा छानबिन गरी दोषीमाथि कानुनी कारबाही गर्न राष्ट्रिय मानव अधिकार आयोग ऐन २०६८ को दफा १७ बमोजिम सरकारलाई सिफारिस गरी पठाउने ।

**१५४. उजुरी न. २९**, विस्थापित, लुम्बिनी प्रदेश कार्यालय, बुटवल,
पीडित/उजुरकर्ताः: दुर्गा भुषाल, बागी गाविस २, हालः सन्धिखर्क नपा १०, अर्घाखाँची
उजुरीको व्यहोराः  सन्धिखर्क नपा १० निवासी शिक्षक दुर्गा भुषाललाई मिति २०६१।७।२० गते निजको घरमा पुगेका नेकपा (माओवादी)का कार्यकर्ताले घरमा ताला लगाइ जग्गाजमिनसमेत कब्जा गरी परिवारलाई पनि घरबाट निकाली विस्थापित गराएको हुँदा आवश्यक कारबाहीको पहल गरी पाऊँ ।

निर्णयः प्रस्तुत उजुरी  मिसिल अध्ययन गरी हेर्दा पीडितको निवेदनको मुख्य मागदाबी पुरा भइसकेको र उजुरीमा उल्लेख भएबमोजिमको अवस्था रहेको नदेखिँदा थप केही गरिरहनुपरेन, उजुरी तामेलीमा राखी दिने ।

**१५५. उजुरी न. ६०२**, यातना, धम्की, विस्थापित लुम्बिनी प्रदेश कार्यालय, बुटवल, रुपन्देही
पीडित/उजुरकर्ताः: हिमबहादुर भाट, सन्धिखर्क नपा १०, अर्घाखाँची
उजुरीको व्यहोराः सन्धिखर्क नपा १० घर भई बुटवल नपा ११ बस्ने हिमबहादुर भाटलाई मिति २०७६।१।७ गते आफन्तहरूको उक्साहटमा जिल्ला प्रहरी कार्यालय अर्घाखाँचीका प्रहरीले पक्राउ गरी डरत्रास र धम्कीसहित यातना दिई जागिरबाट विस्थापित गराइएको हुँदा कारबाहीको लागि आवश्यक पहल गरी पाऊँ ।

निर्णयः उजुरीउपर कारबाही हुँदा मिसिल संलग्न प्रमाण कागजातबाट निजले उजुरीमा उल्लेख गरेबमोजिमको तथ्य र घटना भएको पुष्टी हुन सकेन । अतः प्रमाण अभावमा प्रस्तुत उजुरी तामेलीमा राखी दिने ।

**१५६. उजुरी न. १८३८**, यातना, लुम्बिनी प्रदेश कार्यालय, बुटवल, रुपन्देही
पीडित/उजुरकर्ताः: नन्दकिशोर हरिजन, मसिना गाविस ९, हालः लुम्बिनी सांस्कृतिक नपा ११, रुपन्देही
उजुरीको व्यहोराः लुम्बिनी सांस्कृतिक नपा ११ निवासी निज नन्दकिशोर हरिजनलाई मिति २०६२।९।१५ गते नेकपा (माओवादी) का कार्यकर्ताले अपहरण गरी शारीरिक तथा मानसिक यातना दिएकोले कारबाही गरी पाऊँ ।

निर्णयः उजुरी  आजको बैठकसमक्ष पेस हुँदा मिसिल संलग्न तथ्य प्रमाणबाट उजुरकर्ताको मागदाबी पुष्टी हुन सकेको देखिएन । अतः प्रमाण अभावमा प्रस्तुत उजुरी तामेलीमा राख्ने ठहर्छ, तामेलीमा राखिदिनु ।

**१५७. उजुरी न. ४६५**, यातना, लुम्बिनी प्रदेश कार्यालय बुटवल
पीडित/उजुरकर्ताः रामबहादुर चाई, आमा गाविस १, हालः , लुम्बिनी सांस्कृतिक नपा १२, रुपन्देही
उजुरीको व्यहोराः लुम्बिनी सांस्कृतिक नपा १२, रुपन्देही निवासी निज रामबहादुर चाईलाई इलाका प्रहरी कार्यालय लुम्बिनी प्रहरीले पटक-पटक पक्राउ गरी हिरासतमा राखी यातना दिएको तथा १०८ घण्टासम्म पक्राउ पूर्जी नदिई हिरासतमा राखेको हुँदा आवश्यक कारबाही गरी पाऊँ ।

निर्णयः घट्ना सम्बन्धमा आयोगबाट भएको अनुसन्धानबाट पीडितले यातनासम्बन्धी मुद्दा रुपन्देही जिल्ला अदालतमा दायर गरेकोमा सो अदालतले निजको विपक्षमा फैसला भएको भनी दिएको बयान व्यहोरा र अन्य प्रमाणबाट पनि निजलाई यातना दिएको पुष्टी हुन सकेन । अतः उजुरी तामेलीमा राखी दिने ।

**१५८. उजुरी न. ३० र ३१**, यातना, लुम्बिनी प्रदेश कार्यालय, बुटवल
पीडित/उजुरकर्ता : साङ्गल घर्तीमगर शिवगढी गाविस १ र बुद्धिसागर बेलवासे, सुवर्णखाल गाविस १, हालः वाणगङ्गा नपा १, कपिलवस्तु
माथि उल्लिखित उजुरी न. ३१, वाणगंगा नपा १, कपिलवस्तुका बुद्धिसागर बेलवासे, र उजुरी न. ३०, वाणगंगा नपा १, कपिलवस्तुका साङ्गल घर्तीमगरलाई डाका चोरी मुद्दामा पक्राउ गरी कारागार कार्यालय तम्घास गुल्मीमा राखी यातना दिएकोले छानबिन गरी क्षतिपूर्ति दिलाइ पाऊँ ।

निर्णयः  दर्ता हुन आएका उजुरी हरू उपर कारबाही हुँदा मिसिल संलग्न प्रमाण कागजातको आधारमा उजुरीमा उल्लेख भएबमोजिमको तथ्य स्थापित हुन सकेको देखिएन । अतः प्रस्तुत उजुरीहरू हाललाई तामेलीमा राखी दिने ।

**१५९. उजुरी न. २०८**, न्याय-प्रशासन, लुम्बिनी प्रदेश कार्यालय, बुटवल
पीडित/उजुरकर्ताः शिववहादुर थापा, पटना गाविस ५, भावपुर, हालः वाणगङ्गा नपा १०, कपिलवस्तु निवासी निज शिवबहादुर थापाको स्वामित्वमा रहेको जग्गा नेकपा (माओवादी) ले वि.सं. २०५४ र २०५६ सालबाट कब्जा गरी विस्थापित गराएकोमा सो विषयमा जिल्ला प्रशासन कार्यालय कपिलवस्तुमा निवेदन गरेकोमा कुनै निर्णय नगरेको हुँदा न्याय पाऊँ ।

निर्णयः दर्ता हुन आएको उजुरी  झुठा भएको भनी आयोगको अनुसन्धान प्रतिवेदनको निष्कर्षबाट खुल्न आएको देखिँदा यसमा थप केही गरिरहनुपरेन, उजुरी तामेलीमा राखी दिने ।

**१६०. उजुरी न. ५५०**, बेपत्ता, लुम्बिनी प्रदेश कार्यालय, बुटवल
पीडितः बमबहादुर आले, देवदह नपा ३, सिमहराना, रुपन्देही
उजुरकर्ताः भीमबहादुर आले ऐऐ
उजुरीको व्यहोराः देवदह नपा ३, सिमहराना रुपन्देही निवासी बमबहादुर आलेलाई मिति २०७३।९।३ गते राती इलाका प्रहरी कार्यालय बुटवल प्रहरीले पक्राउ गरी भेटघाट गर्न नदिई बेपत्ता बनाइ राखेकोले निजको अवस्था सार्वजनिक गरी पाऊँ ।

निर्णयः प्रस्तुत उजुरीउपर आयोगबाट कारबाही हुँदा आयोगको पहलपछि निजको अवस्था सार्वजनिक भई आफन्तसँग भेटघाट गर्न पाएको र आफू रिहा भई शान्तिपूर्वक जीवनयापन गरिरहेको छु भनी पीडित स्वयम्ले आयोगसमक्ष लिखित जानकारी गराएको देखिँदा थप केही गरिरहन परेन, प्रस्तुत उजुरी तामेलीमा राखी दिने ।

**१६१. उजुरी न. २३१**, न्याय-प्रशासन, लुम्बिनी प्रदेश कार्यालय, बुटवल
पीडित/उजुरकर्ताः तेजबहादुर बुढाथोकी मगर, बुटवल नपा १२ रामनगर, रुपन्देही
उजुरीको व्यहोराः बुटवल नपा १२ रामनगर निवासी तेजबहादुर बुढाथोकीको अंश मुद्दामा निजका प्रतिवादीले माओवादीलाई पनि निवेदन दिई मिलापत्र गर्न दबाब दिएको हुँदा दबाबाट मुक्त गरी पाऊँ ।

निर्णयः दर्ता हुन आएको उजुरीउपर कारबाही हुँदा नेकपा (माओवादी) का पार्टी सचिवसँग सो घटनाको बारेमा बुझ्दा दबाब दिएको नभई कागजात लिएर आउनुसम्म भनेको भनी आयोगको कार्यालयलाई जानकारी गराएको र उजुरीको प्रकृति हेर्दा यस आयोगको क्षेत्राधिकारभित्रको पनि नदेखिँदा प्रस्तुत उजुरीउपर थप केही गरिरहनुपरेन, उजुरी खारेज गरी दिने ।

**१६२. उजुरी न. १६४९**, बेपत्ता, लुम्बिनी प्रदेश शाखा कार्यालय, नेपालगञ्ज
पीडितः पुन्नी भन्ने पूर्णिमा थारु, बानियाभार गाविस ९, हालः बारबर्दिया नपा ३, बर्दिया
उजुरकर्ताः नेपाल कम्युनिष्ट पार्टी (माओवादी), जिल्ला सङ्गठन कमिटी, बर्दिया
उजुरीको व्यहोराः मिति २०५९/२/४ गते बारबर्दिया नगरपालिका३ निवासी निज पुन्नी भन्ने पूर्णिमा थारुलाई नेपाली सेनाले पक्राउ गरी बेपत्ता पारेकोले वास्तविक अवस्था सार्वजनिक गरी पाऊँ ।

निर्णयः उजुरीउपर आयोगको अनुसन्धानबाट पूर्णिमा थारु मिति २०५९/२/४ गते बर्दिया जिल्लाको मोहम्मदपुर गाविसको दुधास्थित एक मिलमा पुगेको समयमा निजलाई जिल्ला सदरमुकाम गुलेरियाबाट खटिएका सादा पोशाकका सुरक्षाकर्मीले पक्राउ गरी प्रहरीको गाडीमा राखेर लगेको र त्यसपछि हालसम्म पनि अज्ञात रहेको देखिन्छ । अतः निजको अवस्था सार्वजनिक गर्नको लागि खोजी कार्य जारी राख्ने र घटनामा दोषी सुरक्षाकर्मीको पहिचान गरी कारबाही गर्न राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को

दफा १७ बमोजिम नेपाल सरकारसमक्ष लेखी पठाउने र पीडित परिवारले सरकारबाट राहत तथा क्षतिपूर्ति प्राप्त गरेको देखिँदा यसतर्फ भने केही गरिरहनुपरेन ।

**१६३. उजुरी न. १२९८**, हत्या, लुम्बिनी प्रदेश शाखा कार्यालय, नेपालगञ्ज
पीडितः निम प्रसाद शर्मा, चुँजा गाविस ५, चुँजार्खक हालः मल्लरानी गापा २, चुँजाखर्क, प्यूठान
उजुरकर्ताः सुमन्त पौडेल, ऐऐ
उजुरीको व्यहोराः मल्लरानी गापा २ चुँजाखर्क प्यूठान निवासी निमप्रसाद शर्मालाई मिति २०५८/१०/९ गते जिल्ला सदरमुकामस्थित नेपाली सेनाको चण्डीप्रसाद गुल्मबाट खटिएको टोलीले हत्या गरेकोले आवश्यक छानबिन गरी दोषीलाई कारबाही र पीडितलाई क्षतिपूर्ति दिलाइ पाऊँ ।

निर्णयः दर्ता हुन आएको उजुरीउपर अनुसन्धानबाट चण्डीप्रसाद गुल्म (हाल चण्डीप्रसाद गण) बाट खटिएका शाही नेपाली सेनाका सुरक्षाकर्मीले पक्राउ गरी नियन्त्रणमा लिई हत्या गरेको देखिन आयो । अतः प्रस्तुत घटनामा संलग्न नेपाली सेना चण्डीप्रसाद गणका सैनिकहरूको पहिचान गरी कानुनी कारबाही गर्न राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १७ बमोजिम नेपाल सरकारसमक्ष सिफारिस गरी पठाउने र क्षतिपूर्तितर्फ मृतक परिवारले नेपाल सरकारबाट रु. १० लाख प्राप्त गरिसकेको देखिँदा थप केही गरिरहनुपरेन ।

**१६४. उजुरी न. ८८३/१९०२**, बेपत्ता, लुम्बिनी प्रदेश शाखा कार्यालय, नेपालगञ्ज
पीडितः खिमलाल गैरे, पवननगर गापा ४ झमके, हालः तुलसीपुर उमनपा १, दाङ
उजुरकर्ताः गोमा कँडेल, शान्तिनगर ३, पातेटाकुरा, दाङ र खेमकान्त भुषाल, पवननगर गाविस ८, झमके
उजुरीको व्यहोराः तुलसीपुर उमनपा १ झमके दाङ निवासी निज खिमलाल गैरेलाई मिति २०५९/८/३ गते सुरक्षाकर्मी (नेपाली सेना, १९ नं. बाहिनी, तुल्सीपुर, दाङ) ले पक्राउ गरी बेपत्ता बनाएकोले अवस्था सार्वजनिक गरी पाऊँ ।

निर्णयः घटनाको सम्बन्धमा आयोगले गरेको अनुसन्धानबाट निज खिमलाल गैरेको अवस्था हालसम्म अज्ञात रहेको देखियो । अतः निजको अवस्था यकीन गर्न निजको खोजी कार्य जारी राखी बेपत्ता बनाउने कार्यमा जिम्मेवार सुरक्षाकर्मीको पहिचान गरी कारबाही गर्न राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १७ बमोजिम नेपाल सरकारसमक्ष सिफारिस गरी पठाउने ।

**१६५. उजुरी न. २०४२ (क)**, कुटपिट/बाल अधिकार, लुम्बिनी प्रदेश शाखा कार्यालय, नेपालगञ्ज
पीडित /उजुरकर्ताः रसियाली बुढा, घोराही नपा ४, दाङ
उजुरीको व्यहोराः मनकामना इङलिस बोर्डिङ स्कुल, घोराही दाङमा कक्षा ७ मा अध्ययनरत वर्ष १२ की रसियाली बुढालाई शिक्षकले मिति २०७१/३/१८ गते कुटपिट गरी आँखामा चोट लागेकोले बाल अधिकारको संरक्षण गरी पाऊँ ।

निर्णयः उजुरीउपर कारबाही हुँदा यसै विषयमा दाङ जिल्ला अदालतमा पनि मुद्दा दर्ता भई सो अदालतको आदेशले पीडकलाई जरिवाना र पीडितलाई घाउजाँच खर्चसहित क्षतिपूर्ति भराउने आदेश मिति २०७६/३/१२ गते भइसकेको देखिँदा यसमा थप केही गरिरहनुपरेन, उजुरी तामेलीमा राखी दिने ।

**१६६. उजुरी न. २०३७**, कुटपिट, लुम्बिनी प्रदेश शाखा कार्यालय, नेपालगञ्ज
पीडित/उजुरकर्ताः झुपबहादुर विष्ट, कञ्चनपुर गाविस ७, हालः राप्ती सोनारी गापा २, बाँके
उजुरीको व्यहोराः मिति २०७०/४/१ गते साँझ बाँके जिल्लाको अगैयामा नाचगान हेरिरहेको अवस्थामा झुपबहादुर विष्टलाई अगैया प्रहरी चौकीका प्रहरीले पक्राउ गरी यातना दिएको हुँदा कारबाही गरी पाऊँ ।
निर्णयः उजुरीउपर आयोगबाट कारबाही हुँदा यसै विषयमा बाँके जिल्ला अदालतमा यातनासम्बन्धी मुद्दा दर्ता भई सो अदालतबाट मिति २०७१/१०/१८ गते पीडितको पक्षमा रु.१,००,०००/- (एक लाखमात्र) क्षतिपूर्ति दिने र संलग्न प्रहरीलाई विभागीय कारबाही गर्ने गरी फैसला भई सो फैसला मिति २०७३/८/२० गतेको उच्च अदालत तुलसीपुर नेपालगञ्ज इजलासबाट पनि सदर भएको देखिँदा थप केही गरिरहनुपरेन, उजुरी तामेलीमा राखी दिने ।

**१६७. उजुरी न. १६१८**, बेपत्ता, लुम्बिनी प्रदेश शाखा कार्यालय, नेपालगञ्ज
पीडितः रजनीकुमारी थारु, सूर्य पटुवा गाविस ४, हालः मधुवन नपा १, बर्दिया
उजुरकर्ताः नेपाल कम्युनिष्ट पार्टी (माओवादी), जिल्ला सङ्गठन समिति, बर्दिया
उजुरीको व्यहोराः मधुवन नपा १ बर्दिया निवासी निज रजनी कुमारी थारुलाई मिति २०५९/१/४ गते घरबाट नेपाली सेनाले पक्राउ गरी बेपत्ता पारेकोले अवस्था सार्वजनिक गरी पाऊँ ।

निर्णयः उजुरीमाथि आयोगले गरेको अनुसन्धानबाट निज रजनीकुमारी थारुलाई मिति २०५९/१/४ गते नेपाली सेना सिद्धिबक्स गण ठाकुरद्वार बर्दियाबाट खटिएका सैनिकहरूले पक्राउ गरी हालसम्म अवस्था अज्ञात बनाएको देखियो । अतः निजलाई बेपत्ता पार्ने कार्यमा संलग्न सिद्धिबक्स गणका दोषी सैनिकहरूको पहिचान गरी कारबाही गर्न नेपाल सरकारसमक्ष सिफारिस गरी पठाउने । क्षतिपूर्तितर्फ पीडित परिवारले प्राप्त गरिसकेको भनी मिसिल संलग्न कागजातबाट देखिँदा केही गरिरहनुपरेन ।

**१६८. उजुरी न. ८३१/३८८२**, एम्बुसमा परी मृत्यु, लुम्बिनी प्रदेश शाखा कार्यालय, नेपालगञ्ज
पीडितः अमरराज घर्ती, वासुदेवपुर गाविस १, आलानगर, हालः नेपालगञ्ज उपनपा १९, बाँके
उजुरकर्ताः दलबहादुर घर्ती, ऐऐ
उजुरीको व्यहोराः अमरराज घर्ती मिति २०६०/३/१२ गते बिहान नेपाली सेनाले तारबार गरेको खतरा चेतावनीयुक्त सूचना रहेको क्षेत्रमा प्रवेश गरी जङ्गली च्याउ टिप्न जाँदा बम विष्फोट भई मृत्यु भएको हुँदा आवश्यक कारबाही गरी पाऊँ ।

निर्णयः दर्ता भएको उजुरीउपर कारबाही हुँदा पीडित खतराको चिन्ह हुँदाहुँदै खतराजन्य क्षेत्रमा प्रवेश गरेको, विष्फोट भई निज घाइते भएपछि नेपाली सेनाले निजलाई आफ्नै सवारी साधनमा राखी उपचार गर्न लगेको, उपचार खर्च पनि सेनाले व्यहोरेको र क्षतिपूर्तिवापत मृतक परिवारले रु. १०,००,०००/- ( दश लाख रुपियाँ) पनि प्राप्त गरिसकेको तथ्य मिसिल संलग्न देखिँदा थप केही गरिरहनुपरेन, उजुरी तामेलीमा राखी दिने ।

**१६९. उजुरी न. १८६७**, गैरकानुनी थुना, लुम्बिनी प्रदेश शाखा कार्यालय, नेपालगञ्ज
पीडितहरू : तिलकराम चौधरी राप्तीसोनारी गापा ५, टीकाराम गिरी, ऐऐ, मणिराम चौधरी, ऐऐ, शेरबहादुर ओली, ऐऐ, प्रकाश पुन, ऐऐ, प्रशान्त थारु ऐ. वडा न. ४ र देशुराम चौधरी उरहरी गाविस८, दाङ
उजुरकर्ताः एसियाली मानव अधिकार आयोग, हङकङ
उजुरीको व्यहोराः माथि उल्लिखित व्यक्तिहरू तिलकराम चौधरी, टीकाराम गिरी, मणिराम चौधरी, शेरबहादुर ओली, प्रकाश पुन, प्रशान्त थारु र देशुराम चौधरीलाई गैरकानुनी रूपमा पुनः पक्राउ गरी नेपाली सेनाको इमामनगर ब्यारेक, बाँकेमा राखिएको हुँदा आवश्यक कारबाही गरी पाऊँ ।

निर्णयः उजुरीउपर कारबाही हुँदा निजहरू सबैले न्यूनतम क्षतिपूर्ति रकम प्राप्त गरी हाल सकुशल र स्वतन्त्रपूर्वक आ-आफ्नो घर परिवारमा जीवन बिताइरहेको भन्ने देखिँदा यसमा थप केही गरिरहनुपरेन, उजुरी तामेलीमा राखी दिने ।

**१७०. उजुरी न. १६१६ र १६३०**, बेपत्ता, लुम्बिनी प्रदेश शाखा कार्यालय, नेपालगञ्ज
पीडितः टेकनाथ योगी, सूर्यपटुवा गाविस ४, हालः मधुवन नपा १ डल्ला, बर्दिया र साकुराम थारु, ठाकुरद्वारा गाविस७, हालः ठाकूरबाबा नपा ९, बर्दिया
उजुरकर्ताः नेपाल कम्युनिष्ट पार्टी(माओवादी), जिल्ला समन्वय समिति, बर्दिया
उजुरीको व्यहोराः माथि उल्लिखित साकुराम थारु र टेकनाथ योगीलाई मिति २०५६/८/६ गते सुरक्षाकर्मीले पक्राउ गरी बेपत्ता पारेकोले खोजतलास गरी अवस्था सार्वजनिक गरी पाऊँ ।

निर्णयः उजुरीउपर आयोगले गरेको अनुसन्धानसमेतका आधारमा ठाकुरबाबा नगरपालिका ९ का साकुराम थारुलाई जिल्ला प्रहरी कार्यालय बर्दिया, इलाका प्रहरी कार्यालय भुरीगाउँ बर्दिया र इलाका प्रहरी कार्यालय सूर्यपटुवामा कार्यरत प्रहरीको समेत संलग्नतामा बेपत्ता पारी अझैसम्म अवस्था अज्ञात रहेको तथा मधुवन नपा १, डल्ला बर्दियाका टेकनाथ योगीलाई पनि सोही कार्यालयहरूमा तत्कालीन समयमा कार्यरत प्रहरी कर्मचारीबाट नियन्त्रणमा लिई हत्या गरेको भन्ने देखिन आयो । अतः उल्लिखित कार्यालयहरूमा तत्काल कार्यरत दोषी प्रहरी कर्मचारीहरूको पहिचान गरी कानुनबमोजिम कारबाही गर्न नेपाल सरकारसमक्ष

सिफारिस गरी पठाउने र मृतक र बेपत्ता परिवारले राहत तथा क्षतिपूर्ति प्राप्त गरेको तथ्य मिसिल संलग्न प्रमाण कागजातबाट देखिँदा त्यसतर्फ केही गरिरहनुपरेन ।

**१७१. उजुरी न. १४२४ र १८११**, हत्या, लुम्बिनी प्रदेश शाखा कार्यालय, नेपालगञ्ज
पीडितः भोजबहादुर कार्की र टोपबहादुर कार्की, साविक मानपुरटपरा गाविस ३, हालः राजापुर नगरपालिका, बर्दिया
उजुरकर्ताः घनश्याम कार्की, ऐऐ
उजुरीको व्यहोरा : हत्या गरिएकोले कारबाही गरी पाऊँ ।

निर्णयः प्रस्तुत उजुरीमाथि कारबाही हुँदा सो सम्बन्धमा आयोगबाट मिति २०६७/४/३० गतेको बैठकबाट निर्णय भइसकेको र आयोगको सिफारिस कार्यान्वयन अवस्थासम्बन्धी २० वर्षे (२०५७-२०७७) को प्रतिवेदनको क्र.स. ४०९ मा सो सम्बन्धी व्यहोरा प्रकाशितसमेत भइसकेको देखिँदा केही गरिरहनुपरेन, दुवै उजुरीको लगतकट्टा गरिदिनु ।

**१७२. उजुरी न. १७१२**, यातना, लुम्बिनी प्रदेश शाखा कार्यालय, नेपालगञ्ज
पीडितः देवबहादुर डि.सी, कोरबाङ झिम्के गाविस ४ घर भई महादेवपुरी गाविस ८, बाँके
उजुरकर्ताः ऐऐ
उजुरीको व्यहोराः यातना दिएको हुँदा कारबाहीको लागि पहल गरी पाऊँ ।

निर्णयः प्रस्तुत उजुरीमा उल्लेख भएको घटना मिति २०५२/११/१४ गते भनी उल्लेख भएको तर यस आयोगबाट मिति २०६५/२/३० गते उजुरी न. ८४६ र २२५२ मा मानव अधिकार आयोग ऐन, २०५३ जारी हुनुभन्दा अघिको घटनामा आयोगले उजुरी ग्रहण गरी कारबाही गर्न नसक्ने भएकोले खारेज हुने ।

**१७३. उजुरी न. २२४०**, न्याय-प्रशासन, लुम्बिनी प्रदेश शाखा कार्यालय, नेपालगञ्ज
पीडितः भगवन्ती मिश्रा, जानकी गापा ४, खजुरानहर, बाँके
उजुरकर्ताः ऐऐ
उजुरीको व्यहोराः न्याय-प्रशासन

निर्णयः प्रस्तुत उजुरीमाथि कारबाही हुँदा पीडित भनिएकी भगवन्ती मिश्रा नेपाली नागरिक भए पनि निजले भारतीय नागरिकसँग विवाह गरेको र निजको न्याय-प्रशासन सम्बन्धी विषय पनि भारतीय कार्यालयहरूबाट नै सम्बोधन हुनुपर्ने देखिँदा क्षेत्राधिकारको अभावमा यस आयोगबाट केही गरिरहनुपरेन, उजुरी  खारेज हुने ठहर्छ ।

**१७४. उजुरी न. ९६२**, घरेलु हिंसा, लुम्बिनी प्रदेश शाखा कार्यालय, नेपालगञ्ज

पीडित: दिपिका चौधरी, जनता उमावि, लमही नपा बनगाउँ, दाङ
उजुरकर्ता: ऐऐ
उजुरीको व्यहोरा: दिपिका चौधरीमाथि घरेलु हिंसा भएकोले कारबाही गरी पाऊँ ।

निर्णय: प्रस्तुत उजुरीमाथि कारबाही हुँदा तत्कालीन समयमा दिएको उजुरीको सान्दर्भिकता नरहेको र घरेलु हिंसा भएको भन्ने नदेखिँखा थप केही गरिरहनुपरेन, उजुरी खारेज हुने ।

**१७५. उजुरी न. ७७६**, महिला हिंसा, लुम्बिनी प्रदेश शाखा कार्यालय, नेपालगञ्ज
पीडित: दामी राहू मगर, घोराही उमनपा, वडा न. ३, दाङ
उजुरकर्ता: ऐऐ
उजुरीको व्यहोरा: जिल्ला प्रहरी कार्यालय प्यूठानमा कार्यरत पीडित दामी राहू मगरलाई सोही कार्यालयमा कार्यरत प्र.ना.नि इश्वरीप्रसाद तिमिल्सिनाबाट महिला हिंसाजन्य कार्य गरेकोमा कारबाही गरी पाऊँ ।

निर्णय:सो घटनामा पीडितले अदालतमा समेत मुद्दा दर्ता गरेको र आरोपी/पीडिकलाई छ महिनासम्म निलम्बन गरेकोले थप कारबाही गरिरहनुपरेन भनी आयोगसमक्ष बयान गरिदिएकी देखिँदा थप केही गरिरहनुपरेन, उजुरी तामेलीमा राखी दिने ।

**१७६. उजुरी न. १९५५**, धम्की, लुम्बिनी प्रदेश शाखा कार्यालय, नेपालगञ्ज
पीडित/उजुरकर्ता: नारायण खड्का, टरीगाउँ गाविस ९, बन्गाइ, दाङ
उजुरीको व्यहोरा: नेपाल पत्रकार महासङ्घ दाङका सदस्य तथा पत्रकार नारायण खड्कालाई अज्ञात समूहले मिति २०६६/१/१९ गते चन्दा माग गरी धम्काउने र ज्यानमार्ने धम्की दिएकोले आवश्यक कारबाही गरी पाऊँ ।

निर्णय: प्रस्तुत उजुरीमाथि कारबाही हुँदा हाला त्यस्तो समस्या नरहेको भनी पीडित स्वयम्ले आयोगले निवेदन दिएको देखिँदा थप केही गरिरहनुपरेन, उजुरी तामेलीमा राखी दिने ।

**१७७. उजुरी न. १२३५,** सम्पत्ति कब्जा, लुम्बिनी प्रदेश शाखा कार्यालय, नेपालगञ्ज
पीडित/उजुरकर्ता: टोपबहादुर सेन ओली, तुलसीपुर उमनपा, वडा न. १५, दाङ
उजुरीको व्यहोरा: टोपबहादुर ओली तथा निजको परिवारका सदस्यको जग्गा नेकपा (माओवादी) ले कब्जा गरी विस्थापित बनाएकोले स्थापितलगायतका आवश्यक कारबाही गरी पाऊँ ।

निर्णय: प्रस्तुत उजुरीमाथि कारबाही हुँदा कब्जा गरिएको भनिएको जग्गाजमिन फिर्ता भइसकेको तथा विस्थापित पनि स्थापित भइसकेको भनी स्वयम् उजुरकर्ताको परिवारको सदस्यको लिखित जानकारी गराएको हुँदा थप केही गरिरहनुपरेन, उजुरी तामेलीमा राखी दिने ।

**१७८. उजुरी न. १५२८**, बम विष्फोटबाट घाइते, लुम्बिनी प्रदेश शाखा कार्यालय, नेपालगञ्ज
पीडित/उजुरकर्ताः भगवती गौतम, साविक शोभा गाविस ५, रुकुम
उजुरीको व्यहोराः पीडित भगवती गौतम मिति २०५८/११/२३ गते घरबाट मुसीकोट जाने क्रममा सौख गाविस स्थित नेपाली सेनाको बेस क्याम्प हुँदै अघि बढ्दा बम विष्फोट भई दाहिने खुट्टा पूर्णरूपमा क्षति भएकोले अपाङ्गता भई जीवन निर्वाह गर्नुपर्ने अवस्था भएकोले क्षतिपूर्तिको लागि पहल गरी पाऊँ ।

निर्णयः दर्ता हुन आएको सो उजुरीमाथि आयोगबाट गरिरएको अनुसन्धानबाट निज भगवती गौतमले सशस्त्र द्वन्द्वको अवधिमा भएको बम विष्फोटबाट घाइते भई अपाङ्गताको जीवन बिताइरहेको निजको अपाङ्गताको गम्भीरताको आधारमा सरकारले हालसम्म रु. १,००,०००/- (एक लाख रुपियाँ) राहत उपलब्ध गराएको देखिन्छ । निजले खेप्नुपरेको पीडाको आधारमा सो रकम कम देखिँदा राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६ बमोजिम थप रु. १,००,०००/- (एक लाख रुपियाँ) क्षतिपूर्ति उपलब्ध गराउन ऐ. ऐनको दफा १७ बमोजिम नेपाल सरकारसमक्ष सिफारिस गरी पठाइदिनु ।

**१७९. उजुरी न. १०२**, अपहरण, लुम्बिनी प्रदेश शाखा कार्यालय, नेपालगञ्ज
पीडितः धनकुमारी डाँगी, साविक खास कुश्मा गाविस ४, प्रेमनगर हालः कोहलपुर नपा २, बाँके
उजुरकर्ताः देवबहादुर डाँगी, ऐऐ
उजुरीको व्यहोराः कुशुमेश्वर मावि कक्षा ७ मा अध्ययनरत धनकुमारी डाँगीलाई मिति २०६१/११/२७ गते नेकपा (माओवादी) ले अपहरण गरी लगेकोले रिहाइको लागि पहल गरी पाऊँ ।

निर्णयः दर्ता हुन आएको उजुरीउपर कारबाही हुँदा पीडित धनकुमारी रिहा भई आफ्नो घरव्यवहार गरी भारतमा बस्दै आएकी भनी पीडितका पिता एवम् उजुरकर्ताले आयोगमा लिखित जानकारी गराएको देखिँदा थप केही गरिरहनुपरेन, उजुरी तामेलीमा राखी दिने ।

**१८०. उजुरी न. ५७८**, गैरकानुनी थुना, लुम्बिनी प्रदेश शाखा कार्यालय, नेपालगञ्ज
पीडितः राकेशसिंह ठाकुर, नेपालगञ्ज उमनपा १३, बाँके, पर्सनपुर
उजुरकर्ताः ऐऐ
उजुरीको व्यहोराः राकेश सिंह ठाकुरलाई मिति २०६२/८/२० गते जिल्ला प्रहरी कार्यालय बाँकेबाट खटिएका प्रहरीले गैरकानुनी रूपमा पक्राउ गरी गैरकानुनी थुनामा राखेकोले आवश्क कारबाही गरी पाऊँ ।

निर्णयः उजुरी मिसिल अध्ययन गरी हेर्दा मिसिल संलग्न प्रमाण कागजातबाट निज राकेशसिंहलाई गैरकानुनी थुनामा राखेको तथ्य पुष्टि हुन नसकेकोले उजुरी तामेलीमा राख्ने ठहर्छ, तामेलीमा राखिदिनु ।

**१८१. उजुरी न. ८७०**, कुटपिट,  लुम्बिनी प्रदेश शाखा कार्यालय, नेपालगञ्ज
पीडितः मुन्ना मनिहार, नेपालगञ्ज उमनपा  वडा न.२१, पुरैना, बाँके
उजुरकर्ताः  ऐऐ
उजुरीको व्यहोराः मुन्ना मनिहार मिति २०६३/२/२१ गते वडा प्रहरी कार्यालय नेपालगञ्जबाट खटिएका प्रहरीले बाखा चोरेको आरोपमा कुटपिट गरेको हुँदा आवश्यक कारबाही गरी पाऊँ ।

निर्णयः उजुरी  मिसिल संलग्न प्रमाण कागजात अध्ययन गरी हेर्दा स्वयम् पीडित/उजुरकर्ताले आयोगसमक्ष लिखित जानकारी गराएको मिसिल संलग्न कागजातमा प्रहरीले पक्राउ गरेको नभई पक्राउ गर्नमात्र खोजेको भनी खुलाइदिएको देखिँदा थप केही गरिरहनुपरेन, उजुरी तामेलीमा राखी दिने ।

**१८२. उजुरी न. १५४**, विस्थापित,  लुम्बिनी प्रदेश शाखा कार्यालय, नेपालगञ्ज
पीडितः धनपुरा बुढा, जानपुरा बुढा, रामपुरा बुढा साविक धवाङ गाविस १, फुन्टीवाङ, रोल्पा
उजुरकर्ताः  धनपुरा बुढा, ऐऐ
उजुरीको व्यहोराःसशस्त्र द्वन्द्वको अवधिमा नेकपा (माओवादी) ले घरजग्गा कब्जा गरी विस्थापित गराएकोले गाउँघरमा गई स्वतन्त्रपूर्वक बसोबास गर्न पाऊँ ।

निर्णयः उजुरी  दर्ता हुन आएकोमा आयोगमा उजुरी  दर्ता भई कारबाही सुरु भएपछि पीडितहरू आफ्नो गाउँघरमा फर्किई स्वतन्त्रपूर्वक बसोबास गर्न पाएका भनी अनुसन्धान प्रतिवेदनबाट देखिँदा थप केही गरिरहनुपरेन, उजुरी तामेलीमा राखी दिने ।

**१८३. उजुरी न. ७६२**, शिक्षाको अधिकार,  लुम्बिनी प्रदेश शाखा कार्यालय, नेपालगञ्ज
पीडित /उजुरकर्ताः आदर्श माध्यमिक विद्यालय, राझा, बाँके
उजुरीको व्यहोराः  राझा, बाँकेस्थित आदर्श माध्यमिक विद्यालय वरिपरि दोहोरो भिडन्त हुने गरेको हुँदा विद्यार्थीहरूको शिक्षा पाउने अधिकार हनन् भएको हुँदा अध्ययन गर्ने वातावरण मिलाइ पाऊँ ।

निर्णयः दर्ता हुन आएको उजुरी  मिसिल अध्ययन गरी हेर्दा उजुरकर्ता विद्यालयले हालको अवस्थामा परिवर्तन भएकोले उजुरीउपर थप कारबाही गरिरहनुनपर्ने भनी आयोगलाई लिखित जानकारी गराएको देखिँदा थप केही गरिरहनुपरेन, उजुरी तामेलीमा राखी दिने ।

**१८४. उजुरी न. २७४**, जीवनको अधिकार,  लुम्बिनी प्रदेश शाखा कार्यालय, नेपालगञ्ज
पीडित /उजुरकर्ताः इन्ताज अली मनिहार, जानकी गापा ५, गुरुवा गाउँ, बाँके
उजुरीको व्यहोराः इन्ताज अली मनिहारलाई रिसइबीको कारण गाउँलेहरूले माओवादी हो भनी आरोप लगाइ पक्राउ गर्न सक्ने भएको हुँदा जीवनको अधिकार रक्षा गरी पाऊँ ।

निर्णयः दर्ता हुन आएको उजुरी  मिसिल अध्ययन गरी हेर्दा आफूले उजुरी  दिए पनि आफूलाई पक्राउ गर्ने कार्य नभएको भनी आयोगको कार्यालयसमक्ष लिखित जानकारी गराएको देखिँदा थप केही गरिरहनुपरेन, उजुरी तामेलीमा राखी दिने ।

**१८५. उजुरी न. ११६८**, क्षतिपूर्ति,  लुम्बिनी प्रदेश शाखा कार्यालय, नेपालगञ्ज
पीडित /उजुरकर्ताः यज्ञबहादुर के.सी साविक बाफीकोट गाविस ६, रुकुम बाफीडाँडा
उजुरीको व्यहोराः  बासिकोट गाविस ६ घर भई जागिरको सिलसिलामा दाङ बस्दै आएका निज यज्ञबहादुर के.सी.लाई नेकपा (माओवादी) ले मिति २०६१/८/१२ गते अपहरण गरी सामान समेत लुटपाट गरेको हुँदा मुक्त र सामान फिर्ता गरी पाऊँ ।

निर्णयः उजुरी  मिसिल अध्ययन गरी हेर्दा पीडितको मागबमोजिम मध्य पश्चिमाञ्चल क्षेत्रीय प्रहरी विशेष अदालतबाट निर्णय भएको र निजयज्ञबहादुर के.सीले मुद्दा जिती जिल्ला प्रहरी कार्यालय दाङमा प्रहरी हवल्दारको रूपमा कार्यरत देखिँदा यसमा थप केही गरिरहनुपरेन, उजुरी तामेलीमा राखी दिने ।

**१८६. उजुरी न. ६०३**, कुटपिट,  लुम्बिनी प्रदेश शाखा कार्यालय, नेपालगञ्ज
पीडितः जायज ढपाली, नेपालगञ्ज नपा  १४, चौलिका भन्सार, बाँके
उजुरकर्ताः  रञ्जन अली ढपाली, ऐऐ
उजुरीको व्यहोराः मिति २०८०/५/१४ गते भन्सार चेकजाँच गर्न खटिएको सशस्त्र प्रहरीको टोलीले लाठीचार्ज गर्दा सोही ठाउँमा वर्ष १३ का जायज ढपालीलाई प्रहरीले बन्दुकको कुन्दाले कुटपिट गर्दा आँखामा गम्भीर चोट लागि आँखा फुटेको हुँदा कारबाही र उपचारको व्यवस्था मिलाइ पाऊँ ।

निर्णयः उजुरीमाथि आयोगले गरेको अनुसन्धानसमेतबाट मिति २०८०/५/१४ गते भन्सार चोकमा भएको लाठिचार्जको क्रममा निज जायज ढपालीको आँखामा गम्भीर चोट लागेको देखिन आएको सो  कार्यको लागि तहाँ खटिएको सशस्त्र प्रहरी बलले बल प्रयोग गर्ने सन्दर्भमा पर्याप्त ध्यान दिन नसक्दा घटना भएको देखिँदा पीडित जायज ढपालीलाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६ बमोजिम रु. २,००,०००/-(दुई लाख रुपियाँ) क्षतिपूर्ति उपलब्ध गराउन ऐ. दफा १७ बमोजिम नेपाल सरकारसमक्ष सिफारिस गरी पठाउने साथै बल प्रयोग गर्नै पर्ने अवस्थामा बल प्रयोग गर्दा प्रचलित कानुनी व्यवस्थाको पालना गर्न र मानव अधिकार उल्लङ्घन हुन नदिन सचेत रहन सशस्त्र प्रहरी बल, नेपाललाई समेत लेखी पठाउने ।

**१८७.उजुरी न. ३३०**, विस्थापित/ लुटपाट, लुम्बिनी प्रदेश कार्यालय, बुटवल
पीडित : चन्द्रबहादुर ठाडा मगर, विनयी गापा ३, नवलपरासी (बर्दघाट सुस्तापूर्व )
उजुरकर्ता : ऐऐ

उजुरीको व्यवहोरा : चन्द्रबहादुर ठाडा मगरलाई नेकपा (माओवादी) का वाइसिएलका कार्यकर्ताले जग्गा उपभोग गर्न नदिएकोले विस्थापित भई बस्नुपरेको हुँदा जग्गा उपभोग गर्ने अवस्था सिर्जना गराइ पाऊँ ।

निर्णयः उजुरीमाथि आयोगको छानबिन तथा अनुसन्धानबाट निजलाई भोग चलन गर्न नदिएको भनिएको जग्गाको स्वामित्व सम्बन्धमा नै विवाद र सो विषयमा जिल्ला अदालतमा मुद्दा दर्ता भई विचाराधीन रहेको र दुवैपक्षबीच मेलमिलाप भई शान्तिसुरक्षाको अवस्था पनि सामान्य रहेको देखिँदा यसमा थप केही गरिरहन परेन, उजुरी तामेलीमा राखी दिने ।

**१८८. उजुरी न. ५५५**, उपभोक्ताको अधिकार, लुम्बिनी प्रदेश कार्यालय, बुटवल
पीडित/उजुरकर्ता : पुनम थापा,बुटवल उमनपा, सखुखानगर, रुपन्देही
उजुरीको व्यहोराः पुनम थापाले मिति २०७४।२।२० गते बुटवलस्थित भाटभटेनी सुपर मार्केटबाट खरिद गरी घरमा लगेको १ के.जी को BBsm Instant Oats को प्याकेट खोली प्रयोग गर्दा सो प्याकेटमा किरा परेको र Oats को गुणस्तर बिग्रिएको अवस्थामा भेटिएको र त्यसबाट उपभोक्ताको अधिकार हनन् भएको हुँदा आवश्यक कारबाही गरी पाऊँ ।

निर्णयः उजुरीमाथि गरिएको छानबिन तथा अनुसन्धानबाट उजुरकर्ताले उजुरीमा उल्लेख गरेबमोजिम भाटभटेनी सुपरमार्केट बुटवलबाट खरिद गरेको BBSM Premium Instants oatS मा किरा भेटिएको तथ्यलाई अन्यथा भन्न सकिने अवस्था देखिएन । खाद्य तथा गुण नियन्त्रण कार्यालय, भैरहवाको वार्षिक प्रतिवेदनको पृष्ठ १२, खाद्य निरीक्षकले खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयमा पेस गरेको अनुगमन निरीक्षण प्रतिवेदनसमेतबाट पनि सो तथ्य स्थापित भएको देखिन्छ ।

अतः उपभोक्ताको अधिकार संरक्षणसँग प्रत्यक्ष नेपाल सरकारका तपसील बमोजिमका कार्यालयहरू र भाटभटेनी सुपरमार्केटलाई समेत उपभोक्ताको अधिकार प्रचलनमा लापरबाही नगर्न र निम्न निकायबाट निरन्तर रूपमा प्रभावकारी तरिकाले अनुगमन गरी उपभोक्ताले स्वच्छ, शुद्ध खाद्यान्नलगायतका उपभोग्य सामानको प्रयोग र उपभोग गर्न पाउने अधिकारको सुनिश्चित गर्न राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ बमोजिम एवम् निर्देशन दिने ठहर्दछ ।
सिफारिस एवम्म निर्देशन दिई पठाउने निकायहरू :
१. वाणिज्य आपुर्ति तथा उपभोक्ता संरक्षण विभाग, काठमाडौँ
२. खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग, काठमाडौँ
३. भाटभटेनी सुपरमार्केट, काठमाडौँ

**१८९. उजुरी न. ५५५(क),** न्याय-प्रशासन (बलात्कार) लुम्बिनी प्रदेश कार्यालय,बुटवल
उजुरकर्ता : ...........थारु, शिवराज नपा ५, कपिलवस्तु

पीडित : ............ थारु, ऐऐ
उजुरीको व्यहोराः मिति २०७३।२।३० गते साविक शिवराज नगरपालिका १० शिवराज नपा ५ नौडिहवा कपिलवस्तुकी एक बोल्न नसक्ने महिलालाई सशस्त्र प्रहरीका र्कमचारीहरूले बलात्कार गरेकोले छानबिन गरी पाऊँ ।

निर्णयः दर्ता हुन आएको उजुरीउपर आयोगबाट गरिएको छानबिन तथा अनुसन्धानबाट उजुरीमा उल्लेख भएबमोजिमको घटना भएको र सो घटनामाथि जिल्ला प्रहरी कार्यालय कपिलवस्तुले अनुसन्धान गरेको र कपिलवस्तु जिल्ला अदालतमा जर्बजस्ती करणी मुद्दा दर्ता भई मिति २०७५।२।२३ गते बलात्कारमा संलग्न सशस्त्र प्रहरीलाई १० वर्ष कैदको फैसलासमेत सुनाएको देखिन्छ । सो फैसला उच्चअदालत तुलसीपुर बुटवल इजलाश (मुद्दा नं ०७५-२-२३६) बाट पनि सदर भएको र पीडितलाई क्षतिपूर्ति भराउने आदेश पनि भएको देखिँदा यसमा थप केही गरिरहन परेन, उजुरी तामेलीमा राखी दिने ।

**१९०. उजुरी न. : ५०८**, रोजगारीको अधिकार, लुम्बिनी प्रदेश कार्यालय,बुटवल
पीडित/उजुरकर्ता : निर्मला रिजाल, बर्दघाट नपा १०, नवलपरासी (ब.सू.प)
उजुरीको व्यहोराः उजुरकर्ता/ पीडितले शिक्षण सेवा आयोगबाट लिएको वि.नं.२०१२/ ०६९/७० नि.मा.वि तहको नेपाली विषय शिक्षकको परीक्षामा उत्तीर्ण भए पनि आफलाई प्राथमिकता दिएको विद्यालयमा पदस्थापन नगराएको हुँदा पदस्थापन गराइ पाऊँ ।

निर्णयः दर्ता हुन आएको उजुरी अध्ययन गरी हेर्दा निजको मानव अधिकार उल्लङ्घन भएको नदेखिँदा केही गरिरहनुपरेन, उजुरी तामेलीमा राखी दिने ।

**१९१.उजुरी न. :५८४**, महिला हिंसा, लुम्बिनी प्रदेश कार्यालय, बुटवल
पीडित/उजुरकर्ता : कल्पना सुनार, बुटवल उपनपा ११, प्रगतिनगर रुपन्देही
उजुरीको व्यहोराः पीडित/उजुरकर्ता कल्पना सुनारमाथि निजका श्रीमानसमेत बाट कुटपिट/ महिला हिंसा गरेको हुँदा कारबाही गरी पाऊँ ।

निर्णयः प्रस्तुत उजुरीमाथि अनुसन्धान गर्दा मिसिल संलग्न प्रमाण कागजातबाट उजुरकर्ताको मागदाबी पुष्टि हुने आधार कारण केही नदेखिँदा उजुरीउपर थप केही गरिरहन परेन, उजुरी तामेलीमा राखी दिने ।

**१९२. उजुरी न. :५५८**, ज्येष्ठ नागरिकको अधिकार, लुम्बिनी प्रदेश कार्यालय, बुटवल
पीडित/उजुरकर्ता : नित्यानन्द पाण्डे, बुटवल उमनपा ९ दिपनगर, रुपन्देही

उजुरीको व्यहोराः ज्येष्ठ नागरिक ऐन २०६३ को व्यवस्थाबमोजिम ज्येष्ठ नागरिकको सवारी भाडामा ५० प्रतिशत छुट पाउने अधिकार यातायात व्यवसायीबाट उल्लङ्घन भइरहेकोले आवश्यक पहल गरी पाऊँ ।

निर्णयः प्रस्तुत उजुरीमा लिएको मागदाबी हेर्दा सो विषयमा सर्वोच्च अदालतमा रिट नं ०७४-WO-०५५६ दर्ता भई सो अदालतबाट मिति २०७४।११।९ गते विना भेदभाव स्वास्थ्य उपचार र सार्वजनिक सवारी साधनमा ५० प्रतिशत छुट सुबिधा मिलाउनु भनी अन्तरिम आदेश नै जारी भइसकेको हुँदा हाललाई उजुरी तामेलीमा राखी दिनु ।

**१९३. उजुरी न.: १९३**, धम्की, लुम्बिनी प्रदेश कार्यालय, रुपन्देही
पीडितः प्रमोद विश्कर्मा र लालकुमारी कालिराज, बुटवल रुपन्देही
पीडित/उजुरकर्ता : लाल कुमारी कालिराज, ऐऐ
उजुरीको व्यहोराः लालकुमारी कालिराज र निजका श्रीमानबीच सम्बन्ध टुटाउन अन्जु लामिछानेले विभिन्न धम्की दिएको हुँदा आवश्यक कारबाही गरी पाऊँ ।

निर्णयः उजुरी दर्ताउपर कारबाही हुँदा व्यक्ति-व्यक्तिबीचको यस प्रकृर्तिको उजुरी आयोगबाट निरुपण गर्न नमिल्ने हुँदा क्षेत्राधिकारको अभावमा खारेज हुने ।

**१९४. उजुरी न. १५३**, धम्की/ कुटपिट, लुम्बिनी प्रदेश कार्यालय, बुटवल
पीडित : (१) टीकाराम पौडेल, नेपाल ट्रेड युनियन महासङ्घ राष्ट्रिय परिषद सदस्य तथा नेपाल स्वतन्त्र केमिकल तथा आइरन मजदुर युनियनका केन्दीय कमिटीका कोषाध्यक्ष, नवलपरासी,गैडाकोट
(२) राम महतो, भृकुटी पल्प एण्ड पेपर नेपाल, नेपाल स्वतन्त्र केमिकल तथा आइरन मजदुर युनियनका उपाध्यक्ष, नवलपरासी गैडाकोट तथा आइरन मजदुर युनियनका उपाध्यक्ष, नवलपरासी गैडाकोट
उजुरकर्ता : ऐऐ
उजुरीको व्यहोराः कारखानामा कार्यरत मजदुरलाई तत्कालीन नेकपा (माओवादी) का समर्थकबाट धम्की दिएको हुँदा आवश्यक कारबाही गरी पाऊँ ।

निर्णयः उजुरीमा समावेश विषयमा दुवै पक्षबीच छलफल भई १८ बुदे सहमति भएको र हालको स्थिति सामान्य रहेको भनी मिसिल संलग्न कागजातबाट देखिँदा केही गरिरहन परेन, उजुरी तामेलीमा राखी दिने ।

**१९५. उजुरी न. ४३०**, रोजगारीको अधिकार, लुम्बिनी प्रदेश कार्यालय,बुटवल

पीडित : कष्णबहादुर रानासमेत भृकुटी पल्प एण्ड पेपर नेपाल लिमिटेड कम्पनीका कामदारहरू नवलपरासी गैडाकोट

उजुरकर्ता : ऐऐ

माथि उल्लिखित कम्पनीमा कार्यरत कामदार/कर्मचारीको पारिश्रमिक नदिएकोले पहल गरी आफूहरूले पाउने पाश्रिमकलगायतका रकम उपलब्ध गराइ पाऊँ ।

निर्णयः दर्ता हुन आएको उजुरीउपर यस आयोगबाट कारबाही सुरु भएपछि श्रम कार्यालय लुम्बिनी अञ्चल, बुटवलसमेतको सक्रियतामा मिति २०६९।९।२१ गते कम्पनीको व्यवस्थापक र कामदार पक्षबीच समस्या समाधान सम्बन्धमा सर्वसम्मत सम्झौता भइसकेको देखिँदा हाललाई पक्षमा थप केही गरिरहन परेन, उजुरी तामेलीमा राखी दिने ।

**१९६. उजुरी न. १२५**, यातना/, धम्की लुम्बिनी प्रदेश कार्यालय,बुटवल

पीडित :अमृतकुमार हरिजन, सियारी गापा ६ मदनगञ्ज, रुपन्देही

उजुरकर्ता : बुद्धिराम हरिजन, ऐऐ

उजुरीको व्यहोराः पीडित अमृतकुमार हरिजनलाई तिलोत्तमा माविका शिक्षकले यातना/कुटपिट गरेकोले आवश्यक कारबाही गरी पाऊँ ।

निर्णयः दर्ता हुन आएको उजुरी मिसिल अध्ययन गरी हेर्दा मिसिल संलग्न प्रमाणबाट निजलाई कुटपिट गरी शारीरिक सजाय दिएको तथ्य पुष्टि हुन नसक्दा प्रस्तुत उजुरी प्रमाणको अभावमा तामेलीमा राखी दिने ।

**१९७ . उजुरी न. ६०४**, यातना/दुर्व्यवहार, लुम्बिनी प्रदेश कार्यालय,बुटवल

पीडित/उजुरकर्ताः श्रीराम धवल, तिलोत्तमा नपा १०, बेबरी, रुपन्देही

उजुरीको व्यहोराः मिति २०७८।४।३२ गते जिल्ला प्रहरी कार्यालय नवलपरासीबाट खटिएको प्रहरी टोली श्रीराम धवलको घरमा गई भाइ हराएको भनी मानसिक यातना दिएको हुँदा कारबाही गरी पाऊँ ।

निर्णयः उजुरीमाथि कारबाही अगाडि बढाउने क्रममा निजको अवस्था सामान्य रही शान्तिपूर्वक आफनो पेसा-व्यवसाय चलाएर बसेको देखिँदा यसमा थप केही गरिरहन परेन, उजुरी तामेलीमा राखी दिने ।

**१९८. उजुरी न. ३७२**, सम्पत्तिको अधिकार, लुम्बिनी प्रदेश कार्यलय, बुटवल

पीडित/उजुरकर्ता लक्ष्मी पाण्डे, बुटवल उमनपा ५, पुल्चोक, रुपन्देही

उजुरीको व्यहोराः बाली लगाउने सम्बन्धमा लक्ष्मी र राम पाण्डेबीच विवाद भएकोमा विवाद समाधान पाऊँ ।

निर्णयः प्रस्तुत उजुरीमाथि कारबाही हुँदा व्यक्ति-व्यक्ति बीचको यस प्रकारको विवादमा प्रवेश गरी निरुपण गर्ने क्षेत्राधिकार आयोगसँग नरहेको नहुँदा प्रस्तुत उजुरी खारेज हुने ।

**१९९. उजुरी न. ४२६,** सम्पत्तिको अधिकार, लुम्बिनी प्रदेश कार्यालय बुटवल
पीडित/उजुरकर्ता : गुमानसिह कुँवर र लोमस पुरी, देवदह नपा ७, रुपन्देही
उजुरीको व्यहोराः .नपामाकर गाविस ६ (घ) कि.न. २५ को दुई बिघा १७ कट्ठा जग्गा नेकपा (माओवादी) ले कब्जा मा लिएको हुँदा सम्पत्तिको अधिकार रक्षा गरी पाऊँ ।

निर्णयः आयोगमा उजुरी दर्ता भई कारबाही अधि बढेपछि नेकपा (माओवादी) ले सम्बन्धित व्यक्तिहरूलाई जग्गा फिर्ता गरेको र भोगचलन गरी रहेको भनी मिति २०७४।१०।२६ गते यस आयोगसमक्ष लिखित रूपमा जानकारी गराएको हुँदा यसमा थप केही गरिरहनुपरेन, उजुरी तामेलीमा राखी दिने ।

**२००. उजुरी न. ४२३,** सम्पत्तिको अधिकार, लुम्बिनी प्रदेश कार्यालय, बुटवल
पीडित/उजुरकर्ता : राम सुमेर भर, शुद्धोधन गापा ७, मधुवली, रुपन्देही
उजुरीको व्यहोराः रामसुमेर भरको जि.रुपन्देही सिट नं. ०९८-१५४९ कि.नं १२ को ०-९३६५ वर्ग मिटरको जग्गा कपिलदेव यादवसमेतले कब्जा गरेकोले कब्जामुक्त गराइ सम्पत्तिको अधिकारको रक्षा गरी पाऊँ ।

निर्णयः आयोगका अनुसन्धानबाट प्रस्तुत जग्गाको विवाद व्यक्ति-व्यक्ति बीच सम्बन्धित देखिएको र त्यस्तो विवादको निरुपण गर्ने क्षेत्राधिकार यस आयोगको नहुँदा केही गरिरहनुपरेन उजुरी खारेज हुने ।

**२०१. उजुरी न. : २९०,** क्षतिपूर्ति,लुम्बिनी प्रदेश कार्यालय, बुटवल
पीडित: बुटवल दिलीप नेपाली, बुटवल उमनपा १३, बुद्धनगर रुपन्देही
उजुरकर्ता: धन बहादुर नेपाली, ऐऐ
उजुरीको व्यहोराः २०६१ सालमा अर्घाखाचीको सन्धिखर्कमा भएको सुरक्षाकर्मी र नेकपा (माओवादी) -बीच भएको दोहोरो भिडन्तमा परी दिलीप नेपालीको मृत्यु भएकाले उचित राहत तथा क्षतिपूर्ति दिलाइ-भराइ पाऊँ ।

निर्णयः उजुरी दर्ता हुन आएको उजुरीमाथि छानबिन हुँदा उजुरीमा उल्लेख भएबमोजिम निजको दोहोरो भिडन्तमा मृत्यु भएको देखिन्छ। पीडित परिवारको मागदाबीबमोजिम मृतक परिवारले नेपाल सरकारबाट पटक-पटक गरी रु.१०,०००००– (दश लाख रुपियाँ ) प्राप्त गरेको हुँदा यसमा थप केही गरिरहन परेन, उजुरी तामेलीमा राखी दिने ।

**२०२. उजुरी न. १४०१**, अपहरण, लुम्बिनी प्रदेश शाखा कार्यालय, नेपालगञ्ज
पीडित: उमलाल बुढाथोकी र खिमकुमारी बुढाथोकी, मानपुर गाविस सल्यान
उजुरकर्ता: बलबहादुर बुढाथोकी, ऐऐ
उजुरीको व्यहोरा: उमलाल बुढाथोकी र खिमकुमारी बुढाथोकीलाई मिति २०६४/०२/०४ गते अपहरण गरी बेपत्ता पारेको हुँदा अवस्था सार्वजनिक गरी पाऊँ ।

निर्णय: दर्ता हुन आएको प्रस्तुत उजुरीउपर कारबाही हुँदा उजुरीमा उल्लेख भएबमोजिम सल्यानमा मानपुर भन्ने गाविस नभएको, उजुरीमा विवरण तथा पीडितको ठेगाना स्पष्ट बुझ्न सकिने नभएको र प्रस्तुत उजुरीमाथि उल्लेख भएको घटना भएको मिति बिस्तृत शान्ति-सम्झौता सम्पन्न भएपछिको देखिँदा यसमा थप केही गरिरहनुपरेन । प्रमाणसहित उपस्थित भएमा फेरि हेर्न सकिने नै हुँदा हाललाई उजुरी तामेलीमा राखी दिने ।

**२०३. उजुरी न. १५७८, १०२१, १३८६ र १३८५**, हत्या, लुम्बिनी प्रदेश शाखा कार्यालय, नेपालगञ्ज
पीडित: दीर्घराज शाही, सर्जनशील शाही, शेरजङ शाही, हरी भन्ने दीर्घराज शाही, महादेवपुरी गाविस २, बाँके
उजुरकर्ता: नेकपा (माओवादी), जिल्ला सङ्गठन समिति बाँके, रत्ना शाही महादेव पुरी गाविस २, बाँके, डम्बर शाही महादेवपुरी गाविस, २ बाँकेसमेत
उजुरीको व्यहोरा: सर्जनशील शाही, हरी शाही र दीर्घराज शाहीलाई सुरक्षाकर्मीले हत्या गरेको हुँदा आवश्यक छानबिन गरी पीडकलाई कारबाही र पीडितलाई क्षतिपूर्ति दिलाइ पाऊँ ।

निर्णय: -दर्ता न. २३४ ।२०७६/३/८) र दर्ता न.२३६ । २०७६/३/८ मा उल्लिखित नाम भएका व्यक्तिका बाबु डम्मरबहादुर शाहीले आयोगमा गराएको लिखित जानकारीसमेतको आधारमा उल्लिखित तीन वटा नाम भएको व्यक्ति एउटै भएको र श्री गणेश माध्यामिक विद्यालय खास उद्दैन, ढकेरी बाँकेबाट उपलब्ध लब्धाङकपत्र र Transfer certificate (मिति २०६०/६/२५ गते) अनुसार निजको वास्तविक नाम सर्जनशील शाही भएको देखियो । उजुरी न. १३८६ मा नाम उल्लेख भएका शेरजङ्ग शाही र निज सर्जनशील शाही सहोदर दाजुभाइ रहेको र निजहरूका बाबुको नाम डम्बरबहादुर शाही भएको देखिन आयो । उजुरीको सम्बन्धमा निम्न निर्णय गरियो:
सर्जनशील शाहीको निज सर्जनशील शाहीलाई मिति २०६०/६/१४ गते घर नजिकै रहेको जनत निम्न माध्यामिक विद्यालय नजिक गाउँ घेरेर बसेका सुरक्षाकर्मीले गोली प्रहार गर्दा उनको मृत्यु भएको देखियो । यसको साथै निज सर्जनशीलका दाजु शेरजङ शाहीको तत्कालीन नेकपा (माओवादी) पार्टीको कामका हिँडेको अवस्थामा बाँके जिल्लाको बागे साल खोलामा नुहाइरहेको अवस्थामा मिति २०६०/९/२ गते सुरक्षाकर्मीले गोली प्रहार गरी मारेको देखियो । उनीहरू दुवै जना नेकपा (माओवादी) पार्टीका कार्यकर्ता भएको कारण सुरक्षाकर्मीलाई देख्नासाथ भाग्न लाग्दा सुरक्षाकर्मीबाट उनीहरूमाथि गोली प्रहार हुँदा दुवै जनाको मृत्यु हुन गएको देखियो । निजहरूको मृत्यु भइसकेपछि नेपाल सरकारले मृतकका परिवारहरूलाई

रु.६,००,०००।–(छ लाख रुपियाँ) राहत उपलब्ध गराइसकेको देखिँदा त्यसतर्फ केही बोलिरहनुपर्ने देखिएन् । कानुनी कारबाहीको हकमा ठुलो सङ्ख्यामा रहेका सुरक्षाकर्मीहरूले निजहरूलाई नियन्त्रणमा लिई कानुनी कारबाही गर्ने तर्फ कुनै पहल गरेको नदेखिँदा उल्लिखित दुवै घटनामा संलग्न सुरक्षाकर्मीको पहिचान गरी कारबाही गर्न नेपाल सरकारसमक्ष लेखी पठाउने ।

**२०४. उजुरी न. १३२९**, यातना, लुम्बिनी प्रदेश शाखा कार्यालय, नेपालगञ्ज
पीडितः फग्गु थारु, शमशेरगञ्ज ६, बाँके
उजुरकर्ता : ऐऐ
उजुरीको व्यहोराः फग्गु थारुलाई मिति २०५९/२/९ गते शम्शेरगञ्जस्थित सशस्त्र प्रहरीले पक्राउ गरी ११ महिनासम्म थुनामा राखी यातना दिएकोले घटनाको छानबिन गरी दोषीलाई कारबाही र पीडितलाई क्षतिपूर्ति दिलाइ पाऊँ ।

निर्णयः दर्ता हुन आएको प्रस्तुत उजुरीमाथि आयोगको अनुसन्धानबाट निजलाई पक्राउ गरी बागेश्वरी गणमा पुऱ्याइ जेठ महिनाको चर्को घाममा राखी सो गणको मैदानदेखि नै कुटपिट गरेको, सो क्रममा निजको टाउकोमा चोट लागेको, ११ महिनासम्म गैरकानुनी रूपमा थुनामा राखी घाँस काटन, जर्बजस्ती नाच्न लगाउने जस्ता कार्य गरेको र सोका कारण निजको हात, खुट्टाका औंला र शरीरका विभिन्न भागहरू घटना भएको १० वर्षपछिसम्म पनि दुख्ने गरेको समेतका तथ्यले यातना,दिएको पुष्टि हुन्छ अतः पीडितलाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६ बमोजिम रु १,००,०००।–(एक लाख रुपियाँ) क्षतिपूर्ति र यातना दिई मानव अधिकार उल्लङ्घनमा संलग्न सो गणका प्रहरीहरूको पहिचान गरी आवश्यक कारबाही गर्न नेपाल सरकारसमक्ष सिफारिस गरी पठाउने ।

**२०५. उजुरी न. १५६२**, हत्या, लुम्बिनी प्रदेश शाखा कार्यालय, नेपालगञ्ज
पीडितः पोष्टबीर चौधरी, तत्कालीन बैजापुर गाविस ४ बनघुस्री, बाँके
उजुरकर्ताः नेकपा (माओवादी), जिल्ला सङ्गठन समिति, बाँके
उजुरीको व्यहोराः पेष्टबीर चौधरीलाई मिति २०६० /२/३ गते संयुक्त सुरक्षाफौजले बर्दियाको बुचापुरको विद्यालय चोकबाट पक्राउ गरी गोली हानी हत्या गरेकोले दोषीलाई कारबाही गरी मानव अधिकारको रक्षा गरी पाऊँ ।

निर्णयः यस आयोगमा दर्ता हुन आएको प्रस्तुत उजुरीमाथि अनुसन्धान हुँदा प्राप्त तथ्य प्रमाणबाट निज पोष्टबीर चौधरीलाई मिति २०६०/२/३ गते सुरक्षाकर्मीले नियन्त्रणमा लिई नियन्त्रणपछि गोली हानी मारेको पुष्टि हुन आएको एवम् सो तथ्यलाई स्वीकार गरी नेपाल सरकारले मृतक परिवारलाई रु. ३,००,०००।– (तीनलाख रुपियाँ) राहतसमेत उपलब्ध गराइसकेको देखिँदा क्षतिपूर्तितर्फ केही बोलिरहनुपरेन । घटनाका दोषीको पहिचान गरी कानुनी कारबाही गर्न नेपाल सरकारसमक्ष सिफारिस गरी पठाउने ।

**२०६. उजुरी न. १३१८,१३५४, १३५६**, यातना, लुम्बिनी प्रदेश शाखाकार्यालय, नेपालगञ्ज
पीडितः झुररा थारु, शम्शेरजञ्ज गाविस ६, बाँके र मुन्सीथारु ऐऐ, हरिराम थारु ऐऐ
उजुरकर्ताः ऐऐ
उजुरीको व्यहोराः झुररा थारुलाई मिति २०५९/२/३ गते, मुन्सी थारुलाई पनि २०५९/२/३ गते र हरिराम थारुलाई मिति २०५९/२/१ गते सशस्त्र प्रहरी गण शम्शेरगञ्ज, बाँके प्रहरीले बिनाकारण पक्राउ गरी हिरासतमा राखी यातना दिएकोले घटनाको छानबिन गरी न्याय दिलाई पाऊँ ।

निर्णयः दर्ता हुन आएका माथि उल्लिखित तीन वटै उजुरीमाथि आयोगले गरेको अनुसन्धानबाट निज झुररा थारुलाई नौ महिनासम्म थुनामा राखी दुई महिनासम्म कुटपिट गरेको, थुनामा रहँदा स्वास्थ्य उपचार नगरेको र सो बेलामा भएको कुटपिटको असर हालसम्म रहेको अवस्थाबाट निजलाई थुनामा राखी यातना दिएको होइन होला भनी अनुमान गर्न सकिने अवस्था देखिन आएन ।

मुन्सी थारुलाई पनि नौ महिनासम्म सशस्त्र प्रहरीको शम्शेरगञ्ज गणमा राखी बुट तथा लठ्ठीले शरीरका विभिन्न भागमा कुटपिट गरी गम्भीर किसिमको यातना दिएको तर स्वास्थ्य उपचार नगराएको देखिन आएकोले थुनामा राखी यातना दिएको होइन होला भनी अनुमान गर्न सकिने अवस्था देखिन आएन ।

अर्का पीडित हरिराम थारुको हकमा नेपालगञ्जस्थित सशस्त्र प्रहरीको मध्यपश्चिमाञ्चल कार्यालयमा राखी यातना दिएको र तत्पश्चात् सशस्त्र प्रहरी बल शम्शेरजञ्जको हिरासतमा नौ दिन थुनामा राखी यातना दिएको, त्यसपछि पनि सशस्त्र प्रहरीको नेपालगञ्ज कार्यालयमा पुऱ्याइ तीन महिनासम्म कुटपिट गरी थप नौ महिना कारागार कार्यालय नेपालगञ्ज पुऱ्याएको देखिँदा निजमाथि पनि कुटपिट गरी यातनाजन्य कार्य गरेको देखिन आयो ।

अतः आशङ्काको भरमा निर्दोष व्यक्तिहरूलाई नियन्त्रणमा लिई कुटपिट गरी यातना दिने कार्यमा परिस्थितिजन्य प्रमाणसमेतको आधारमा सशस्त्र प्रहरी गणमा कार्यरत प्रहरीहरू (शम्शेरगञ्ज) समेतको संलग्नता रहेको देखिँदा पीडितहरू झुररा थारु, मुन्सीथारु र हरि राम थारुलाई कुटपिट गरी यातना दिने कार्यमा संलग्न सशस्त्र प्रहरीहरूको पहिचान गरी आवश्यक कारबाही गर्न र पीडितहरूलाई जनही रु ५०,०००।–(पचास हजार रुपियाँ) का दरले क्षतिपूर्ति उपलब्ध गराउन राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६ बमोजिम नेपाल सरकारसमक्ष सिफारिस गरी पठाउने ।

**२०७. उजुरी न. १५८९**, बेपत्ता, लुम्बिनी प्रदेश शाखा कार्यालय, नेपालगञ्ज
पीडितः भगवतीप्रसाद थारु, शम्शेरजञ्ज ४, चन्हुवा, बाँके
उजुरकर्ताः नेकपा (माओवादी) बाँके

उजुरीको व्यहोराः मिति २०५९/१/९ गते भगवतीप्रसाद थारु, राजकुमार थारु र पहाडी थारुलाई सुतिरहेको अवस्थामा पक्राउ गरी हत्या गरेकोले घटनाको छानबिन गरी पाऊँ ।

निर्णयः दर्ता हुन आएको सो उजुरीउपर आयोगबाट भएको छानबिन तथा अनुसन्धानबाट निजहरूलाई घर घेरा हालेर पक्राउ गरी कुटपिट गर्दै गाडीमा राखी बेपत्ता पारेको र निजहरू पक्राउ परेकै दिन भिडन्तमा मृत्यु भएको भनी समाचार प्रसारण गरेको भएता पनि निजहरूको शवसमेत फेला नपरेको देखिँदा निजहरूको अवस्था बेपत्ता नै रहेको र निजहरूलाई दोहोरो भिडन्तको नाममा मारिएको हुन सक्ने भएता पनि अवस्था भने बेपत्ता नै रहेको देखिन्छ। राहतको हकमा पीडित भगवतीप्रसाद थारुको परिवारले नेपाल सरकारबाट रु.३,००,०००।–(तीन लाख रुपियाँ) क्षतिपूर्ति प्राप्त गरेको भन्ने देखिन आए पनि निजसँगै बेपत्ता पारिएका राजकुमार थारु र पहाडी थारुको परिवारले कुनै राहत रकम प्राप्त गरेको नदेखिँदा पीडितहरू राजकुमार थारु र पहाडी थारुको परिवारलाई जनही रु. ३,००,०००।–(तीन लाख रुपियाँ) का दरले क्षतिपूर्ति उपलब्ध गराउन र तीनै जनाको अवस्था अज्ञात रहेको देखिँदा निजहरूको अवस्था पत्ता लगाउन निरन्तर खोजीकार्य जारी राखी बेपत्ता बनाउने कार्यमा संलग्न नेपाली सेनाका कर्मचारीको पहिचान गरी कानुनी कारबाही गर्न नेपाल सरकारसमक्ष सिफारिस गरी पठाउने ।

**२०८. उजुरी न. ४०५**, यातना, लुम्बिनीप्रदेश शाखाकार्यालय, नेपालगञ्ज
पीडितः टंकबहादुर खत्री, तत्कालीन कचनापुर गाविस ७, बाँके
उजुरकर्ताः मानव अधिकार तथा सामाजिक न्यायमञ्च, क्षेत्रिय समिति, नेपालगञ्ज, बाँके
उजुरीको व्यहोराः टंकबहादुर खत्रीलाई मिति २०५८ मङ्सिर १९ गते सशस्त्र प्रहरी गुल्म शम्शेरगञ्ज बाँकेले पक्राउ गरी केन्द्रीय कारागार शाखा नेपालगञ्ज, नगर प्रहरी नेपालगञ्जसमेत पुऱ्याइ शारीरिक तथा मानसिक यानता दिएकोले आवश्यक कारबाही गरी पाऊँ ।

निर्णयः आयोगमा दर्ता हुन आएको उजुरीमाथि अनुसन्धान हुँदा निजलाई पक्राउ गरी निर्मम यातना दिएको देखिएको हुँदा निजको गम्भीर मानव अधिकार उल्लङ्घन भएको देखिन्छ। निज टंकबहादुर खत्रीलाई पक्राउ गरी पटक–पटक म्याद थप गरी कारागार, प्रहरी कार्यालय, सशस्त्र प्रहरी कार्यालयहरूमा राखी यातना दिएको होइन भनी परिस्थितिजन्य प्रमाणबाट निष्कर्षमा पुग्न सकिएन। अतः निज खत्रीलाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६ बमोजिम रु. १,००,०००।–(एक लाख रुपियाँ) क्षतिपूर्ति दिन र दोषी प्रहरी कर्मचारीहरूको पहिचान गरी कानुनी कारबाही गर्न नेपाल सरकारलाई सिफारिस गरी पठाउने ।

**२०९. उजुरी न. १९५**, यातना, लुम्बिनी प्रदेश शाखाकार्यालय, नेपालगञ्ज
पीडितः दलबहादुर खत्री, महादेवपुरी गाविस ३, बचवापुर, बाँके
उजुरकर्ताः एडभोकेसी फोरम, नेपालगञ्ज, बाँके

उजुरीको व्यहोराः मिति २०६०/८/१३ गते दल बहादुर खत्रीलाई बाँके जिल्लास्थित चिसापानी व्यारेकबाट आएका सुरक्षाकर्मीले माओवादीहरूलाई खाना खुवाएको आरोपमा कुटपिट गरी चरम् यातना दिएकोले दोषीउपर कारबाही र पीडितलाई क्षतिपूर्ति दिलाई पाऊँ ।

निर्णयः दर्ता भएको उजुरी सम्बन्धमा आयोगको अनुसन्धानबाट निज दलबहादुर खत्रीलाई सुरक्षाकर्मीले पीडितकै घरमा पुगी नियन्त्रणमा लिई अमानवीय र अपमानजनक कार्य गरेको पुष्टि हुन आयो । निज पीडितले क्षतिपूर्तिवापत रु.१,००,०००।–(एक लाख रुपियाँ) पाइसकेको भन्ने व्यहोरा मिसिल संलग्न पीडितको बयानबाट नै खुल्न आएकोले त्यसतर्फ केही गरिरहनुपरेन । यस घटनामा संलग्न सुरक्षाकर्मीको पहिचान गर्नेतर्फ भने कुनै पहल नभएको नदेखिँदा दोषीको पहिचान गरी कारबाही गर्न नेपालको संविधानको धारा २४९(२) बमोजिम नेपाल सरकारसमक्ष सिफारिस गरी पठाउने ।

**२१०. उजुरी न. १३५५**, यातना, लुम्बिनी प्रदेश शाखा कार्यालय, नेपालगञ्ज
पीडितः लौटन थारु, शम्शेरगञ्ज गाविस ६, बाँके
उजुरकर्ताः ऐऐ
उजुरीको व्यहोराः मिति २०५९/३/१ गते लौटन थारुलाई आफ्नै घरबाट इलाका प्रहरी कार्यालय, कोहलपुर पुऱ्याइ १८ दिन र त्यसपछि ७२ दिन जमुनाह प्रहरी चौकीमा राखी यातना दिएकोले घटनाको छानबिन गरी दोषीउपर कारबाही र पीडितलाई क्षतिपूर्ति दिलाई पाऊँ ।

निर्णयः दर्ता हुन आएको प्रस्तुत उजुरीमाथि आयोगले गरेको अनुसन्धानबाट प्रस्तुत घटनामा निज पीडितको तत्कालीन नेपाल अधिराज्यको संविधान २०४७ को धारा १४, यातना सम्बन्धी क्षतिपूर्ति ऐन, २०५३, यातना विरुद्धको महासन्धि १९८४ को धारा १, जेनेभा महासन्धि १९४९ का साझा धारा ३ समेतले प्रदान गरेको अधिकार उल्लङ्घन हुन गएको देखिँदा निजलाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को धारा १६ बमोजिम रु. ५०,०००।–(पचास हजार रुपियाँ) क्षतिपूर्ति उपलब्ध गराउन र इलाका प्रहरी कार्यालय कोहलपुर बाँकेमा तत्कालीन समयमा कार्यरत रही निजलाई यातना दिने कार्यमा संलग्न प्रहरी कर्मचारीको पहिचान गरी कारबाही गर्न नेपालको संविधानको धारा २४९(२) बमोजिम नेपाल सरकारसमक्ष सिफारिस गरी पठाउने ।

**२११. उजुरी न. १३७८र १५९४**, हत्या यातना, लुम्बिनी प्रदेश शाखा कार्यालय, नेपालगञ्ज
पीडितः दिलाराम वली, महादेवपुरी गाविस २, पश्चिमपुरुवा, बाँके
उजुरकर्ताः नेपाल कम्युनिष्ट पार्टी (माओवादी) जिल्ला सङ्गठन समिति, बाँके
उजुरीको व्यहोराः नेकपा (माओवादी)मा सक्रिय दिलाराम वलीलाई मिति २०५८/९/१३ गते सुरक्षाकर्मीले घेरा हालेर गिरफ्तार गरी हत्या गरेकोले घटनाको छानबिन गरी दोषीउपर कारबाही र मृतक परिवारलाई राहत तथा क्षतिपूर्तिको लागि आवश्यक पहल गरी पाऊँ ।

निर्णयः दर्ता हुन आएको प्रस्तुत उजुरीमाथि आयोगले गरेको अनुसन्धानसमेतबाट निज दिला रामवलीलाई मिति २०५९/९/१३ गते खास कुश्मा गाविसं ५, स्थित मुम्का भन्ने स्थानबाट पक्राउ गरी पक्राउपछि सोधपुछको क्रममा कुटपिटसमेत गरी गाउँलेबाट उनको पहिचान गराइ सो गाउँको पश्चिमतर्फ लगी गोली हानी मारेर निजको शव राप्ती नदी किनारामा गाडी दिएको देखिन्छ । उल्लिखित कार्यबाट नियन्त्रणमा लिई सकेपछि हत्या गरिँदा तत्कालीन नेपाल अधिराज्यको संविधान २०४७ को धारा १२, तत्कालीन मुलुकी ऐन, २०२० को कर्तव्य ज्यानको महल, नागरिक तथा राजनीतिक अधिकार विषयक अनुबन्ध, १९६६ को धारा ७ र जेनेभा महासन्धिहरू १९४९ का साझा धारा ३ ले समेत प्रदान गरेको अधिकार उल्लङ्घन भएको देखियो । मृतक दिलाराम वली र खारा घटनामा घाइते भई मृत्यु भएका निजका छोरा डिल्लीध्वज वलीका आफन्तले नेपाल सरकारबाट जनही रु. ३,००,०००।–(तीन लाख रुपियाँ) का दरले रकम प्राप्त गरी सकेको देखिँदा त्यसतर्फ केही गरिरहन परेन । कानुनी कारबाहीको हकमा भने आफ्नो नियन्त्रणमा लिई सोही व्यक्तिलाई प्रचलित कानुनबमोजिम कारबाही गर्नुपर्नेमा सो तर्फ कुनै पहल नै नगरी दिलाराम वलीलाई कुटपिट गरी कुटपिटपछि हत्या गर्ने कार्यमा संलग्न तत्कालीन शाही नेपाली सेनाका जिम्मेवार व्यक्तिको पहिचान गरी कानुनी कारबाही अगाडि बढाउने सम्बन्धमा हालसम्म पनि कुनै प्रगति भएको नदेखिँदाको अवस्था हुँदा प्रस्तुत घटनामा संलग्न तत्कालीन शाही नेपाली सेनाका पदाधिकारी/कर्मचारीको पहिचान गरी कानुनी कारबाही गर्न नेपालको संविधानको धारा २४९(२) बमोजिम नेपाल सरकारसमक्ष सिफारिस गरी पठाउने ।

**२१२. उजुरी न. ४**, हत्या, लुम्बिनी प्रदेश शाखा कार्यालय, नेपालगञ्ज
पीडितः अमर लालमौर्य (मुराउ) तत्कालीन फत्तेपुर गाविस ६ बाँके
उजुरकर्ताः आयोग स्वयम्
उजुरीको व्यहोराः बाँके जिल्लाको गंगापुर गाविस अन्तर्गतको सोनवर्षामा मिति २०५८/५/१ गते स्थानीय गाउँले र तत्कालीन नेकपा (माओवादी) कार्यकर्ता बीच भएको घटनामा ऐ. जिल्लाको फत्तेपुर गाविस ६ बस्ने ज्ञानु मुराउ (वली) का पति अमर लालमौर्य (मुराउ) बेपत्ता भएको हुँदा मानव अधिकार रक्षार्थ आवश्यक पहल गरी पाऊँ ।

निर्णयः प्रस्तुत उजुरीमाथि आयोगले गरेको अनुसन्धानबाट निज अमरलाल मौर्यको मृत्यु मिति २०५८/५/१ गते स्थानीय बासिन्दाको आक्रमणबाट भएको र प्रस्तुत घटना फौजदारी प्रकृतिको अपराधिक घटना भएको देखिँदा निजको हत्या तत्कालीन नेकपा (माओवादी) र राज्यपक्षबाट भएको नदेखिए पनि सशस्त्र द्वन्द्वमा मारिएको भनी नेपाल सरकारबाट मृतक परिवारले राहत प्राप्त गरी सकेको देखियो । व्यक्तिलाई नियन्त्रणमा लिई मार्नेजस्तो जघन्य फौजदारी अपराधमा मृतक परिवारले जाहेरी दर्ता गर्न जाँदा प्रहरीले जाहेरी दर्ता गर्न नमानेको देखिँदा जाहेरी दर्ता नगर्ने भगवानपुर इलाका प्रहरी कार्यालय बाँकेका तत्कालीन इन्चार्जको पहिचान गरी सेवामा नै रहेको भए विभागीय र कारबाही र सेवानिवृत्त भएको भए राज्यको तर्फबाट पाउने अवसरमा सहभागी नगराउन नेपाल सरकारसमक्ष सिफारिस गरी पठाउने ।

**२१३. उजुरी न. १९१७**, क्षतिपूर्ति, लुम्बिनी प्रदेश शाखाकार्यालय, नेपालगञ्ज
पीडितः मोहन सिंह आले, खासकारकादो, नेपालगञ्ज, बाँके
उजुरकर्ताः सुमिता आले, ऐऐ
उजुरीको व्यहोराः खासकारकाँदो, बाँके निवासी भूपू प्रहरी उपरीक्षक मोहनसिंह आलेको मिति २०६०/४/२९ गते जिपको ठक्करले गम्भीर चोट लागि मृत्यु भएको र गाडी चलाक श्री न. गुल्ममा कार्यरत सिपाही सुजन मगर भएकामा सेनालाई उजुरी दिँदा कुनै कारबाही नगरेकोले आवश्यक कारबाहीको लागि पहल गरी पाऊँ ।

निर्णयः  दर्ता हुन आएको प्रस्तुत उजुरीमाथि कारबाही गर्दा  घटना सम्बन्धमा सवारी ज्यान मुद्दा दर्ता भई मृतक परिवारलाई नियमानुसार क्षतिपूर्ति उपलब्ध गराइसकेको भनी जानकारी प्राप्त भएको र सवारी ज्यान मुद्दाको क्षेत्राधिकार यस आयोगको पर्ने नदेखिँदा थप केही गरिरहनुपरेन, उजुरी तामेलीमा राखी दिने ।

**२१४. उजुरी न. १६०१**, हत्या, लुम्बिनी प्रदेश शाखाकार्यालय, नेपालगञ्ज
पीडितः भरतकुमारी चौधरी, फत्तेपुर गाविस ८ पतरीया, बाँके
उजुरकर्ताः नेकपा (माओवादी) जिल्ला सङ्गठन समिति बाँके
उजुरीको व्यहोराः  जिल्ला बाँके फत्तेपुर गाविस ८ घर भएकी तत्कालीन नेकपा (माओवादी) की कार्यकर्ता भरतकुमारी चौधरीलाई सुरक्षाकर्मीहरूले मिति २०६२/१२/२५ गते रुकुम जिल्लाको खारामा सेनाको ब्यारेक आक्रमण गर्दा सेनाको कारबाहीमा मृत्यु भएकोले छानबिन गरी पाऊँ ।

निर्णयः दर्ता हुन आएको प्रस्तुत उजुरीमाथि आयोगले गरेको अनुसन्धानबाट निजको मृत्यु माथि उल्लेख भएबमोजिम खारा आक्रमणमा भएकोले दोहोरो भिडन्तमा मृत्यु हुँदा सुरक्षाकर्मीले निजको मानव अधिकार उल्लङ्घन गरेको भने देखिएन । यसविपरीत निजको जन्म २०४३ सालमा भएको र उनलाई वि.सं. २०५९ साउनदेखि माओवादी सेनामा लगाएको देखिएको, सो समयमा निजको उमेर १५ वर्षमात्र भएको देखिँदा तत्कालीन नेकपा (माओवादी)-ले निजलाई तत्कालीन बालबालिकासम्बन्धी ऐन, २०४८ र बालअधिकारसम्बन्धी महासन्धि, १९८९ र जेनेभा महासन्धि, १९४९ विपरीत सेनामा भर्ती गराएकै कारण निजको मृत्यु हुन गएको देखिँदा, बाल सेनामा भर्ना गराउने तत्कालीन नेकपा (माओवादी) कमान्डरको पहिचान गरी कानुनबमोजिम कारबाही गर्न नेपाल सरकारसमक्ष सिफारिस गरी पठाउने ।

**२१५. उजुरी न. १५६४**, हत्या, लुम्बिनी प्रदेश शाखाकार्यालय, नेपालगञ्ज
पीडितः विजयथारु,तत्कालीन बैजापुर गाविस ३, कुम्मर गाउँ, बाँके
उजुरकर्ताः नेकपा (माओवादी) जिल्ला सङ्गठन समिति, बाँके

उजुरीको व्यहोराः जिल्ला बाँके बैजापुर गाविसका विजय थारुलाई तत्कालीन शाही नेपाली सेनाले घेरा हाली हत्या गरेकोले छानबिन गरी आवश्यक कारबाही गरी पाऊँ ।

निर्णयः दर्ता हुन आएको प्रस्तुत उजुरीमाथि आयोगबाट भएको अनुसन्धानबाट तीन वर्षीय बालक विजय थारुलाई सेनाले नभई तत्कालीन  नेकपा (माओवादी) का कार्यकर्ताहरूले बोकी ल्याएको सकेट बम मृतकको घरमा छोडी हिँडेको र सोही बम विस्फोट भई विजय थारुको मृत्यु भएको देखिन आयो ।  सो कार्यमा  नेकपा (माओवादी)का “रवि“ उपनामका कार्यकर्ता र अन्य नाम खुल्न नसकेको दुई जनासहित तीन जनाको संलग्नता रहेको देखिन आयो । अतः उनीहरूलाई कानुनी दायरामा ल्याइ कानुनी कारबाही गर्न नेपाल सरकारसमक्ष लेखी पठाउने र राहतको हकमा नेपाल सरकारबाट प्राप्त गरी सकेको देखिँदा केही गरिरहनुपरेन ।

**२१६. उजुरी न. १५६८**, हत्या, लुम्बिनी प्रदेश शाखाकार्यालय, नेपालगञ्ज
पीडितः गणेश वि.क.  वैजापुर गाविस ५, बाँके
उजुरकर्ताः नेकपा (माओवादी) जिल्ला सङ्गठन समिति, बाँके
उजुरीको व्यहोराः वैजापुर गाविस ५, बाँके निवासी गणेश वि.क.लाई तत्कालीन शाही नेपाली सेनाले आरणमा बसी काम गरिरहेको समयमा गिरफ्तार गरी माओवादीको आरोपमा गोली हानी हत्या गरेकोले छानबिन गरी पाऊँ

निर्णयः दर्ता हुन आएको उजुरी प्रस्तुत उजुरीमाथि आयोगले गरेको अनुसन्धानबाट निज वि.क.लाई मिति २०६०/७/९ गते बाँके जिल्ला वैजापुर गाविस ५ बनधुसीस्थित घरबाट सुरक्षाकर्मीले नियन्त्रणमा लिई गोली हानी हत्या गरेको देखियो । हत्यापछि मृतक परिवारलाई नेपाल सरकारबाट राहत रकम उपलब्ध गराइसकेको देखिए पनि दोषी पहिचान गरी कारबाही गर्ने तर्फ कुनै पहल भएको नदेखिँदा प्रस्तुत घटनामा दोषी पहिचान गरी कानुन कारबाही गर्न राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६ बमोजिम सिफारिस गरी पठाउने ।

**२१७. उजुरी न. १४९८**, हत्या, लुम्बिनी प्रदेश शाखाकार्यालय, नेपालगञ्ज
पीडितः दिलबहादुर थापा, फत्तेपुर गाविस ८, हब्रहवा, बाँके
उजुरकर्ताः पवित्रा थापा, ऐऐ
उजुरीको व्यहोराः  फत्तेपुर गाविस ८ निवासी दिलबहादुर थाप इलाकाप्रहरी कार्यालय छिन्चुमा कार्यरत भएको अवस्थामा मिति २०५९/४/२ गते राती ११:०० बजे नेकपा (माओवादी)ले हत्या गरेकोले क्षतिपूर्ति उपलब्ध गराइ पाऊँ ।

निर्णयः दर्ता हुन आएको उजुरीमा आयोगले गरेको अनुसन्धानबाट  नेकपा (माओवादी) कार्यकर्ताहरूले निजलाई निजको घर आएको समयमा बाँकेस्थित आफ्नै घरबाट अपहरण गरी नियन्त्रणमा लिई

फत्तेपुरस्थित भैंसे खोलामा हत्या गरी शव फाली हिँडेको देखियो । अतः प्रस्तुत घटनामा मृतक परिवारले राहत रकम नेपाल सरकारबाट पाइसकेको देखिँदा त्यसतर्फ केही गरिरहनुपरेन । कानुनी कारबाहीको हकमा दोषी पहिचान गरी कारबाही गर्न कुनै पहल हुन नसकेको देखिँदा यस्तो जघन्य अपराध गर्ने दोषी माओवादी कार्यकर्ताको पहिचान गरी कानुनी कारबाही गर्न नेपाल सरकारसमक्ष सिफारिस गरी पठाउने ।

**२१८. उजुरी न. १४०१** , अपहरण, लुम्बिनी प्रदेश शाखा कार्यालय, नेपालगञ्ज
पीडितः उमलाल बुढाथोकी र खिमकुमारी बुढाथोकी, मानपुर गाविस सल्यान
उजुरकर्ताः बलबहादुर बुढाथोकी, ऐऐ
उजुरीको व्यहोराः उमलाल बुढाथोकी र खिमकुमारी बुढाथोकीलाई मिति २०६४/०२/०४ गते अपहरण गरी बेपत्ता पारेको ।

निर्णयः दर्ता हुन आएको उजुरीउपर कारबाही हुँदा उजुरीमा उल्लेख भएबमोजिम सल्यानमा मानपुर भन्ने गाविस नभएको, उजुरीमा विवरण तथा पीडितको ठेगाना स्पष्ट बुझ्न सकिने नभएको र प्रस्तुत उजुरीमाथि उल्लेख भएको घटना भएको मिति बिस्तृत शान्ति-सम्झौता सम्पन्न भएपछिको देखिँदा यसमा हाललाई थप केही गरिरहनुपरेन, प्रमाणसहित उपस्थित भएमा फेरि हेर्न सकिने नै हुँदा हाललाई तामेलीमा राखिदिनु ।

## २.७ गण्डकी प्रदेश कार्यालय

**२१९. उजुरी न:४३५**, जीवनको अधिकार, गण्डकी प्रदेश कार्यालय, पोखरा
पीडितः सरिता रावत, शारदा नपा ५ सल्यान
उजुरकर्ताः रा.मा.अ.आः पोखरा
उजुरीको व्यहोराः शारदा नपा ५ बस्ने सरिता रावतले मिति २०७७/२/२१ गते कोपिला बाल गृहमा झुण्डिई आत्महत्या गरेको भनिएको घटनामा छानबिन गरी कारबाही गरी पाऊँ ।

निर्णयः सो उजुरीमाथि आयोगबाट भएको छानबिन तथा अनुसन्धानबाट सरिताको मानसिक अवस्था असमान्य रहेको, निजले सो बालगृहमा आउनुपूर्व पनि पटक-पटक आत्महत्या प्रयास गरेको निजको मृत्युको कारण झुण्डिएको भनी उल्लेख भएको र सो सम्बन्धमा अभियोजन गर्ने निकायबाट निजले आत्महत्या गरेको देखिएको र पछि कसैले कर्तव्य गरी मारेको खुलेमा कानुनबमोजिम हुने गरी मुद्दा नचलाउने निर्णय उच्च सरकारी वकिल कार्यालयबाट सदरसमेत भएको परिप्रेक्ष्यमा हाललाई यसमा केही गरिरहन परेन, उजुरी तामेलीमा राखी दिने ।

**२२०. उजुरी न. १८३**, कुटपित/बलप्रयोग, गण्डकी प्रदेश कार्यालय, पोखरा

पीडितः रूपबहादुर कार्की, साविकः बुर्तिबाङ-७ हाल ढोरपाटन नपा ३, बागलुङ
उजुरकर्ताः : ऐऐ
उजुरीको व्यहोराः साविक वुतिवाङ ७ हाल ढोरपाटन नपा ३ बागलुङ निवासी निज रूपबहादुर कार्कीलाई मिति २०५९/२/२२ गते भिमगिट्टे सैनिक बेस क्याम्प बागलुङबाट खटिएको सेनाले कुटपिट गरेको हुँदा दोषी सेनालाई कारबाही गरी पाऊँ ।

निर्णयः दर्ता हुन आएको उजुरीमाथि अनुसन्धान हुँदा मिसिल संलग्न प्रमाण कागजातबाट सो व्यहोरा पुष्टि हुन नसकेको देखिँदा तामेलीमा राख्ने ठहर्छ, तामेलिमा राखी दिने ।

**२२१. उजुरी न.४४७**, कुटपिट/यातना, गण्डकी प्रदेश कार्यालय, पोखरा
पीडितः हेमकुमारी गुरुङ, मालिङ ३, लमजुङ, हाल पोखरा मनपा १३, चिसापानी मार्ग, कास्की
उजुरकर्ताः दुर्गा बहादुर गुरुङ, ऐऐ
उजुरीको व्यहोराः लमजुङ स्थायी घर भई हाल पोखरा मनपा १३ निवासी निज हेमकुमारी गुरुङलाई जिल्ला प्रहरी कार्यालय कास्कीले हिरासतमा लाने क्रममा जबर्जस्ती र लछारपछार गरी गेटमा टाउको ठोकाइदिने, कुटपिट गर्ने कार्य गरेकोले आवश्यक कारबाही गरी पाऊँ ।
निर्णयः दर्ता हुन आएको उजुरी मिसिल अध्ययन हुँदा आयोगको अनुगमन टोलीले तत्काल गरेको अनुगमन प्रतिवेदन, निजलाई हिरासतमा लिँदा र छाड्दा गरिएको शारीरिक स्वस्थ परीक्षण प्रतिवेदनसमेतबाट उजुरी दाबी पुष्टी हुने आधार नदेखिँदा प्रस्तुत उजुरी तामेलिमा राख्ने ।

**२२२. उजुरी न.३३४**, सम्पतिको अधिकार, गण्डकी प्रदेश कार्यालय, पोखरा
पीडितः सानुमाया गुरुङ, क्व्होलासाथार गापा ९ गिलुङ, लमजुङ
उजुरकर्ताः ऐऐ
उजुरीको व्यहोराः क्व्होलासाथार गापा ९ गिलुङ स्थायी घर भई हाल बेंसीशाहर नपा ७ लमजुङ निवासी सानुमाया गुरुङको सम्पति मिति २०५९/९/१४ गते तत्कालीन नेकपा (माओवादी) का कार्यकर्ताले कब्जा गरेको हुँदा सम्पत्ति फिर्ता र दोषीमाथि कारबाही गरी पाऊँ ।

निर्णयः हाल समस्या समाधान भइसकेकाले उजुरी तामेलिमा राखी दिनु भनी पीडित स्वयम्ले आयोगसमक्ष दिएको निवेदन मिति २०७८/ १२/८ गते आयोगको यस प्रदेश कार्यालयमा दर्ता भएको देखिँदा केही गरिरहन परेन, उजुरी तामेलिमा राखी दिनु ।

**२२३. उजुरी न.: २१७**, सम्पतिको अधिकार, गण्डकी प्रदेश कार्यालय, पोखरा
पीडितः गजबहादुर गुरुङ र टुमजरजंङ गुरुङ, साविक ढोडेनी गाविस हालः दोर्दी गापा ५ र साविकः भञ्ज्याङ गाविस हाल दोर्दी गापा ३ लमजुङ
उजुरकर्ताः पूर्णचन्द्र पोखरेल, इशानश्वेर २, लमजुङ

उजुरीको व्यहोरा: दोर्दी गापा ६ निवासी गजबहादुर गुरुङको सम्पति जफत गरेको र वडा न. ३ निवासी टुमरजङ गुरुङ्को घर कब्जा गरी ताला लगाएकोले समस्या समाधान गरी पाऊँ ।

निर्णय: दर्ता हुन आएको उजुरी मिसिल संलग्न प्रमाण कागजात अध्ययन गरी हेर्दा आयोगको टोलीले पीडितसँग भेटघाट गरी बुझ्दा कब्जा भएको सम्पति फिर्ता भई निर्वाध रूपमा भोगचलन गरिसकेको भनी स्थानीय दोर्दी गापाबाट जानकारी प्राप्त हुन आएको देखिँदा हाललाई केही गरिरहनुपरेन, उजुरी तामेलिमा राखी दिनु ।

**२२४. उजुरी न. ४९१**, विस्थापित गण्डकी प्रदेश कार्यालय, पोखरा
पीडित: रामभक्त न्यौपाने, साविक कुच्छा गाविस ८, हाल: सुन्दरबजार नपा १, लमजुङ
उजुरकर्ता: ऐऐ
उजुरीको व्यहोरा: सुन्दर बजार नपा १ लमजुङ निवासी रामभक्त न्यौपानेलाई तत्कालीन नेकपा (माओवादी) कार्यकर्ताले घर नछोडेमा भौतिक कारबाही गर्ने धम्की दिएकोले विस्थापित हुन परेकोले पुन:स्र्थापित हुन पाऊँ ।

निर्णय: दर्ता हुन आएको उजुरी मिसिल संलग्न प्रमाण कागजात अध्ययन गरी हेर्दा निज आफ्नो घरमा पुनर्स्थापित भइसकेको भनी जानकारी मिसिल संलग्न देखिँदा यसमा थप केही गरिरहनुपरेन, उजुरी तामेलिमा राखी दिने ।

**२२५. उजुरी न.: ४०८**, महिला अधिकार, गण्डकी प्रदेश कार्यालय, पोखरा
पीडित: शिवदेवी घिमिरे साविक भोर्लेटार गाविस ८ हाल: मध्यनेपाल नपा ४ लमजुङ
उजुरकर्ता: ऐ ऐ
उजुरीको व्यहोरा: मध्य नेपाल नपा ४ लमजुङ निवासी निज शिवदेवी घिमिरेलाई निजका पति अपाङ्गता भएको कारण घरपरिवारले सम्पत्ति तथा खान लाउन दिन नपरोस् भनी परिवारजनले हेला गरेकोले बाँच्न पाउने अधिकारको संरक्षण गरी पाऊँ ।

निर्णय: दर्ता हुन आएको उजुरी मिसिल अध्ययन गरी हेर्दा मिसिल संलग्न प्रमाण कागजातबाट निजले दिएको उजुरी झुट भएको देखिन आएको हुँदा हाललाई थप केही गरिरहनुपरेन, उजुरी तामेलीमा राखी दिने ।

**२२६. उजुरी न: १७७**, कुटपिट, धम्की,गण्डकी प्रदेश कार्यालय, पोखरा
पीडित: राजु लामा, साविक चौघरे गाविस ८, हाल: कोन्ज्योसोम गापा १ ललितपुर घर भई हाल पोखरा मनपा १४, चाउथे
उजुरकर्ता: ऐ ऐ

यसका कोन्ज्योसोम गापा १ ललितपुर घर भई पोखरा मनपा १४ चाउथे बस्ने निज राजु लामालाई मिति २०६७/३/३२ गते वडा प्रहरी कार्यालय, राम बजार कास्कीले पक्राउ गरी प्रहरी हिरासतमा राखी कुटपिट र धम्की दिएको हुँदा कारबाही गरी पाऊँ ।

निर्णयः दर्ता हुन आएको उजुरी संलग्न प्रमाण कागजातहरूको अध्ययन गरी हेर्दा उजुरीमा उल्लेख भएबमोजिम कुटपिट तथा धाक धम्की भएको व्यहोरा पुष्टि हुन नसक्दा प्रस्तुत उजुरी प्रमाणको अभावमा तामेली तामेलीमा राख्ने ।

**२२७. उजुरी नः ४२१**, बेपत्ता, गण्डकी प्रदेश कार्यालय, पोखरा
पीडितः संभव क्षेत्री साविक नारायणस्थान गाविस हालः बागलुङ नपा १४, बागलुङ
उजुरकर्ताः डी.बी. क्षेत्री, ऐऐ
उजुरीको व्यहोराः बागलुङ नपा १४ निवासी सम्भव क्षेत्रीलाई मिति २०६३/१/१० गते पोखरा सभागृह चोकमा भएको प्रदर्शनको क्रममा पक्राउ गरी सुरक्षाकर्मीले बेपत्ता बनाएकोले छानबिन गरी आवश्यक कारबाही गरी पाऊँ ।
निर्णयः दर्ता हुन आएको उजुरी मिसिल अध्ययन गरी हेर्दा निज सम्भव क्षेत्रीलाई बेपत्ता बनाएको दाबी झुट्ठा रहेको अनुसन्धान प्रतिवेदनबाट देखिँदा यसमा थप केही गरिरहन परेन, उजुरी तामेलीमा राखी दिने ।

**२२८. उजुरी न. २४**, अपहरण, गण्डकी प्रदेश कार्यालय पोखरा
पीडितः आशबहादुर न्यौपाने, साविक मिजुरे३ हालः मादी गापा ८, कास्की
उजुरकर्ताः कर्णबहादुर न्यौपाने, ऐऐ
उजुरीको व्यहोराः मादी गापा वडा नम्बर ८ का निज आशबहादुर न्यौपानेलाई मिति २०६२ वैशाख महिनामा तत्कालीन नेकपा (माओवादी) का कार्यकर्ताले अपहरण गरी लागेकोले सकुशल रिहाइको लागि पहल गरी पाऊँ ।

निर्णयः दर्ता हुन आएको उजुरी मिसिल संलग्न प्रमाण कागजात अध्ययन गरी हेर्दा निज आशबहादुर न्यौपानेले आफ्नो रिहाइको लागि आयोगमा दिएको उजुरी तामेलीमा राखिदिनु भनी दिएको निवेदन मिति २०८०/१/१४ गते आयोगको गण्डकी प्रदेश कार्यालयमा दर्ता भएको देखिँदा हाललाई यसमा थप केही गरिरहन परेन, उजुरी तामेलीमा राखी दिने ।

**२२९. उजुरी न. २२४** ,हत्या, गण्डकी प्रदेश कार्यालय, पोखरा
पीडितः डेनप्रसाद खनाल, साविक पकवादी गाविस १ हालः गल्याङ नगरपालिका ९ स्याङ्जा र सोमन्त भुषाल वालिङ नगरपालिका ९, स्याङ्जा
उजुरकर्ताः रिता खनाल, साविक पकवादी गाविस १, हालः गल्याङ नगरपालिका ९ स्याङ्जा र रा.मा.अ.आ.

उजुरीको व्यहोराः साविक पकवादी गाविस १, हाल गल्याङ नगरपालिका ९ स्याङ्जा निवासी डेनप्रसाद खनाल र वालिङ नगरपालिका ९ निवासी सोमन्त भुषाललाई मिति २०६०/७/२ गते स्याङ्जा जिल्लाको जैपते सुरक्षा क्याम्प गुठीबाट खटिएको सुरक्षाकर्मीको न्युवाखर्क गाविसको न्युवा भन्ने स्थानमा गोली हानी हत्या गरेकोले घटनाको छानबिन गरी दोषीमाथि कारबाही तथा पीडित परिवारलाई क्षतिपूर्ति दिलाइ पाऊँ ।

निर्णयः दर्ता हुन आएको उजुरीमाथि आयोगले गरेको अनुसन्धानबाट डेनप्रसादको हत्या गोली हानी गरेको व्यहोरा उल्लेख भई आएको, सो तथ्यको आधारमा निजको हत्या भएको देखिन आयो । त्यस्तै सोमन्त भुषालको हकमा पनि पक्राउ गरिसकेपछि स्वच्छ प्रक्रियाद्धारा अनुसन्धान गरी कानुनी कारबाही गर्नुपर्नेमा त्यसको विपरीत मिति २०६०/७/२ गते गोली हानी हत्या गरेको देखियो । दुवै मृतकका परिवारले राहत पाइसकेको भए पनि दोषी पहिचान गरी कारबाही गर्नेतर्फ केही पहल भएको नदेखिँदा दोषीको पहिचान गरी कानुनी कारबाही गर्न नेपाल सरकारसमक्ष सिफारिस गरी पठाउने ।

**२३०. उजुरी न. ३०७**, हत्या, गण्डकी प्रदेश कार्यालय, पोखरा
पीडितः मदन पौडेल, साविक पुर्कोट गाविस ५, हालः भानु नपा ९, तनहुँ,
तीर्थ भुजेल, साविक सिद्ध गाविस ८, हालः रूपा गाउँपालिका ३, कास्की
उजुरकर्ताः : आयोग स्वयम्
उजुरीको व्यहोराः मिति २०६२/१०/२७ गते मदन पौडेल र तीर्थ भुजेल पोखरा लेक साइडस्थित स्पोर्टस होटलमा बास बसेको अवस्थामा सुरक्षाकर्मीको गोलीबाट सोही मितिमा सोही होटेलमा दुवै जनाको हत्या भएको हुँदा आवश्यक कारबाही गरी पाऊँ ।

निर्णयः प्रस्तुत घटनामा आयोगले स्वयम् ग्रहण गरी गरेको अनुसन्धानबाट निजहरूलाई पक्राउ गर्ने अवस्था हुँदाहुदै दोहोरो भिडन्त पनि नभएको अवस्थामा हत्या गरिएको भएको देखिन आयो । निजहरूको हत्या भइसकेपछि नेपाल सरकाले मृतकहरूको परिवारलाई राहत रकमसमेत द्वन्द्वको समयमा मृत्यु भएको भनी उपलब्ध गराए पनि नियन्त्रणमा लिई कारबाही गर्न सक्ने अवस्था हुँदाहुदै कानुनी कारबाहीतर्फ प्रक्रिया अघि नबढाएको हुँदा हत्यामा संलग्न सुरक्षाकर्मीको पहिचान गरी कानुनी कारबाही गर्न नेपाल सरकारसमक्ष राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १७ बमोजिम नेपाल सरकारलाई सिफारिस गरी पठाउने ।

**२३१. उजुरी न.७१४**, हत्या, गण्डकी प्रदेश कार्यालय, पोखरा
पीडितः टेकबहादुर भण्डारी, साविक नरेठाँटी गाविस ४ आरुखर्क हालः गलकोट नगरपालिका २, बागलुङ
उजुरकर्ताः जीवकुमारी भण्डारी, ऐऐ

उजुरीको व्यहोराः  हालः गलकोट नगरपालिका २ आरुखर्क बागलुङ निवासी टेकबहादुर भण्डारीलाई तत्कालीन नेकपा (माओवादी) का कार्यकर्ताहरूले मिति २०६०/९/२३ गते राती घरमा सुतिरहेको समयमा हत्या गरेकोले दोषीलाई कारबाही र मृतक परिवारलाई राहत दिलाई पाऊँ ।

निर्णयः  दर्ता भएको प्रस्तुत उजुरीमाथि आयोगले गरेको अनुसन्धानसमेतबाट निजको हत्या तत्कालीन नेकपा (माओवादी) कार्यकर्ताहरूबाट भएको देखिएबाट जेनेभा महासन्धि १९४९ को साझा धारा ३ को उल्लङ्घन गरेको देखिन्छ । अतः प्रस्तुत घटनामा संलग्न दोषीलाई कारबाही गर्न राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १७ बमोजिम नेपाल सरकारसमक्ष सिफारिस गरी पठाउने र क्षतिपूर्तितर्फ मृतक परिवारले नेपाल सरकारबाट राहत रकम प्राप्त गरिसकेको देखिँदा त्यसतर्फ केही गरिरहनुपरेन ।

**२३२ उजुरी न.२५४**, यातना, गण्डकी प्रदेश कार्यालय, पोखरा
पीडितः थीरनाथ शर्मा, बागलुङ नगरपालिका ४ ओढारचौर, बागलुङ
उजुरकर्ताः एसियाली मानव अधिकार आयोग, हङकङ
उजुरीको व्यहोराः बागलुङ नगरपालिका ४ ओढारचौर, बागलुङ निवासी कानुन-व्यवसायी थीरनाथ शर्मालाई मिति २०५८/९/४ गते तत्कालीन शाही नेपाली सेनाको टोलीले पक्राउ गरी यातना दिएको हुँदा आवश्यक कारबाही गरी पाऊँ ।

निर्णयः उजुरीउपर आयोगको अनुसन्धानबाट निजलाई नियन्त्रणमा लिई यातना दिएको पुष्टि भएको भनी खुलेको व्यहोरासमेतबाट यातना दिएको देखिन्छ । सो सम्बन्धमा पीडितलाई सशस्त्र द्वन्द्वको क्रममा अपाङ्ग भएको भनी सरकारको तर्फबाट रु. ४०,००० (चालीस हजार) र नजरबन्दमा राखेको भनी थप रु. २५,००० (पच्चीस हजार) रुपियाँसहित जम्मा रु. ६५,००० (पैसठ्ठी हजार) रुपियाँ राहत उपलब्ध गराए पनि पीडितको अवस्था गम्भीर रहेको र सोही कारणबाट निजको मिति २०७०/१२/२७ गते मृत्युसमेत भइसकेको भनी खुल्न आएको देखिन्छ । अतः मृतकका नजिकका हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६ बमोजिम थप रु. १,००,००० (एक लाख रुपियाँ) क्षतिपूर्ति उपलब्ध गराउन र घटनामा संलग्न नेपाली सेनाका तत्कालीन मेजर चन्द्रबहादुर पुन र सोही गुल्मका क्याप्टेन समीर प्रताप राणासमेतलाई नेपाल सरकारको तर्फबाट थप नयाँ जिम्मेवारी वा नियुक्त नदिन ऐ. ऐनको दफा १७ बमोजिम नेपाल सरकारसमक्ष सिफारिस गरी पठाउने ।

**२३३. उजुरी न.: ३४९**, विस्थापित, गण्डकी प्रदेश कार्यालय, पोखरा
पीडितः ताराप्रसाद पुडासैनी, साविक तान्द्राङ गाविस १ हालः  भीमसेन थापा गापा ३ तान्द्राङ गोरखा
उजुरकर्ताः नेपाल मानव  अधिकार सङ्गठन, काठमाडौँ
उजुरीको व्यहोराः भीमसेन थापा गापा ३ तान्द्राङ गोरखा निवासी ताराप्रसाद पुडासैनीको घरमा मिति २०७०/९/१ गते  नेकपा (माओवादी का कार्यकर्ताले घर घेरा हाली घरमा आगजनी गरी सम्पत्तिमा समेत नष्ट गराइ विस्थापित तुल्याएकोले छानबिन गरी क्षतिपूर्तिको लागि पहल गरी पाऊँ ।

निर्णयः  दर्ता हुन भएको उजुरी  आयोगबाट कारबाही हुँदा मिसिल संलग्न प्रमाणसहित उजुरकर्ता/पीडित उपस्थित भएमा कानुनबमोजिम हुने गरी हाललाई तामेलीमा राखी दिने ।

**२३४. उजुरी न. २९७**, घाइते, गण्डकी प्रदेश कार्यालय, पोखरा
पीडितः गीता के.सी., तत्कालीन सेतीदोभान ४, स्याङ्जा र दिलिप न्यौपाने, लेखनाथ नगरपालिका १२, खुदी कास्की घर भई पृथ्वीनारायण क्याम्पसमा अध्ययनरत
उजुरकर्ताः ऐऐ
उजुरीको व्यहोराः  मिति २०६१ साल माघ १९ गते शाही घोषणा भएपछि त्यसको विरोधमा पृथ्वीनारायण क्याम्पस, पोखरामा भएको विरोध कार्यक्रममा सुरक्षाकर्मीले हस्तक्षेप गरी कुटपिट गर्दा गीता के.सी. र दिलिप न्यौपाने घाइते भई उपचारसमेत गराउनुपरेकोले उपचार खर्च र क्षतिपूर्ति दिलाइ पाऊँ ।

निर्णयः दर्ता हुन आएको उजुरीउपर यस आयोगबाट कारबाही हुँदा आयोगको समेत पहलपछि दुवैजना घाइतेलाई नेपाल सरकारबाट राहत, क्षतिपूर्ति प्राप्त भई उपचारको लागि आवश्यक व्यवस्थासमेत भइसकेको देखिँदा यसमा थप केही गरिरहनुपरेन, उजुरी  तामेलिमा राखी दिनु ।

**२३५. उजुरी न.: ७१९**, महिला अधिकार, गण्डकी प्रदेश कार्यालय, पोखरा
पीडितः सुशिला तिवारी, फुजेल गाविस १ गोरखा
उजुरकर्ताः ऐऐ
उजुरीको व्यहोराः  साविक फुजेल गाविस १ गोरखा निवासी शुशिला तिवारीलाई  नेकपा (माओवादी) (कार्यकर्ता) ले मिति २०६४/५/११ गतेबाट घरनिकाला गरी धम्कीसमेत दिएकोले शान्तिसुरक्षासहित बस्ने वातावरणको लागि पहल गरी पाऊँ ।

निर्णयः  दर्ता भएको उजुरीमाथि आयोगबाट कारबाही हुँदा मिसिल संलग्न प्रमाण कागजातबाट निजको उजुरी मागदाबी स्थापित हुन नसकेको देखिँदा पछि प्रमाणसहित उजुरकर्ता/पीडित उपस्थित भएमा कानुनबमोजिम हुने गरि हाललाई तामेलीमा राखी दिने ।

**२३६. उजुरी न. ७२**, न्याय-प्रशासन (हराएको) ,गण्डकी प्रदेश कार्यालय, पोखरा
पीडितः बिमल प्रकाश भण्डारी, साविक कालिका गाविस ४, हालः पोखरा महानगरपालिका २८, कास्की ।
उजुरकर्ताः टीकाराम भण्डारी ऐऐ
उजुरीको व्यहोराः  पोखरा महानगरपालिका २८ कास्की निवासी निज बिमल प्रकाश भण्डारीको अवस्था अज्ञात रहेको हुँदा खोजी गरी पाऊँ ।

निर्णयः मिति २०६८/२/४ गते देखि घरबाट पोखरा जान्छु भनी हिँडेकोमा त्यसपछि बेपत्ता भएको हुँदा स्वेच्छिक रूपमा हराएका व्यक्तिको खोजतलास गर्ने क्षेत्राधिकार यस आयोगको नभएको भए पनि निजको अवस्था हालसमम पनि अज्ञात नै रहेको हुँदा निजको अवस्था सार्वजनिक गर्न पहल हुनुपर्ने देखिँदा जिल्ला प्रहरी कार्यालय कास्कीलाई निजको खोजतलास कार्य निरन्तर जारी राख्न पत्राचार गरी प्रस्तुत उजुरी तामेलीमा राख्ने ।

**२३७. उजुरी न. २६७**, हत्या, गण्डकी प्रदेश कार्यालय, पोखरा
पीडितः सुन्ते परियार, खम्बे दमाई, थकाने दमाई, सूर्य दमाई, फौजे दमाई, ठक्करे दमाई र लक्ष्मी खड्का साविक पुलाचौर गाविस २ हालः बेनी नपा ५, म्याग्दी
उजुरकर्ताः तिर्थी परियार, गतीता परियार, विष्णुमति परियार र मनकुमारी दमाई, ऐऐ
उजुरीको व्यहोराः ज्यालामजदुरी गरी जिविकोपार्जन गर्ने सुन्ते परियारसमेतका सात जना व्यक्तिहरू ज्यालामजदुरी गरिरहेको अवस्थामा मिति २०६०/१२/८ गते म्याग्दी जिल्लाको खबरा भन्ने ठाउँमा पर्खाल लगाइरहेको अवस्थामा एक्कासी तत्कालीन शाही नेपाली सेनाको हवाईजहाजबाट फायर गर्दा सबैको मृत्यु भएकोले घटनाको छानबिन गरी दोषीउपर कारबाही गरी पाऊँ ।

निर्णयः दर्ता हुन आएको उजुरीउपर आयोगले गरेको अनुसन्धानसमेतबाट यस घटनामा नेपाली सेनाका सम्बन्धित सैनिक कर्मचारीको लापरबाहीबाट माथि उल्लिखित सबैजनाको मृत्यु भएको तथ्यलाई नेपाल सरकारको तर्फबाट मृतक परिवारले प्राप्त गरेको राहत रकमले समेत समर्थन गर्ने नै देखिन्छ । अतः यस घटनामा लापरबाहीपूर्ण तरिकाले गोली/बमजस्तो हतियारको प्रयोग गर्ने र प्रयोग गर्न आदेश दिने नेपाली सेनामा कार्यरत सैनिकको पहिचान गरी कारबाहीको लागि राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १७ बमोजिम सिफारिस गरी पठाउने ।

**२३८. उजुरी न. ४१५,** अमानवीय व्यवहार (घरेलु हिंसा), गण्डकी प्रदेश कार्यालय, पोखरा
पीडितः सुकमाया वि.क. माछापुच्छ्रे गाउँपालिका ८ ल्वाङ्गघलेल, कास्की
उजुरकर्ताः राष्ट्रिय मानव अधिकार आयोग
उजुरीको व्यहोराः माछापुच्छ्रे गाउँपालिका ८ कास्की निवासी निज सुकमाया विकलाई निजका श्रीमानले घरको झ्यालमा बाँधेर अमानवीय व्यवहार गरेको हुँदा आवश्यक कारबाही गरी पाऊँ ।

निर्णयः दर्ता हुन आएको प्रस्तुत उजुरीउपर कारबाही हुँदा यस आयोगको पहलपछि निज पीडित महिलाको उद्धार गरी पोखरास्थित कोपिला नेपालको संरक्षण गृहमा हेरचाह, विशेषज्ञ चिकित्सकबाट नियमित स्वास्थ्य परीक्षण, नियमित औषधी सेवनबाट निजको स्वास्थ्य अवस्थामा क्रमिक सुधार भइरहेको पाइएको छ । निजलाई मानसिक समस्या भएको कारणबाट उजुरीमा उल्लेख भएबमोजिम राख्ने गरेको देखिए पनि उद्धारपछि त्यस्तो अवस्था नभएको समेत मिसिल संलग्न तथ्य प्रमाणबाट देखिँदा यसमा थप केही गरिरहनुपरेन, उजुरी तामेलीमा राखी दिने ।

**२३९. उजुरी न. ४०,** बेपत्ता (हराएको), गण्डकी प्रदेश कार्यालय, पोखरा
पीडितः आनन्द पोखेल, साविक ओरष्टे गाविस ३ स्याङ्जा
उजुरकर्ताः डोलराज पोखेल, ऐऐ

उजुरीको व्यहोराः साविक ओरष्टे गाविस ३ स्याङ्जा निवासी आनन्द पोखेललाई मिति २०६२/११/१६ गते सेनाले बेपत्ता पारेको अवस्था सार्वजनिक गरी पाऊँ ।

निर्णयः प्रस्तुत उजुरीउपर कारबाही हुँदा निज पोखेल परिवारको सम्पर्कमा आइ वैदेशिक रोजगारमा गएको र निजलाई बेपत्ता पार्ने कार्यमा द्वन्द्वरत पक्षको संलग्नता मिसिल संलग्न प्रमाण कागजातबाट नदेखिएको र उजुरकर्ताको मिति २०७८/०७/१५ गते निवेदनसमेत दिएको हुँदा उजुरी तामेलीमा राखी दिने ।

**२४०. उजुरी न. १८८**, घाइते, गण्डकी प्रदेश कार्यालय, पोखरा
पीडित/ उजुरकर्ताः शिवलाल शर्मा, साविक बुर्तिबाङ २, हालः ढोरपाटन नगरपालिका २, बागलुङ
उजुरीको व्यहोराः ढोरपाटन नगरपालिका २, बागलुङ निवासी निज शिवलाल शर्मालाई मिति २०५८/११/२१ र मिति २०५९/०३/०४ गते विद्यालयमा काम गरिरहेको समयमा सुरक्षाकर्मीले कुटपिट गरी यातना दिएकोले दोषीलाई कारबाही गरी पाऊँ ।

निर्णयः उजुरीउपर कारबाही हुँदा निजले मिति २०७८/१२/०७ गते आयोगको गण्डकी प्रदेश कार्यालयमा दिएको निवेदन र मिसिल संलग्न कागजातबाट प्रमाणको अभावमा मागदाबी पुष्टि हुन नसकेको देखिँदा हाललाई केही गरिरहुनुपरेन, उजुरी तामेलीमा राखी दिने ।

**२४१. उजुरी न. ४४३**, न्याय-प्रशासन, गण्डकी प्रदेश कार्यालय, पोखरा
पीडितः रेजिना विक, माछापुच्छ्रे गाउँपालिका २, कास्की
उजुरकर्ताः विष्णु विक, ऐऐ
उजुरीको व्यहोराः माछापुच्छ्रे गाउँपालिका २, कास्की निवासी निज रेजिना विकलाई जिल्ला प्रहरी कार्यालयमा कार्यरत प्रहरी जवान रजिन सुनारले यौनशोषण गरेको समेत विषयमा जिल्ला प्रहरी कार्यालय, कास्कीमा दिएको जाहेरीउपर सो कार्यालयले दर्ता गरी कारबाही अघि नबढाएको हुँदा कारबाहीको लागि आवश्यक पहल गरी पाऊँ ।

निर्णयः उजुरीउपर कारबाही हुँदा यस आयोगको पहलसँगै पीडितको जाहेरी मुमिन ६४४ मा दर्ता भई आरोपीलाई अदालतको आदेशबमोजिम पक्राउ गरी कानुनी कारबाही भइरहेको देखिएको र पीडितले पनि उजुरी बन्द गरिदिन निवेदन दिएको देखिँदा थप केही गरिरहुनुपरेन, उजुरी तामेलीमा राखी दिने ।

**२४२. उजुरी न. ४३४**, रोजगारीको अधिकार, गण्डकी प्रदेश कार्यालय, पोखरा
पीडितः कविता शाक्य, धवलागिरी अञ्चल अस्पताल, बागलुङ
उजुरकर्ताः रा.मा.अ.आ. स्वयम्
उजुरीको व्यहोराः धवलागिरी अञ्चल अस्पताल, बागलुङमा कार्यरत कविता शाक्यलाई अपाङ्गता भएकै कारण अस्पताल व्यवस्थापन समितिले सेवाबाट राजिनामा गर्न बाध्य हुने वातावरण बनाएको हुँदा आवश्यक कारबाही गरी पाऊँ ।

निर्णयः दर्ता हुन आएको उजुरीउपर यस आयोगले गरेको कारबाहीपछि अस्पतालले निजको रोजगारीको अधिकार सुनिश्चित गरेको र अस्पतालमा अपाङ्गमैत्री संरचना पनि निर्माण गरेको तथ्य प्रमाण मिसिलबाट देखिँदा थप केही गरिरहनुपरेन, उजुरी तामेलीमा राखिदिनु ।

**२४३. उजुरी न. ३१७**, आवासको अधिकार, गण्डकी प्रदेश कार्यालय, पोखरा
पीडितः मंगले माझी, पोखरा उमनपा १७, ड्यामसाइट, कास्की
उजुरकर्ताः ऐऐ
उजुरीको व्यहोराः पोखरा उमनपा १७, ड्यामसाइट, कास्कीस्थित निज मंगले माझीको स्वामित्वको कि.न. २१६१ मा पोखरा उपत्यका नगर विकास समितिले मेरो घरबाट समेत हटाइ आवासको अधिकारबाट वञ्चित गराएको हुँदा आवश्यक कारबाही गरी पाऊँ ।

निर्णयः दर्ता हुन आएको उजुरीमा आयोगको पहलपछि घरबाट नहटाइएको र निवेदकको परिवार निजको स्वामित्व भएको जग्गामा बनेको घरमा निरन्तर बसिरहेको प्रमाण मिसिलबाट देखिन आएकोले केही गरिरहनुपरेन, उजुरी तामेलीमा राखिदिनु ।

**२४४. उजुरी न.४२४**, स्वास्थ्यको अधिकार, गण्डकी प्रदेश कार्यालय, पोखरा
पीडित/उजुरकर्ताः शान्ता घिमिरे, पोखरा उमनपा १६, महेन्द्रगुफा मार्ग, कास्की
उजुरीको व्यहोराः पोखरा उमनपा १६ महेन्द्रगुफा मार्ग, कास्की स्थित निज शान्ता घिमिरेको घर नजिकै सञ्चालनमा रहेका ग्रील उद्योग र कवाडी सामान सङ्कलन गरी प्रशोधन गर्ने कार्यबाट उत्पन्न वायु र ध्वनी प्रदुषणले स्वास्थ्यको अधिकार प्रचलनमा प्रभाव पारेको हुँदा आवश्यक कारबाही गरी पाऊँ ।

निर्णयः दर्ता भएको प्रस्तुत उजुरीउपर यस आयोगबाट कारबाही हुँदा त्यसपछि कारखानामा कम ध्वनी उत्सर्जन गर्ने मेशिन राख्ने, प्रदुषण बढी गराउने उद्योगको मात्र सो स्थानमा स्थानान्तरण गर्ने कार्य अघि बढिरहेको र स्वयम् उजुरकर्ताले पनि उजुरी तामेलीमा राखिदिन लिखित अनुरोध गरेको कागजात मिसिल संलग्न देखिँदा थप केही गरिरहनुपरेन, उजुरी तामेलीमा राखिदिनु ।

**२४५. उजुरी न. १४३**, विस्थापित, गण्डकी प्रदेश कार्यालय, पोखरा
पीडितः जनार्दन घिमिरे र अच्युत घिमिरे, मध्यनेपाल नगरपालिका ७ इशानेश्वर, लमजुङ
उजुरकर्ताः शोभा घिमिरे, ऐऐ
उजुरीको व्यहोराः मध्यनेपाल नगरपालिका ७ लमजुङ स्थायी ठेगाना भएका जनार्दन घिमिरे र अच्युत घिमिरेलाई नेकपा (माओवादी)-हरूले घर फर्कन नदिई विस्थापित बनाएकोले घरमा पुनर्स्थापित गराइ पाऊँ ।

निर्णयः दर्ता हुन आएको उजुरीउपर कारबाही हुँदा राजनीतिक परिवर्तनसँगै दुवै जना पुनर्स्थापित भइसकेकोले उजुरी तामेलीमा राखिदिनु भनी पीडितले दिएको लिखित निवेदन मिसिल संलग्न देखिँदा यसमा केही गरिरहनुपरेन, उजुरी तामेलीमा राखी दिने ।

**२४६. उजुरी न.: ३९७**, आवासको अधिकार, गण्डकी प्रदेश कार्यालय, पोखरा
पीडित/उजुरकर्ताः रामनाथ सङ्गी अधिकारी, पोखरा महानगरपालिका १५ कास्की
उजुरीको व्यहोराः पोखरा महानगरपालिका १५ मजुवास्थित कि.न. ९५१ भित्रको जग्गामा बसिरहेका बाढी-पहिरो पीडितलाई महानगरपालिकाले सार्वजनिक जग्गा भनी डोजर चलाइ हानीनोक्सानी पुऱ्याइ विस्थापित गराएको हुँदा आवश्यक कारबाही गरी पाऊँ ।

निर्णयः दर्ता हुन आएको उजुरीउपर कारबाही हुँदा यस विषयमा सर्वोच्च अदालतमा समेत मुद्दा दर्ता भई (०६४-CI-०५८७) मिति २०७२/११/२३ गते फैसला गरिसकेको अवस्था देखिँदा थप केही गरिरहनुपरेन, उजुरी तामेलीमा राखिदिनु ।

**२४७. उजुरी न. १२४**, न्याय पाउने अधिकार, गण्डकी प्रदेश कार्यालय, पोखरा
पीडित/उजुरकर्ताः कमलबहादुर कार्की, पोखरा महानगरपालिका १४ मझेरीपाटन, कास्की
उजुरीको व्यहोराः पीडित कमलबहादुर कार्कीलाई स्थानीय व्यक्तिहरूले अभद्र व्यवहार गर्ने र माओवादी र सेना लगाइ झुठा मुद्दा लगाउने गरेकोले न्याय पाउने अधिकार संरक्षण गरी पाऊँ ।

निर्णयः दर्ता हुन आएको उजुरी बैठकसमक्ष पेस हुँदा पीडित स्वयम्ले आयोगले गरेको पहलको लागि धन्यवाद दिई उजुरी टुङ्ग्याइदिन अनुरोध गरेको लिखित कागजात मिसिल संलग्न देखिँदा केही गरिरहनुपरेन, उजुरी तामेलीमा राखिदिनु ।

**२४८. उजुरी न.: ३४४**, बाल अधिकार, गण्डकी प्रदेश कार्यालय, पोखरा
पीडित/उजुरकर्ताः .........., ............ स्याङ्जा

………… निवासी निज ……….लाई अनैतिक सम्बन्ध राखेको भनी जबरजस्ती स्वीकार्न लगाएको हुँदा मेरो बालअधिकार/मानव अधिकार संरक्षण गरी पाऊँ ।
निर्णयः दर्ता हुन आएको उजुरी आजको बैठकसमक्ष पेस हुँदा उजुरीमा उल्लेख भएबमोजिमको अवस्था नभएको र हाल आफ्नो बाबुको संरक्षणमा रही सामान्य जीवन बिताइरहेकोले उजुरी टुङ्ग्याइदिन भनी स्वयम् पीडित/उजुरकर्ताले लिखित रूपमा दिएको निवेदन मिसिल संलग्न देखिँदा यसमा थप केही गरिरहनुपरेन, उजुरी तामेलीमा राखिदिनु ।

**२४९. उजुरी न. १०३**, अपहरण, गण्डकी प्रदेश कार्यालय, पोखरा
पीडितः जुना भुजेल, गण्डकी गाउँपालिका ८, गोरखा
उजुरकर्ताः लवबहादुर भुजेल, ऐऐ वरफेदी, गोरखा
उजुरीको व्यहोराः जुना भुजेल मिति २०६१/५/१ गते अपहरणमा परेको हुँदा उद्दारको लागि पहल गरी पाऊँ ।
निर्णयः प्रस्तुत उजुरीमाथि कारबाही हुँदा निज जुना भुजेल सोही दिन सकुशल मुक्त भएको भनी आयोगको अनुसन्धान प्रतिवेदन निष्कर्षबाट देखिएको हुँदा थप केही गरिरहनुपरेन, उजुरी तामेलीमा राखिदिनु ।

**२५०. उजुरी नः २३७**, महिला अधिकार, गण्डकी प्रदेश कार्यालय, पोखरा
पीडित/उजुरकर्ताः अञ्जु खनाल उपाध्याय, अर्जनधारा झापा घर भई पोखरा महानगरपालिका ९ नयाँबजार, कास्की ।
उजुरीको व्यहोराः अञ्जु खनालले मिति २०६१/८/३० गते पोखरा महानगरपालिका ९ नयाँबजार कास्की निवासी डा. बद्रीप्रसाद उपाध्यायसँग विवाह गरी बसेकोमा निजमाथि घरेलु हिँसा भएकोले मर्यादित जीवन जीउन पाऊँ ।
निर्णयः दर्ता हुन आएको उजुरीमाथि आयोगबाट कारबाही हुँदा पीडित स्वयम्ले उजुरीको सान्दर्भिकता नरहेकोले उजुरी खारेजी गरिदिन भनी जानकारी गराएकोले उजुरी तामेलीमा तामेलीमा राखिदिने ।

**२५१ उजुरी न. ४१८**, न्याय-प्रशासन, गण्डकी प्रदेश कार्यालय, पोखरा
पीडित/उजुरकर्ताः सुनकुमारी भट्टराई, विहादी गाउँपालिका ६, पर्वत
उजुरीको व्यहोराः पर्वत जिल्लाको विहादी गाउँपालिका ६ की वडा सचिव निज सुनकुमारी भट्टराईले नेपाल बैङ्क लिमिटेड कुश्माबाट सामाजिक सुरक्षा भत्तावापतको रकम झिकी कार्यालयतर्फ जाँदै गर्दा पैसा राखेको झोला हराएकोले खोजी गरी पाऊँ ।
निर्णयः दर्ता हुन आएको उजुरी आयोगको क्षेत्राधिकार भित्रको नदेखिँदा थप केही गरिरहनुपरेन, खारेज गरिदिने ।

**२५२. उजुरी न. ४४०**,  बाल अधिकार, गण्डकी प्रदेश कार्यालय, पोखरा
पीडितः अप्सार चेपाङ, विपना चेपाङ, सुरेश चेपाङ, व्यास नगरपालिका ११ तनहुँ र सुजन राई पोखरा आकाश थापा, पोखरा महानगरपालिका १० र दिपेश राई महानगरपालिका १७,  कास्की
उजुरकर्ताः सोममाया तामाङ, ओखलढुङ्गा घर भई पोखरा महानगरपालिका १० रामबजार कास्की
उजुरीको व्यहोराः मादी गाउँपालिका ६, कास्कीस्थित श्री भूमे प्राथमिक विद्यालयका प्रधानाध्यापकले माथि उल्लिखित बालकहरूलाई विद्यालयमा भर्ना गरी दुई वर्षदेखि घरायसी काममा लगाउने तथा कुटपिट गरी बालबालिकाको अधिकार हनन् गरेकोले बालअधिकार संरक्षण गरी पाऊँ ।

निर्णयः दर्ता हुन आएको उजुरीमाथि आयोगबाट कारबाही अगाडि बढाइएकोमा जिल्ला प्रहरी कार्यालय कास्कीमा जाहेरी दर्ता भई आरोपी शिक्षक इन्द्रबहादुर रानाविरुद्ध अनुसन्धान गरी मिति २०७८/१२/१० गते कास्की जिल्ला अदालतमा मुद्दा दताई भई कारबाही भइरहेको देखिँदा थप केही गरिरहनुपरेन, उजुरी तामेलीमा राखी दिने ।

**२५३. उजुरी न. २२५**,  विस्थापित/सम्पत्तिको अधिकार, गण्डकी प्रदेश कार्यालय, पोखरा
पीडित/ उजुरकर्ता : राखेमान घर्तीमगर, पुथा उत्तरगंगा गाउँपालिका ५, रुकुम
उजुरीको व्यहोराः पीडित राखेमान घर्तीमगरलाई मिति २०६४/५/१५ गते बागलुङ जिल्लाको ढोरपाटनबाट नेकपा (माओवादी) ले नियन्त्रणमा लिई यातना दिएको तथा घरको सम्पत्ति लुटपाट गरी विस्थापित गराएको हुँदा आवश्यक कारबाही गरी पाऊँ ।

निर्णयः दर्ता हुन आएको उजुरीउपर कारबाही हुँदा उजुरीमा उल्लेख भएबमोजिम निजलाई यातना दिएको तथ्य स्थापित हुन नसकेको, निजले पेस गरेको मिसिल संलग्न उपचार गराएको कागजातमा निजलाई लागेको चोट रुखबाट खसेर भएको भनी उल्लेख भएको, सो सम्बन्धमा पीडितसँग बुझ्न खोज्दा सम्पर्क हुन नसकेको तथ्य मिसिल संलग्न प्रमाण कागजातबाट देखिन आउँदा प्रमाणसहित पुनः उपस्थित हुन आएमा सोहीबमोजिम हुने गरी हाललाई उजुरी तामेलीमा राखी दिने ।

**२५४. उजुरी न. ३५२**, न्याय-प्रशासन, गण्डकी प्रदेश कार्यालय, पोखरा
पीडितः खड्गबहादुर भट्टराई, फुलखर्क गाविस ३ धादिङ घर भई पोखरा उमनपा ८ बगालेटोल कास्की
उजुरकर्ताः एकमाया भट्टराई, फुलखर्क गाविस ३, धादिङ
उजुरीको व्यहोराः धादिङ घर भई पोखरा उमनपा ८ बगालेटोल बस्ने खड्गबहादुर भट्टराई मिति २०७०/१०/२१ गते लुम्ले कास्कीस्थित अष्ट्रलियन क्याम्पमा प्लम्बरको काम गर्न गएकोमा सो दिन देखि बेपत्ता भएको विषयमा जिल्ला प्रहरी कार्यालय कास्कीमा उजुरी गरेकोमा प्रभावकारी खोजतलास हुन नसकेको हुँदा आवश्यक पहल गरी पाऊँ ।

निर्णयः दर्ता भएको उजुरी  बैठकसमक्ष पेस हुँदा आयोगको अनुसन्धानबाट जिल्ला प्रहरी कार्यालय कास्कीले निरन्तर खोजी कार्य जारी राखे पनि निजको अवस्था बेपत्ता नै रहेको हुँदा सार्वजनिक गर्नको लागि खोजतलास कार्यलाई थप तीब्रताका अगाडि बढाउन सो  प्रहरी कार्यालय निर्देशन दिने ।

**२५५. उजुरी न. ४२८**,  गैरकानुनी थुना, गण्डकी प्रदेश कार्यालय, पोखरा
पीडितः जङ्गबहादुर भण्डारी, मिलन राई, काजी गुरुङ, सन्तोष परियार, आस्था नेपाली, गगन परियार, राजन साउद, सुजन सापकोटा र प्रकाश बास्तोला
उजुरकर्ताः पीडितहरू स्वयम्
उजुरीको व्यहोराः पीडित व्यक्तिहरू अवलोकन भ्रमणमा गएको समयमा मिति २०७६/२/२५ गते निजहरूलाई अन्नपूर्ण गाउँपालिका कास्कीबाट पक्राउ गरी थुनामा राखेकोमा उच्च अदालत पोखराले मिति २०७६/२/३० गते रिहा गरेको तर पुनः गिरफ्तार गर्ने कोशिस भएको हुँदा बाँच्न पाउने अधिकारको रक्षा गरी पाऊँ ।

निर्णयः  आयोगमा दर्ता हुन आएको प्रस्तुत उजुरीमाथि कारबाही हुँदा निजहरू उच्च अदालत पोखराको आदेशबमोजिम आयोगको मानव अधिकार अधिकृतद्वयसमेतको रोहवरमा मिति २०७६/३/३ गते रिहा भएकोमा पुनः ऐ. ४ गते पक्राउ भएको विषयमा सोही अदालतबाट मिति २०७६/३/२३ गते आदेश भई पर्याप्त आधार र कारण बिना पटक पटक पक्राउ गर्ने कार्यबाट अदालतको आदेशको औचित्य र सम्मानमा अनुकुल अवस्था सिर्जना हुन नसकेको तथा मुलुकी प्रशासनप्रति नकारात्मक जनभावना आउने अवस्था देखिएको भनी यस्तो प्रवृति दोहोरिन नदिन जिल्ला प्रहरी कार्यालयहरू कास्की र तनहुँ, महान्यायाधिवक्ताको कार्यालय, तनँहु जिल्ला अदालत, प्रहरी महानिरीक्षकको सचिवालयसमेतलाई निर्देशनात्मक आदेश दिएको र पीडितहरू रिहा भइसकेको देखिँदा थप केही गरिरहनुपरेन, उजुरी तामेलीमा राखी दिने ।

**२५६. उजुरी न.: ४२७**, कुटपिट/दुव्यवहार, गण्डकी प्रदेश शाखा कार्यालय, पोखरा
पीडितः शिव परियार, तत्कालीन मालेपाटन ५, हाल पोखरा महानगरपालिका ५, कास्की
उजुरकर्ताः कृष्णबहादुर परियार, ऐऐ
उजुरीको व्यहोराः  मिति २०७६/६/४ गते शिव परियारलाई वैदाम प्रहरी चौकी पोखराबाट खटिएका प्रहरीले पक्राउ गरी कुटपिट तथा दुर्व्यवहार गरेकोले छानबिन गरी पाऊँ ।

निर्णयः आयोगमा दर्ता हुन आएको सो उजुरीमाथि कारबाही अगाडि बढाउदा आयोगको गण्डकी प्रदेश कार्यालयको अनुसन्धान प्रतिवेदनसमेतको आधारमा प्रहरीबाट कुटपिट/ दुर्व्यवहार गरेको प्रमाण कागजको अभाव र पीडितले पनि आफूसँग प्रमाण नभएको भनी आयोगको गण्डकी प्रदेश कार्यालयमा गराएको लिखित जानकारीसमेतका आधारमा प्रस्तुत उजुरीउपर थप केही गरिरहन परेन, उजुरी तामेलीमा राखी दिने ।

**२५७. उजुरी नं. : १७**, गैरकानुनी थुना, गण्डकी प्रदेश कार्यालय, पोखरा
पीडितः भगवती भण्डारी, रत्ननगर नपा ९, जयमंगला चितवन
उजुरकर्ताः नेपाल मानव अधिकार सङ्गठन, कास्की
उजुरीको व्यहोराः भगवती भण्डारीलाई तत्कालीन नेकपा (माओवादी) सँग संलग्नता रहेको भनी सुरक्षाकर्मीले बारम्बार खोजतलास गरी गैरकानुनी रूपमा पक्राउ गरी बेपत्ता पार्ने तथा यातना दिने आशङ्का रहेकोले निजको सुरक्षित जीवन जीउन पाउने अधिकारको संरक्षण गरी पाऊँ ।

निर्णयः दर्ता हुन आएको उजुरीमाथि आयोगले अघि बढाएको कारबाहीको सम्बन्धमा निज भगवती भण्डारीले गरिदिएको कागजातमा प्रस्तुत उजुरी परेको विषयमा आफूलाई थाहा नभएको र आफूलाई मिति २०६२/३/१६ गते १ बजे सेनाले सोधपुछ गरी सोही दिन साँझ ८.०० बजे नै छोडेको र त्यसपछि आफ्नै घरमा सामान्य जीवनयापन गरिरहेकी छु भनी उल्लेख गरेको देखिँदा थप केही गरिरहनुपरेन, उजुरी तामेलीमा राखी दिने ।

**२५८. उजुरी न. ४३७**, उपभोक्ता/किसानको अधिकार, गण्डकी प्रदेश कार्यालय, पोखरा
पीडितः स्थानीय किसान
उजुरकर्ताः आयोग स्वयम्
उजुरीको व्यहोराः देशका विभिन्न भागमा किसानले उत्पादन गरको र बिक्री-वितरणका लागि ल्याइएका गोलभेडालगायतका तरकारीहरू पोखरा महानगरपालिका १५ का वडाध्यक्ष र प्रहरीसमेतको उपस्थितिमा कोरोना सर्छ भन्दै खाल्डो खनेर नष्ट गरिएको र त्यसबाट किसान र उपभोक्ताको अधिकार उल्लङ्घन भएको हुँदा क्षतिपूर्ति उपलब्ध गराइ पाऊँ ।
निर्णयः प्रस्तुत उजुरीमाथि आयोगबाट पहल अगाडि पोखरा महानगरपालिकाले सो सम्बन्धमा जाँचबुझ समिति गठन गरी क्षतिको मूल्य यकीन गरी रु. १,६०,०००/- (एक लाख साठी हजार रुपियाँ) पीडित र व्यवसायीलाई उपलब्ध गराएको तथा आगामी दिनमा यस्ता घटना दोहोरिन नदिने प्रतिबद्धतासमेत व्यक्त गरेको देखिँदा थप केही गरिरहन परेन, उजुरी तामेलीमा राखी दिने ।

**२५९. उजुरी न. ३८३**, आवासको अधिकार, गण्डकी प्रदेश शाखा कार्यालय, पोखरा
पीडितः फणिन्द्र राज बाँस्तोला, नरबहादुर दर्जी, जैसरा मगर, के.आई. सिंह पुल, पोखरा
उजुरकर्ताः फणिन्द्रराज बास्तोला, ऐऐ
उजुरीको व्यहोराः लामो समय देखि के. आई. पुल नजिक बस्दै आएका फणिन्द्रराज बास्तोलासमेतका माथि उल्लिखित व्यक्तिहरूलाई मिति २०७३/११/२ गते स्थानीय टोल विकासका अध्यक्षसहितले बसी आएको घर भत्काउन, सो स्थानबाट हटाउन दबाब दिने, डरत्रास देखाउने धम्की दिने र स्वतन्त्र रूपमा जीवन जीउन नदिई बसोवासको अधिकारबाट वञ्चित गरेकोले सो अधिकारको संरक्षण गरी पाऊँ ।

निर्णयः दर्ता  हुन आएको  उजुरीमा आयोगको अनुसन्धान प्रतिवेदनसमेतबाट माथि उल्लिखित व्यक्तिहरूलाई बस्ने व्यवस्था मिलाइ हाल बिनाडर, त्रास, दबाबरहित र स्वतन्त्र रूपमा बस्ने व्यवस्था टोल विकास संस्थाबाट भइसकेको र पीडित पनि स्वतन्त्र रूपमा बसोबास गरिरहको देखिँदा थप केही गरिरहन परेन, उजुरी तामेलीमा राखी दिने ।

**२६०. उजुरी न.२५०**, स्वास्थ्यको अधिकार, गण्डकी प्रदेश कार्यालय, पोखरा
पीडितः  टीकाराम गुरुङ, खैरेनी गाविस, हाल शुक्ला गण्डकी नपा २,  माझदगाम, तनहुँ
उजुरकर्ताः पीडित स्वयम्
उजुरीको व्यहोराः टीकाराम गुरुङकी आमाको नाममा तत्कालीन लेखनाथ नपा १३ को कि.नं. १२९६ क्षे.फ. ७-१४-०-२ भएको जग्गा सुकुम्बासी समस्या समाधान आयोगबाट दर्ता प्रक्रियामा गए पनि सो जग्गामा लामीआल बस्ने बुद्धि गुरुङले कब्जा जमाइ धम्की दिएको विषयमा जिल्ला प्रशासन कार्यालय कास्कीमा उजुरी  दिएकोमा त्यहाँबाट कुनै कारबाही नभएको र जग्गा हडपेको कारण मुटुको उपचार हुन नसकेकोले न्याय प्राप्तीको लागि पहल गरी पाऊँ ।

निर्णयः  दर्ता हुन आएको प्रस्तुत उजुरीको विषय आयोगको क्षेत्राधिकार नभएको र निजको स्वास्थ उपचारको सम्बन्धमा आयोगको पहलबाट पीडितले निःशुल्क रूपमा शहीद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र काठमाडौँबाट उपचार गराएको देखिएको र पीडित स्वयम्ले यस सम्बन्धमा आयोगलाई धन्यवादसहित प्रस्तुत उजुरीउपरको कारबाही अघि बढाउन नपर्ने भनी निवेदन दिएको देखिँदा यसमा थप केही गरिरहन परेन, उजुरी तामेलीमा राखी दिने ।

**२६१. उजुरी न. १५४**, यातना, गण्डकी प्रदेश कार्यालय, पोखरा
पीडितः दिलबहादुर आले, तत्कालीन रत्नेचौर गाविस ७, हाल बेनी नगरपालिका १, म्याग्दी
उजुरकर्ताः भीमबहादुर आले, ऐऐ
उजुरीको व्यहोराः दिलबहादुर आलेलाई राजनीतिक आस्थाका कारण  पटक-पटक पक्राउ गरी यातना दिएको हुँदा जीउज्यानको सुरक्षा गरी पाऊँ ।

निर्णयः उजुरीमाथि अध्ययन-अनुसन्धानबाट पीडित परिवारका सदस्यले आयोगलाई गराएको लिखित जानकारीमा निज दिलबहादुरलाई प्रहरी प्रशासनबाट यातना नदिएको र निज दिलबहादर २०५८ साल भदौ महिनादेखि नै बेल्जियममा बस्दै आएको हुँदा उजुरी तामेलीमा राखी दिन भनी खुलाइ निवेदन दिएको देखिँदा हाल यसमा केही गरिरहनुपरेन, उजुरी तामेलीमा राखी दिने ।

**२६२. उजुरी न.  ११२**, कुटपिट/यातना, गण्डकी प्रदेश कार्यालय, पोखरा
पीडितः अमर बहादुर नेपाली, गलकोट नपा, बागलुङ
उजुरकर्ताः ऐऐ

उजुरीको व्यहोराः मिति २०५८/१२/२ गते अमरबहादर नेपालीलाई तत्कालीन नरेठाँटी गाविसको जामुने डाँडाबाट खटिएको तत्कालीन शाही नेपाली सेनाले नियन्त्रणमा लिई यातना दिएकोले छानबिन गरी पाऊँ ।

निर्णयः दर्ता हुन आएको उजुरी मिसिल संलग्न अनुसन्धान प्रतिवेदन निष्कर्षबाट यातना, कुटपिट पुष्टि गर्ने आवश्यक प्रमाणका अभावमा प्रस्तुत उजुरी हाललाई तामेलीमा राखी दिनु ।

**२६३. उजुरी न. ३९९**, कुटपिट/यातना, गण्डकी प्रदेश कार्यालय, पोखरा
पीडितः प्यामबहादुर गुरुङ, स्याङ्जा यनकामना स्थायी घर भई हाल मालेपाटन, पोखरा कास्की
उजुरकर्ताः सुकमाया गुरुङ, ऐऐ
उजुरीको व्यहोराः मिति २०७५/५/८ गते प्यामबहादुर गुरुङ ज्याला मजदूरी गरी फर्कने क्रममा माछा पसलका व्यापारीसँग विवाद हुँदा निजलाई प्रहरीले प्रकाउ गरी सृजना चोकमा रहेको प्रहरी बिटमा लगी कुटपिट गरी यातना दिएकोले छानबिन गरी पाऊँ ।

निर्णयः दर्ता हुन् आएको उजुरीमाथि आयोगबाट भएको छानबिन तथा अनुसन्धानबाट कास्की जिल्ला अदालतको मिति २०७६/३/२३ र सोही विषयमा उच्च अदालत पोखराको मिति २०७६/१०/६ गतेको फैसलामा पीडित भनिएका प्यामबहादुर गुरुङ्लाई यातना दिएको पुष्टि हुन नसकेको भनी उल्लेख भएको देखिँदा यसमा थप केही गरिरहन परेन, उजुरी तामेलीमा राखी दिने ।

**२६४. उजुरी न.७१४**, हत्या, गण्डकी प्रदेश कार्यालय, पोखरा
पीडितः टेकबहादुर भण्डारी, साविक नरेठाँटी गाविस ४ आरुखर्क, हालः गलकोट नगरपालिका २, बागलुङ
उजुरकर्ताः जीवकुमारी भण्डारी, ऐऐ
उजुरीको व्यहोराः हालः गलकोट नगरपालिका २ आरुखर्क बागलुङ निवासी टेकबहादुर भण्डारीलाई तत्कालीन नेकपा (माओवादी) का कार्यकर्ताहरूले मिति २०६०/९/२३ गते राती घरमा सुतिरहेको समयमा हत्या गरेकोले दोषीलाई कारबाही र मृतक परिवारलाई राहत दिलाइ पाऊँ ।

निर्णयः :दर्ता भएको प्रस्तुत उजुरीमाथि आयोगबाट भएको अनुसन्धानसमेतबाट निजको हत्या तत्कालीन नेकपा (माओवादी) कार्यकर्ताहरूबाट भएको र यसबाट जेनेभा महासन्धि १९४९ को साझा धारा ३ को उल्लङ्घन भएकोले प्रस्तुत घटनामा संलग्न माओवादी कार्यकर्ताहरूको पहिचान गरी कानुनी कारबाही गर्न दोषीलाई कारबाही गर्न राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १७ बमोजिम नेपाल सरकारसमक्ष सिफारिस गरी पठाउने । क्षतिपूर्तितर्फ मृतक परिवारले नेपाल सरकारबाट रकम प्राप्त गरिसकेको देखिँदा सो तर्फ केही गरिरहनुपरेन ।

**२६५. उजुरी न.: ३४४**, बाल अधिकार, गण्डकी प्रदेश कार्यालय, पोखरा

पीडित/उजुरकर्ता: सागर गोदार, भिरकोट नगरपालिका ६, धनथान, स्याङ्जा
उजुरीको व्यहोरा: भिरकोट नगरपालिका ६, धनथान, स्याङ्जा निवासी निज सागर गोदारलाई अनैतिक सम्बन्ध राखेको भनी जबरजस्ती स्वीकार्न लगाएको हुँदा मेरो बालअधिकार/मानव अधिकार संरक्षण गरी पाऊँ ।

निर्णय: दर्ता हुन आएको उजुरीमाथि आयोगले गरेको अनुसन्धानबाट उजुरीमा उल्लेख भएबमोजिमको अवस्था नभएको र हाल आफ्नो बाबुको संरक्षणमा रही सामान्य जीवन बिताइरहेकोले उजुरी टुङ्ग्याइदिन भनी स्वयम् पीडित/उजुरकर्ताले लिखित रूपमा दिएको निवेदन मिसिल संलग्न देखिँदा यसमा थप केही गरिरहनुपरेन, उजुरी तामेलीमा राखी दिने ।

**२६६. उजुरी न. २८७४**, यातना, गण्डकी प्रदेश कार्यालय, पोखरा, कास्की
पीडित: बस्ताकोटी, गैडाकोट ५ मैनाघाट, नवलपरासी (पूर्व)
उजुरकर्ता:दीपकचन्द्र बस्ताकोटी, ऐऐ
उजुरीको व्यहोरा: नवलपरासिको मैनाघाटमा मेडिकल संञ्चालन गर्दै आएका निज ऋषिकान्त बस्ताकोटीलाई मिति २०६१/११/२३ गते सुरक्षाकर्मीले पकाउ गरी यातना दिएकोले छानबिन गरी पाऊँ ।
निर्णय: दर्ता भएको उजुरी  संलग्न प्रमाण कागजातबाट निजलाई यातना दिएको पुष्टि हुन सक्ने आधार नदेखिँदा प्रस्तुत उजुरी तामेलीमा राखी दिने ।

## २.८ कर्णाली प्रदेश कार्यालय

**२६७.उजुरी न. ९६ र ९७**, विस्फोटबाट मृत्यु, लुम्बिनी प्रदेश शाखा कार्यालय, नेपालगञ्ज
पीडित: शान्ति सुनार र काले सुनार, तत्कालीन लिवाङ ६, हाल रोल्पा नपा ४, रोल्पा (बालबालिका)
उजुरकर्ता: नेपाल बाल मजदुर सरोकार केन्द्र, काठमाडौँ
उजुरीको व्यहोरा:  माथि उल्लिखित शान्ति सुनार र काले सुनारको मिति २०५५/११/३ गते तत्कालीन नेकपा (माओवादी) ले फालेको बम बिस्फोट भई मृत्यु भएको हुँदा छानबिन गरी क्षतिपूर्ति दिलाउन र बाल अधिकार प्रत्याभूतिको लागि पहल गरी पाऊँ ।

निर्णय: आयोगसमक्ष दर्ता हुन आएका उजुरीहरूमाथि अनुसन्धान हुँदा निज शान्ति सुनार र काले सुनारको बेवारिशे अवस्थामा फालिएको बम बिस्फोटबाट मृत्यु भएको र मृतक परिवारले नेपाल सरकारबाट राहत रु. १०,००,०००/- (दश लाख रुपियाँ) जनही प्राप्त गरी सकेको देखिन्छ। दोषी पहिचान गरी कारबाही गर्ने तर्फ भने कुनै पहल भएको नदेखिँदा दोषी पहिचान गरी कारबाही गर्ने तर्फ पहल गर्न राष्ट्रिय मानब अधिकार आयोग ऐन, २०६८ को दफा १७ बमोजिम नेपाल सरकारसमक्ष सिफारिस गरी पठाउने ।

**२६८. उजुरी न. ५२**, बेपत्ता, कर्णाली प्रदेश शाखा कार्यालय, जुम्ला
पीडितः धनकृष्ण नेपाली, तत्कालीन हाँकु गाविस ६, गिडी खोला जुम्ला
उजुरकर्ताः धर्मलाल नेपाली, ऐऐ

उजुरीको व्यहोराः धनकृष्ण नेपाली तत्कालीन नेकपा (माओवादी) पार्टीमा संलग्न हुँदाका बखत २०६० साल वैशाख महिनादेखि बर्दिया जिल्लाबाट बेपत्ता भई हालसम्म पनि अवस्था अज्ञात भएकोले खोजतलास गरी पाऊँ ।

निर्णयः दर्ता हुन आएको उजुरी छानबिन तथा अनुसन्धान हुँदा निज धनकृष्ण नेपालीको परिवारलाई रु. १०,००,०००/- (दश लाख रुपियाँ) राहत उपलब्ध गराएको देखिन्छ । निज धनकृष्ण नेपालीको अवस्था हालसम्म पनि अज्ञात रहेको देखिएको तर निजलाई कसले बेपत्ता पारेको हो भन्ने यकीन हुन नसकेको देखिँदा निजको अवस्था सार्वजनिक गर्न निरन्तर खोजतलास कार्य जारी राख्नु भनी नेपाल सरकारसमक्ष सिफारिस गरी पठाउने ।

**२६९. उजुरी न. ५४**, लुटपाट, सम्पत्तिको अधिकार, कर्णाली प्रदेश शाखा कार्यालय, जुम्ला
पीडितः हंशबहादुर डाँगी, तत्कालीन लाम्रा गाविस १, हाल तातोपानी गाउँपालिका ५, श्रीनगर, जुम्ला
उजुरकर्ताः ऐऐ
उजुरीको व्यहोराः हंशबहादुर डाँगीको घरमा मिति २०५७/११...गते राति तत्कालीन नेकपा (माओवादी) कार्यकर्ताले घरका सबै सदस्यहरूलाई कोठाभित्र थुनी नगद, जिन्सी र पशुचौपायासमेत लुटपाट गरी परिवारलाई विस्थापित गराएकोले लुटपाट भएको सम्पत्तिको क्षतिपूर्ति उपलब्ध र पुनर्स्थापित गराइ पाऊँ ।

निर्णयः दर्ता हुन आएको उजुरी छानबिन तथा अध्ययनबाट उजुरीमा उल्लेख भएबमोजिम निज हंशबहादुर डाँगीको सम्पत्ति तत्कालीन नेकपा (माओवादी) का कार्यकर्ताले लुटी लिएको पुष्टि हुन आएको देखिन्छ । निजको परिवारले हालसम्म कुनै पनि क्षतिपूर्ति प्राप्त गर्न नसकेको र निज हंशबहादुर डाँगीको मृत्यु समेत भइसकेको भन्ने अनुसन्धानबाट देखिन आएको हुँदा राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १७ (६) बमोजिमको हकवालाई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी कारबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम २२ र २८ बमोजिम रु. २,००,०००/- (दुई लाख रुपियाँमात्र) क्षतिपूर्ति दिन र दोषी माओवादी कार्यकर्ताको पहिचान गरी कारबाही गर्न नेपाल सरकारसमक्ष लेखी सिफारिस गरी पठाउने ।

**२७०. उजुरी न. १४३**, बेपत्ता, कर्णाली प्रदेश शाखा कार्यालय, जुम्ला
पीडितः शिवराज गिरी, गर्ज्याङ्गकोट गाविस ३, जुम्ला
उजुरकर्ताः विष्णु गिरी, ऐऐ

उजुरीको व्यहोराः मिति २०५५/७/२९ गते विष्णु गिरीलाई जुम्ला जिल्लाको तत्कालीन कुडारी गाविस १ लम्सेराबाट नेपाल प्रहरीको दंगा टोलीले  पक्राउ गरी बेपत्ता बनाएकोले स्थिति सार्वजनिक गरी पाऊँ ।

निर्णयः  दर्ता हुन आएको उजुरीमाथि आयोगले गरेको अनुसन्धानबाट निज विष्णु गिरीलाई तत्काल नेपाल प्रहरीले पक्राउ गरी बेपत्ता पारेको होइन भनी निष्कर्षमा पुग्न सकिएन । निजलाई सशस्त्र द्वन्द्वको क्रममा बेपत्ता पारेको तथ्यमा सहमत भई नेपाल सरकारले रु. १०,००,०००/- (दश लाख  रुपियाँ) राहतस्वरूप उपलब्ध गराइसकेको देखिन्छ । अतः राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १७ बमोजिमनिजको अवस्था सार्वजनिक गर्न निरन्तर खोजी कार्य जारी राख्न र बेपत्ता पार्ने कार्यमा संलग्न नेपाल प्रहरीले कर्मचारीको पहिचान गरी कानुनी कारबाही गर्न नेपाल सरकारसमक्ष सिफारिस गरी पठाउने ।

**२७१. उजुरी न. १५० र १५१,** बेपत्ता, कर्णाली प्रदेश शाखा कार्यालय, जुम्ला
पीडितः धनजित सुनार, कुडारी गाविस ४, जुम्ला र परिमल सुनार, ऐऐ
उजुरकर्ताः बलराम सुनार, ऐऐ
उजुरीको व्यहोराः  धनजित सुनार र परिमल सुनुवारलाई मिति २०५९/७/२४ गते जुम्ला जिल्लाको तत्कालीन कार्तिकस्वामी गाविसस्थित बोहोरागाउँ साखुबाट नेपाली सेनाले पक्राउ गरी बेपत्ता बनाएकोले स्थिति सार्वजनिक गराइ जीवन रक्षा गरी पाऊँ ।

निर्णयः  आयोगसमक्ष दर्ता हुन आएको उजुरी  छानबिन तथा अनुसन्धानपछि धनजित सुनार र परिमल सुनारलाई नेपाल प्रहरीबाट पक्राउ गरी बेपत्ता पारेको र सो कार्यमा तत्कालीन शाही नेपाली सेनाको (जुम्लाको) समेत संलग्नता रहेको पुष्टि भएको देखियो । मिसल अध्ययनबाट निजहरूको परिवारले राज्यको तर्फबाट राहत रकम प्राप्त गरेको देखिँदा त्यसतर्फ केही गरिरहनुपरेन । घटनामा संलग्न दोषीलाई पहिचान गरी कारबाही गर्न र अवस्था सार्वजनिक गर्ने तर्फ भने राज्यको तर्फबाट कुनै पहल भएको नदेखिँदा राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १७ बमोजिम घटनामा संलग्न दोषी सुरक्षाकर्मी (नेपाल प्रहरी र तत्कालीन शाही नेपाली सेना) को पहिचान गरी कानुनी कारबाही गर्न र अवस्था सार्वजनिक गर्न नेपाल सरकारसमक्ष सिफारिस गरी पठाउने ।

**२७२. उजुरी न.३४**, बेपत्ता, कर्णाली प्रदेश शाखा कार्यालय, जुम्ला
पीडितः भक्तबहादुर भण्डारी, तत्कालीन तलिउम गाविस ७ हाल चन्दननाथ नपा ८ ,जुम्ला
उजुरकर्ताः तिला भण्डारी, ऐऐ
उजुरीको व्यहोराः भक्तबहादुर भण्डारीलाई मिति २०६० सालको विजयादशमीको दिन असोज १४ गते तत्कालीन नेपाली सेनाले जुम्ला बजारबाट पक्राउ गरी बेपत्ता बनाएकोले स्थिति सार्वजनिक गरी पाऊँ ।

निर्णयः दर्ता हुन आएको प्रस्तुत उजुरीमाथि आयोगबाट गरिएको अनुसन्धानबाट निज भक्तबहादुरलाई राज्यबाट बेपत्ता पारी हत्या गरेको देखिन आउछ । निजलाई द्वन्द्वको अवधिमा बेपत्ता पारेको स्वीकार गरी निजको परिवारका हकवालालाई उपलब्ध गराएको रु. १०,००,०००।– (दशलाख रुपियाँ) राहत रकम उपलब्ध गराए पनि सो घटनाको छानबिन तथा अनुसन्धान गर्ने तर्फ कुनै पहल भएको देखिँदैन । अतः राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १७ बमोजिम प्रस्तुत घटनाको सम्बन्धमा छानबिन गरी दोषीलाई कानुनी कारबाही गर्न नेपाल सरकारसमक्ष सिफारिस गरी पठाउने ।

**२७३. उजुरी न. १३०**, सम्पतिको अधिकार, कर्णाली प्रदेश शाखा कार्यालय, जुम्ला
पीडितः गोविन्दराज गिरी, तत्कालीन रकु गाविस ४, कालीकोट
उजुरकर्ताः ऐऐ
उजुरीको व्यहोराः माथि उल्लिखित ठेगानामा घर भई कोटवाडा गाविस ३ कालिकोट कोटवाडा ३ बस्ने अहेब गोविन्दराज गिरीलाई मिति २०५८/११/१२ गते सुरक्षाकर्मीले निजमाथि अभद्र व्यवहार गरी निजको डेरामा रहेको नगदी जिन्सीसहित करिब रु.२,००,०००।– (दुई लाख) बराबरको धनमाल लुटी लगेकोले क्षतिपूर्ति उपलब्ध गराइ सम्पत्तिको अधिकारको संरक्षण गरी पाऊँ ।

निर्णयः दर्ता हुन आएको सो उजुरीमाथि आयोगबाट भएको अनुसन्धानबाट प्रस्तुत उजुरीमा उल्लेख भएबमोजिम नेपाली सेनाबाट निज गोविन्दराज गिरीको सम्पत्तिको अधिकार उल्लङ्घन गरी हालसम्म पनि निजको सम्पत्ति फिर्ता गर्ने एवम् क्षतिपूर्ति दिने कार्य भएको नदेखिँदा पीडित गिरीलाई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कारबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम २२ र २८ बमोजिम रु. १,००,०००।–(एक लाख रुपियाँ) क्षतिपूर्ति उपलब्ध गराउन र मेडिकल सामग्रीसमेत लुटपाट गरी लाने तत्कालीन शाही नेपाली सेनाका सैनिकहरूको पहिचान गरी कारबाही गर्न राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १७ बमोजिम नेपाल सरकारलाई सिफारिस गरी पठाउने ।

**२७४. उजुरी न. ७७७**, विष्फोटबाट, हत्या, कर्णाली प्रदेश शाखा कार्यालय, जुम्ला
पीडितः पदम कार्की वर्ष ७ र नन्दकृष्ण कार्की वर्ष ५, ह्याङलु गाविस ९ ढामढीक, मुगु
उजुरकर्ता :खडगबहादुर कार्की र मणिचन्द्र कार्की, ऐऐ
उजुरीको व्यहोराः मिति २०६०/७/७ गते तत्कालीन नेकपा (माओवादी)-हरूले छोडी हिडेको वेवारिसे बम विष्फोट भई खड्गबहादुर कार्कीका नाबालक छोराहरू वर्ष ७ का पदम कार्की र वर्ष ५ का नन्दकृष्ण कार्कीको मृत्यु भएकोले आवश्यक छानबिन गरी क्षतिपूर्ति दिलाई पाऊँ ।

निर्णयः यस आयोगमा दर्ता हुन आएको उजुरीमाथि आयोगबाट भएको अनुसन्धान प्रतिवेदनबाट उजुरीमा उल्लेख भएबमोजिम मिति २०६०/७/७ गते खड्गबहादुर कार्कीको घरमा नेकपा (माओवादी) का कार्यकर्ताले छोडी गएको बम विष्फोट भई निजका नाबालक दुई छोराहरूको मृत्यु भएको र सो घटना भइसकेपछि निज खड्गबहादुर कार्कीले नेपाल सरकारबाट रु. २०,००,०००।– (बीस लाख रुपियाँ) राहत

तथा क्षतिपूर्ति प्राप्त गरेको देखिन आयो । यस्तो जघन्य घटना घटाउन जिम्मेवार तत्कालीन नेकपा (माओवादी) कार्यकर्ताको पहिचान गरी कानुनी कारबाही गर्ने तर्फ भने हालसम्म पनि कुनै कारबाही अघि बढेको नदेखिँदा दोषी माओवादी कार्यकर्ताको पहिचान गरी कानुनी कारबाही गर्न राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १५ र १७ बमोजिम नेपाल सरकारसमक्ष सिफारिस गरी पठाउने ।

**२७५. उजुरी न. १९८**, गैरकानुनी थुना, कर्णाली प्रदेश कार्यालय, जुम्ला
पीडितः सिंहबहादुर शाही, शुभ कालिका गापा ५, कालिकोट
उजुरकर्ता :नन्दबहादुर शाही, ऐऐ
उजुरीको व्यहोराः सिंहबहादुर शाहीलाई नेपाली सेना तारादल गणमा कार्यरत रहँदा नेपाली सेनाले गैरकानुनी रूपमा पक्राउ गरी थुनामा राखेकोले गैरकानुनी थुनाबाट मुक्त गराइ पाऊँ ।

निर्णयः दर्ता हुन आएको उजुरीमा आयोगबाट भएको अनुसन्धानबाट निजलाई नेपाली सेनाले शत्रुसम्बन्धी कसूरमा सैनिक ऐन, २०६३ बमोजिमको कार्यविधि पूरा गरी श्री समरी जनरल सैनिक अदालतबाट मिति २०७५/१/१९ गते फैसला भई सो उपर सैनिक विशेष अदालतमा पुनरावेदन दर्ता भई विचाराधीन रहेको तथा यस आयोगकै अनुसन्धान प्रतिवेदनबाट खुल्न आएको हुँदा यस उजुरीमा थप केही गरी रहनुपरेन, उजुरी तामेलीमा राखी दिने ।

**२७६. उजुरी न. ५७७**, बम विष्फोटबाट घाइते, कर्णाली प्रदेश शाखा कार्यालय, जुम्ला
पीडितः भरत बहादुर शाही, तत्कालीन ताम्ती गाविस ८, जुम्ला
उजुरकर्ताः ऐऐ
उजुरीको व्यहोराः मिति २०६२/८/१० गते भरतबहादुर शाहीको घर नजिक तत्कालीन नेकपा (माओवादी)-ले निजको छाडेको बम विष्फोट भई बाया हातको बुढी औँला छिनेकोले क्षतिपूर्ति दिलाइ पाऊँ ।

निर्णयः दर्ता हुन आएको उजुरीउपर आयोगबाट अनुसन्धानबाट आठ वर्षिय भरतबहादुर शाहीको हातको बुढी औँला तत्कालीन नेकपा (माओवादी) ले वेवारिसे अवस्थामा छोडी हिडेको बम विष्फोट भई छिनेको देखिन आयो । अतः निजलाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६ बमोजिम रु.५०,०००।–(पचास हजार रुपियाँ) क्षतिपूर्ति उपलब्ध गराउन र सो घटनाका दोषी नेकपा (माओवादी) कार्यकर्ताको पहिचान गरी कारबाही गर्न ऐ. ऐनको दफा १७ बमोजिम नेपाल सरकारसमक्ष सिफारिस गरी पठाउने ।

**२७७. उजुरी न.२२३**, हत्या, कर्णाली प्रदेश शाखा कार्यालय, जुम्ला
पीडितः पदमबहादुर बुढा, गुठीचौर गापा ६, गर्ज्याङ्गकोट, जुम्ला
उजुरकर्ताः पृथ्वी बुढा, ऐऐ

उजुरीको व्यहोराः मिति २०७७/१०/१८ गते स्थानीय विशाल रावलको मोबाइल चोरी भएको घटनामा जिल्ला प्रहरी कार्यालय जुम्लाका प्रहरी जवान कृष्ण अधिकारीले गरेको कुटपिटबाट घाइते पदम बुढाको उपचारको क्रममा मिति २०७७/११/५ गते मृत्यु भएको हुँदा संलग्न निज प्रहरी जवान कृष्ण अधिकारीलाई छानबिन गरी पीडितलाई राहत तथा क्षतिपूर्ति उपलब्ध गराइ पाऊँ ।

निर्णयः दर्ता हुन आएको उजुरीउपर आयोगबाट अनुसन्धान हुँदा अनुसन्धानको क्रममा दिएको यातना र कुटपिटको कारणबाट भएको चोटको कारण निज पदमबहादुर बुढाको मृत्यु भएको देखियो । निजसँगै आरोपी प्रहरी जवान कृष्ण अधिकारीले स्थानीय मिथुन वि.क., नविन वि.क. विशाल भण्डारी, विशाल रावल, शान्तिलाल बोहोरा र रविन बुढासहित छ जनालाई पनि निजहरूले लगाएको जुत्ता चप्पल खोल्न लगाइ पैतालामा प्लाष्टिकको पाइपले कुटपिट गरेको तथ्य स्थापित हुन आएको देखियो । अतः कुनै प्रचलित कानुनबमोजिम कुनै व्यक्तिले त्यसको उल्लङ्घन गरेको अवस्थामा प्रचलित कानुनबमोजिम नै कानुनी कारबाही गरी सजाय दिन सकिने अवस्थामा त्यस विपरीत निज प्रहरी जवानले गरेको कुटपिटको कारण पदम बुढाको मृत्यु भएको र माथि उल्लिखित मिथुन वि.क., नविन वि.क., विशाल भण्डारी, विशाल रावल, शान्तिलाल बोहरा र रविन बुढालाई यातना दिएको देखिँदा राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६ र ऐ. नियमावलीको नियम २२, २३ र २४ बमोजिम मृतक पदम बुढाको नजिकको हकवालालाई रु.३,००,०००।–(तीनलाख रुपियाँ) र अन्य यातना पीडितहरू मिथुन वि.क, नविन वि.क., विशाल भण्डारी, विशाल रावल, शान्तिलाल बोहरा र रविन बुढालाई जनही रु.१०,०००।–( दशहजार रुपियाँ) क्षतिपूर्ति उपलब्ध गराउन र घटनाको दोषी प्रहरी जवान कृष्ण बहादुर अधिकारीलाई मुलुकी अपराध संहिताबमोजिम मुद्दा चलाउन नेपालको संविधानको धारा २४९ (२) को खण्ड (क) र (ग) तथा राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १७ बमोजिम नेपाल सरकारसमक्ष सिफारिस गरी पठाउने ।

**२७८. उजुरी न. १००६**, न्याय-प्रशासन (हत्या) कर्णाली प्रदेश कार्यालय, जुम्ला
पीडितः शिवराज पोखरेल, तत्कालीन गेला ४, कालिकोट घर भई खाँडाचक्र मान्मा कालीकोट ।
उजुरकर्ताः लाल प्रसाद पोखरेल, गेला ४, कालिकोट ।
उजुरीको व्यहोराः शिवराज पोखरेल कालिकोट जिल्ला सदरमुकाम मान्मामा बसिरहेको अवस्थामा मिति २०६१/२/२९ गते रहस्यमय मृत्यु भएकोमा सो घटनाको सम्बन्धमा मिति २०६१/३/२८ गते जिल्ला प्रहरी कार्यालय कालिकोटमा जाहेरी दिएकोमा कारबाही प्रकृया अघि नबढाएकोले घटनाको छानबिन गरी पाऊँ ।

निर्णयः दर्ता हुन आएको प्रस्तुत उजुरीमाथि आयोगले गरेको अनुसन्धानबाट प्रस्तुत घटनामा अनुसन्धान भइरहेको, मुद्दा दायर गर्ने हदम्याद २० वर्षसम्म हुने अवस्था रहेको, अनुसन्धान कार्य जारी रहेको भनी उल्लेख भएको देखिए पनि घटना भएको २० वर्ष पूरा हुन लागेको देखिन आउछ । अतः यस घटनाको शीघ्र अनुसन्धान गरी (२०८१/२/२९ गतेभित्र), सो बाट प्राप्त तथ्य वा सो सम्बन्धमा भएको प्रगति

हरेक तीन महिनामा यस आयोगमा लेखी पठाउनु भनी राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १७ बमोजिम नेपाल प्रहरी प्रधान कार्यालयमा लेखी पठाइ सो को जानकारी गृह मन्त्रालयसमेतलाई दिने ।

**२८९. उजुरी न. ८५७,** हत्या, कर्णाली प्रदेश शाखा कार्यालय, जुम्ला
पीडितः कुलेन्द्रबहादुर शाही, स्यूजा ४, कालिकोट ।
उजुरकर्ताः दुधा शाही ऐऐ
उजुरीको व्यहोराः मिति २०५९/१/२ गते कुलेन्द्रबहादुर शाहीलाई तत्कालीन नेकपा (माओवादी) को समूहले अपहरण गरी हत्या गरेकाले दोषीलाई कारबाही र पीडित परिवारलाई क्षतिपूर्ति दिलाई पाऊँ ।

निर्णयः दर्ता हुन आएको प्रस्तुत उजुरीमाथि आयोगले गरेको अनुसन्धानबाट यस घटनाको सम्बन्धमा निजको हत्या नेकपा (माओवादी) का कार्यकर्ताबाट भएको भनी सरकारले मृतक परिवारलाई राहत रकम उपलब्ध गराइसकेको तथा प्रस्तुत घटना कानुनी कारबाहीको सम्बन्धमा जिल्ला प्रहरी कार्यालय कालिकोटमा मिति २०५९/१/२० गते दर्ता भई सो कार्यालयले अनुसन्धान पूरा गरी मिति २०६०/११/२५ गते कालिकोट जिल्ला अदालतमा पेस गरी सकेको र जिल्ला अदालतबाट उक्त मुद्दा मिति २०६१/१०/११ गते मुलतबीमा राखेको देखिँदा प्रस्तुत उजुरीउपर थप केही गरिरहनुपरेन, उजुरी हाललाई तामेलीमा राखिदिनु ।

**२८०. उजुरी न. ८३८**, हत्या, कर्णाली प्रदेश शाखा कार्यालय, जुम्ला
पीडितः शक्ति मल्ल, साविकः दाहाँ गाविस हालः खाँडाचक नगरपालिका ७, कालिकोट
उजुरकर्ताः ....
उजुरीको व्यहोराः शक्ति मल्ललाई तत्कालीन नेकपा (माओवादी) का कार्यकर्ताहरूले सेनालाई खाना खुवाएको आरोपमा आक्रमण गरी हत्या गरेकोले घटनाको छानबिन गरी पीडितलाई क्षतिपूर्ति र पीडकलाई कारबाही गरी पाऊँ ।

निर्णयः दर्ता हुन आएको प्रस्तुत उजुरीमाथि आयोगले गरेको अनुसन्धानबाट निज शक्ति मल्ललाई तत्कालीन नेकपा (माओवादी) का कार्यकर्ताहरूले मिति २०६२/४/२३ गते कालिकोट जिल्लाको सेरा भन्ने ठाउँबाट नेपाली सेनाको वेश क्याम्पमा निर्माण सामग्री ढुवानी गर्दाको अवस्थामा घेरा हाली स्थानीय कालिका माविको पूर्वतर्फ रहेको खेतको आलीमा हत्या गरेको देखियो । निजको हत्यापछि मृतक परिवारलाई रु. १०,००,०००।- (दश लाख रुपियाँ) उपलब्ध गराइसकेको देखिँदा क्षतिपार्ति तर्फ केही बोलि रहन पर्ने नदेखिए पनि प्रस्तुत घटनाका दोषी पहिचान गरी कानुनी कारबाही गर्ने तर्फ कुनै पहल भएको नदेखिँदा नेकपा (माओवादी) का संलग्न कार्यकर्ताको पहिचान गरी कानुनी कारबाही गर्न नेपाल सरकारसमक्ष सिफारिस गरी पठाउने ।

**२८१. उजुरी न.१८३,** हत्या, कर्णाली प्रदेश शाखा कार्यालय, जुम्ला
पीडितः उपाल लामा, साविक बरगाऊँ गाविस ३, हालः सिमीकोट नपा३ हुम्ला
उजुरकर्ताः गालदन लामा ऐऐ
उजुरीको व्यहोराः मिति २०६० सालको पहिलो सङ्कटकालको अवधिमा डोल्मा छुकित लामाकी छोरी उपाल लामालाई तत्कालीन नेकपा (माओवादी) का कार्यकर्ताले जर्वजस्ती कार्यकर्ता बनाएको तर उनी भागेर घर  गएकोमा सोही कारण निज उपालको निर्ममतापूर्वक हत्या गरेकोले घटनाको अनुसन्धान गरी दोषीलाई कारबाही र पीडित परिवारलाई क्षतिपूर्ति दिलाई पाऊँ ।

निर्णयः दर्ता हुन आएको प्रस्तुत उजुरीमाथि आयोगले गरेको अनुसन्धानबाट मृतक उपाल लामाको मृत्यु सशस्त्र द्वन्द्धरत पक्षबाट नै भएको देखिएको तर को-कसबाट मृत्यु भएको भन्ने खुल्न नसकेको देखिन्छ । मिसिल अध्ययनबाट मृतक परिवारले क्षर्तिपूर्ति प्राप्त गरी सकेको देखिँदा त्यसतर्फ केही गरिरहनु नपरे पनि घटनाका दोषीको पहिचान गरी कानुनी कारबाही गर्न नेपाल सरकारसमक्ष सिफारिस गरी पठाउने । ।

**२८२. उजुरी न. १४**, गोली लागि घाइते, कर्णाली प्रदेश शाखा कार्यालय, जुम्ला
पीडितः पाना गिरी, चन्दननाथ ८, जुम्ला
उजुरकर्ताः महेश्वर गिरी ऐऐ
उजुरीको व्यहोराः  मिति २०५८/९/१३ गते पाना गिरीलाई नजिकै रहेको सैनिक व्यारेकबाट प्रहार भएको गोली लागेको कारणबाट घाइते भएकोले क्षतिपूर्ति दिलाई पाऊँ ।
निर्णयः  प्रस्तुत उजुरीमाथि आयोगले गरेको अनुसन्धानबाट उजुरी  मागदाबी पुष्ट्याइँ गर्ने प्रमाण अभावमा थप कारबाही गरिरहनुनपर्ने देखिएकोले उजुरी तामेलीमा राखी दिने ।

**२८३. उजुरी न**.    आयकोगको कर्मचारी माथि दुर्व्यहार, कर्णाली प्रदेश कार्यालय, सुर्खेत
पीडितः झंकरबहादुर रावल, उपसचिव राष्ट्रिय मानव अधिकार आयोग
उजुरकर्ताः राष्ट्रिय मानव अधिकार आयोग
उजुरीको व्यहोराः राष्ट्रिय मानव अधिकार आयोग प्रदेश शाखा कार्यालय लुम्बिनी (नेपालगञ्ज) का कार्यालय प्रमुख एवम् उपसचिव झंकरबहादुर रावल, मानव अधिकार अधिकृतद्धय दीपक थापा र दयाराम पाठक सम्मिलित टोली खटिई गएकोमा सो टोलीलाई कर्तव्य पालनाको सिलसिलामा कर्णाली प्रदेश, मुख्यमन्त्रीको कार्यालयमा पुग्दा सो कार्यालयका प्रमुख सचिव चन्द्रमान श्रेष्ठ, कर्णाली प्रदेश सामाजिक विकास मन्त्रालयका सचिव लोकनाथ पौड्याल र प्रहरी सहायक निरीक्षक नरेन्द्र वि.सी.ले दुर्व्यवहार गरेको हुँदा कारबाही गरी पाऊँ ।

निर्णयः प्रस्तुत उजुरीमाथि गरिएको अनुसन्धानबाट कर्णाली प्रदेश मुख्यमन्त्री कार्यालयका प्रमुख सचिव चन्द्रमान श्रेष्ठ, ऐ. सामाजिक विकास मन्त्रालयका सचिव लोकनाथ पौड्याल र सुरक्षागार्ड प्रसनि नरेन्द्र

वि.सी.बाट आयोगको टोली माथि दुर्व्यवहार भएको पुष्टि हुन आयो । अतः आयोगको कार्यादेश सम्पादन गर्ने सन्दर्भमा कर्तव्य पालनामा खटिएको टोलीमाथि दुर्व्यवहार गर्ने नेपाल सरकारका सचिव एवम् कर्णाली प्रदेशका तत्कालीन प्रमुख सचिव चन्द्रमान श्रेष्ठ र प्रहरी सहायक निरीक्षक नरेन्द्र वि.सी.लाई विभागीय कारबाहीको लागि नेपाल सरकारसमक्ष सिफारिस गरी पठाउने र सामाजिक विकास मन्त्रालयका सचिव लोकनाथ पौडेलले प्रस्तुत घटनाका सम्बन्धमा क्षमा माग्दै आयोगको मर्यादा कायम गर्न कुनै कसूर बाँकी नराख्ने प्रतिबद्धतासहित आयोगमा मिति २०७८/१/१३ गते लिखित जानकारी उपलब्ध गराइसकेको देखिँदा निजको हकमा केही गरिरहनुपरेन ।

**२८४. उजुरी न.१४३६**, बेपत्ता, कर्णाली प्रदेश शाखा कार्यालय, जुम्ला
पीडितः धिरेन्द्र कुमार मल्ल, तत्कालीन श्रीनगर गाविस ३, हाल छाँयानाथ रारा नपा बडा न.. १, मुगु
उजुरकर्ताः देवबहादुर मल्ल, ऐऐ
उजुरीको व्यहोराः मिति २०६०/५/१० गते धीरेन्द्रकुमार मल्ल आफन्तकोमा गएको अवस्थामा बाजुरा जिल्लाको कोल्टी बजारबाट तत्कालीन नेकपा (माओवादी)का कार्यकताहरूले अपहरण गरी पलाता भन्ने ठाउँमा पुऱ्याइ अवस्था अज्ञात बनाएकोले निजको सकुशल रिहाइको लागि पहल गरी पाऊँ ।
निर्णयः दर्ता हुन आएको उजुरीमाथि आयोगले गरेको छानबिन तथा अनुसन्धानबाट पीडितलाई को-कसबाट बेपत्ता पारेको भनी यकीन नभए पनि निजको अवस्था हालसम्म पनि बेपत्ता नै रहेको देखिन आउछ । निजको परिवारलाई राहत दिन जिल्ला प्रशासन कार्यालयबाट सिफारिस भइसके पनि हालसम्म पनि क्षतिपूर्ति प्राप्त भएको देखिँदैन । अतः पीडित परिवारलाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६ बमोजिम रु.३,००,०००।–(तीन लाख रुपियाँ) क्षतिपूर्ति उपलब्ध गराउन र निजको अवस्था सार्वजनिक गर्न निरन्तर खोजी कार्य जारी राख्न राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १७ बमोजिम नेपाल सरकारसमक्ष सिफारिस गरी पठाउने ।

**२८५. उजुरी न.८१**, बम विष्फोट, कर्णाली प्रदेश शाखा कार्यालय, जुम्ला
पीडितः दीपबहादुर बुढा, दीपक बुढा र भीम बुढा, तत्कालीन तातोपानी गाविस, हाल तातोपानी गापा २, जुम्ला
उजुरकर्ताः गोविन्द बुढा, ऐऐ
उजुरीको व्यहोराः माथि उल्लिखित ठेगाना भएका श्री भक्त बुढाको घरको छतमा तत्कालीन नेकपा ( माओवादी) का कार्यकर्ताहरूले बम बनाइरहेको समयमा बम विष्फोट भई तीनै जना घाइते भएकोमा कहीँकतैबाट क्षतिपूर्ति प्राप्त नभएकोले क्षतिपूर्तिको लागि पहल गरी पाऊँ ।

निर्णयः दर्ता हुन आएको उजुरी छानबिन तथा अनुसन्धानबाट घटना भएको र पीडितहरूले लामो समय उपचार गराएको र हालसम्म पनि स्वास्थ्य अवस्था कमजोर रहेको र कहीँकतैबाट कुनै क्षतिपूर्ति उपलब्ध र दोषीमाथि छानबिन गरी कानुनी कारबाही पाइएन । अतः निजहरू तीनै जनालाई जनही रु. १,००,०००।– (एक लाख रुपियाँ) क्षतिपूर्ति उपलब्ध गराउन र घटनाको छानबिन गरी दोषीमाथि कारबाही गर्न राष्ट्रिय

मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६ र १७ बमोजिम नेपाल सरकारसमक्ष सिफारिस गरी पठाउने ।

**२८६. उजुरी न.१५५**, हत्या, कर्णाली प्रदेश शाखा कार्यालय, जुम्ला
पीडितः भोजराज भुषाल, शंकरपोखरी गाविस १ पर्वत घर भई श्री सिद्धार्थ निमावि बुराँउसे, हुम्लामा अध्यापनरत ।
उजुरकर्ताः यमप्रसाद भुषाल, शंकरपोखरी–९, खल्डाँडा, पर्वत ।
उजुरीको व्यहोराः भोजराज भुषाललाई तत्कालीन ने क पा (माओवादी) का कार्यकर्ताले मिति २०५९/५/३० गते अपहरण गरी अज्ञात बनाएकोले अवस्था सार्वजनिक गरी पाऊँ ।

निर्णयः दर्ता भएको उजुरी आयोगले गरेको अनुसन्धानबाट उल्लेख भएको व्यहोराबाट उजुरीमा उल्लेख भएबमोजिम निज भोजराज भुषाललाई तत्कालीन नेकपा (माओवादी) का कार्यकर्ताहरूले मिति २०५९ साल भदौ मसान्तको दिन विद्यालयबाट अपहरण गरी अमानवीय र अपमानजनक तरिकाले हत्या गरी लाश समेत बेपत्ता पारेको देखिन आयो । घटनामा पीडित मृतक परिवारलाई राज्यले राहत रकम उपलब्ध गराइसकेको देखिँदा त्यसतर्फ थप केही गरिरहनु नपरे पनि मानव अधिकारको गम्भीर उल्लङ्घनकर्ता तत्कालीन नेकपा (माओवादी) कार्यकर्ताहरूको पहिचान गरी कानुनबमोजिम कारबाही गर्न राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १७ बमोजिम नेपाल सरकारसमक्ष सिफारिस गरी पठाउने ।

**२८७. उजुरी न.५३२**, हत्या, कर्णाली प्रदेश शाखा कार्यालय, जुम्ला
पीडितः रडके बानियाँ, तत्कालीन श्रीकोट गाविस १, हाल खत्याड गाउँपालिका ३, मुगु
उजुरकर्ताः टेकबहादुर बानियाँ, ऐऐ
उजुरीको व्यहोराः मिति २०५९/८/२ गते निज रड्के बानियाँ आफ्नै खेतमा काम गरिरहेको अवस्थामा सूर्यदल गुल्म, हुटु (रारा) बाट खटिएको सेनाको टोलीले गोली हानी हत्या गरेकोले छानबिन गरी क्षतिपूर्ति दिलाई पाऊँ ।

निर्णयः दर्ता हुन आएको उजुरीमाथि आयोगबाट गरिएको अनुसन्धानबाट निज रडके बानियाँलाई खेतमा काम गरिरहेको अवस्थामा मिति २०५९ साल मंसिर २ गते नेपाली सेना, श्री सूर्यदल गुल्म हुटु रारा, मुगुबाट खटिई गएको टोलीले हत्या गरेको देखिन आयो । अतः हत्यामा संलग्न नेपाली सेना सूर्यदल गुल्म हुटु, रारा मुगुमा मिति २०५९/८/२ गते टोली खटाउने सो गुल्मका प्रमुखसहित गोली प्रहार गर्ने सैनिक यस घटनामा दोषी देखिँदा सो गुल्मका प्रमुख र गोली प्रहार गरी हत्या गर्ने सैनिकको पहिचान गरी कानुनी कारबाही गर्न राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १७ बमोजिम नेपाल सरकारसमक्ष सिफारिस गरी पठाउने । राहत तथा क्षतिपूर्ति तर्फ मृतक परिवारले राज्यको तर्फबाट बुझिसकेको देखिँदा केही गरिरहनुनपर्ने ।

**२८८. उजुरी न. ६००**, सम्पत्तिको अधिकार, कर्णाली प्रदेश शाखा कार्यालय, जुम्ला
पीडित/उजुरकर्ताः कर्णबहादुर विष्ट, कोटवाडा गाविस ३, हालः नरहरिनाथ नगरपालिका १, कोटवाडा, कालिकोट
उजुरीको व्यहोराः मिति २०६१/११/०३ गते नरहरिनाथ नगरपालिका ८, कोटवाडा, कालिकोट निवासी कर्णबहादुर विष्टको घरमा प्रवेश गरी नेपाली सेनाले रु.१६,०००।–बराबरको सामान लिई क्षति पुऱ्याएकोले क्षतिपूर्ति दिलाइ पाऊँ ।

निर्णयः दर्ता हुन आएको उजुरीमाथि आयोगको अनुसन्धानबाट पीडितले उजुरीमा उल्लेख गरेबमोजिमको क्षति नेपाली सेनाबाट भएको देखिँदा पीडित निज कर्णबहादुर विष्टलाई रु.१६,०००।– (सोह्र हजार रुपियाँ) पाउने र कानुनी कारबाही हुने देखिन्छ । अतः राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६ बमोजिम निलाई क्षतिपूर्ति उपलब्ध गराउन र नेपालको संविधानको धारा २४९ (२) को खण्ड (क) बमोजिम दोषी पहिचान गरी कारबाही गर्न राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १७ बमोजिम नेपाल सरकारसमक्ष सिफारिस गरी पठाउने ।

**२८९. उजुरी न. २२१**, बालअधिकार, कर्णाली प्रदेश शाखा कार्यालय, जुम्ला
पीडित/उजुरकर्ताः कुशल अधिकारी, हिमा गाउँपालिका ७, जुम्ला
उजुरीको व्यहोराः हिमा गाउँपालिका ७ जुम्ला निवासी कुशल अधिकारीलाई काममा (कलाकारिता गर्न) लगाइ गाउँपालिका अध्यक्षले पारिश्रमिक नदिई बाल श्रम शोषण गरेकोले बाल अधिकारको रक्षा गरी पाऊँ ।

निर्णयः दर्ता भएको उजुरीउपर कारबाही हुँदाँ आयोगको पत्राचार पछि पीडितले आफ्नो पारिश्रमिक प्राप्त गरिसकेको प्रमाण मिसिल संलग्न कागजातबाट देखिँदा यसमा थप केही गरिरहनुपरेन, उजुरी तामेलीमा राखिदिनु ।

**२९०. उजुरी न.२२००**, जीवन/स्वतन्त्रताको अधिकार, कर्णाली प्रदेश कार्यालय, सुर्खेत
पीडितः ईश्वर अधिकारी, काक्रेविहार दैनिक, सुदिप पुरी, माउन्टेन टी.भी., सुशिलकुमार खड्का, युग आह्वान दैनिक र कृष्ण आचार्य, बुलबुले एफ.एम.
उजुरकर्ताः ऐऐ
उजुरीको व्यहोराः जीवन/स्वतन्त्रताको अधिकारको सम्मानको वातावरण निर्माण गरी पाऊँ ।
निर्णयः उजुरीउपर आयोगकाट गरिएको अनुगमननको आधारमा प्रस्तुत उजुरीको सान्दर्भिकता नभएकोले आयोगले नियमानुसार टुङ्ग्याइदिए हुन्छ भनी स्वयम् पीडितले नै निवेदन दिएको देखिन्छ । अतः निवेदसमेतलाई आधार मानी हेर्दा उजुरीमाथि केही गरिरहनुपरेन, तामेलीमा राखिदिनु ।

**२९१. उजुरी न.६२९**, यातना/दुर्व्यवहार, कर्णाली प्रदेश कार्यालय, सुर्खेत

पीडित/उजुरकर्ताः बुद्धिप्रसाद शर्मा, सुर्खेत शिक्षा क्याम्पस, सुर्खेत आवाज असल शासन क्लब, मेहेलकुना ६, लेखवडाखोली, सुर्खेत
उजुरीको व्यहोराः यातना/दुर्व्यवहार भएको हुँदा आवश्यक कारबाही गरी पाऊँ ।
निर्णयः उजुरीमाथि आयोगले गरेको अनुसन्धानबाट पीडितमाथि भएको भनिएको दुर्व्यवहार तत्कालै निज अध्ययनरत क्याम्पसबाट नै सम्बोधन भएको हुँदा आफूले दिएको उजुरी फिर्ता लिनु भनी स्वयम् पीडितले दिएको निवेदन मिसिल संलग्न देखिँदा थप केही गरिरहनुपरेन, उजुरी तामेलीमा राखी दिने ।

**२९२. उजुरी न..१९०८ र १९०९**, विस्थापित, कर्णाली प्रदेश कार्यालय, सुर्खेत
पीडितः तिलकराम पुरी र शालिकराम पुरी, बागचौर नगरपालिका ८, पण्डित गाउँ, सल्यान
उजुरकर्ताः वीरेन्द्र पुरी, कामनपा ९, काठमाडौँ
उजुरीको व्यहोराः माथि उल्लिखित उजुरी न. १९०८ र १९०९ मा समावेश दुवै जनालाई मिति २०५४/१०/५ गते उल्लिखित शालिकराम पुरी र तिलकराम पुरीलाई नेकपा (माओवादी) ले धाकधम्की दिई विस्थापित गराएको हुँदा सुरक्षित तवरबाट स्थापित गराइ पाऊँ ।

निर्णयः दर्ता भएको मिसिल संलग्न प्रमाण कागजातको अध्ययनबाट पीडितहरू दुवैजना बिस्तृत शान्ति-सम्झौतापछि आफ्नो बसोबासको स्थानमा पुनर्स्थापित भइसकेको र शालिकराम पुरीले रु. ३,५०,०००। र तिलकराम पुरीले रु. १,२५,०००। राहत रकमसमेत प्राप्त गरेको देखिँदा दुवै उजुरीउपर थप केही गरिरहनुपरेन, तामेलीमा राखिदिनु ।

**२९३. उजुरी न.८७४**, न्याय-प्रशासन, कर्णाली प्रदेश कार्यालय, सुर्खेत
पीडितः लक्ष्मीप्रसाद जैसी, वीरेन्द्र नगरपालिका ४, सुर्खेत
उजुरकर्ताः ऐऐ
उजुरीको व्यहोराः मिति २०६२/११/२९ गते लक्ष्मीप्रसाद जैसीलाई स्थानीय केही व्यक्तिले कुटपिट गरी २० हजार नगद र एक तोला सुन लुटपीट गरी लगेको घटनामा जिल्ला प्रहरी कार्यालयमा दिएको जाहेरी प्रहरीले दर्ता गरी कारबाही नगरेको हुँदा कारबाही गरी पाऊँ ।

निर्णयः आयोगमा दर्ता भएको प्रस्तुत उजुरीमाथि कारबाही अगाडि बढाउदा उक्त उजुरी दर्ता भइसकेको देखिँदा केही गरिरहनुपरेन, उजुरी तामेलीमा राखिदिनु ।

**२९४. उजुरी न.६२**, बेपत्ता, कर्णाली प्रदेश कार्यालय, सुर्खेत
पीडितः वीरबहादुर खड्का, चिङ्गगाड गाउँपालिका २, सुर्खेत
उजुरकर्ताः ....
उजुरीको व्यहोराः मिति २०६१/८/१९ गते वीरबहादुर खड्कालाई सुरक्षाकर्मीले पक्राउ गरी दैलेखबाट बेपत्ता बनाएकोले अवस्था सार्वजनिक गरी पाऊँ ।

निर्णयः उजुरी  सम्बन्धमा यस आयोगबाट भएको कारबाहीबाट निजको अवस्था अज्ञात नभई निज सुरक्षाकर्मीको नियन्त्रणमा नजरबन्दमा रहेकोमा हाल सकुशल आफ्नै व्यवसाय गरेर बसिरहेको मिसिल संलग्न प्रमाण कागजातबाट देखिँदा केही गरिरहनुपरेन, तामेलीमा राखिदिनु ।

**२९५. उजुरी न.१६५**, हत्या, कर्णाली प्रदेश कार्यालय, सुर्खेत
पीडितः पदमबहादुर शाही, खाडाचक्र नगरपालिका १, कालिकोट
उजुरकर्ताः लक्ष्मी शाही, ऐऐ
उजुरीको व्यहोराः साविक मान्म गाविस ५ हालः माथि उल्लिखित ठेगाना भएका निज पदमबहादुर शाहीलाई मिति २०५९/३/८ गते नेकपा (माओवादी)ले अपहरण गरी हत्या गरेकोले दोषीलाई कारबाही र क्षतिपूर्ति उपलब्ध गराइ पाऊँ ।

निर्णयः दर्ता भएको सो उजुरीउपर कारबाही हुँदा प्रस्तुत घटनाको सम्बन्धमा कालिकोट जिल्ला अदालतमा मुद्दा मुलतबीमा रहेको र मृतक परिवारले राहत प्राप्त गरेको प्रमाण कागजात मिसिल संलग्न देखिँदा हाललाई थप केही गरिरहनुपरेन, तामेलीमा राखिदिनु ।

**२९६. उजुरी न.१६९३**, हत्या, कर्णाली प्रदेश कार्यालय, सुर्खेत
पीडितः सर्वोजित चौधरी, लाटीकोइली गाविस ८,  हालः  वीरेन्द्रनगर नगरापालिका  ९ लाटीकोइली, सुर्खेत
उजुरकर्ताः  मानकुमारी चौधरी, ऐऐ
उजुरीको व्यहोराः मिति २०५५/११/९ गते वीरेन्द्रनगर नगरापालिका ९ लाटीकोइली, सुर्खेत निवासी सर्वोजित चौधरीलाई घरतर्फ जादै गर्दा गस्तीमा रहेको सेनाले गोली हानी हत्या गरेकोले घटनाको छानबिन गरी पाऊँ ।

निर्णयः दर्ता भएको प्रस्तुत उजुरीमाथि आयोगले गरेको अनुसन्धानबाट माथि उल्लिखित मितिमा जङ्गलतिरबाट घरको लागि चाहिने काठ बोकेर साथीहरूसहित घरतर्फ आइरहेको अवस्थामा गाउँमा पुगेको सेनालाई देखेर भाग्न लाग्दा सेनाले विनाकारण सर्वोजित चौधरीलाई मिति २०५९/११/९ गते नेपाली सेनाले गोली हानी हत्या गरेको देखिन्छ । अतः प्रस्तुत घटनामा संलग्नको पहिचान गरी कानुनी कारबाही गर्न राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १७ बमोजिम नेपाल सरकारसमक्ष सिफारिस गरी पठाउने ।

**२९७. उजुरी न. १८२२**, हत्या, कर्णाली प्रदेश कार्यालय, सुर्खेत
पीडितः खुमबहादुर दमाई, कुनाथरी गाविस ६, हालः  बराहाताल गाउँपालिका १, सुर्खेत
उजुरकर्ताः मानकली दमाई, ऐऐ र नर्वेजियन शरणार्थी परिषदसमेत

उजुरीको व्यहोराः मिति २०५८/९/२ गते मानसिक अवस्था स्वस्थ नभएका खुमबहादुर दमाईलाई गीत गाउँदै हिँडिरहेको अवस्थामा रेडियो नेपाल सुर्खेत कार्यालय अगाडि सुरक्षाफौजले गोली हानी हत्या गरेकोले छानबिन गरी पाऊँ ।

निर्णयः दर्ता हुन आएको उजुरीकमथि आयोगले गरेको अनुसन्धानबाट रेडियो नेपाल सुर्खेतको सुरक्षाको लागि स्थापित नेपाली सेनाको अस्थायी ब्यारेकमा कार्यरत सैनिकले मिति २०५८/९/२ गते रातको ८ बजेको समयमा गोली हानी हत्या गरेको देखियो । अतः निज खुमबहादुर दमाईको हत्यामा संलग्न सैनिक कर्मचारीको पहिचान गरी कारबाही गर्न राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १७ बमोजिम नेपाल सरकारसमक्ष सिफारिस गरी पठाउने ।

**२९८. उजुरी न. १७५३**, हत्या, कर्णाली प्रदेश कार्यालय, सुर्खेत
पीडितः प्रेम जैसी (गर्तौला) चौकुने गाउँपालिका ७, सुर्खेत
उजुरकर्ताः पृथ्वीराज तिमिल्सिना, नर्वेजियन शरणार्थी परिषद, सुर्खेत
उजुरीको व्यहोराः मिति २०५८/११/५ गते तत्कालीन गुदु ५ जुम्लायामुल, भेरी लाग्नेमा भोजभतेर गरेका माओवादी कार्यकर्ताहरूको कार्यक्रम हेर्न गएको अवस्थामा नेपाली सेनाको टोलीले वर्ष १५ को निज प्रेम गर्तौला (जैसी) को हत्या गरेकोले छानबिन गरी पाऊँ ।

निर्णयः दर्ता हुन आएको उजुरीउपर आयोगबाट भएको अनुसन्धानबाट राज्यका निकायले घटना भएको होइन भनी इन्कार गर्न नसकेको अवस्थासमेतबाट मिति २०५८/११/५ गते प्रेम गर्तौला (जैसी) लाई नेपाली सेनाले गोली हानी मारेको होइन भनी निष्कर्षमा पुग्न सकिएन । अतः घटनामा संलग्न नेपाली सेनाका सैनिक कर्मचारीहरूको पहिचान गरी छानबिन गरी कारबाही गर्न राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १७ बमोजिम नेपाल सरकारसमक्ष सिफारिस गरी पठाउने ।

**२९९. उजुरी न. ९८५**, बेपत्ता, कर्णाली प्रदेश कार्यालय, सुर्खेत
पीडितः हरिवहादुर परियार, वनगाड कुभिण्डे नगरपालिका ८, सल्यान
उजुरकर्ताः ताजबहादुर परियार, ऐऐ
उजुरीको व्यहोराः साविक कुभिण्डेदह गाविस ४ हालः वनगाड कुभिण्डे नगरपालिका ८, सल्यान निवासी हरिवहादुर परियारलाई मिति २०५८/१०/२७ गते सल्यान जिल्लाको सिमखर्क ब्यारेकबाट खटिएका सुरक्षाकर्मीले पक्राउ गरी बेपत्ता पारेको हुँदा अवस्था सार्वजनिक र क्षतिपूर्ति उपलब्ध गराइ पाऊँ ।

निर्णयः प्रस्तुत उजुरीमाथि आयोगले गरेको छानबिनबाट निज हरिबहादुर भन्ने हरिलाल परियारलाई मिति २०५८/१०/१७ गते साविक कुभिण्डेदह गाविस ९ जैतपानी स्थित बजारबाट नेपाली सेना श्री नरसिंहदल गुल्मका सैनिकहरूले नियन्त्रणमा लिई हालसम्म पनि अवस्था अज्ञात बनाइ राखेको देखिँदा निजको मानव अधिकारको गम्भीर उल्लङ्घन गरेको देखियो । घटनामा पीडितका आफन्तले राहत प्राप्त गरिसकेको भए

पनि नियन्त्रणमा लिइसकेपछि निजको अवस्था जेजस्तो भए पनि सार्वजनिक गरी परिवारका सदस्यलाई औपचारिक रूपमा जानकारी गराउने कार्य हालसम्म पनि हुन सकेका देखिँदैन । अतः बेपत्ता पारिएका व्यक्तिको वास्तविक अवस्था सार्वजनिक गरी सो को जानकारी निजको परिवारलाई गराउन र दोषी श्री नरसिंह दल गुल्म सिमखर्क सल्यानका प्रमुखसहित दोषी सैनिकहरूको पहिचान गरी कानुनी कारबाही गर्न राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १७ बमोजिम नेपाल सरकारसमक्ष सिफारिस गरी पठाउने ।

**३०० उजुरी न. १६९९**, विस्थापित, कर्णाली प्रदेश कार्यालय, सुर्खेत
पीडितः छविलाल परियार, छिन्चु गाविस ८, हालः  भेरीगंगा नगरपालिका ५ सुर्खेत
उजुरकर्ताः ऐऐ
उजुरीको व्यहोराः विस्थापित

निर्णयः उजुरी  मिसिल अध्ययन गरी हेर्दा निज छविलाल सशस्त्र द्वन्द्वको समयमा नै बसाइँ सरी बाँकेको कोहलपुर गएको, निजलाई विस्थापित गराएको भनिएको जग्गा निजले बिक्री गरी शेरबहादुर कार्कीले खरिद गरेको र उजुरी दर्तापछि निज आयोगको सम्पर्कमा समेत आएको नदेखिँदा थप केही गरिरहनुपरेन, उजुरी तामेलीमा राखी दिने ।

**३०१. उजुरी न.९८७**, विस्थापित, कर्णाली प्रदेश कार्यालय, सुर्खेत
पीडितः छविलाल सिग्देल, विद्यापुर गाविस ७, हालः  पञ्चपुरी नगरपालिका ८, सुर्खेत
उजुरकर्ताः ऐऐ
उजुरीको व्यहोराः सशस्त्र द्वन्द्वको अवधिमा  नेकपा (माओवादी)बाट विस्थापित बनाइएको हुँदा पुनर्स्थापितको लागि पहल गरी पाऊँ ।

निर्णयः प्रस्तुत उजुरी अध्ययन गरी हेर्दा सशस्त्र द्वन्द्वको अवधिमा  नेकपा (माओवादी) बाट विस्थापित भएका निज छविलाल सिग्देलले सरकारको तर्फबाट राहत प्राप्त गरेको एवम् निज आफ्नै थातथलोमा स्थापित भई जनप्रतिनिधिसमेत निर्वाचित भइसकेको मिसिल संलग्न प्रमाणबाट यसमा थप केही गरिरहनुपरेन, उजुरी तामेलीमा राखी दिनु ।

**३०२. उजुरी न.२२६**, न्याय-प्रशासन (हत्या), कर्णाली प्रदेश कार्यालय, सुर्खेत
पीडितः कृष्ण हमाल, तिलागुफा नगरपालिका ३, कालिकोट
उजुरकर्ताः हिराचन्द्र हमाल, ऐऐ
उजुरीको व्यहोराः  मिति २०७८/११/२० गते कृष्ण हमाललाई वीरेन्द्रनगर, सुर्खेतस्थित सुब्बाकुना प्रहरी चौकीमा कार्यरत प्रहरी सहायक निरीक्षक शेरसिंह धामीले कुटपिट गरी हत्या गरेको हुँदा आवश्यक अनुसन्धान गरी न्याय पाऊँ ।

निर्णयः  दर्ता हुन आएको यस उजुरीमा आयोगले गरेको अनुसन्धानबाट निज हमाललाई प्रहरीले गरेको कुटपिटको कारण हत्या नभई निजको मस्तिष्कमा पहिलेदेखि नै चोट रहेको र सो अवस्थामा निजले रक्सी सेवन गरेको, सो रक्सी विषाक्ततामा परिणत भई सोही कारणले निजको मृत्यु भएको भनी पोष्टमार्टम प्रतिवेदनको विश्लेषणसहित सुर्खेत जिल्ला अदालतले मिति २०७९/२/१६ गते फैसला गरिसकेको देखिँदा यसमा हाललाई केही गरिरहनुपरेन, तामेलीमा राखी दिनु ।

**३०३. उजुरी न.२२६,** यातना, कर्णाली प्रदेश कार्यालय, सुर्खेत
पीडित/उजुरकर्ताः इन्द्रबहादुर वि.क., नलगाड नगरपालिका ८, जाजरकोट
उजुरीको व्यहोराः  मिति २०७९/८/४ गते सुरक्षाकर्मीले पक्राउ गरी इलाका प्रहरी कार्यालय दल्ली, जाजरकोट पुर्‍याइ निज इन्द्रबहादुर वि.क. लाई यातना दिएकोले छानबिन गरी पाऊँ ।

निर्णयः  दर्ता हुन आएको उजुरीमाथि आयोगले गरेको अनुसन्धानबाट निजलाई पक्राउ गरेको २४ घण्टाभित्र नै रिहा गरेको देखिएको एवम् यातना दिएको कुनै आधार प्रमाण मिसिल संलग्न हुन नसकेको देखिँदा केही गरिरहनुपरेन, उजुरी तामेलीमा राखी दिनु ।

**३०४. उजुरी न.१५ र १४४२,** गैरकानुनी थुना/यातना, कर्णाली प्रदेश कार्यालय, सुर्खेत
पीडितः पूर्ण प्रसाद पौडेल, वीरेन्द्रनगर नगरपालिका ६, सुर्खेत
उजुरकर्ताः  यातना पीडित सरोकार केन्द्र, सिभिक्ट, काठमाडौँसमेत
उजुरीको व्यहोराः क्षति एवम् लुटपाट भएको सम्पत्तिको क्षतिपूर्ति र यातना दिने, छोराहरूलाई आत्महत्या गर्न बाध्य बनाउने एवम् ............... सेनालाई कारबाही गरी पाऊँ ।

निर्णयः घटनाको सम्बन्धमा आयोगबाट भएको अनुसन्धानबाट श्रीमती खगिसरा पौडेल तथा बालबच्चाहरूलाई शारिरिक तथा मानसिक यातना दिएको, सो यातनाको कारण मृतककी श्रीमती हालसम्म पनि गम्भीर बिरामी भई घरबाहिर निस्कन सक्ने अवस्था नभएको र निजको निरन्तर उपचार गराइरहनुपर्ने अवस्था भएको, पीडितका छोराहरू सो घटनापछि नैराश्यता (डिप्रेशन)-मा गई पछि दुवै जनाले आत्महत्या गरेको देखिन आउछ । उनीहलाई पक्राउ गरी यातना दिने कार्यमा नेपाली सेना, भिमकाली गुल्म चिसापानी व्यारेक, बाँके (बर्दिया राष्ट्रिय निकुञ्ज) का तत्कालीन मेजर अजित थापा र सोही गुल्मका तत्कालीन क्याप्टेन रमेश स्वाँर तथा घरमा पुगि तोडफोड गरी सम्पत्ति लुटपाट गरी श्रीमती तथा छोराछोरीलाई यातना दिने कार्यमा सुर्खेतस्थित मङ्गलगढी व्यारेकका जमदार रामबहादुर महतको संलग्नता रहेको देखिन्छ । मेजर थापा र क्याप्टेन स्वाँरको सम्बन्धमा तत्कालीन ब्रिगेडियर जनरल अजित थापा र क्याप्टेन घटना भएको मितिमा भिमकाली गुल्ममा कार्यरत रहेको र दुवै जना नेपाली सेनाबाट अवकाश भइसक्नुभएको र दुवै सैनिक कर्मचारीविरुद्ध माथि उल्लिखित पीडितलाई हिरासतमा राखेको अवस्थामा अन्य व्यक्तिलाई बेपत्ता पारेको एवम् हत्या गरेको भनी यस आयोगले अजित थापा र रमेश स्वाँरलाई दोषी भनी निर्णय

गरेको व्यहोरा आयोगका सिफारिसहरू र कार्यान्यवन अवस्था (२०५७ जेठ-२०७७ असार) को क्र.सं. ३६३ पृष्ठ २६६, क्र.सं. ३६८ पृष्ठ २६९, क्र.सं. ३७१ पृष्ठ २७०, क्र.सं.३७२ पृष्ठ २७१, क्र.सं. ३७३ पृष्ठ ३७२, क्र.सं. ५०८ पृष्ठ ३३७, क्र.सं. ६०८ पृष्ठ ३९०, क्र.सं. ६१४ पृष्ठ ३९३, क्र.सं. ६१९, पृष्ठ ३९५ र क्र.सं. ९२५ पृष्ठ ५६२ मा उल्लेख भएको समेत तथ्यबाट निजहरूले पीडितलाई यातना दिने तथा गैरकानुनी थुनामा राखेको होइन भनी निष्कर्षमा पुग्न सकिएन । यसको साथै मंगलगढी सुर्खेत व्यारेकका जमदारले पीडितको घरमा पुगी पीडितका श्रीमतीसमेतका परिवारका सदस्यलाई यातना दिई सम्पत्ति लुटपाट गरेको होइन भन्न सक्ने अवस्था देखिएन ।

अतः यस घटनामा उल्लिखित सैनिक कर्मचारीहरू अजित थापा स्थायी ठेगाना देउराली ५ स्याङ्जा, रमेश स्वाँर बरदादेवी १ अछाम र रामबहादुर महत स्थायी ठेगाना लिखु तामाकोशी गाउँपालिका ४ बिजुलीकोट, रामेछापलाई कारबाही गर्न लेखी पठाउने ठहर्छ । पीडितलाई क्षतिपूर्तितर्फ नेपाली सेनाबाट यातना पाएको, गैरकानुनी थुनामा बसेको सम्पत्ति लुटपाट भएकै कारण पूर्णप्रसाद पौडेल र निजकी श्रीमती खगिसरा पौडेल हालसम्म पनि न्याय पाउनबाट वञ्चित रहिरहेको देखिँदा उनीहलाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६ बमोजिम जनही रु. ३,००,००० (तीन लाख) को दरले क्षतिपूर्ति उपलब्ध गराउन, गृह मन्त्रालयको च.नं. १७९ मिति २०७९/१०/१६ गतेको पत्रमा प्रस्ताव भएको रकम पीडितलाई उपलब्ध गराउन, पीडित र पीडितकी श्रीमतीको हाल पनि निरन्तर उपचार गरिरहनुपर्ने अवस्था देखिँदा निजहरूको निःशुल्क उपचार गर्न र उपचार खर्चको व्यवस्था गर्न, नेपाली सेनाबाट भएको सम्पत्तिको मूल्याङ्कन गरी पीडितलाई उपलब्ध गराउन राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १७ बमोजिम नेपाल सरकारसमक्ष सिफारिस गरी पठाउने ।

**३०५. उजुरी न. ४७**, यातना, कर्णाली प्रदेश शाखा कार्यालय, जुम्ला

पीडित/उजुरकर्ताः उपराज अधिकारी, महावैपातरखोला गाविस २, हालः हिंमा गाउँपालिका ६, जुम्ला

उजुरीको व्यहोराः मिति २०६३/०९/०८ गते हिंमा गाउँपालिका ६ जुम्ला निवासी उपराज अधिकारीलाई नेकपा (माओवादी)का कार्यकर्ताहरूले कुटपिट गरी यातना दिएकोले दोषीलाई कारबाही र पीडितलाई क्षतिपूर्ति दिलाइ पाऊँ ।

निर्णयः दर्ता हुन आएको उजुरीउपर आयोगबाट अनुसन्धान हुँदा निज उपराज अधिकारीलाई कुटपिट गरेको देखिन आएको तर निजले हालसम्म कहीँकतैबाट राहत तथा क्षतिपूर्ति पाएको नदेखिँदा प्रतिवेदनको रु. ५०,०००।– (पचार हजार रुपियाँ) क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारसमक्ष सिफारिस गरी पठाउने । दोषीलाई कारबाही तर्फ हेर्दा प्रस्तुत घटना बिस्तृत शान्ति-सम्झौता सम्पन्न भइसकेपछि भएको र सो को लागि कारबाही अघि बढाउन प्रहरी कार्यालयमा उजुरी गर्नुपर्नेमा त्यसतर्फ केही गरेको नदेखिँदा केही गरिरहन परेन, उजुरी खारेज गरिदिने ।

**३०६. उजुरी न. १८८**, यातना/कुटपिट, कर्णाली प्रदेश शाखा कार्यालय, जुम्ला

पीडित/उजुरकर्ताः धर्मसिंह कामी, रोवा गाविस ५, हालः राराछायाँनाथ नगरपालिका ११, मुगु

उजुरीको व्यहोराः राराछायाँनाथ नगरपालिका ११, मुगु निवासी निज धर्मसिंह कामीलाई मिति २०६२/०६/२५ गते नेकपा (माओवादी) कार्यकर्ताले अपहरण गरी मरणासन्न हुने गरी कुटपिट गरी यातना दिएको ।

निर्णयः  दर्ता हुन आएको उजुरी  मिसिल अध्ययन गरी हेर्दा मिसिल संलग्न प्रमाण कागजातबाट यातना दिएको पुष्टि हुन सक्ने आधार नदेखिँदा उजुरीउपर थप केही गरिरहनुपरेन, उजुरी तामेलीमा राखी दिने ।

**३०७. उजुरी न. ६५**, यातना, कर्णाली प्रदेश कार्यालय, जुम्ला

पीडित/उजुरकर्ताः  लछामी कामी, रोवा गाविस ५, हालः  छायाँनाथ रारा नगरपालिका ११, मुगु

उजुरीको व्यहोराः छायाँनाथ रारा नगरपालिका ११, रोवागाउँ, मुगु निवासी निज लछामी कामीलाई मिति २०६२/५/११ गते सुरक्षाकर्मीको रोवाखोलास्थित घरबाट पक्राउ गरी यातना दिएको साथै गोलीको छर्रासमेत लागी गम्भीर घाइते बनाएकोले छानबिन गरी दोषीलाई कारबाही र पीडितलाई क्षतिपूर्ति दिलाइ पाऊँ ।

निर्णयः  दर्ता हुन आएको उजुरीमाथि आयोगले गरेको अनुसन्धानबाट निज लछामी कामीलाई मिति २०६२/५/११ गते घरमा गई अन्न पिसानी गरी फर्कदै गर्दा नेपाली सेनाको टोलीले गोली चलाइ घाइते बनाइ मानव अधिकारको उल्लङ्घन गरेको र अनुसन्धान अवधिसम्म कुनै राहत तथा क्षतिपूर्ति पनि उपलब्ध गराएको देखिएन । अतः निज लछामी कामीलाई नेपाली सेनाले अत्याधिक बल प्रयोग गरी खुट्टामा गोली हानी घाइते बनाएको देखिँदा मिसिल संलग्न प्रमाण कागजातको आधारमा निजलाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६ बमोजिम रु. १,५०,००० (एक लाख पचास हजार रुपियाँ) क्षतिपूर्ति उपलब्ध गराउन र दोषी नेपाली सेनाको पहिचान गरी कारबाही गर्न ऐ. ऐनको दफा १७ बमोजिम नेपाल सरकारसमक्ष सिफारिस गरी पठाइदिने ।

**३०८. उजुरी न. २१**, विस्थापित, कर्णाली प्रदेश कार्यालय, जुम्ला

पीडित/उजुरकर्ताः सुरबहादुर बम, शनिगाउँ गाविस २ हालः  सिंजा गाउँपालिका ५ जुम्ला

उजुरीको व्यहोराः  सिंजा गाउँपालिका ५ जुम्ला निवासी निज सुरबहादुर बम (नेकपा (माओवादी)) बाट विस्थापित भई बस्नुपरेकोले छानबिन गरी पुनर्स्थापत गराउन पहल गरी पाऊँ ।

निर्णयः  दर्ता भएको उजुरीउपर कारबाही हुँदा आयोगको पहल पछि निज सुरबहादुर बम पुनर्स्थापित भई नेपाल सरकारबाट केही रकमसमेत प्राप्त गरेको मिसिल संलग्न प्रमाण कागजातबाट देखिन आएको हुँदा थप केही केही गरिरहनुपरेन, उजुरी तामेलीमा राखी दिने ।

**३०९. उजुरी न. ९२४**, विस्थापित/सम्पत्तिको अधिकार, कर्णाली प्रदेश शाखा कार्यालय, जुम्ला

पीडित/उजुरकर्ताः भियाल्या दमाई, दार्मा गाविस १ हालः चंखेली गाउँपालिका २, हुम्ला

उजुरीको व्यहोराः दार्मा गाउँपालिका निवासी भियाल्या दमाई, मिति २०५८/७/२५ गते नेकपा (माओवादी) का कार्यकर्ताले पिपलडाँडामा कुटपिट गरी घाइते बनाइ सम्पत्तिसमेत कब्जामा लिई विस्थापित गरेकोले मानव अधिकार रक्षा गरी पाऊँ ।
निर्णयः  दर्ता हुन आएको उजुरीउपर कारबाही हुँदा हाल पीडित पुनर्स्थापित भई निजले सरकारको तर्फबाट राहतसमेत प्राप्त गरिसकेको अनुसन्धान प्रतिवेदनबाट देखिँदा केही गरिरहनुपरेन, उजुरी तामेलीमा राखी दिने ।

**३१०. उजुरी न. ४३५**, यातना/कुटपिट, कर्णाली प्रदेश शाखा कार्यालय, जुम्ला
पीडितः सुरेन्द्र कार्की, जैर गाविस ४ हालः  सर्केगाड गाउँपालिका १, हुम्ला
उजुरकर्ताः ऐऐ
उजुरीको व्यहोराः  सर्केगाड गाउँपालिका १ हुम्ला निवासी सुरेन्द्र कार्कीलाई मिति २०६२/१/२ गते नेकपा (माओवादी) का कार्यकर्ताले यातना दिएकोले दोषीलाई कारबाही गरी मानव अधिकार संरक्षण गरी पाऊँ ।

निर्णयः  दर्ता भएको उजुरीउपर आयोगले गरेको छानबिन तथा अनुसन्धानबाट निजलाई कुटपिट गरी यातना दिई बेपत्ता पारेको तथ्य प्रमाण अभावमा स्थापित हुन नसकेको तर निजको अवस्था बेपत्ता नै रहेको देखिँदा निजको खोजी गरी अवस्था सार्वजनिक गर्न नेपाल प्रहरीलाई निर्देशन दिने ।

**३११. उजुरी न. १९५६**, घरेलु हिंसा, कर्णाली प्रदेश शाखा कार्यालय, जुम्ला
पीडित/उजुरकर्ताः धर्मकली शाही, कार्कीवाडा गाविस ७, हालः  राराछायाँनाथ नगरपालिका कार्कीवाडा, मुगु
उजुरीको व्यहोराः राराछायाँनाथ नगरपालिका कार्कीवाडा, मुगु घर भई जिल्ला स्वास्थ्य कार्यालय मुगुमा कार्यरत निज धर्मकली शाहीलाई निजका श्रीमानबाट घरेलु हिंसा गरेकोले न्याय पाऊँ ।
निर्णयः  दर्ता हुन आएको उजुरीउपर कारबाही हुँदा स्वयम् उजुरकर्ताले दोस्रो विवाह गरी छोरा-बुहारीसँग बस्दै आएको मिसिल संलग्न प्रमाण कागजातबाट देखिँदा हाललाई यसमा थप केही गरिरहनुपरेन, उजुरी तामेलीमा राखी दिने ।

**३१२. उजुरी न. ९२९**, यातना, कर्णाली प्रदेश शाखा कार्यालय, जुम्ला
पीडित/उजुरकर्ताः जोगवीर रोकाया, रोडिकोट गाविस २, हालः सर्केगाउँ गाउँपालिका ७ हुम्ला
उजुरीको व्यहोराः जोगवीर रोकायालाई मिति २०५६/७/१ गते विष्फोटक पदार्थसँग सम्बन्धित मुद्दामा जिल्ला प्रहरी कार्यालय हुम्लाले पक्राउ गरी हिरासतमा राखी यातना दिएकोले घटनाको छानबिन गरी पाऊँ ।

निर्णयः  दर्ता हुन आएको उजुरीउपर छानबिन तथा कारबाही हुँदा मिसिल संलग्न प्रमाण कागजातबाट यातना दिएको पुष्टि हुने आधार प्रमाण नदेखिँदा हाललाई केही गरिरहनुपरेन, उजुरी तामेलीमा राखी दिने ।

**३१३. उजुरी न. १११**, बेपत्ता, कर्णाली प्रदेश शाखा कार्यालय, जुम्ला
पीडितः निर्मला विष्ट, कुमालगाउँ गाविस ६, हालः  नरहरिनाथ गाउँपालिका कुमालगाउँ, कालिकोट
उजुरकर्ताः गोविन्द्र विष्ट र विन्दमान विष्ट, ऐऐ
उजुरीको व्यहोराः  नरहरिनाथ गाउँपालिका कुमालगाउँ, कालिकोट निवासी निर्मला विष्टलाई उपचारको लागि भारतको पटना गएको समयमा त्यहाँका सुरक्षाकर्मीले पक्राउ गरी बेपत्ता पारेकोले अवस्था सार्वजनिक गरी पाऊँ ।
निर्णयः  दर्ता हुन आएको उजुरीउपर कारबाही हुँदा निज नेपाल फर्किई दोस्रो विवाह गरी सुर्खेतमा बसोबास गरिरहेको भनी मिसिल संलग्न प्रमाण कागजातबाट देखिँदा यसमा थप केही गरिरहनुपरेन, उजुरी तामेलीमा राखी दिने ।

**३१४. उजुरी न. २०८**, न्याय-प्रशासन, कर्णाली प्रदेश शाखा कार्यालय, जुम्ला
पीडितः राजु बडुवाल, ठाँटीकाँध गाउँपालिका ४, गैरागाउँ दैलेख
उजुरकर्ताः कमलबहादुर के.सी. ऐऐ ३, धामीगाउँ दैलेख
उजुरीको व्यहोराः  ठाँटीकाँध गाउँपालिका ४, गैरागाउँ दैलेख निवासी रमेशबहादुर सिजापतिको श्रीमती राजु बडुवाललाई मिति २०७६/०३/०४ गते निजका श्रीमानले हत्या गरेको भनी सो घटनाको जाहेरी दर्ता गर्न जाँदा जिल्ला प्रहरी कार्यालय दैलेखले जाहेरी दर्ता नगरेकोले न्याय पाउने अधिकार संरक्षण गरी पाऊँ ।

निर्णयः दर्ता हुन आएको उजुरीउपर छानबिन तथा अनुसन्धान भई कारबाही हुँदा उजुरकर्ताको मागबमोजिम जाहेरी दर्ता भई प्रहरीबाट घटनाको छानबिन गरी दैलेख जिल्ला अदालतसमक्ष मुद्दा पेस भएको प्रमाण कागजात मिसिल संलग्न देखिँदा यसमा थप केही गरिरहनुपरेन, उजुरी तामेलीमा राखिदिने ।

**३१५.उजुरी न. १९४** , बालअधिकार, कर्णाली प्रदेश शाखा कार्यालय, जुम्ला
पीडित/उजुरकर्ताः स्पाञ्जल शाही, कुँडारी गाविस ५, हालः  तिला गाउँपालिका ४, जुम्ला
उजुरीको व्यहोराः स्पाञ्जल शाहीको (बालक) बालपोषण भत्ता स्थानीय तत्कालीन गाविस कार्यालय कुँडारीले नदिएकोले बालपोषण भत्ता उपलब्ध गराइ पाऊँ ।

निर्णयः दर्ता हुन आएको उजुरीउपर कारबाही हुँदा यस आयोगको पहलपछि निज नाबालकलाई एकमुष्ट रकम उपलब्ध गराइ कर्मचारीबाट गल्ती भएकोमा माफीसमेत माग गरेको भनी मिसिल संलग्न प्रमाण कागजातबाट देँखिदा यसमा थप केही गरिहनुपरेन, उजुरी तामेलीमा राखिदिने ।

## २.९ सुदूरपश्चिम् प्रदेश कार्यालय

**३१६. उजुरी न.: ४५७**, सम्पत्ति लुटपाट, सुदूरपश्चिम प्रदेश कार्यालय, धनगढी
पीडितः हर्कबहादुर सिंह, सायल गाउँ पालिका, वडा न. १, छपाली, डोटी
उजुरकर्ताः पीडित स्वयम्
उजुरीको व्यहोराः तत्कालीन छपाली गाविस ५ हाल सायल गापा १ निवासी हर्कबहादुर सिंहको घरबाट तत्कालीन नेकपा (माओवादी) का कार्यकर्ताले मिति २०५९/५/६ गते घर-सम्पत्ति कब्जा गरी घरमा रहेको सम्पूर्ण सम्पत्ति लुटपाट गरी नौ जनाको परिवार विस्थापितसमेत गराएकोले पुनःस्थापित गरी लुटिएको सम्पत्तिको क्षतिपूर्ति पाऊँ ।

निर्णयः मिसिल संलग्न आयोगको अनुसन्धान प्रतिवेदन र अन्य प्रमाण-कागजको आधारमा उजुरीमा उल्लेख भएबमोजिम पीडित हर्कबहादुर सिंहसमेत निजको परिवार पुनर्स्थापित भइसके पनि सम्पत्ति लुटपाटको हकमा क्षति भएको सम्पत्ति रु.४४,१९,०००/– (चौवालीस लाख उन्नाइस हजार रुपियाँ) भएको मुचुल्का मिसिल संलग्न देखिए पनि क्षतिपूर्ति प्राप्त गर्न नसकेको हुँदा सम्पत्तिको अधिकार उल्लङ्घन भएको देखिन्छ। अतः राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६ बमोजिम रु. ३,००,०००/- (तीनलाख रुपियाँ) पीडितलाई क्षतिपूर्तिस्वरूप उपलब्ध गराउन र माथि उल्लिखित क्षतिपूर्ति रकम “नागरिक राहत क्षतिपूर्ति तथा आर्थिक सहायतासम्बन्धी (पहिलो संशोधन,२०६८) कार्यविधि”, २०६६ को मापदण्डबमोजिम उपलब्ध गराउन राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कारबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम २८ बमोजिम नेपाल सरकारलाई सिफारिस गरी पठाउने ।

**३१७.. उजुरी न.: ६२१**, बम विस्फोट, सुदूरपश्चिम प्रदेश कार्यालय, धनगढी
पीडितः कृष्ण बुढा, मोहन्याल गाउँपालिका ३, साँगुरे, कैलाली
उजुरकर्ताः ऐऐ
उजुरीको व्यहोराः तत्कालीन सुगरखाल गाविस २ साँगुरे कैलाली निवासी कृष्ण बुढाको घर छेउमा मिति २०६५/५/२८ गते रातको ९.०० बजे बेवारिसे सकेट बम विस्फोट भई निजको दाहिने हातको औँला टुक्रिएको तथा छातीमा समेत गम्भीर चोट लागेकोमा हाल उचित उपचार हुन नसकेकोले उपचार खर्च तथा क्षतिपूर्तिको लागि आवश्यक पहल गरी पाऊँ ।

निर्णयः मिसिल संलग्न अनुसन्धान प्रतिवेदन स्थानीय तहबाट भएको सर्जमिन मुचुल्का तथा पीडितको बयान कागज समेतको अध्ययन गरी हेर्दा पीडितको उजुरीमा उल्लेख भएबमोजिम माथि उल्लिखित मितिमा बम विस्फोट भई पीडित कृष्ण बुढाको दाहिने हातको तीनवटा औँला टुक्रिएको साथै छातीमा समेत बमको छर्रा लागि चोट लागेको र सोही कारण अपाङ्गता भई जीवन बिताउन परेको र पूर्ण स्वास्थ्यलाभ समेत हुन नसकेको देखिन्छ । अत : पीडित कृष्ण बुढालाई राष्ट्रिय मानव अधिकार आयोग

(उजुरी  कारबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम २२ र २६ बमोजिम निजको उपचार र क्षतिपूर्तिको लागि रु २,००,०००/- (दुई लाख रुपियाँ) उपलब्ध गराउन नेपाल सरकारसमक्ष सिफारिस गरी पठाउने ।

**३१८. उजुरी न.६८९**, सुरक्षाकर्मीबाट कुटपिट, सुदूरपश्चिम प्रदेश कार्यालय, धनगढी
पीडितः लालबहादुर चौधरी (डंगौरा), कृष्णपुर नगरपालिका १, सुन्दरफाँटा कञ्चनपुर
उजुरकर्ताः एडभोकेसी फोरम, कञ्चनपुर
उजुरीको व्यहोराः तत्कालीन कृष्णपुर गाविस १ सुन्दरी फाँटा हाल कृष्णपुर नगरपालिका १ बस्ने लालबहादुर चौधरी (डगौरा)लाई मिति २०५९/५/१६ गते बिहानको समयमा घरमै पुगी माओवादी भन्दै सुरक्षाकर्मीले लगातार गरेको कुटपिटबाट अशक्त भई मानसिक सन्तुलन गुमाउनुपरेको साथै  निजकी श्रीमती बेफनिया (वेफनी) डगौरा चौधरीलाई समेत लात्ती र बुटले पेटमा हिर्काउँदा पाठेघरको समस्या भएको र उपचार गरिरहनुपरेको हुँदा कुटपिट गर्ने सुरक्षाकर्मीलाई कारबाही गरी पीडितलाई औषधि उपचार तथा क्षतिपूर्ति उपलब्ध गराइ पाऊँ ।

निर्णयः आयोगको अनुसन्धानबाट पीडितको निवेदनमा उल्लेख भएबमोजिम पीडितहरूलाई सुरक्षाकर्मीले कुटपिट गरी गम्भीर घाइते बनाएको र अनुसन्धान अवधिसम्म उपचार गराइरहे पनि राज्यको तर्फबाट कुनै राहत तथा क्षतिपूर्ति प्राप्त गर्न नसकेको देखिन्छ । अतः पीडित लालबहादुर चौधरी डगौरालाई रु.२,५०,०००/- (दुई लाख पचास हजार रुपियाँ) र पीडितकी श्रीमती बेफनिया (वेफनी) डगौरा चौधरीलाई रु. १,००,०००/- (एक लाख रुपियाँ) क्षतिपूर्ति उपलब्ध गराउन र दोषी सुरक्षाकर्मीको पहिचान गरी कारबाही गर्न पठाउने भनी राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६ बमोजिम सिफारिस गरी पठाउने ।

**३१९. उजुरी न.४५२**, यातना, सुदूरपश्चिम प्रदेश कार्यालय, धनगढी
पीडितः चन्द्रसिंह बोगटी, तत्कालीन वलिया गाविस ३, कौवापुर, कैलाली र राजु बोगटी, ऐऐ
उजुरकर्ताः खेमराज बोगटी, ऐऐ
उजुरीको व्यहोराः चन्द्रसिंह बोगटी र राजु बोगटीलाई सोही स्थानका लोकराज ढकालको हत्याको आरोपमा क्रमशः मिति २०५५/१०/४ र २०५५/१०/७ गते कटासे इलाका चौकी र टीकापुर इलाका चौकीले पक्राउ गरी चरम् यातना दिएकोले घटनाको छानबिन गरी प्रहरीलाई कारबाही र पीडितलाई क्षतिपूर्ति दिलाइ पाऊँ ।

निर्णयः आयोगले उजुरीउपर गरेको अनुसन्धान प्रतिवेदनसमेतको आधारमा पीडितहरूमध्ये चन्द्र सिंह बोगटीको २०६८ सालमा मृत्यु भइसकेको भनी देखिएको र आयोगको प्रतिवेदनले निजलाई यातना दिएको भनी केही उल्लेख नगरेकोले त्यसतर्फ केही गरिरहनुपरेन । निज चन्द्रसिहं बोगटीको श्रीमती, राजु बोगटीको हकमा भने निजले यातना पाएकोले निजको हकमा राष्ट्रिय मानव अधिकार आयोग (उजुरी ,

कारबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०५७ को नियम १८ को उपनियम (क) देखि (घ) को आधारमा औषधोपचार र यातना क्षतिपूर्तिवापत रु १,५०,०००।– (एक लाख पचास हजार रुपियाँ) उपलब्ध गराउन सिफारिस गरेको व्यहोरा मिलेकै देखिँदा निज राजु बोगटीलाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६ बमोजिम उल्लिखित रकम उपलब्ध गराउन र दोषी प्रहरीको पहिचान गरी कारबाही गर्न नेपाल सरकारलाई सिफारिस गरी पठाउने ।

**३२०. उजुरी न. १३७५**, यातना, सुदूरपश्चिम प्रदेश कार्यालय, धनगढी
पीडितः जीतबहादुर थारु, शमशेरगञ्ज गाविस ६, चौधरीया टोल, बाँके
उजुरकर्ताः ऐऐ
उजुरीको व्यहोराः जीतबहादुर थारुलाई मिति २०६१/१२/४ गते बाँके जिल्लाको बनकटुवा गाविस १ पेडारीबाट तत्कालीन शाही नेपाली सेनाले पक्राउ गरी यातना दिने कार्य भएको र सो कार्य तत्कालीन शाही नेपाली सेनाको राँझा व्यारेक बाँके र जिल्ला प्रहरी कार्यालय बाँकेमा समेत भएको हुँदा क्षतिपूर्ति दिलाई दोषीलाई कारबाही गरी पाऊँ ।

निर्णयः आयोगको अनुसन्धान प्रतिवेदनबाट निजलाई यातना दिएको तथ्य स्थापित हुन नसके पनि माथि उल्लिखित मितिमा पक्राउ गरी तीन दिनसम्म तत्कालीन शाही नेपाली सेनाको राँझा व्यारेक, त्यसपछि जिल्ला प्रहरी कार्यालय बाँके र त्यहाँबाट कारागार कार्यालय नेपालगञ्ज र नेपालजञ्जमा १० महिनासम्म कारागारमा राखी त्यहाँबाट कारागार कार्यालय दाङ पुऱ्याइ मिति २०६२/१२/१३ गते जिल्ला अदालत दाङबाट रिहा गरेको पाइएकोले निज जीतबहादुर थारु सशस्त्र द्वन्द्वमा पीडित भएको देखिन्छ । द्वन्द्वपीडित भए पनि निजले हालसम्म राज्यको तर्फबाट कुनै राहत क्षतिपूर्ति प्राप्त गर्न सकेको नदेखिँदा निजलाई रु. २५,०००। (पच्चीस हजार रुपियाँ) राहत र नेपाल सरकारको नागरिक राहत क्षतिपूर्ति तथा आर्थिक सहायतासम्बन्धी (प्रथम संशोधन,२०६८) कार्यविधि २०६६ को कार्यविधि नं. ६ बमोजिमको सीपमूलक तालिम तथा वैदेशिक रोजगारसम्बन्धी व्यवस्था पीडितसँगको परामर्शमा गर्नु भनी नेपाल सरकारसमक्ष सिफारिस गरी पठाउने ।

**३२१. उजुरी न.८४४(क)**, हिरासतमा मुत्यु, सुदूरपश्चिम प्रदेश कार्यालय, धनगढी कैलाली
पीडितः धनबहादुर राना, चौकुने गाउँपालिका ३ बेतान, सुर्खेत
उजुरकर्ताः आयोगको सुदूरपश्चिम कार्यालय, धनगढी
उजुरीको व्यहोराः जिल्ला सुर्खेत चौकुने गाउँपालिका ३ बेतान निवासी धनबहादुर रानाको मिति २०७८/६/२५ गते इलाका प्रहरी कार्यालय टीकापुर कैलालीको हिरासतमा आत्महत्या गरी मृत्यु भएको भनिएको घटनामा मानव अधिकारको उल्लङ्घनमा आवश्यक कारबाही गरी पाऊँ ।

निर्णयः आयोगको अनुसन्धानबाट मृतक आफैँमा पारिवारिक अवस्थाको कारणबाट पनि मानसिक तनावमा रहेको अवस्थामा पक्राउ गरेको तर निजको सो समस्यातर्फ प्रहरी कार्यालयबाट सोधखोज र जाँच परीक्षण गर्ने-गराउने कार्यसमेत हुन नसकेको देखिन्छ ।

अतः प्रस्तुत घटनापछि यस प्रकारका घटना दोहोरिन नदिई त्यसको न्यूनीकरण गर्नको लागि बन्दी तथा थुनुवाहरूको सन्दर्भमा प्रभावकारी रूपमा शारीरिक जाँचसँगै उनीहरूमा हुन सक्ने मनोवैज्ञानिक तनाव कम गर्न एवम् मानसिक समस्यातर्फ पनि परीक्षण गर्ने व्यवस्था मिलाउन र राज्यको सुरक्षा निकायको पूर्ण नियन्त्रणमा रहेको थुनुवाको प्रभावकारी सुरक्षा व्यवस्था मिलाउन नसक्दा नै निज धनबहादुर रानाको मृत्यु हुन गएको देखिँदा राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १७ (६) बमोजिम बाहकवालालाई ऐ. को दफा १६ बमोजिम रु.१,००,०००।– (एक लाख रुपियाँ) क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारसमक्ष सिफारिस गरी पठाउने ।

**३२२. उजुरी न. ५९३**, बेपत्ता, सुदूरपश्चिम प्रदेश कार्यालय, धनगढी, कैलाली

पीडितः दानसिंह थापा, साविकः राम विलासपुर गाविस १, हाल बेलौरी नपा १० कञ्चनपुर

उजुरकर्ताःश्रीमती जयमाता थापा, ऐऐ

उजुरीको व्यहोराः दानसिंह थापा मिति २०६०/६/८ गते आफू सशस्त्र प्रहरी बल नेपालको रक्तकाली गण, बाङ्गे सिमल सुर्खेतमा कार्यरत रहेको अवस्थामा सोही मितिदेखि भागी गएको र सो दिनदेखि निजको अवस्था अज्ञात भएकोले खोजतलास गरी अवस्था सार्वजनिक गरी पाऊँ ।

निर्णयः अनुसन्धान प्रतिवेदनसमेत समिलित मिसिल अध्ययन गरी हेर्दा सुरक्षाकर्मीको टोलीबाट कारबाहीपछि निजको घटना स्थल/वस्तु स्थिति मुचुल्का तयार साथै पोष्टमार्टम गरिएको पाइएन । नाम, थर ठेगाना स्पष्ट गरी व्यक्तिको परिवारलाई लास बुझाउने प्रयास गरी मृतक परिवारको सांस्कृतिक अधिकार प्रचलन गराउने कार्य गरेको देखिन आएन । अतः निज दानसिंह थापाको मृत्यु दोहोरो भिडन्तमा भएको भनी स्थापित हुन नसकेको हुँदा निजको मृत्युको बारेमा वास्तविक छानबिन र जाँचबुझ गरी आयोगलाई सो को जानकारी यस आयोगलाई उपलब्ध गराउन नेपाल सरकारलाई लेखी पठाउने साथै मृतक परिवारले क्षतिपूर्ति प्राप्त गरिसकेको देखिँदा सो तर्फ केही गरिरहनुनपर्ने ।

**३२३.उजुरी न. ४३५ (क)**, हत्या, सुदूरपश्चिम प्रदेश कार्यालय, धनगढी, कैलाली

पीडितः कौशिल्या माझी, धनगढी उमनपा ५, कैलाली र ऐ.का. छोरा वर्ष ४ का किरण डगौरा

उजुरकर्ता :तत्कालीन शाही, नेपाली सेना, मानव अधिकार शाखा, काठमाडौँ

उजुरीको व्यहोराः प्रहरी हवल्दार कोशिल्या माझी र निजका चार वर्षीया छोरा किरण डगौरालाई तत्कालीन नेकपा (माओवादी) का कार्यकर्ताले निवास स्थलभित्र पसी अन्धाधुन्ध गोली प्रहार गरी हत्या गरेकोले छानबिन गरी आवश्यक कारबाही गरी पाऊँ ।

निर्णयः मृतकहरूलाई निजको डेरामा पसी अन्धाधुन्ध गोली हानी हत्या गरेको र हत्यामा संलग्न तत्कालीन नेकपा (माओवादी) कार्यकर्ताको संलग्नता रहेको आयोगको अनुसन्धान र प्रतिवेदनसमेतबाट देखिन आउछ । सरकारबाट निजहरूलाई सरकारले राहत तथा क्षतिपूर्ति पनि उपलब्ध गराएको देखिए पनि घरभित्र निःशस्त्र अवस्थामा रहेको कौशिल्या र द्वन्द्वसँग कुनै पनि सम्बन्ध नभएको चार वर्षीय बालकको हत्या जेनेभा महासन्धि, १९४९ विपरीत भएकोले तत्कालीन नेकपा (माओवादी) का कार्यकर्ताको पहिचान गरी कारबाही गरी निष्कर्षमा पुऱ्याउने सन्दर्भमा हालसम्म पनि कुनै पहल भएको देखिँदैन । अतः प्रस्तुत घटनाको तत्काल अनुसन्धान कार्य सुरु गरी तीन/तीन महिनामा आयोगलाई प्रतिवेदन गर्न नेपाल सरकारलाई सिफारिस गरी पठाउने ।

**३२४. उजुरी न. ३१**, अपहरणसमेत, सुदूरपश्चिम प्रदेश कार्यालय, धनगढी
पीडितः ताराचन्द्र रेग्मी, बढीनन्दा नगरपालिका.वडा न. २, बाजुरा
उजुरकर्ताः पीडितका बाबु सितल रेग्मी, श्रीमती, शान्ता रेग्मी, भाई बलदेव रेग्मी, छोरा बसन्त रेग्मी र छोरी सृजना रेग्मी ऐऐ समेत नारायण प्रसाद रेग्मी, नेपाल मानव अधिकार सङ्गठन र नेपाल बार एशोसिएसन केन्द्रीय कार्यालय काठमाडौं, नेकपा (एमाले) समेत
उजुरीको व्यहोराः ताराचन्द्र रेग्मी समेतलाई मिति २०६०/११/२३ गते तत्कालीन नेकपा (माओवादी) का कार्यकर्ताले अपहरण गरी बेपत्ता बनाएकोले सकुशल रिहाइको लागि पहल गरी पाऊँ ।

निर्णयः आयोगको अनुसन्धानबाट यस घटनामा हालसम्म कानुनी कारबाही गर्नेतर्फ कुनै प्रक्रिया अघि बढेको नदेखिएको हुँदा घटनामा संलग्न तत्कालीन नेकपा (माओवादी) का कार्यकर्ताहरूको पहिचान गरी कानुनी कारबाही गर्न राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १७ बमोजिम नेपाल सरकारलाई सिफारिस गरी पठाउने र सँगै अपहरणमा परेका लालबहादुर थापा तत्काल अपहरण मुक्त भएको देखिएको र मृतक ताराचन्द्र रेग्मीको परिवारले रु.१०,००,०००।– (दश लाख रुपियाँ) सरकारबाट प्राप्त गरिसकेको देखिँदा त्यसतर्फ केही गरिरहनुनपर्ने ।

**३२५.. उजुरी न.४१०**, अपहरण/यातना, सुदूरपश्चिम प्रदेश कार्यालय, धनगढी, कैलाली
पीडितः रगिसिंह पुजारा, साविकः महारुद गाविस ३, हालः मेलौली नगरपालिका ५, बैतडी
उजुरकर्ताः ऐऐ
उजुरीको व्यहोराः तत्कालीन महारुद्र गाविस ३ खलिगाड, बैतडी हालः मेलौली नगरपालिकां ५ बैतडी निवासी निज रगिसिंह पुजारालाई मिति २०६१/७/११ गते डडेलधुरा जिल्लाको गिल्ला गाउँबाट तत्कालीन नेकपा (माओवादी) का कार्यकताहरूले अपहरण गरी विभिन्न १२ वटा जिल्ला घुमाइ कुटपिट गरी बाया खुट्टा भाँची श्रम शिविरमा समेत राखेको र शिक्षण पेसासमेत छोड्न बाध्य बनाएको हुँदा पेसामा पुनर्स्थापना र यातना र कुटपिटपछि उपचार हुँदा लागेको उपचार खर्चसमेत उपलब्ध गराइ पाऊँ ।

निर्णयः आयोगको अनुसन्धानबाट रगिसिंह पुजारालाई तत्कालीन नेकपा (माओवादी) का कार्यकर्ताले मिति २०६१/७/११ गते सुराकीको आरोपमा नियन्त्रणमा लिई विभिन्न जिल्ला पुऱ्याइ श्रम शिविरमा राखी अङ्गभङ्ग हुने गरी यातना दिई मिति २०६१/१२/१४ देखि एक वर्षसम्म गृहबन्दी बनाइनु र विस्थापित हुनुपर्ने अवस्था सिर्जना हुनु जेनेभा महासन्धिहरू १९४९ का साझा धारा ३ को उल्लङ्घन गरेको देखिन आयो । अतः प्रस्तुत घटनाका पीडितको मानव अधिकारको उल्लङ्घन/दुरुत्साहन गर्ने सम्बन्धित नेकपा (माओवादी) का कार्यकर्ताको पहिचान गरी कानुनबमोजिम कारबाही गर्न र पीडितलाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६ बमोजिम रु.२,००,०००।– (दुई लाख रुपियाँ) क्षतिपूर्ति उपलब्ध गराउन ऐ. ऐनको दफा १७ बमोजिम नेपाल सरकारसमक्ष सिफारिस गरी पठाउने ।

**३२६. उजुरी न. २९८**, गैरकानुनी थुना/यातना, सुदूरपश्चिम प्रदेश कार्यालय, धनगढी, कैलाली
पीडितः प्रेमप्रकाश जोशी, मार्मा गाउँपालिका३, दार्चुला
उजुरकर्ताः ऐऐ
उजुरीको व्यहोराः साविक लटिनाथ गाविस ७ हाल हालः मार्मा गाउँपालिका ३ निवासी प्रेमप्रकाश जोशीलाई मिति २०५९/३/३१ गते खलङ्गा, दार्चुलाबाट सुरक्षाकर्मीहरूले पक्राउ गरी ऐ. मङ्सिर ६ गते सम्म थुनामा राखी यातना दिएकोले उचित क्षतिपूर्ति दिलाइ पाऊँ ।

निर्णयः आयोगको अनुसन्धाननको आधारमा निजलाई राखिएको थुना गैरकानुनी नदेखिएको र राहत रकमसमेत प्राप्त गरेको तथ्य मिसिल प्रमाणबाट देखिँदा थप केही गरिरहनुपरेन । प्रस्तुत उजुरी तामेलीमा राखी दिने ।

**३२७.उजुरी न. ५५९**, यातना, सुदूरपश्चिम प्रदेश कार्यालय, धनगढी
पीडितः नयाँराम जैसी, पञ्चदेवल विनायक वडा न.९, कालेडाँडा, अछाम
उजुरकर्ताः ऐऐ
उजुरीको व्यहोराः जिल्ला अछाम साविक कालेडाँडा गाविस ५ हाल पञ्चदेवल नपा ९ निवासी नयाँराम जैशीलाई मिति २०५७/१/१ गते राति तत्कालीन नेकपा (माओवादी) का कार्यकर्ताले घरैबाट अपहरण गरी चिल्ताडा खोलामा पुऱ्याइ मरणासन्न हुने गरी यातना दिएको र निजको उद्धार तत्कालीन शाही नेपाली सेनाको हेलिकप्टरबाट गरी त्रिविवि शिक्षण अस्पतालमा तीन महिनासम्म उपचार गराउनुपरेको, उपचार गराए पनि हालसम्म पनि यातनाका कारण शारीरिक अवस्था स्वस्थ्य नभएको र उपचारवापत सरकारले केवल रु.१६,०००।–(सोह्र हजार मात्र) उपलब्ध गराएको हुँदा पीडकलाई कारबाही गरी पीडितलाई क्षतिपूर्ति उपलब्ध गराइ पाऊँ ।

निर्णयः प्रस्तुत घटनामा आयोगको अनुसन्धानबाट तत्कालीन नेकपा (माओवादी) कार्यकर्ताको संलग्नता देखिएको हुँदा पहिचान गरी कारबाही गर्न, पीडितको स्वास्थ्य अवस्था हालसम्म पनि तन्दुरुस्त नभएको देखिँदा निजको निःशुल्क उपचारको व्यवस्था गर्न र राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा

१६ बमोजिम रु.२,००,०००।–(दुईलाख रुपियाँ) क्षतिपूर्ति उपलब्ध गराउन ऐऐनको दफा १७ बमोजिम नेपाल सरकारसमक्ष सिफारिस गरी पठाउने ।

**३२८. उजुरी न. २२१**, यातना, सुदूरपश्चिम प्रदेश कार्यालय, धनगढी, कैलाली
पीडितः रामबहादुर रावल, साविकः मार्तडी गाविस ५ हालः बडिमालिका नगरपालिका ८, बाजुरा
उजुरकर्ताः ऐऐ
उजुरीको व्यहोराः साविक मार्तडी गाविस ५ हाल बडिमालिका नगरपालिका ८ निवासी निज रामबहादुर रावललाई मिति २०६२/७/११ गते जिल्ला प्रशासन कार्यालय बाजुरा र जिल्ला विकास समिति बाजुराबीचबाट सादा पोशाकका तत्कालीन ज्वालादल गुल्म, नेपाली सेनाका सैनिक जवानले कुटपिट गरी सख्त घाइते बनाइ छाडिदिएको र पुनः गिरफ्तार गरी बेपत्ता बनाउन सक्ने अवस्था रहेकोले मानव अधिकारको संरक्षण गरी पाऊँ ।

निर्णयः आयोगको अनुसन्धान प्रतिवेदनबाट निज रामबहादुर रावलमाथि ज्वालादल गणका सादा पोशाकमा रहेका तीन जना सैनिकले कुटपिट गरी सख्त घाइते बनाएको र कुटपिट भएकै कारण नेपाल सरकारले निज पीडितलाई रु. ५०,०००।– क्षतिपूर्ति पनि उपलब्ध गराएको तर घटनामा संलग्न दोषीको पहिचान गरी कारबाही गर्ने तर्फको पहल सरकारबाट हुन नसकेको देखिँदा राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १७ बमोजिम प्रस्तुत घटनामा संलग्न नेपाली सेना ज्वाला दल गुल्म अछाममा तत्काल कार्यरत तीन जना सैनिकहरूको पहिचान गरी कानुनी कारबाही गर्न नेपाल सरकारसमक्ष, सिफारिस गरी पठाउने ।

**३२९ उजुरी न. २६२**, सम्पत्तिको अधिकार/विस्थापित, सुदूरपश्चिम प्रदेश कार्यालय, धनगढी
पीडितः डिल बहादुर बोहरा, निगाली गाविस ९ कडकिरी गाउँ, कैलाली हाल गोदावरी नपा २ उत्तरबन क्षेत्र, कैलाली
उजुरकर्ताः ऐऐ
उजुरीको व्यहोराः गोदावरी नपा २ उत्तर वनक्षेत्र निवासी डिलबहादुर बोहरालाई मिति २०५९/३/२२ गते उर्मा गाविस २ डमौलियमा पुगि नेकपा (माओवादी)का कार्यकर्ताले घाँटीमा खुकुरी तेर्स्याएको तथा मिति २०६०/७/२५ गते कैलालीको चौमालाबाट अपहरण गरी कुटपिट गरेको, कुटपिटको उपचार सेती अञ्चल अस्पतालमा गराएको र माओवादीका कारण विस्थापित हुनुपरेकोले सम्पत्तिको अधिकार संरक्षण सहित घर फर्कने वातावरण बनाइ पाऊँ ।
यस घटनामा आयोगको अनुसन्धानबाट डिलबहादुर बोहरालाई नेकपा (माओवादी) ले घरबाट बिस्थापित गरी सम्पत्ति क्षति गराएको देखिन्छ । अतः पीडित डिलबहादुर बोहरालाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६ बमोजिम रु ३,००,०००/- तीन लाख रुपियाँ क्षतिपूर्ति उपलब्ध गराउन र विस्थापित गराइ सम्पत्ति क्षति गर्ने नेकपा (माओवादी) कार्यकर्ताको पहिचान गरी कारबाही गर्न राष्ट्रिय

मानव अधिकार आयोग ऐन, २०६८ को दफा १७ बमोजिम नेपाल सरकारसमक्ष सिफारिस गरी पठाउने ।

**३३०. उजुरी न. ६१०**, हत्या, सुदूरपश्चिचम प्रदेक कार्यालय, धनगढी
पीडितः कोकिला वि.क, सुगरखाल गाविस १ पटरेनी हालः  मोहन्याल गाप ३, कैलाली
उजुरकर्ताः दानबहादुर वि.क, ऐऐ
उजुरीको व्यहोराः मोहन्याल गापा ३ पटनेरी, कैलाली निवासी कोकिला विकलाई मिति २०६२ कार्तिकमा चामल बोक्दै  गरेको अवस्थामा चोसेडाँडाबाट तल्लापानीतर्फ जाँदै गर्दा तल्लापानीमा संयुक्त सुरक्षाफौजले गोली हानी हत्या गरेकोले घटनाको छानबिन गरी दोषीलाई कारबाही र पीडितलाई क्षतिपूर्ति दिलाइ पाऊँ ।

निर्णयः आयोगको अनुसन्धान प्रतिवेदनअनुसार तत्कालीन नेकपा (माओवादी) ले गोदाममा राखेको चामल बोक्न गएको कोकिला बिकलाई तत्कालीन सुरगरखाल गाविस १ तल्लापानीको एक पसलमा बसिरहेको समयमा निज कोकिलालाई कैलालीको बोनियाबाट खटिएको सुरक्षाकर्मीले गस्ती टोलीले पक्राउ गरी कानुनी कारबाहीतर्फ नलगी गोली हानी हत्या गरेको देखिन आउछ । अतः पक्राउ गरी कारबाही गर्न सक्ने अवस्था हुँदाहुँदै नियन्त्रणमामा लिई हत्या गर्ने सुरक्षाकर्मीको पहिचान गरी कानुनी कारबाही गर्न राष्ट्रिय मानव अधिकार आयोग एने, २०६८ को दफा १७ बमोजिम नेपाल सरकारसमक्ष सरकारलाई सिफारिस गरी पठाउने र मृतक परिवारले राहत प्राप्त गरिसकेको भनी खुल्न आएको देखिँदा त्यसतर्फ केही गरिरहनुनपर्ने ।

**३३१.उजुरी न. ५१०**, हत्या,सुदूरपश्चिचम प्रदेश कार्यालय, धनगढी
पीडित , रन्दिप सार्की, जगन्नाथ गाविस ४, परिवर्ति जगन्नाथ गाउँपालिका२, बाजुरा
उजुरकर्ताः रत्नचन्द्र सार्की, ऐऐ
उजुरीको व्यहोराः जगन्नाथ गापा २ बाजुरा निवासी रन्दिप सार्कीलाई मिति २०५९/८/२७ गते बाजुरा जिल्लाको कोल्टीबाट खटिएको टोलीले ढिकुलीकुलाको बीचमा अन्धाधुन्ध गोली चलाइ हत्या गरेकोले छानबिन गरी दोषीलार्य कारबाही र पीडितलाई राहत उपलब्ध गराइ पाऊँ ।

निर्णयः आयोगको अनुसन्धानबाट घटनामा उल्लिखित व्यक्तिहरूलाई नियन्त्रणमा लिई कानुनी कारबाही अघि बढाउनुको सट्टा व्यक्तिको हत्या गरी मानव अधिकारको उल्लङ्घन गर्ने मार्तडीबाट खटी गएको सेनाका टोली प्रमुख र अन्य दोषी सैनिकहरूको पहिचान गरी कारबाही गर्न राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ कोदफा १६ बमोजिम  नेपाल सरकारसमक्ष सरकारलाई सिफारिस गरी पठाउनेर क्षतिपूर्ति पाइसकेको देखिँदा त्यसतर्फ केही गरिरहनुनपर्ने ।

**३३२. उजुरी न. १९**, हत्या, सुदूरपश्चिचम प्रदेश कार्यालय, धनगढी

पीडितः जीतबहादुर बस्नेत, मोहन्याल गाविस ९, हालः  मोहन्याल गापा खुलुबलु, कैलाली
उजुरकर्ताः चम्पा बस्नेत, ऐऐ ८, इन्सेक, सुदूरपश्चिम क्षेत्रीय कार्यालय
उजुरीको व्यहोराः मोहन्याल गापा खलुबलु कैलाली निवासी तिलबहादुर बस्नेतलाई मिति २०६०/८/१८ गते भोट्टका खोला भन्ने ठाउँ नजिक पुऱ्याइ सुरक्षाकर्मीले गोली हानी हत्या गरेकोले आवश्यक कारबाही गरी पाऊँ ।

निर्णयः आयोगको अनुसन्धानबाट प्रस्तुत घटनामा व्यक्तिलाई नियन्त्रणमा लिइसकेपछि कानुनी कारबाही गर्नुको सट्टा व्यक्तिको हत्या गरी मानव अधिकारको गम्भीर उल्लङ्घन गरेको देखिँदा सुख्खडबाट खटी गएको संयुक्त सुरक्षाफोजको टोली प्रमुख र अन्य दोषी सुरक्षाकर्मीहरूको पहिचान गरी कानुनी कारबाही गर्न राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १७ बमोजिम सिफारिस गरी कार्यान्वयनको लागी नेपाल सरकारसमक्ष लेखी पठाइदिने । मृतक परिवारले क्षतिपूर्ति पाइसकेको देखिँदा त्यसतर्फ थप केही गरिरहनुनपर्ने ।

**३३३.उजुरी न. ४४९**, हत्या, सुदूरपश्चिम प्रदेश कार्यालय धनगढी
पीडितः पदमबहादुर शाही पाण्डुसेन गाविस ८, हालः  बुढिनन्द नपा ८ बाजुरा
उजुरकर्ताः प्रकाश शाह, बाह्रबिस, माथिल्लो काप्रितोला, बाजुरा
उजुरीको व्यहोराः बुढीनन्दा नपा ८ बाजुरा निवासी पदमबहादुर शाहीलाई मिति ०५९/७/११ गते घरबाट नियन्त्रणमा लिई सुरक्षाफौजले हत्या गरेकोले छानबिन गरी पाऊँ ।

निर्णयः आयोगको अनुसन्धानबाट निज पदमबहादुर शाहीलाई जिल्ला सदरमुकाम मार्तडीबाट खटिई गएको सुरक्षाफौजको टोलीले पक्राउ गरी नियन्त्रणमा लिई हत्या गरेको देखिन आउछ । अतः प्रस्तुत घटनामा व्यक्तिलाई नियन्त्रणमा लिई सकेपछि कानुनी कारबाही गर्ने तर्फ कुनै पहल नै नगरी गोली हानी मानव अधिकार उल्लङ्घन गरी हत्या गर्ने कार्यमा संलग्न संयुक्त सुरक्षाफौजको टोली प्रमुख र सम्बन्धित दोषी सरक्षाकर्मी (मार्तडीबाट खटिएका) लाई पहिचान गरी कानुनी कारबाही गर्न राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १७ बमोजिम नेपाल सरकारसमक्ष सरकारलाई सिफारिस गरी पठाउनेर क्षतिपूर्ति पाइसकेको देखिँदा केही गरिरहननुपर्ने ।

**३३४. उजुरी न. ८२२**, हत्या (अपहरणपछि), सुदूरपश्चिम प्रदेश कार्यालय, धनगढी
पीडित मिनराज जोशी, निरौली गाविस ७ हालः  जोरायल गापा ६ लमौती, डोटी
उजुरकर्ता भोजराज भट्ट र लकिराज जोशी, ठेगाना...
उजुरीको व्यहोराः जोरायल गापा ६, वैतडी घरबाट सोही वडाको दुर्गा प्राविमा अध्यापन गराउने शिक्षक मिनराज जोशीलाई मिति २०५९/७/९ गते राती नेकपा (माओवादी) ले अपहरण गरी अज्ञात बनाएकोले रिहा गरी पाऊँ ।

निर्णयः आयोगको अनुसन्धानबाट निज मिनराज जोशीलाई सुराकमी गरिको आरोपमा नेकपा (माओवादी) का कार्यकर्ताले मिति २०५९/७/९ गते घरबाट नै अपहरण गरी अपहरण गरेको करिब डेढ महिनापछि हत्या गरी शवसमेत बेपत्ता पारेको देखिएकोले हत्यामा संलग्न नेकपा (माओवादी) का कार्यकर्ताहरूको पहिचान गरी कानुनी कारबाही गर्न राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १७ बमोजिम नेपाल सरकारसमक्ष सफारिस गरी पठाइदिने र क्षतिपूर्ति पाइसकेको देखिँदा केही गरिरहननुपर्ने ।

**३३५. उजुरी न. २४८**, हत्या, सुदूरपश्चिम प्रदेश कार्यालय, धनगढी
पीडितः धनबहादुर रोकाया, जुगाडा गाविस ८, हालः  बडीमालिका नपा ४ रजाडी घोघाली, बाजुरा
उजुरकर्ताः सरस्वती नेपाली र डबल बहादुर रोकाया, ऐऐ
उजुरीको व्यहोराः  बडीमालिका नपा ३ बाजुरा निवासी निज धनबहादुर रोकायलाई मिति २०५९/५/२६ गते नेपाल प्रहरीले मार्तडी २ बाजुराबाट पक्राउ गरी स्थानीय बाहुलीखोलामा लागि हत्या गरिकोले छानबिन गरी पाऊँ ।

निर्णयः आयोगको अनुसन्धानबाट धनबहादुर रोकायलाई मिति २०५९/५/२६ गते मार्तडीबाट खटिएको संयुक्त सुरक्षाफौजको टोलीले बाजुरा जिल्लाको जिल्ली खिडरा भन्ने स्थानबाट नियन्त्रणमा लिई स्थानीय बाहुलीखोलासम्म घिसार्दै लगि गोली हानी हत्या गरेको आयोगको अनुसन्धानसमेतबाट देखिन्छ । अतः कुनै पनि व्यक्तिलाई नियन्त्रणमा लिई हत्या गर्ने बाजुरा जिल्ला सदरमुकामबाट खटी गएको संयुक्त सुरक्षाफौजको टोली प्रमुखसहित अन्य दोषी सुरक्षाकर्मीको समेत पहिचान गरी कानुनी कारबाही गर्न राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १७ बमोजिम नेपाल सरकारसमक्ष सरकारलाई सिफारिस गरी पठाउनेर क्षतिपूर्ति पाइसकेको देखिँदा केही गरिरहननुपर्ने ।

**३३६.उजुरी न. ४५०**, हत्या, सुदूरपश्चिम प्रदेश कार्यालय, धनगढी
पीडितः पाण्डुसैन गाविस ५, हालः  बुढीनन्दा नपा १० बाजुरा निवासी (१) रामलाल दमाई (२) नरबहादुर बोहरा (३) शैरे रावत (४) काशी सार्की (५) चन्द्र बोहरा (६) तुला रावल (७) रूप दमाई
उजुरकर्ताः प्रकाश शाह , बाह्रबिस-५, माथिल्लो काप्रितोला, बाजुरा
उजुरीको व्यहोराः बाजुरा जिल्लाको पाण्डुसेनका माथि उल्लिखित रामलाल दमाई, नरबहादुर बोहरा,शैरे रावत, काही सार्की, चन्द्र बोहरा, तुला रावल र रूप दमाइलाई मिति २०५९/७/१० गते घरमा तास खेलिरहेको अवस्थामा नेपाली सेनाको नेतृत्वको सुरक्षाफौजले गोली हानी हत्या गरेकोले घटनाको छानबिन गरी दोषीमाथि कारबाही गरी पाऊँ ।

निर्णयः आयोगको अनुसन्धानबाट घटनामा माथि उल्लिखित सातजनाको सरकारी पक्षबाट हत्या गरिएको र मृतकका परिवारलाई क्षतिपूर्ति र अन्य सुविधा उपलब्ध गराइसकिएको देखिन्छ । अतः घटनामा संलग्न मार्तडीबाट खटिगएका संयुक्त सुरक्षाफौजका टोली प्रमुख र अन्य संलग्न आरोपी सुरक्षाकर्मीहरूको पहिचान गरी कानुनी कारबाही गर्न राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १७ बमोजिम नेपाल

सरकारसमक्ष सरकारलाई सिफारिस गरी पठाउने र क्षतिपूर्ति प्राप्त गरिसकेको देखिँदा त्यसतर्फ केही गरिरहनुनपर्ने ।

## राष्ट्रिय मानव अधिकार आयोगका कार्यालयहरू

### केन्द्रीय कार्यालय

हरिहर भवन, पुल्चोक, ललितपुर
फोन: ०१—५०१००१५, (हटलाइन: ०१—५०१००००)
फ्याक्स: ०१–५५४७९७३, पोष्ट बक्स नं. ९१८२, काठमाडौँ, नेपाल
ई–मेल: nhrc@nhrcnepal.org
वेभसाइटः www.nhrcnepal.org

### प्रदेश कार्यालयहरू:

**कोशी प्रदेश कार्यालय, विराटनगर**
फोन: ०२१–५९०९९३, ५१२९३१ फ्याक्स: ०२१–५११९००
ई–मेल: nhrcbrt@nhrcnepal.org

**मधेश प्रदेश कार्यालय, जनकपुर**
फोन: ०४१–५९०३१३/१४, फ्याक्स: ०४१–५९०३१५
ई–मेल: nhrcjnk@nhrcnepal.org

**बागमती प्रदेश कार्यालय, हेटौंडा**
फोन: ०५७–५९१२११, ५९१३११, फ्याक्स: ००९७७–०५७–५९१३१३
ई–मेल: nhrcsnp@nhrcnepal.org

**गण्डकी प्रदेश कार्यालय, पोखरा**
फोन: ०६१—५८६०८१, ५८६०५९, फ्याक्स: ०६१—५३५८७५
ई–मेल: nhrcpkr@nhrcnepal.org

**लुम्बिनी प्रदेश कार्यालय, बुटवल**
फोन: ०७१–४१०१७५, फ्याक्स: ०७१–४१०१७६
ई–मेल: nhrcbtl@nhrcnepal.org

**कर्णाली प्रदेश कार्यालय, बिरेन्द्रनगर**
फोन: ९८५८०२०२५४, फ्याक्स: ०८३—५९०२२४
ई–मेल: nhrcskt@nhrcnepal.org

**सुदूरपश्चिम प्रदेश कार्यालय, धनगढी**
फोन: ०९१–५२५६२१, ५२५६२२, फ्याक्स: ०९१–५२५६२३
ई–मेल: nhrcdhn@nhrcnepal.org

### प्रदेश शाखा कार्यालयहरू

कोशी प्रदेश शाखा कार्यालय, दिक्तेल
फोन: ०३६–४२०२८४
ई–मेल: nhrckht@nhrcnepal.org

लुम्बिनी प्रदेश शाखा कार्यालय, नेपालगञ्ज
फोन: ०८१–५३६७०७/८, फ्याक्स: ०८१-५२६७०६
ई–मेल: nhrcnpj@nhrcnepal.org

कर्णाली प्रदेश शाखा कार्यालय, जुम्ला
फोन: ०८७–५२०२२२
ई–मेल: nhrcjum@nhrcnepal.org